ISSN: 3059-9903

अङ्क १ वर्ष १

# सङ्ग्रहालय

## The Museum

ICOM international council of museums Nepal (नेपाल)

आइकम नेपाल २०८२

**प्रकाशक**

आइकम नेपाल
काठमाडौं महानगरपालिका
वडा नं. १६, क्षेत्रपाटी, काठमाडौं, नेपाल
icomnepal@gmail.com
www.icomnepal.org

डिजाइनिङ्ग तथा मुद्रण : पेन्टाग्राम प्रा. लि., ९७७-१-५४४८१८०
प्रकाशित प्रति : १,०००

**सहयोग**

Ncell Foundation


© सर्वाधिकारः आइकम नेपाल २०८२

ISSN: 3059-9903

# सङ्ग्रहालय

## The Museum

**अङ्क १ वर्ष १**

**प्रकाशक**

ICOM international council of museums Nepal (नेपाल)

आइकम नेपाल २०८२

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.:

बद्री प्रसाद पाण्डे
मन्त्री

## शुभकामना

संग्रहालय तथा संग्रहालयकर्मीहरूको उत्थान र सहयोग गर्ने मूल उद्देश्यकासाथ स्थापना भएको आइकम नेपालले आफ्नो पहिलो प्रयास स्वरूप "संग्रहालय" नामक जर्नल प्रकाशित गर्न लागेको थाहा पाउँदा ज्यादै खुसी लागेको छ।

सबै सरकारी, समुदायिक, व्यक्तिगत एवं संस्थागत संग्रहालय र संग्रहालयकर्मीको क्षेत्रमा कार्यरत यो संस्थाले आफ्नो स्थापनाको छोटो अवधीमा नै यस प्रकारको संग्रहालय सम्बन्धी ज्ञान र अनुभवहरुलाई समेटेर जर्नल प्रकाशित गर्ने कुरा एक प्रशंसनीय तथा सराहनीय कार्य हो भन्ने मैले ठानेको छु।

वर्तमान सन्दर्भमा काठमाडौं उपत्यकामा मात्र हैन देशको हिमालदेखि तराईसम्म विभिन्न जातजाति तथा समुदायको भौतिक एवं अभौतिक संस्कृतिको प्रतिनिधित्व गर्ने गरी संग्रहालयहरू स्थापना हुने क्रम जारी छ। संग्रहालय मानव सम्पदा, संस्कृति र इतिहासको संरक्षण तथा साझा ज्ञान र मनोरञ्जनको थलो हो । यसको विकासबाट हाम्रा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण गर्न सक्दछौं। यसै परिप्रेक्ष्यमा आइकम नेपालले देशका संग्रहालयहरूको विकास व्यवस्थापन तथा सुरक्षा सम्बन्धमा आवश्यक सहयोग तथा सर सल्लाह प्रदान गर्नमा सक्षम हुनेछ भन्ने आशा र विश्वास लिएको छु।

अन्त्यमा, यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै "संग्रहालय" नामक जर्नल प्रकाशन गर्नु भएको सु-अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ॥
२०८२ बैशाख १४

बद्री प्रसाद पाण्डे
मन्त्री

फोन नं. : +९७७-१-४२११८७९ (कार्यालय), इमेल : minister@tourism.gov.np, pandeybadri1@gmail.com, वेवसाइट : www.tourism.gov.np

# आइकम नेपाल सञ्चालक समिति



**डा सुरेश सुरस श्रेष्ठ**
सल्लाहकार



**रमेश प्रसाद दवाडी**
अध्यक्ष



**सन्तमान महर्जन**
सचिव



**ओम प्रकाश घिमिरे**
कोषाध्यक्ष



**सुरेशमान लाखे**
निवर्तमान अध्यक्ष



**बिजय कुमार शाही**
सदस्य



**बिरेन्द्र महतो**
सदस्य



**मीना लामा**
सदस्य



**राजन जोशी**
सदस्य



**सन्त बहादुर गुरूङ्ग**
सदस्य



**पवित्रा थपलिया**
सदस्य




**सल्लाहकार**

डा. सुरेश सुरस श्रेष्ठ

**प्रकाशन संयोजक**

बिजय कुमार शाही

**प्रकाशन समूह सदस्यहरू**

सुरेशमान लाखे

पवित्रा थपलिया

**सम्पादक**

ओमप्रकाश घिमिरे

डा. श्रीराम खनाल

---

यस जर्नलका सामग्रीहरूमा उल्लेख भएका सूचना, तथ्य र विवरणहरूको सत्यतथ्य र गुणस्तर सुनिश्चित गर्न आइकम नेपालको प्रकाशन समूह र सम्पादक मण्डलले हरसंभवको प्रयत्न गरेको छ । यद्यपी यहाँ प्रकाशित लेख रचनाहरूले लेखकको निजी विचारलाई प्रतिनिधित्व गर्छन् । तत्सम्बन्धी कुनै दायित्व प्रकाशक वा लेखक आबद्ध संस्थामा रहने छैन ।

यस जर्नलमा प्रकाशित कुनै पनि लेख वा लेखको कुनै अंश स्रोत उल्लेख गरेर सार्वजनिक हित तथा गैरनाफामुलक उदेश्यका लागि प्रयोग गर्न सकिनेछ ।

---

## प्रकाशकीय

अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद् (International Council of Museum-ICOM) को राष्ट्रिय समितिको रूपमा नेपालमा कार्यरत आइकम नेपाल (ICOM Nepal) ले पछिल्लो समयमा सङ्ग्रहालय तथा त्यससँग जोडिएका विषयवस्तुमा आधारित विभिन्न प्रकाशनहरु गर्ने कार्यलाई प्राथमिकता दिएको छ । यसै क्रममा संस्थाले नेपालमा सङ्ग्रहालयका विविध आयामलाई समेटेर पेशाकर्मी एवं विज्ञ लेखकहरूले सृजना गर्नुभएको विभिन्न लेखहरु समावेश गरी सङ्ग्रहालय नामक यो पुस्तक प्रकाशनमा ल्याएको छ । आइकम नेपालले सङ्ग्रहालयका बहुआयामिक विषयलाई समेटेर प्रकाशनको शुरूवात गरेको यो प्रयासलाई आगामी दिनमा पनि शृङ्खलाबद्ध रूपमा अघि बढाउने छ ।

यस पुस्तकमा आइकम नेपाल र अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद्को संक्षिप्त जानकारी सहित नेपालमा सङ्ग्रहालयको इतिहास, अभ्यास, नीतिगत व्यवस्था र समाजसँगको सम्बन्ध लगायतका आयामहरूलाई समेटिएको छ । सङ्ग्रहालयसम्बन्धी नेपालको प्रादेशिक अवस्थालाई समेत प्रतिनिधित्व गर्ने प्रयत्न गरिएको यो पुस्तक नेपालका सङ्ग्रहालयकर्मी, अध्येता, विज्ञ तथा सरोकारवालाका लागि एक स्रोत सामग्री हुनेछ भन्ने विश्वास आइकम नेपालले गरेको छ ।

नेपालमा सङ्ग्रहालयको समग्र अवस्था, इतिहास र यसको समाजसँगको सम्बन्ध लगायतका बहुआयामिक पाटोलाई एउटै पुस्तकमा समेटेर गरिएको यो प्रकाशन नेपालमा सङ्ग्रहालय तथा सम्पदा क्षेत्रको विकासमा योगदान गर्ने आइकम नेपालको पहिलो प्रयास हो । यो कार्यलाई सफल बनाउनका लागि आर्थिक सहयोग उपलब्ध गराएकोमा एनसेल फाउण्डेसनलाई हार्दिक धन्यवाद । यस पुस्तकको आत्माको रूपमा रहेका अनुसन्धान, विवेचना तथा जानकारीमूलक लेख रचनाहरू उपलब्ध गराई सहयोग गर्नु हुने सबै लेखकहरूप्रति सम्मान । यो सङ्ग्रहालय पुस्तकको समीक्षा गरी स्तरीय पुस्तक महत्वपूर्ण सुझाव सल्लाह समेत दिनुभएकोमा पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव डा. सुरेश सुरस श्रेष्ठप्रति आभारी छौं । यस पुस्तकका लेख रचनाको सम्पादन गरी यस प्रकाशनलाई सफल र स्तरीय बनाउँन महत्वपूर्ण भूमिका खेल्नु भएकोमा डा. श्रीराम खनाललाई हार्दिक धन्यवाद । पुस्तक प्रकाशनको सिलसिलामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने सबै व्यक्ति तथा संस्थाप्रति आइकम नेपाल धन्यवाद् ज्ञापन गर्दछ र आगामी दिनमा पनि यस किसिमको ज्ञान निर्माणमा यहाँहरूको सहयोग र साथ रहने विश्वाससमेत लिएका छौं ।

**आइकम नेपाल राष्ट्रिय समिति**

काठमाडौं, नेपाल

# विषयसूची


| | | |
|---|---|---|
| **१. नेपालको सन्दर्भमा हाइपर कनेक्टेड म्युजियमको अवधारणा** | डा. सुरेश सुरस श्रेष्ठ | १ |
| **२. नेपालमा सङ्ग्रहालय र समाजको अन्तर्सम्बन्ध** | प्रा.डा. सोमप्रसाद खतिवडा | ८ |
| **३. पर्यटन र सङ्ग्रहालय** | डा. पशुपति न्यौपाने | १९ |
| **४. समुदायमा आधारित जातीय सङ्ग्रहालयः उदाय सङ्ग्रहालय** | कर्ण बहादुर महर्जन | २६ |
| **५. नेपालमा सङ्ग्रहालय : आयाम र आगामी मार्गचित्र** | ओमप्रकाश घिमिरे | ४४ |
| **६. मानसी संस्कृति र सङ्ग्रहालय** | डा. पदमराज कलौनी | ५१ |
| **७. खुल्ला सङ्ग्रहालयको अवधारणा र अभ्यास : रूद्रवर्ण महाविहार एक अध्ययन** | शोभा नानी शाक्य | ६७ |
| **८. कर्णालीमा प्रदेशमा सङ्ग्रहालयको अवस्था र अवसर** | त्रिभुवन बिसी | ७५ |
| **९. मिथिला सभ्यता, सम्पदा र सङ्ग्रहालय** | सुबोध चन्द्र दास | ८६ |
| **१०. सङ्ग्रहालयको विकास, चुनौति र अवसर** | डा. प्रेमसिंह बस्न्यात | ९५ |
| **११. कोशी प्रदेशमा सङ्ग्रहालयः संभावनाको लाभ लिन सहकार्य अनिवार्य** | ख्याम प्रसाद शिवाकोटी | १०० |
| **१२. गण्डकी प्रदेशमा सङ्ग्रहालयको अवस्था र  विकासको प्रयास** | करूणा राई | १०५ |
| **१३. सङ्ग्रहालयको महत्व** | राजन जोशी | ११२ |
| **१४. आकर्षण र अवसरको केन्द्र बन्दै पाल्पा दरबार सङ्ग्रहालय** | सपना श्रेष्ठ | ११७ |
| **१५. सङ्ग्रहालयसम्बन्धी छाता  कानुनको आवश्यकता** | रीता थपलिया | १२५ |
| **१६. सङ्ग्रहालय क्षेत्रका अवसर र आइकमको अग्रसरता** | रमेशप्रसाद दवाडी | १३१ |
| **१७. आइकम नेपाल र आइकम (इन्टरनेसनल) को परिचय** | बिजय कुमार शाही | १३८ |
| **१८. सङ्ग्रहालयसँग सम्पदा जोड्ने राइनास नगरपालिकाको प्रयास** | खड्क बहादुर गुरूङ | १४६ |
| **१९. नारायणहिटी दरवार सङ्ग्रहालय : एक परिचय** | डा. सुरेश सुरस श्रेष्ठ | १५० |

# नेपालको सन्दर्भमा हाइपर कनेक्टेड म्युजियमको अवधारणा

**डा. सुरेश सुरस श्रेष्ठ**
कार्यकारी निर्देशक
नारायणहिटी दरवार सङ्ग्रहालय



*सङ्ग्रहालयमा आफ्नो सामाजिक एवं अन्य सम्बन्धका कारण सामीप्यतामा रहेका सीमित अवलोकनकर्ताको सट्टा इन्टरनेट पहुँचका कारण वेव साइट, इमेल, विभिन्न सामाजिक सञ्जाल एवं मल्टीमिडियाले गर्दा सङ्ग्रहालयहरुले आफ्नै किसिमका अवलोकनकर्ता वा दर्शकको सङ्ख्या दिनानुदिन बृद्धि गरिरहेका छन् । वास्तवमा यी हेर्दा जति सहज देखिन्छन्, यथार्थमा त्यत्ति नै असहज, अप्ठ्यारा (Complexity) छन् ।*

## परिचय

वैज्ञानिक प्रविधिको विकास चरम सीमामा पुगिसकेको एक्काइसौं शताव्दीमा सङ्ग्रहालयका क्षेत्रहरुमा पनि अभूतपूर्व विकास हुँदै गइरहेको छ । वैज्ञानिक प्रविधिकै कारण केवल हाते लेखन र लिपिका सट्टा विभिन्न किसिमको लेखन, रेकर्ड, तिनको भण्डारण एवं व्यवस्थापनसमेत सम्भव भइसकेको छ । सङ्ग्रहालयमा आफ्नो सामाजिक एवं अन्य सम्बन्धका कारण सामीप्यतामा रहेका सीमित अवलोकनकर्ताको सट्टा इन्टरनेट पहुँचका कारण वेव साइट, इमेल, विभिन्न सामाजिक सञ्जाल एवं मल्टीमिडियाले गर्दा सङ्ग्रहालयहरुले आफ्नै किसिमका अवलोकनकर्ता वा दर्शकको सङ्ख्या दिनानुदिन बृद्धि गरिरहेका छन् । वास्तवमा यी हेर्दा जति सहज देखिन्छन्, यथार्थमा त्यत्ति नै असहज, अप्ठ्यारा (Complexity) छन् । तथापि सङ्ग्रहालयको विकास एवं पहुँचका लागि आजको युग सुहाउँदो बनाउनु उत्तिकै महत्वपूर्ण छ ।

हाइपर कनेक्टेड म्युजियम (Hyper Connected Museum) को अवधारणा सङ्ग्रहालयलाई डिजिटल प्रविधि, सामाजिक सञ्जाल एवं अन्तरक्रियात्मक सञ्चार प्रविधिहरूको व्यापक उपयोग गरेर दर्शक, अनुसन्धानकर्ता र अन्य संघसंस्थाहरूसँग आवद्ध गर्ने वा जोड्ने काम नयाँ प्रविधिसँगको गहन सम्बन्धनको सोच हो । हाइपर कनेक्टेड म्युजियम भनेको एउटा यस्तो सङ्ग्रहालय हो, जसमा भौतिक र डिजिटल दुनियाँ एक आपसमा जोडिएका हुन्छन्, जहाँ अवलोकनकर्तालाई विभिन्न उपकरण र अनलाइन प्लेटफर्ममार्फत् सङ्ग्रहालय सामग्रीसँग गहिरो र अन्तर्क्रियामा जोड्ने कार्य गर्दछ (Borys, 2020) । डिजिटल प्लेटफर्मको माध्यमबाट सङ्ग्रहालयले आफ्नो सामग्रीलाई साभा रूपमा प्रस्तुत गर्दै विभिन्न समुदायसँग अन्तर्क्रियात्मक संवाद र सहयोगलाई प्रोत्साहित गरेका छन्, जसले सङ्ग्रहालयको भूमिका र प्रभाव क्षेत्रलाई बढाएको छ भने दर्शकको सक्रिय भूमिका र सहभागिता वृद्धि गर्न नयाँ औजार र प्रविधिको प्रयोगबाट सङ्ग्रहालयको सङ्ग्रहसँगै दर्शकले सहभागी र अन्तरक्रियात्मक अनुभव गर्न सक्छन् (Carmichael & Johnson, 2016; Hooper-Greenhill, 2004) ।

डिजिटल प्रविधिहरू – VR (Virtual Reality), AR (Augmented Reality), AI (Artificial Intelligence), / IoT (Internet of Things) लगायतका प्रविधिहरूको प्रयोग गरेर सङ्ग्रहालय अनुभव, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी एवं आकर्षक बनाउनुका साथै वेबसाइट, मोवाइल एप्स एवं भर्चुअल टुरमार्फत विश्वभरका मानिसहरूलाई सङ्ग्रहालयसँग जोड्ने काम गर्दछ । यसवाट सामाजिक सञ्जाल जस्तै फेसबुक, ट्विटर, इन्स्टाग्राम जस्ता माध्यमबाट अवलोकनकर्ता आगन्तुकहरूसँग प्रत्यक्ष संवाद गर्ने खालका क्रियाकलापहरूबाट सङ्ग्रहालय अवलोकनलाई सहभागितामूलक बनाउने कार्य समेत गर्न सकिन्छ । (Borys, 2020; McCrea, 2019) त्यसैगरी, सङ्ग्रहालय सञ्चालन एवं व्यवस्थापनका सन्दर्भमा अवलोकनकर्ता वा आगन्तुकहरूको रुचि, गतिविधि र प्रतिक्रियाको विश्लेषण (डेटा ड्रिभन व्यवस्थापन) गरी सङ्ग्रहालय सेवामा सुधार गर्ने तथा अन्य सङ्ग्रहालय, विश्वविद्यालय, अनुसन्धानकर्ता र संस्था एवं समुदायसँग मिलेर साँस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यसमेत हाइपर कनेक्टेड सङ्ग्रहालयबाट गर्न सकिने अवस्था रहन्छ । सङ्ग्रहालयले डिजिटल प्लेटफर्म र प्रविधिलाई अपनाउँदै आफ्ना सङ्ग्रहलाई थप पहुँचयोग्य र अन्तरक्रियात्मक पनि बनाएका छन् (Carmichael & Johnson, 2016) ।

## नेपालमा हाइपर कनेक्टेड म्युजियम विकासको सम्भावना

नेपालमा हाइपर कनेक्टेड म्युजियम विकासका लागि प्रचुर सम्भावना रहेको छ तर यसका केही चुनौतिहरु पनि रहेका छन् । तिनै चुनौतिका कारण यो अभ्यास तत्कालै अगाडि बढाइहाल्न सकिने अवस्था नरहेतापनि देहाय बमोजिमको रणनीति अवलम्बन गर्दै यसलाई अगाडि बढाउन सकिने सम्भावना भने उत्तिकै देखिन्छ :

**सङ्ग्रहालय डिजिटलाइजेसन कार्य योजना :** हाइपर कनेक्टेड म्युजियमको अवधारणा वास्तवमा वर्तमानमा विश्वमा भएको विज्ञान तथा प्रविधि क्षेत्रको अत्यधिक विकासको परिणाम नै हो । सङ्ग्रहालय सङ्कलनका हरेक सामग्रीलाई डिजिटल प्रविधिमा नलगी हाइपर कनेक्टेड म्युजियमको अवधारणालाई साकार रुप दिन सकिने अवस्था रहदैन । तसर्थ, भौतिक अवस्थाका हरेक सङ्ग्रहालय सङ्कलन सामग्रीलाई क्रमिक रुपमा डिजिटल प्रणालीमा लैजानका लागि एकैपटकमा सम्भव नहुने हुँदा यसका लागि एउटा अलग्गै कार्ययोजना बनाई विस्तारै कार्यान्वयनमा लैजानु आवश्यक हुन्छ । यसले क्रमिक रुपमा डिजिटल प्रविधिमा लगेर अन्ततः हाइपर कनेक्टेड म्युजियमको स्थापना गर्न सहयोग गर्दछ ।

**सार्वजनिक निजी साझेदारी मोडल :** निजी क्षेत्र र प्रविधि कम्पनीहरुसँग सहकार्य गरेर नेपालका सङ्ग्रहालयलाई डिजिटल प्रविधिमा रुपान्तरण गर्न सहज रुपमा लगानी हुन सक्ने सम्भावना रहेको हुँदा हाइपर कनेक्टेड म्युजियममा रुपान्तरण गर्दै लैजानका लागि यो एउटा विशिष्ट उपाय हुन सक्छ । हाइपर कनेक्टेड म्युजियमको अवधारणा कार्यान्वयन गर्न आर्थिक श्रोत पनि उत्तिकै महत्वपूर्ण हुन्छ । सरकारी तवरबाट गर्न नसकिने लगानी निजी क्षेत्रको तत्परता र सहकार्यबाट सहज हुने प्रशस्त उदाहरण छन् । तसर्थ, यसका लागि आवश्यक आर्थिक लगानीका लागि सार्वजनिक निजी साझेदारी मोडलबाट अगाडि बढाउनु उपयुक्त एवं महत्वपूर्ण हुन्छ ।

**डिजिटल अभिलेख र डाटाबेस निर्माण :** आधुनिक प्रविधिको विकास भएको कारण विभिन्न प्रविधिको प्रयोग गरी सङ्ग्रहालय सामग्रीको डिजिटल अभिलेख तयार गर्नुका साथै सो को डाटाबेस निर्माण एवं व्यवस्थापन गर्न सकिन्छ । सङ्ग्रहालयमा सङ्कलित सवै किसिमका सामग्री जस्तो पुरातात्त्विक वस्तु, मूर्ति, चित्र, अभिलेख आदिका डिजिटल अभिलेख तयार गर्न सकिन्छ । अनलाइन सङ्ग्रहालय तथा पुस्तकालयका रुपमा स्थापित भएपछि अनुसन्धानकर्ताले त्यसभित्र रहेका ऐतिहासिक ग्रन्थ, कागजात र अन्य सवै किसिमका श्रोतहरु डिजिटल रुपमा अध्ययन वा प्रयोग गर्न सक्दछन् ।

**प्रविधि केन्द्रित शिक्षा तथा तालिम :** सङ्ग्रहालय कर्मचारी तथा अध्ययन अनुसन्धानकर्तालाई आधुनिक प्रविधिका विषयमा शिक्षा दिइनुका साथै विशेष तालिमको व्यवस्था गर्दै जान सकिएमा विकसित विभिन्न किसिमका प्रविधियुक्त यस्ता सङ्ग्रहालय स्थापनाका अतिरिक्त पहुँच पुग्न सकिने देखिन्छ ।

**भर्चुअल र अगमेन्टेड रियालिटी (VR and AR) प्रविधिको प्रयोग :** विदेशी तथा सङ्ग्रहालय रहेको भौतिक स्थलबाट निकै टाढा रहेका दर्शकका लागि भर्चुअल रियालिटीका साथै अगमेन्टेड रियालिटी प्रविधिको प्रयोग गरी सङ्ग्रहालयको अवलोकन भ्रमण गराउन सकिने अवस्था रहन्छ । (Borys, 2020; McCrea, 2019)

नेपालका सङ्ग्रहालयहरूका सन्दर्भमा हाइपर कनेक्टेड म्युजियमका वारेमा वकालत गर्न वर्तमान परिप्रेक्ष्यमा त्यति सहज वा उपयुक्त नभएतापनि विस्तारै बढ्दै गइरहेको सूचना, सञ्चार एवं अन्य क्षेत्रमा भएको वैज्ञानिक उपकरणहरु र तिनको क्रमशः हुँदै गएको प्रयोगका कारण यो अवधारणालाई विस्तारै छलफलमा ल्याउँदै सोही अनुसार हाम्रा सङ्ग्रहालयका संरचनालाई पनि आकार दिंदै लैजानु पर्ने आवश्यकता  छ ।

सूचना सञ्चार प्रविधिमा भएको विकासले गर्दा संसारका अन्य क्षेत्रमा जस्तै सङ्ग्रहालयको क्षेत्रमा पनि भौतिक रूपमा नजिकको दर्शकलाई लक्षित गरेर कुनै क्रियाकलाप गर्नुको सट्टा अन्तर्राष्ट्रिय सन्दर्भलाई विचार गरेर संसारको कुनै पनि कुनाका दर्शकहरूलाई लक्षित गरेर सङ्ग्रहालयले विभिन्न क्रियाकलापहरु सञ्चालन गरिरहेका छन् । यसलाई हामीले हाम्रो सन्दर्भमा पनि प्रयोग गर्न सक्ने हुनु अत्यन्तै जरूरी भैसकेको छ । तर त्यसो भएन भने संसारका अवलोकनकर्ता साथै सङ्ग्रहालयहरूसँग समेत पेशागत हिसाबले सहकार्य गर्न नसकिने अवस्थामा पुग्ने सम्भावना रहन्छ ।

यी प्रविधिहरूबाट सङ्ग्रहालयहरूले आफूलाई जति पनि सम्पर्क वा कनेक्सन गर्ने कार्य गरेका छन्, तिनलाई गहन रूपमा नहेरी ती सङ्ग्रहालयहरूको भूमिका के हो भन्ने कुरो खुट्याउन नै मुस्किल पर्ने अवस्था आइसकेको हुँदा यसतर्फ विशेष ध्यान दिनैपर्ने अवस्था रहेको छ । यो वास्तवमा स्थानीय समुदायको साँस्कृतिक पक्ष, भौगोलिक धरातलीय स्वरूप वा प्राकृतिक वातावरणको उपजको रूपमा पनि रहेको हुन सक्दछ ।

यस्तो अवस्था रहेतापनि नेपालको सन्दर्भमा हाइपर कनेक्टेड म्युजियमका केही चुनौतिहरु भने रहेको देखिन्छ ।

**प्रविधिको पहुँच र पूर्वाधार :** विकासोन्मुख अन्य देशहरूमा झैं नेपालमा पनि उच्चस्तरको इन्टरनेट, पर्याप्त विद्युत आपूर्ति र त्यसको सुनिश्चितता एवं अत्याधुनिक उपकरणहरूको पहुँचमा अझैपनि शंका गर्ने प्रशस्त ठाउँ वा आधारहरु रहेका छन् । तापनि सरकारी, निजी र अन्तर्राष्ट्रिय क्षेत्रको साझेदारी मार्फत् यी समस्या समाधान गर्न सकिनेमा आशावादी भएर यो अवधारणालाई कार्यान्वयन गर्नु आवश्यक छ ।

**लागत र लगानी :** उच्च प्रविधिको प्रयोग र मर्मत सम्भारका लागि प्रारम्भिक लगानी धेरै आवश्यक हुन्छ । यो दीर्घकालीन रूपमा लाभदायक भएपनि प्रारम्भिक लागत व्यवस्थापन र वित्तीय श्रोत व्यवस्था सम्बन्धी चुनौतिको सामना भने गर्नै पर्ने अवस्था रहन्छ ।

**प्राविधिक ज्ञान र मानव संशाधन :** डिजिटल प्लेटफर्म र उपकरणहरूको प्रभावकारी प्रयोगका लागि प्रशिक्षित मानव संशाधन र प्राविधिक विशेषज्ञहरूको आवश्यकता पर्दछ । तालिम र निरन्तर प्राविधिक सहयोगको अभावमा हाइपर कनेक्टेड प्रणालीमा बारम्बार अवरोध आइरहन सक्दछ ।

केही चुनौतिका वावजुद पनि विश्वमञ्चमा सांस्कृतिक आदान-प्रदान र शैक्षिक प्रवाह बढ्दै गइरहेको वर्तमान परिप्रेक्ष्यमा हाइपर कनेक्टेड म्युजियमले अन्तर्राष्ट्रिय मञ्चमा नेपालजस्तो विकासोन्मुख मुलुकलाई नयाँ अवसर प्रदान गर्दै जाने तथ्य अवश्यम्भावी छ । यसले सांस्कृतिक सम्पदाको प्रचार–प्रसार र पर्यटन विकासमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भने नयाँ प्रविधिको प्रयोगबाट सिर्जनात्मक प्रदर्शनीका नयाँ ढाँचा, अनुसन्धान र शैक्षिक कार्यक्रमहरु विकास गर्न तर्फ अग्रसर हुँदै जानेछन् । विश्वविद्यालय, अनुसन्धानमूलक प्राज्ञिक संस्थान र प्राविधिक कम्पनीहरूसँगको सहकार्यबाट नवप्रवर्तनका नयाँ मोडलहरु पनि तयार एवं विकास हुँदै जानेछन् ।

## निष्कर्ष

नेपालमा हाइपर कनेक्टेड म्युजियमको अवधारणाले परम्परागत सङ्ग्रहालय व्यवस्थापनलाई नयाँ तथा आधुनिक डिजिटल स्वरूपमा रूपान्तरण गर्न सक्ने बलियो सम्भावना रहेको छ । सङ्ग्रहालय केवल भौतिक स्थानका रूपमा मात्र नभई अनलाइन र डिजिटल माध्यमबाट पनि अनुभव गर्न सकिने भएकोले यसले स्थानको अर्थलाई परिवर्तन गर्दै अवलोकनकर्ताले भर्चुअल रूपमा पनि सङ्ग्रहालय भ्रमण गर्न सक्ने अवस्था सृजना गरिदिएको छ । यसले साँस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनका सन्दर्भमा अनुसन्धान मूलक कार्य गरी पर्यटनको क्षेत्रमा समेत महत्वपूर्ण योगदान दिन सक्ने प्रशस्त सम्भावना रहेको देखिन्छ । यद्यपि, प्रविधि, श्रोतसाधन र जनशक्तिको अभाव जस्ता चुनौतिहरु रहेका छन्, तर रणनीतिक योजना, सरकारी तथा निजी क्षेत्रको सहकार्य र प्रविधि अनुकूल नीति अवलम्बन गर्न सकिएमा नेपालमा हाइपर कनेक्टेड म्युजियमको सम्भावना असाध्यै धेरै रहेको छ । सङ्ग्रहालय व्यवस्थापनले दीर्घकालीन रणनीतिहरु तयार गर्दै लैजाँदा त्यसले प्रविधिको विकाससँगै सङ्ग्रहालयलाई पनि अनुकूल बनाउँदै लैजान्छ । नयाँ उपकरण, सफ्टवेयर र डिजिटल प्लेटफर्मको निरन्तर रूपमा अद्यावधिक गरिनु पनि उत्तिकै आवश्यक हुन्छ । हाइपर कनेक्टेड सङ्ग्रहालयले सामाजिक मिडियामा सक्रिय उपस्थिति बनाउन, अवलोकनकर्ता वा दर्शकसँग प्रत्यक्ष संवाद गर्न र डिजिटल प्लेटफर्ममा सामग्री साझेदारी गर्नका लागि अत्यधिक अवसर प्रदान गरिने र यसका लागि विभिन्न उपकरण तथा प्रविधि मार्फत् दर्शकलाई अत्यधिक सहभागी बनाउने प्रक्रियालाई विशेष जोड दिन्छ । यसैगरी सामग्री संग्रहका परम्परागत व्याख्याभन्दा बाहिर यसका सामाजिक, ऐतिहासिक र साँस्कृतिक अर्थको विस्तार गरेर दर्शकलाई गहिरो रूपमा सम्बन्ध विस्तार गर्ने एवं अनुभव प्रदान गर्न विशेष प्राथमिकता दिन्छ । जसको माध्यमवाट सङ्ग्रहालयलाई एउटा साझा समुदायको रूपमा विकास गर्ने अवसर मिल्दछ तर यसका लागि दर्शकको आवाज वा प्राथमिकता महत्वपूर्ण रूपमा रहन्छ ।

सरकारी निकाय, निजी क्षेत्र, शैक्षिक संस्था र अन्तर्राष्ट्रिय संगठनबीच सहकार्य र साझेदारीले हाइपर कनेक्टेड म्युजियमको सफल कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्दछ । त्यसो त साझा लगानी, अनुसन्धान र प्राविधिक सहयोगका माध्यमबाट दीर्घकालीन समाधान पुग्न सक्दछ ।

डिजिटल डाटा, गोपनीयता र सुरक्षासम्बन्धी स्पष्ट नियम, कानुन तथा नीतिहरू विकास गर्नु अति नै आवश्यक छ । सङ्ग्रहालयका डिजिटल सम्पत्तिको सुरक्षा, प्रतिलिपि अधिकार र दर्शक वा अवलोकनकर्ताको गोपनीयताको संरक्षणका लागि कानुनी ढाँचा तर्जुमा एवं कार्यान्वयनमा ल्याउनु पनि उत्तिकै जरूरी हुन्छ ।

नेपालको ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक धरोहरलाई जगेर्ना गर्दै नयाँ पुस्ताका लागि प्रविधिमैत्री अनुभव दिन सक्ने दिशामा यस प्रविधिको प्रयोग महत्वपूर्ण रूपमा विकास हुने प्रचुर सम्भावना रहेको छ । यसका लागि ठोस नीति, विशेष प्राथमिकतायुक्त लगानी र दीर्घकालीन योजना ल्याउनु पर्दछ भने यस अवधारणाले महत्वपूर्ण फड्को मार्दै विकासको गतिलाई सक्रियताका साथ अगाडि बढाउँदै लैजानेमा विश्वस्त हुन सकिने प्रशस्त आधारहरू तयार हुनेछन् ।

हाइपर कनेक्टेड म्युजियमले पारम्परिक सङ्ग्रहालयको सीमालाई पार गर्दै डिजिटल युगमा साँस्कृतिक सम्पदाको संरक्षण, प्रदर्शन र प्रसारणमा क्रान्तिकारी परिवर्तन ल्याइसकेको छ । आधुनिक प्रविधिको प्रयोगले अवलोकनकर्ता वा दर्शकलाई व्यक्तित्व, अन्तरक्रियात्मक र विश्वव्यापी अनुभव प्रदान गर्दा, सङ्ग्रहालय व्यवस्थापनमा समेत दक्षता र प्रभावकारिता बढाएको छ ।

नेपालजस्तो सांस्कृतिक रूपमा धनी देशमा हाइपर कनेक्टेड म्युजियमको अवधारणा कार्यान्वयनले सांस्कृतिक सम्पदाको संरक्षणमा योगदान दिनेछ ।  यसका साथै पर्यटन, शिक्षा र अध्ययन अनुसन्धानका क्षेत्रमा समेत नयाँ नयाँ आयामहरू खुला गर्दै थपिंदै जानेछ । यस अवधारणाको सफल कार्यान्वयनले राष्ट्रिय पहिचान, पर्यटन तथा शैक्षिक क्षेत्रमा उल्लेखनीय योगदान दिने अपेक्षा गर्न सकिन्छ ।

नेपालमा हाइपर कनेक्टेड म्युजियमको अवधारणालाई सिर्जनात्मक रूपमा लागू गर्न सकिएमा र डिजिटल प्रविधिको प्रयोगले डिजिटल अभिलेखीकरण भएमा अध्येता तथा अनुसन्धानकर्तालाई सहजतापूर्वक सूचना तथा सामग्री उपलब्ध गराउन सक्षम हुनेछ । यसले गर्दा शैक्षिक पर्यटकका अतिरिक्त सूचना पहुँचका कारण अन्य खालका पर्यटकहरू वृद्धि हुनुका साथै नेपाली सङ्ग्रहालयहरूलाई '**ग्लोवल म्युजियम नेटवर्क**'मा सहजतापूर्वक जोडिन सक्ने बलियो सम्भावना देखिएको छ । यसले गर्दा नेपाली सङ्ग्रहालय विश्वस्तरका डिजिटल हवका रूपमा जोडिन पुग्दछन्, जुन आजको युगको माग पनि हो । तापनि सङ्ग्रहालयले प्रविधि र मानिसको सहभागिता बीच सन्तुलन बनाएर समकालीन समाजका आवश्यकतासँग मेल खाने नयाँ रूप र अवधारणामा काम गर्नुपर्ने अवस्थाको सृजना हुने हुँदा सोहिअनुसार गर्नु आवश्यक हुन्छ ।

## सन्दर्भ सामग्री


Borys, M. (2020). *The Hyper connected Museum: Digital Transformation of the Museum. New York: Routledge.*

Carmichael, B., & Johnson, M. (2016). *Museums in the Digital Age: Changing Meanings of Place, Community, and Culture*. New York: Routledge.

Duranti, L. & Steven J. Kelly (2012). *The Digital Museum: A Think Guide*. London: Facet Publishing.

Graham, B. & Sarah C. (2010). *Re-thinking Curating: Art after New Media.* Cambridge, MA: MIT Press.

Hager, A. (2014). *The Connected Museum*. Berlin: De Gruyter.

Hooper-Greenhill, E. (2004). *Digital Technologies and the Museum Experience: Handheld Guides and Other Media*. New York: Routledge.

Karp, I. Corinne A. Kratz, L. S. Tomas Y.F. (2006). *Museum Frictions: Public Cultures/Global Transformations*. Durham, NC: Duke University Press

Macdonald, S. (2011). *The New Museum*. New York: Wiley-Blackwell.

McCrea, K. (2019). *The Digital Transformation of the Museum: A Study of the Role of Digital Technologies in the Museum Experience*. New York: Routledge.

Simon, N. (2010). *The Participatory Museum*. Santa Cruz, CA: Museum 2.0.

Weil, S. (2012). Museum 2.0: *The Next Generation of Visitor Engagement*. Santa Cruz, CA: Museum 2.0.

# नेपालमा सङ्ग्रहालय र समाजको अन्तर्सम्बन्ध


**प्रा.डा. सोमप्रसाद खतिवडा**
निवर्तमान प्रमुख
संस्कृति विभाग
त्रिभुवन विश्वविद्यालय




*सङ्ग्रहालयमा वस्तु सङ्ग्रहमात्र नभएर संरक्षण, सम्बर्द्धन, प्रवर्धन र प्रदर्शन पनि गरिन्छ । किनकि सङ्ग्रहालयको उद्देश्य नै मनोरञ्जन, शिक्षाको प्रचार, मानिसको जीवनस्तरमा सुधार, पर्यटकलाई आकर्षण र विचार तथा धारणाको हस्तान्तरण हो । यस अर्थमा सङ्ग्रहालयहरू पुस्तकालयभन्दा भिन्न हुन्छन् । सङ्ग्रहालयहरू ज्ञानको खोजी गर्नेका लागि कच्चापदार्थ पाइने स्थान हुन् किनकि तिनमा प्राप्त वस्तुहरू जस्ताको त्यस्तै राखिएका हुन्छन् ।*


## लेखसार

*सङ्ग्रहालयहरु मूर्त सम्पदाहरूको सङ्ग्रह, संरक्षण, प्रदर्शन र पुस्तान्तरण गर्ने स्थल हुन् । यिनीहरु ज्ञानगुन, मनोरञ्जन, पहिचान र विकासका बाहक पनि हुन् । तसर्थ विश्वका विभिन्न मुलुकहरूमा अनेक प्रकारका सङ्ग्रहालयहरु खुलेका छन् । विषयवस्तु र स्वामित्वका आधारमा सङ्ग्रहालयहरु थुप्रै प्रकारका भए पनि तिनका काम भने प्रायः एकै प्रकारका हुन्छन् । सङ्ग्रहालयहरु समाजसँग सम्बन्धित हुन्छन्, किनकि यिनमा सङ्गृहीत वस्तुहरूले समुदायको इतिहास, संस्कृति, पहिचान र गौरव बोकेका हुन्छन् । सङ्ग्रहालयको विकासका लागि समाजको भूमिका महत्वपूर्ण हुने गर्दछ । विकसित मुलुकमा कम्तीमा पनि ५० प्रतिशत जनसङ्ख्याले सालमा कम्तीमा पनि एकपटक सङ्ग्रहालयहरूको भ्रमण गर्दछन् । सङ्ग्रहालयको विकासका लागि समुदायले लगानी पनि गर्दछन् । तर नेपालमा भने सङ्ग्रहालयसँग समाजको समुचित समन्वय हुन सकेको छैन । समुदायमा सङ्ग्रहालयसम्बन्धी चेतना अति न्यून छ र तिनको भ्रमण गर्ने दर पनि न्यून नै*

*छ । नेपालमा समुदायले सङ्ग्रहालयलाई अपनत्व ग्रहण गर्न सकेको छैन । यहाँका सङ्ग्रहालयहरूले पनि समुदायलाई समन्वय गर्न सकेका छैनन् । तसर्थ विभिन्न प्रकारका कार्यक्रमहरु आयोजना गरी जनसमुदायमा सङ्ग्रहालयसम्बन्धी जनचेतना फैलाउन आवश्यक छ । यसो गरेमा सङ्ग्रहालयप्रति समाजको धारणा परिवर्तन हुने तथा सङ्ग्रहालयको कार्यमा सहयोग पुग्ने देखिन्छ ।*

## शब्दकुञ्जी

आइकम, फिलेटिकल, पुस्तान्तरण, सम्पदा र क्षेत्रगत सङ्ग्रहालय ।

## परिचय

सङ्ग्रहालय त्यस्ता स्थान हुन्, जहाँ सांस्कृतिक र प्राकृतिक दुबै प्रकारका वस्तुहरु सङ्ग्रह गरिन्छन् । सङ्ग्रहालयहरु विशेषगरी मूर्त सम्पदा सङ्ग्रह गरिने स्थान हुन् । सङ्ग्रह गरिने वस्तुका आधारमा सङ्ग्रहालय थुप्रै प्रकारका हुने भए पनि यिनीहरूलाई मानवसँग जोड्ने माध्यम मानिन्छ । किनकि मानव निर्मित, मानवको वातावरणमा भएका तथा मानवका लागि उपयोगी तथा ज्ञानवर्धक र मनोरञ्जनबर्धक बस्तुहरूको सङ्ग्रह गरिने स्थान सङ्ग्रहालय मानिएका छन् (दाहाल र खतिवडा, २०६५,पृ.३१५) । यिनमा जेजस्ता वस्तु सङ्ग्रह गरिने भए पनि तिनीहरु मानिसले बनाएका, मानिसको जीवनसँग सम्बन्धित, मानिसको सेरोफेरोका तथा मानिसका लागि उपयोगी हुने गर्दछन् । प्राकृतिक वस्तु पनि मानवको हितमा उपयोग गरेपछि सांस्कृतिक प्रकृतिका मानिन्छन् । सङ्ग्रहालयहरूमा सङ्गृहीत यस्ता वस्तुले समाजको इतिहास, संस्कृति, जीविका र चिनारी पनि बोकेका हुन्छन् ।

सङ्ग्रहालयमा वस्तु सङ्ग्रहमात्र नभएर संरक्षण, सम्बर्द्धन, प्रवर्धन र प्रदर्शन पनि गरिन्छ । किनकि सङ्ग्रहालयको उद्देश्य नै मनोरञ्जन, शिक्षाको प्रचार, मानिसको जीवनस्तरमा सुधार, पर्यटकलाई आकर्षण र विचार तथा धारणाको हस्तान्तरण हो । यस अर्थमा सङ्ग्रहालयहरु पुस्तकालयभन्दा भिन्न हुन्छन् । सङ्ग्रहालयहरु ज्ञानको खोजी गर्नेका लागि कच्चापदार्थ पाइने स्थान हुन्, किनकि तिनमा प्राप्त वस्तुहरु जस्ताको त्यस्तै राखिएका हुन्छन् । तिनीहरूको अध्ययन, विश्लेषण, तुलना र परीक्षण गरेर ज्ञान बृद्धि गर्न सकिन्छ । तसर्थ सङ्ग्रहालयलाई ज्ञानका कच्चा सामग्री मान्ने गरिएको हो (हपर, १९९९) । वास्तवमा सङ्ग्रहालयहरु विषयवस्तु, स्वरूप र कार्यका दृष्टिले विविधतायुक्त हुन्छन् तर तिनीहरूको साझा उद्देश्य भने समाजको भौतिक पक्षको संरक्षण र विश्लेषण नै हुने गर्दछ । यसरी सङ्ग्रहालय प्रत्यक्ष रूपमा समाजसँग सम्बन्धित हुन्छन् ।

## सङ्ग्रहालयको वर्गीकरण

सङ्ग्रहालयलाई सङ्ग्रह गरिने वस्तु, स्वामित्व र अन्य आधारमा वर्गीकरण गर्न सकिन्छ । सङ्ग्रहालयलाई मूल रूपमा सांस्कृतिक र प्राकृतिक गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ तर विस्तृत रूपमा भने सङ्ग्रहालयलाई यस प्रकार विभाजन गर्न सकिन्छ :

(क) पुरातात्विक सङ्ग्रहालय,

(ख) कला सङ्ग्रहालय (काष्ठकला, धातुकला, मृत्तिकाकला, चित्रकला, लोककला आदि),

(ग) विज्ञान र प्रविधि सङ्ग्रहालय,

(घ) मानवशास्त्रीय सङ्ग्रहालय (लुगाफाटा, गरगरहना, लोकबाजा, जीविकाका साधन जस्तो हलो, जुवा, ठेकी, कोदालो आदि),

(ङ) व्यक्तिपरक सङ्ग्रहालय (जस्तो त्रिभुवन स्मारक सङ्ग्रहालय, महेन्द्र स्मारक सङ्ग्रहालय र विरेन्द्र स्मारक सङ्ग्रहालय, वि.पि. सङ्ग्रहालय आदि),

(च) प्राकृतिक विज्ञान सङ्ग्रहालय (चरा, माछा, पुतली, किरामिरा, विरुवा र वनस्पति आदि),

(छ) पुस्तक सङ्ग्रहालय (हस्तलिखित ग्रन्थ, पुराना पुस्तकहरु),

(ज) हुलाक टिकट सङ्ग्रहालय (फिलेटिकल सङ्ग्रहालय),

(झ) सुरक्षा सङ्ग्रहालय (हातहतियार तथा युद्ध सामग्री),

(ञ) गढी सङ्ग्रहालय,

(ट) स्वास्थ्य सङ्ग्रहालय,

(ठ) बाल सङ्ग्रहालय,

(ड) औद्योगिक सङ्ग्रहालय,

(ढ) मुद्रा सङ्ग्रहालय,

(ण) खेल सङ्ग्रहालय,

(त) हवाई सङ्ग्रहालय,

(थ) समुद्री सङ्ग्रहालय,

(द) जातीय  सङ्ग्रहालय (जस्तो थारु, मुसहर, बोटे, किसान) र

(ध) यातायात सङ्ग्रहालय (सबै प्रकारका यातायातका साधनहरु) आदि छन् ।

यसरी सङ्ग्रहालयमा राखिने वस्तुका आधारमा यिनीहरूलाई विभिन्न वर्गमा वर्गीकरण गर्ने गरिएको हो । स्वामित्वका आधारमा भने सङ्ग्रहालय निजी, सार्वजनिक तथा सामुदायिक र सरकारी गरी तीन प्रकारका हुन्छन् । त्यस्तै क्षेत्रगत, स्थानीय, क्षेत्रीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्ग्रहालय यसको अर्को वर्गीकरण हुन सक्दछ । सङ्ग्रहालयलाई स्थायी र अस्थायी, साधारण र विशिष्ट तथा खुल्ला र बन्द जस्ता भागमा पनि वर्गीकरण गर्न सकिन्छ ।

## सङ्ग्रहालय र इतिहास

जुनसुकै प्रकारका सङ्ग्रहालयले पनि इतिहास, संस्कृति, समाज, जीविका र चिनारी बोकेका हुन्छन् । वर्तमान अवस्थामा अन्तर्राष्ट्रिय क्षेत्रमा हाम्रो राष्ट्रिय इज्जत बढाउनका लागि पनि सांस्कृतिक पहिचान अति आवश्यक

भएको छ । यसका लागि हाम्रा पुर्खाले विकास गरेका आध्यात्मिक र नैतिक सम्पदाका बारेमा जानकारी पाउन पनि आवश्यक हुन्छ । हाम्रो संस्कृति  र सम्पदालाई विगतदेखि वर्तमानसम्म सम्प्रेषण गर्ने माध्यम सङ्ग्रहालयहरु नै हुन् । वर्तमान अवस्थामा सङ्ग्रहालयहरुको महत्व अझ बढेर गएको छ र यो आध्यात्मिक जीवनको एउटा अनन्त तत्व बनेको छ । तसर्थ हाम्रा ऐतिहासिक र सांस्कृतिक सम्पदाको छनौट, संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन, विकास र प्रदर्शनका लागि सङ्ग्रहालयहरु खोल्ने गरिएको छ । हाल सङ्ग्रहालयको माध्यमबाट ऐतिहासिक सचेतना बढाउने कार्य भएको छ भने नैतिक र सौन्दर्य संस्कृति झल्काउने माध्यम पनि सङ्ग्रहालयहरु नै भएका छन् । हाम्रा सङ्ग्रहालयहरुले संस्कतिको निर्माण, उत्पत्ति र इतिहास झल्काउने तथा विगत र वर्तमानलाई जोड्ने पुलको काम गरेका छन् । सङ्ग्रहालयहरुको लक्ष्य, सामाजिक स्मरणहरु संरक्षण गर्ने र पुस्तान्तरण गर्ने पनि हुन्छ । किनकि सङ्ग्रहालयमा राखिने र प्रदर्शन गरिने वस्तु पुर्खाले निर्माण गरेका र पुस्तौंपुस्ता उपभोग गरेका हुन्छन् । कसैले पनि पछि सङ्ग्रहालयमा सङ्ग्रह होस् भनी सग्लो बस्तु छाडेको हुँदैन । पुर्खाले निर्माण र उपयोग गर्दै छाडेका भौतिक वस्तु नै खोजी गरी सङ्ग्रहालयमा राखिने हुँदा तिनीहरुको माध्यमबाट युवा जगत्मा देशप्रेम र इतिहासप्रति सम्मान गर्न प्रोत्साहन मिल्दछ । आफ्ना पुर्खाले निर्माण गरेका त्यस्ता वस्तुप्रति वर्तमानमा युवा पुस्ताले गौरव गर्दछन् र उनीहरुमा देशभक्तिको भावना सँगसँगै जागरण हुने गर्दछ ।

विश्वमा सङ्ग्रहालयको विकास धेरै पहिले भएको इतिहास छ । समयको अन्तरालमा सङ्ग्रहालयहरु खोल्ने काम प्रतिस्पर्धा रुपमा गरियो । सन् २०२१ सम्ममा विश्वमा १ लाख ४ हजार  जना सङ्ग्रहालय पुगेका थिए । हाल यिनिहरुको सङ्ख्या अझ बढेर गएको छ । नेपालमा चाहिं सङ्ग्रहालयको इतिहास त्यति लामो नदेखिए पनि प्रारम्भमा मठ, मन्दिर, विहार र गुम्बा आदिमा विभिन्न प्रकारका बहुमुल्य वस्तु, पुस्तक र कलावस्तु राख्ने परिपाटिबाट सङ्ग्रहालयको विकास भएको हो । राजामहाराजाहरुले शौखका रुपमा पुराना वस्तु सङ्ग्रह गर्ने कार्यबाट पनि नेपालमा सङ्ग्रहालयको विकास भएको छ । कालान्तरमा यहाँ विभिन्न प्रकारका सङ्ग्रहालय खुले । हाल नेपालमा करिव एक हजार वटा सङ्ग्रहालय दर्ता भएको आइकम नेपालले अनुमान दिएको छ । हाल नेपालका प्रायः सवै स्थानीय निकायहरुका साथै विभिन्न संघसंस्था र व्यक्ति पनि अनेक प्रकारका सङ्ग्रहालय स्थापनामा जागरुक देखिएका छन् । तसर्थ नेपालमा सङ्ग्रहालयको सङ्ख्या दिनानुदिन बढ्दै गइरहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख प्राथमिक र  द्वितीयक दुवै प्रकारका तथ्याङ्कहरुको प्रयोग गरी तयार गरिएको छ । लेखलाई आवश्यक प्राथमिक तथ्याङ्क नेपालका मुख्य सङ्ग्रहालयहरुको अवलोकन र त्यहाँका पदाधिकारीसँगको अन्तर्वार्ताका माध्यमले सङ्कलन गरिएका छन् । प्रस्तुत लेखमा मुख्य रुपमा राष्ट्रिय सङ्ग्रहालय छाउनी र हनुमानढोका दरबार सङ्ग्रहालयलाई छनौट गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएका छन् । लेख तयारी

गर्ने क्रममा द्वितीयक  तथ्याङ्क भने पुस्तकालयबाट सङ्कलन गरिएका छन् । विभिन्न स्थानबाट प्रकाशित पुस्तक र पत्रपत्रिकाका सङ्ग्रहालयसँग सम्बन्धित लेखरचनाहरु प्रस्तुत लेखका लागि  द्वितीयक तथ्याङ्कका रुपमा प्रयोग गरिएका छन् । यो लेख अन्वेषणात्मक तथा विश्लेषणात्मक पद्धतिबाट पूरा गरिएको छ । यसको अध्ययन ढाँचा भने गुणात्मक प्रकृतिको छ ।

## सङ्ग्रहालय र समाज

सङ्ग्रहालय र समाज एक अर्कामा अन्तर्सम्बन्धित विषयवस्तु हुन् । धेरैजसो सङ्ग्रहालय समाजले नै स्थापना गर्दछन् र तिनमा समाजसँग सम्बन्धित विषयवस्तु नै सङ्ग्रह, संरक्षण र प्रदर्शन गरिन्छन् । जस्तै थारु सङ्ग्रहालय थारु समुदायले स्थापना गरेका छन् भने तिनमा थारु समुदायले प्रयोग गर्ने हातहतियार, लुगाफाटा, गरगहना तथा वाद्ययन्त्र आदि विविध विषयवस्तु सङ्ग्रह गरिएका हुन्छन् । यस्तै कला सङ्ग्रहालयमा विभिन्न युगमा मानिसले निर्माण गरी सदुपयोग गरेका कलावस्तु सङ्ग्रह गरिन्छन् । पुरातात्विक सङ्ग्रहालयमा भने विगत मानिसले प्रयोग गरी छाडेका पुरातात्विक वस्तु राखिन्छन्, जुन सबै मानव निर्मित या मानवले आफ्नो हितका लागि प्रयोग गरेका बस्तु नै हुन्छन् । यसरी सङ्ग्रहालयमा राखिने प्रायः सबै प्रकारका वस्तुहरु मानिस तथा उसको समाजसँग सम्बन्धित हुने गर्दछन् । तसर्थ सङ्ग्रहालय र समाज सम्बन्धित भएका हुन् ।

सङ्ग्रहालय र समाजको अन्तर्सम्बन्ध रहेको कुरा अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद्ले दिएको सङ्ग्रहालयको परिभाषामा पनि समावेश गरिएको देखिन्छ । आइकमले दिएको सङ्ग्रहालयको परिभाषामा सङ्ग्रहालयले समाज र यसको विकासका लागि काम गर्ने बताइएको छ (सङ्ग्रहालय नाफा कमाउने उद्देश्य नभएको एउटा स्थायी संस्था हो, जुन समाज र यसको विकासका लागि सर्वसाधारणलाई खोलिएको हुन्छ । यसले मानिस र उसको वातावरणसँग सम्बन्धित मूर्त र अमूर्त प्रमाणहरु सङ्कलन, , संरक्षण, अनुसन्धान, सञ्चार  र प्रदर्शन पनि गर्दछ- आइकम) । यस अर्थमा सङ्ग्रहालय समाजसँग सम्बन्धित हुन्छ । यसले समाजको विकास, आयआर्जन र चिनारीका लागि काम गर्दछ भने सङ्ग्रहालयमा राखिने वस्तु पनि समाजसँग नै सम्बन्धित हुन्छन् । संस्कृति समाजसँग सम्बन्धित तथा समाजबाट नै निर्मित हुने हुँदा सङ्ग्रहालयमा राखिने सांस्कृतिक वस्तु जस्तो कला, वास्तुकला, पुरातात्त्विक अवशेषहरु, जातजातिका लुगाकपडा, गरगहना, हातहतियार, बाजागाजा र उपकरण आदि सबै समाजसँग सम्बन्धित भए । युद्ध र शान्ति पनि मानव समाजबाट सृजित घटना हुन्, जसका लागि प्रयोग गरिने हातहतियार पनि समाजभन्दा अलग्ग हुँदैनन् । यसैगरी प्राकृतिक वस्तुलाई जव मानवका लागि उपयोगी बनाइन्छ र मानवले उपयोग गर्दछ, त्यो पनि संस्कृति बन्दछ । यसरी सङ्ग्रहालयमा सङ्ग्रह गरिने अत्यधिकजसो वस्तुहरु सांस्कृतिक हुन्छन् । तसर्थ पनि सङ्ग्रहालय र समाज एक सिक्काका दुई पाटा मानिएका छन् ।

सङ्ग्रहालयले पुर्खाका गरिमामय संस्कृति, भूगोल, इतिहास, राजनीति, समाज र आर्थिक समृद्धिको परिचय दिने गर्दछ । कुनै पनि ऐतिहासिक स्थान, व्यक्ति र समुदायको परिचय दिने माध्यम सङ्ग्रहालय नै हुन् । राष्ट्रिय गौरव तथा विकासका विभिन्न आयामको संरक्षण, सम्बर्द्धन र स्थायी अभिलेख राखिने स्थान पनि सङ्ग्रहालय

नै मानिन्छन् (दर्नाल, २०१८, पृ.१२८) । यिनीहरु निरन्तर रूपमा शिक्षा प्रदान गर्ने केन्द्र तथा सबै वर्ग र उमेर समूहका मानिसलाई मनोरञ्जन प्रदान गर्ने संस्था पनि हुन् । सङ्ग्रहालयहरु मानिस या यात्रीको यात्राबाट मात्र बाँचेको मानिन्छ । किनकि प्रदर्शन विनाका सङ्ग्रहालय सङ्ग्रहालय नै होइनन् भन्ने मान्यता छ ।

सामुदायिक शिक्षाको प्रारम्भिक प्रारूप सङ्ग्रहालय नै मानिन्छन् । तसर्थ सङ्ग्रहालय र समाज एक आपसमा अति निकट रहेका हुन्छन् । सङ्ग्रहालयका सामाजिक उद्देश्य सबै समुदायलाई सेवा पुऱ्याउने, राम्रोसँग प्रदर्शनी गर्ने, सबैलाई शिक्षाको सुविधा दिने, स्थानीय संस्कृति मनाउने तथा आगन्तुक संस्कृति जोगाउने पनि हुन्छ । सङ्ग्रहालयको शिक्षा सिद्धान्त, इतिहास, वर्तमान प्रयास र विश्व धारणामा पनि आधारित हुन्छ । सङ्ग्रहालयहरु अनुसन्धानका केन्द्र पनि हुन्, जहाँ शोध, खोज, अध्ययन र प्रकाशन पनि गरिन्छ । यिनीहरूले विद्यार्थी र शोधार्थीलाई पनि यस्तो सुविधा प्रदान गर्दछन् । बेलायतमा यस्ता कोषहरु (फण्ड) पनि छन्, जुन सङ्ग्रहालयहरूलाई तिनको कार्यदक्षताका आधारमा दिइन्छ । तिनीहरूले जनतालाई के कस्ता सुविधा दिए र समाजले तिनीहरूलाई कुन रूपमा हेर्दछ भन्ने मूल्याङ्कन गरेर पनि सङ्ग्रहालयलाई फन्ड दिइन्छ (सेला, २००७, पृ. २४) ।

सङ्ग्रहालयहरु जनसाधारणलाई खोलेपछि शैक्षिक संस्थाका रूपमा रहने गर्दछन् । सङ्ग्रहालयको सबैभन्दा ठूलो काम शिक्षा प्रदान गर्नु मानिन्छ । सङ्ग्रहालयलाई आधुनिक समाजमा शिक्षाको क्षेत्रमा गरिने सार्वजनिक लगानी पनि मान्ने गरिएको छ । कतिपय समाजमा थोरै वस्तुको मात्र पनि एउटा सङ्ग्रहालय रहन्छ । ती मुलुकमा ५० प्रतिशतभन्दा धेरै जनसङ्ख्याले सालमा कम्तिमा पनि एकपटक सङ्ग्रहालयको भ्रमण गर्ने गरेकाछन् । विश्वमा खेल हेर्नभन्दा सङ्ग्रहालय हेर्न धेरै मानिसहरु जाने गरेको तथ्याङ्क पाइन्छ । सङ्ग्रहालयका कार्यहरु शिक्षा र समाजसँग सम्बन्धित छन् । प्रदर्शनी, विशेष प्रदर्शनी, नृत्य, गायन, शिक्षाका लागि स्रोत तथा सामग्रीको विकास, कक्षाकोठा र समुदायिक केन्द्रमा प्रदर्शन, अनुसन्धान, बाह्य साझेदारी र वेवसाईटबाट शिक्षा प्रदान आदि सङ्ग्रहालयले समाजका लागि गर्ने मुख्य कार्यहरु हुन् । सङ्ग्रहालयमा परम्परागत भाषणविधि, आविस्कारक (डिस्कोभरी) सिकाइ, अभिप्रेरणा(मोटिभेसन) सिकाइ र निर्माणवादी सिकाइ गरी चार प्रकारका सिकाइ हुने गर्दछन् । यी सबै प्रकारका सिकाइबाट शिक्षा प्रदान गर्नु सङ्ग्रहालयको कर्तव्य मानिन्छ ।

सङ्ग्रहालयहरु सामाजिक संस्था पनि हुन् । यिनीहरु सिकाइका कोरा प्रमाण हुन्, जसले औपचारिक र अनौपचारिक रूपमा निर्माणवादी शिक्षा प्रदान गर्दछन् । यिनीहरूले समाजका नागरिकलाई सङ्गृहीत वस्तुका माध्यमबाट पुर्खा, पुर्खाका देन र इतिहासका बारेमा जानकारी दिने तथा सचेत पार्ने गर्दछन् । सङ्ग्रहालयको उद्देश्य प्रदर्शन गर्ने तथा समुदायलाई सूचना या शिक्षा दिने मात्र नभएर उनीहरूको व्यहारलाई प्रभाव पार्ने पनि रहन्छ । नेचरल हिस्ट्री म्यूजियममा केही वस्तु प्रदर्शन गर्नुको अर्थ सङ्गृहीत वस्तुप्रति मानिसको सचेतना फैलाउनुका साथै पृथ्वीका फ्लोरा र फउनाको संरक्षणका लागि चासो जगाउनु पनि हो । यस्तै सङ्ग्रहालयमा कुनै सांस्कृतिक तथा पुरातात्विक वस्तु प्रदर्शन गरिनुको अर्थ दर्शकलाई त्यसका बारेमा जानकारी दिनुमात्र

नभएर त्यसको संरक्षणको आवश्यकता महसुस गराउनु पनि हो । यसरी सङ्ग्रहालयहरु समुदायका लागि हुन् भने तिनीहरूका माध्यमबाट समुदायलाई सचेत गराउने कार्य पनि गरिन्छ । समुदाय नभएमा सङ्ग्रहालयको कुनै अर्थ रहँदैन । हुन त चासो हुने मानिस मात्र सङ्ग्रहालयमा जाने गर्दछन् । तर तिनमा समुदायका सांस्कृतिक वस्तुहरु राखेर सम्बन्धित मानिसहरूलाई आकर्षण गर्न सकिन्छ (डोलक, २०२२,पृ. : ९०) । सङ्ग्रहालयको सुरक्षा, विकास र प्रचारमा पनि समुदायको ठूलो भूमिका रहन्छ ।

## नेपाली समाज र सङ्ग्रहालय

विश्वका विकसित मुलुकमा सङ्ग्रहालयले समाजलाई शिक्षा दिने, राष्ट्रप्रेम जगाउने तथा पुर्खाका सिर्जना वर्तमान समाजमा प्रस्तुत गरी भावी पुस्तालाई पुस्तान्तरण गर्ने कार्य गर्दै आएकाले सङ्ग्रहालय र समाजको प्रत्यक्ष सम्बन्ध स्पष्ट भएको पाइन्छ । समुदायले पनि सङ्ग्रहालयको विकास र संरक्षणमा चासो राख्दछन् र ५० प्रतिशतभन्दा धेरै जनता सालमा कम्तीमा पनि एकपटक सङ्ग्रहालयको भ्रमण गर्दछन् । उनीहरु सङ्ग्रहालयलाई आफ्नो मुलुकको गौरव ठान्दछन् । यही कारणले चीनका धेरै सङ्ग्रहालयले स्वदेशीलाई सङ्ग्रहालय प्रवेशको शुल्क लिने तथा विदेशीलाई निःशुल्क गर्ने गरेका छन् । अझ सङ्ग्रहालयप्रति जनताको आकर्षण बढाउन सरकारले देशका ५० प्रतिशतभन्दा धेरै सङ्ग्रहालयमा प्रवेश टिकट निःशुल्क गरेको छ । यसरी सरकारले नै जनतालाई सङ्ग्रहालय भ्रमण गर्न प्रोत्साहन गरेको छ र समाजले पनि सङ्ग्रहालय विकासलाई सरसहयोग गर्ने गरेकाले त्यहाँका सङ्ग्रहालयहरु निकै फस्टाएका छन् ।

नेपालको प्रसङ्गमा समाज र सङ्ग्रहालयको अवधारणा अहिले पनि पृथक छ । कतिपय सङ्ग्रहालयमा राखिनुपर्ने सांस्कृतिक महत्त्वका वस्तु व्यक्तिले घरैमा लुकाएर राखेका छन् भने कतिपय स्थानमा सर्वसाधारणलाई अवलोकन गर्न बन्देज लगाइएको छ । कतिपय सम्पदाका रूपमा रहेका देवीदेवताका मठमन्दिरमा जनताले प्रवेश नपाउने तथा फोटो लिन र अध्ययन गर्न पनि बन्देज लगाउने गरिएको छ । यसले एकातर्फ सम्पदा नासिँदा तिनलाई पुनर्निर्माण गर्न कठिन हुने देखिन्छ भने अर्कोतर्फ समाज र सङ्ग्रहालय पृथकपृथक जस्ता बनेका छन् । जस्तो हनुमानढोका दरबारको कुमारी घरभित्रका भित्तेचित्र, मोहनचोकको अष्टमातृका प्रतिमा राखिएका कोठाका कलाकृति, पञ्चमुखी हनुमान, तलेजु र देगुतलेजु आदि मन्दिरभित्र कसैलाई पनि चित्र लिन र अध्ययन गर्न अनुमति दिइँदैन । पशुपतिनाथ मन्दिरभित्रका र मूल भण्डारमा राखिएका अभिलेखको अध्ययन गर्न पनि सम्भव छैन । यस्ता अन्य कैयौं स्थान छन्, जुन सङ्ग्रहालयका रूपमा नै रहेका भए पनि तिनीहरूमा सर्वसाधारणले प्रवेश गर्ने, चित्र लिने र अध्ययन गर्ने अनुमति दिइँदैन । तसर्थ हालसम्म नेपालमा सङ्ग्रहालय र समाजको सम्बन्ध सुमधुर हुन सकेको छैन । साथै नेपालमा हालसम्म समाजले सङ्ग्रहालयहरूलाई आफ्नै सम्पदा हुन् भनी पूर्ण रूपमा विश्वास गरेको अवस्था पनि छैन ।

स्वामित्वका दृष्टिले नेपालमा सरकारी, संस्थागत, सामुदायिक र निजी गरी चार प्रकारका सङ्ग्रहालयहरु अस्तित्वमा छन् । यहाँका सङ्ग्रहालयहरूलाई राष्ट्रिय, क्षेत्रीय, स्थलगत, प्रदेश स्तरीय, संस्थागत, सामुदायिक र व्यक्तिगत गरी जम्मा सात भागमा पनि वर्गीकरण गर्न सकिन्छ । यहाँका राष्ट्रिय, प्रादेशिक, क्षेत्रीय र क्षेत्रगत

सङ्ग्रहालय सरकारबाट सञ्चालित छन्, जसमा जनशक्ति, प्रदर्शन स्थल, सङ्ग्रहगृह, संरक्षण प्रविधि र प्रदर्शनी क्षमता आदिको राम्रो व्यवस्था छ । सरकारको लगानीमा ती सङ्ग्रहालय सञ्चालन हुने हुँदा तिनीहरु सुविधासम्पन्न पनि छन् । तिनीहरुमा सङ्ग्रह गरिने सामग्रीको विविधता पनि विशिष्ट छ ।

नेपालमा सरकारले सञ्चालन गरेका सङ्ग्रहालयमा दक्ष जनशक्तिको भने कमी नै छ । देशमा नै प्रयोगात्मक सङ्ग्रहालय शिक्षा दिने निकायको अभाव भएकाले यससम्बन्धी पाएको सैद्धान्तिक ज्ञानका आधारमा सरकारी सङ्ग्रहालयको सम्पूर्ण व्यवस्थापन गर्नुपर्ने बाध्यता छ । यहाँ समुदायको सङ्ग्रहालयप्रतिको रुचि र चासो पनि एकदमै कम छ । यसको व्यवस्थापनमा भएको कमीकमजोरीका कारण सङ्ग्रहालयप्रति समुदायको चासो कम भएको हो । जस्तो कोशी र गण्डकी प्रदेशका प्रादेशिक सङ्ग्रहालयहरु  क्रमशः धनकुटा र पोखरामा स्थापित छन् । यहाँका क्षेत्रीय सङ्ग्रहालयलाई नै कालान्तरमा प्रादेशिक सङ्ग्रहालयमा परिणत गरिएको हो । यस्तै नेपालको राष्ट्रिय सङ्ग्रहालय चाहिं काठमाडौंमा छ । नेपालका मध्यकालिन केही दरबारहरुलाई पनि सङ्ग्रहालयका रुपमा विकास गरी राष्ट्रिय सङ्ग्रहालय अन्तर्गत राखिएको छ । यी सङ्ग्रहालयहरु सरकारका तर्फबाट चलेका हुँदा सुविधासम्पन्न पनि छन् ।

नेपालका सरकारबाट सञ्चालित प्रादेशिक र स्थलगत सङ्ग्रहालयमा सङ्ग्रह गरिएका केही वस्तुहरु भिन्न भौगोलिक स्थलबाट पनि ल्याइएका छन् । जस्तो धनकुटाको प्रादेशिक सङ्ग्रहालयमा झापामा मात्र बसोबास गर्ने मेचे, कोचे र किसान तथा सुनसरी, मोरङ र झापामा बस्ने राजवंशी, थारु र मुसहरका साथै हिमाली भेगका वासिन्दा सेर्पा र तामाङका गरगहना तथा उपकरण पनि सङ्ग्रह गरिएका देखिन्छन् । तर ती समुदायका मानिसहरु यी सङ्ग्रहालयमा आफ्ना सांस्कृतिक वस्तु अवलोकन गर्न विरलै पुग्दछन् । यसैगरी आफ्नो सरोकार नै नभएको सांस्कृतिक वस्तुप्रति स्थानीय समाजलाई खासै चासो नहुनु स्वाभाविक पनि हो । त्यस्ता बाहिरबाट ल्याइएका वस्तुप्रति स्थानीय समुदायको भावना गाँसिएको हुँदैन । तसर्थ धनकुटा र पोखराका प्रादेशिक सङ्ग्रहालयको सालिन्दा भ्रमण गर्ने मानिसहरुको सङ्ख्या निकै कम छ । यसरी भौगोलिकताका कारण पनि हाम्रा सरकारी सङ्ग्रहालयमा समुदायको चासो कम हुने गरेको हो ।

नेपालका राष्ट्रिय स्तरका सङ्ग्रहालयहरु काठमाडौंमा केन्द्रित छन् । अन्य प्रकारका सङ्ग्रहालयहरु भने देशका अन्य भागमा पनि खुलेका छन् । सरकारी सङ्ग्रहालयमा भवन, कर्मचारी, डिस्प्लेस्थल, फर्निचर र अन्य सुविधा प्रचुर भए पनि अन्य सङ्ग्रहालयहरु अनेक प्रकारका समस्याले ग्रसित छन् । देशमा सङ्ग्रहालयको व्यवस्थापनसम्बन्धी अनेक प्रकारका कानुन बनेका भए पनि एकीकृत सङ्ग्रहालय कानुनको अभावका कारण तिनको समुचित व्यवस्थापन हुन नसकेको हो ।  सङ्ग्रहालयहरुको उचित व्यवस्थापन र विकासका लागि देशमा स्वतन्त्र राष्ट्रिय सङ्ग्रहालयको पनि आवश्यकता हुने गर्दछ । त्यसैले राष्ट्रले सबै प्रकारका सङ्ग्रहालयको अनुगमन, मूल्याङ्कन तथा दण्ड र पुरस्कारको समेत व्यवस्था गर्न सकोस् । हालसम्म नेपालका राष्ट्रिय स्तरका सङ्ग्रहालयहरु पुरातत्त्व विभाग अन्तर्गत राखिएका छन्, जसले सबै प्रकारका सङ्ग्रहालयको व्यवस्थापन गर्न कठिन छ । यस्ता विविध कारणले नेपालका सङ्ग्रहालयहरु कम व्यवस्थित छन् र समाजदेखि विमुख पनि देखिन्छन् ।

हालसम्म नेपालमा सङ्ग्रहालयको भ्रमण गर्ने यात्रीहरूको सङ्ख्या अति न्यून छ । यहाँका सङ्ग्रहालयहरूमा अध्ययन अनुसन्धान गर्ने विषयले पनि गति लिन सकेको देखिँदैन । नेपालको राष्ट्रिय सङ्ग्रहालय छाउनीको यात्रा गर्ने मानिसहरूको सङ्ख्या आर्थिक वर्ष २०८०।८१ मा ६५ हजार २ सय २७ जना मात्र रहेको तथ्याङ्क उक्त सङ्ग्रहालयबाट प्राप्त भएको छ । यसमा सङ्ग्रहालय भ्रमण गर्ने विद्यार्थीको सङ्ख्या पनि समावेश गरिएको छ । यता काठमाडौंको मुटुमा पर्ने हनुमानढोका दरबार सङ्ग्रहालयमा पनि आर्थिक वर्ष २०८०।८१ मा १ लाख ८४ हजार ३ सय ४१ जना यात्रुले मात्र भ्रमण गरेको तथ्याङ्क पाइन्छ । यसमा पनि विद्यार्थीको सङ्ख्या समेत समावेश गरिएको छ । उक्त साल १ लाख ३४ हजार ४ सय ३८ जना विदेशी पर्यटक (सार्क र तेस्रो मुलुकका पर्यटक) ले पनि यस दरबार सङ्ग्रहालयको भ्रमण गरेको देखिन्छ ।

सङ्ग्रहालयको भ्रमण गर्ने यात्रुहरूको यो सङ्ख्या अति न्यून हो । नेपालमा सङ्ग्रहालयप्रति समाजको चासो र विश्वास कम हुनाले यस्तो तथ्याङ्क पाइएको हो । विश्वको तथ्याङ्क हेर्ने हो भने संसारको सवैभन्दा धेरै यात्रुले भ्रमण गर्ने सङ्ग्रहालय फ्रान्सको 'लुभ्रे' सङ्ग्रहालय हो । सन् २०२४ मा मात्र करिब ९३ लाख यात्रीले यस सङ्ग्रहालयको भ्रमण गरेको देखिन्छ । त्यसपछि भ्याटिकन सङ्ग्रहालय र चीनको राष्ट्रिय सङ्ग्रहालयको भ्रमण गर्ने यात्रीको सङ्ख्या पनि निकै धेरै रहेको छ । यसबाट ती मुलुकहरूमा विदेशी पर्यटक मात्र नभएर स्थानीय समाजले पनि सङ्ग्रहालयप्रति चासो राख्ने र सङ्ग्रहालयको भ्रमण गर्ने गरेको बुझ्न सकिन्छ ।

नेपालको राष्ट्रियस्तरका सङ्ग्रहालय सरकारका हुन्, हाम्रा हैनन् भन्ने धारणा अहिले पनि धेरै नेपालीहरूमा विद्यमान छ । जवसम्म समाजले सङ्ग्रहालयलाई अपनत्व लिंदैन, तवसम्म सङ्ग्रहालयको औचित्य पुष्टि हुँदैन । समाजलाई सङ्ग्रहालयप्रति उत्तरदायी बनाउन तथा अपनत्व दिलाउन सङ्ग्रहालयसम्बन्धी सचेतनाको आवश्यकता पर्दछ । समुचित मात्रामा प्रकाशन, प्रसारण र घुम्ती सङ्ग्रहालय सञ्चालन गरेर पनि सङ्ग्रहालयहरु समाजका माझमा पुग्न सक्दछन् । समाजको चासो र आफूप्रति झुकाव बढाउन सङ्ग्रहालयहरूले बेलाबेलामा स्थानीयसँग अन्तरक्रिया तथा छलफल गर्न पनि आवश्यक हुने गर्दछ । यस्तै सङ्ग्रहालयको विकासका लागि योजना निर्माण गर्न स्थानीय मानिसहरूलाई सहभागी गराएमा पनि त्यसतर्फ समाजको चासो बढ्ने देखिन्छ । यस्ता क्रियाकलापबाट समाजले सङ्ग्रहालयलाई अपनत्त्व लिने या स्वीकार गर्ने वातावरण बन्ने गर्दछ ।

नेपालमा सञ्चालित प्रादेशिक सङ्ग्रहालयले पनि स्थानीय मानिसको मन जित्न सकेको देखिंदैन । प्रादेशिक सङ्ग्रहालयमा स्थानीयस्तरमा प्राप्त हुने वस्तुहरु सङ्ग्रह गर्ने परम्परा रहेको भए पनि स्थानीय समाजले सङ्ग्रहालयप्रति चासो राख्ने गरेको पाइएको छैन । स्थानीय मानिसहरूमा सङ्ग्रहालयसम्बन्धी चेतनाको कमीले पनि यस्तो भएको हो । सङ्ग्रहालयहरूमा गरिने व्यवस्थापनको कमीकमजोरीका कारण पनि तिनीहरूप्रति स्थानीय मानिसको झुकाव नरहन सक्दछ । जस्तो कपिलवस्तु प्रादेशिक सङ्ग्रहालयमा स्थानीय क्षेत्रमा पाइने वस्तुहरु सङ्ग्रह गरिएका भएतापनि तिनीहरूप्रति स्थानीयको अपनत्व बढेको देखिंदैन । त्यहाँका बौद्ध कलाकृतिसँग वर्तमानको हिन्दू र मुश्लिम समुदायको खासै सम्बन्ध नरहेकाले स्थानीय समाज यहाँको

सङ्ग्रहालयप्रति उदासिन बनेको हो । अझ त्यहाँ सङ्ग्रह गरिएका मुस्ताङमा प्राप्त ताम्रनिधि संस्कृतिका उपकरणसँग स्थानीयको कुनै सम्बन्ध स्थापित हुन सक्दैन । तसर्थ तिनीहरूप्रति स्थानीय मानिसलाई कुनै चासो, सद्भाव र प्रेम नरहेको हो । त्यस्ता उपकरण स्थानीयका पुर्खाको गौरवका विषयवस्तु पनि होइनन् ।

सङ्ग्रहालयमा स्थानीय समुदायको भावना र अपनत्व अनिवार्य तत्व भएकाले कपिलवस्तुको प्रादेशिक सङ्ग्रहालयले यस क्षेत्रमा अझ धेरै काम गर्न बाँकी छ । स्थानीय मानिसहरूलाई सङ्ग्रहालयको महत्व र आवश्यकताका बारेमा जनचेतना फैलाई उनीहरूको सहभागिता बढाउन पनि त्यत्तिकै आवश्यक छ ।

नेपालमा सञ्चालित संस्थागत सङ्ग्रहालयहरु जस्तो-विश्वविद्यालय, सैनिक, प्रहरी, अदालत र जातीय सङ्ग्रहालय आदिले सम्बन्धित समुदाय र वर्गलाई जोडेका भए पनि तिनीहरूको यात्रा सबै वर्गका यात्रुले गर्ने परम्परा अति न्यून छ । थारु सङ्ग्रहालय, गुरूङ सङ्ग्रहालय, तारागाउँ सङ्ग्रहालय, लोकबाजा सङ्ग्रहालय, त्रि.वि. संस्कृति विभागको पुरातात्त्विक सङ्ग्रहालय, अन्तर्राष्ट्रिय माउन्टेन सङ्ग्रहालय, चिल्ड्रेन आर्ट ग्यालरी, सिन्धुलीगढी युद्ध सङ्ग्रहालय आदि संस्थागत सङ्ग्रहालयहरूको भ्रमण ज्यादै न्यून मानिसले गर्ने गरेका छन् । यिनीहरु सवैले आ-आफ्ना समुदाय या वर्गका मानिसहरूलाई आकर्षण गर्ने र अपनत्त्व प्रदान गर्ने भए पनि सामान्य जनमानसलाई यिनीहरूबारे खासै चासो रहेको देखिँदैन ।

स्थानीय तह  र सामुदायिक प्रकृतिका सङ्ग्रहालयका अवस्था र समस्या पनि बेग्लै प्रकारका छन् । तिनीहरूले विज्ञको उचित सेवाको अभावमा प्रभावकारी ढङ्गमा सङ्ग्रह, संरक्षण, प्रदर्शन र सेवा प्रवाह गर्न सकेका छैनन् । तिनीहरूमा समाजको अपनत्त्वको पाटो निकै कमजोर छ । मठ, मन्दिर र विहारहरूमा सञ्चालित सङ्ग्रहालय पनि यस्तै समस्याबाट ग्रसित छन् । नेपालमा चलेका निजी  क्षेत्रका सङ्ग्रहालयका व्यथा र पीडा अझ पृथक छन्, जसले समुदायलाई जोड्ने विषयमा ध्यान दिन सकेका छैनन् । तसर्थ नेपालमा सङ्ग्रहालयको विकासका लागि समाजको भावना जोड्न र स्थानीय समुदायको  पनि सहभागी बढाउन  अति आवश्यक छ ।

## निष्कर्ष

सङ्ग्रहालय र समाज एउटै सिक्काका दुई पाटाजस्ता विषयवस्तु हुन् । सङ्ग्रहालयले मूर्त संस्कृतिको सङ्कलन, सङ्ग्रह, संरक्षण, प्रदर्शन र पुस्तान्तरण गर्दछन् । समाजले आफ्नो पुस्ताको गौरव गर्ने संस्कृति सिक्ने, बुझ्ने, जोगाउने र अपनत्व स्वीकार गरी भावी सन्ततीलाई पुस्तान्तरण गर्ने वातावरण बन्नु पर्दछ । हाम्रो देशमा हालसम्म सञ्चालनमा आएका विभिन्न प्रकारका सङ्ग्रहालयहरूले समाजलाई आफू र आफ्नो कार्यसँग जोड्न सकेका छैनन् । यस्ता अभावको परिपूर्तिका लागि सवैभन्दा पहिले सङ्ग्रहालयसम्बन्धी प्रयोगात्मक ज्ञान भएको जनशक्ति देशमा नै उत्पादन हुन आवश्यक छ, जुन देशका विश्वविद्यालयको दायित्व हो । देशमा सङ्ग्रहालयसम्बन्धी एकद्वार  प्रणालीको कानुन निर्माण हुन पनि त्यत्तिकै आवश्यक छ भने सङ्ग्रहालयमा हाल कार्यरत कर्मचारीलाई प्रयोगात्मक तालिम दिन पनि आवश्यक देखिन्छ । देशभरका सवै प्रकारका

सङ्ग्रहालयको नियमन, नियन्त्रण, अनुगमन र मूल्याङ्कन गर्ने एक राष्ट्रिय सङ्ग्रहालय वा विभागको ब्यवस्था हुन पनि अति आवश्यक छ । यस्तो कार्य गर्ने जिम्मेवारी नेपाल सरकारको हो ।

नेपालमा हाल सञ्चालनमा रहेका सङ्ग्रहालयहरूले समाजलाई आफूसँग आबद्ध गराउने, सङ्ग्रहालयप्रति संवेदनशील हुने, यसलाई अपनत्व ग्रहण गर्ने र आफ्ना सम्पदा हुन् भन्ने भावना जगाउने जिम्मा लिनु पर्दछ । सङ्ग्रहालयहरू ज्ञानगुनका स्रोत, शिक्षाका केन्द्र र अध्ययनका कच्चा सामग्री हुन् भन्ने कुरा महसुस गरी सङ्ग्रहालयले विद्यालय र विश्वविद्यालयलाई आकर्षण गर्न सक्नु पर्दछ । सङ्ग्रहालयसम्बन्धी शोध, खोज, अध्ययन र अनुसन्धानका लागि छात्रवृत्तिको व्यवस्था गरी विद्यार्थीहरूलाई प्रोत्साहन र आकर्षण गर्न आवश्यक छ ।

समुदायमा सङ्ग्रहालयसम्बन्धी जनचेतनाको ठूलो खाँचो छ । यससम्बन्धी चेतना अभिबृद्धि कार्यक्रमहरू सञ्चालन गरी जनचेतना बढाउन सकिन्छ । सङ्ग्रहालयहरूले समुदायसँग बेलाबेलामा छलफल, भेला र अन्तरक्रिया गरी सचेतना फैलाउन आवश्यक छ । सङ्ग्रहालय र तिनको आवश्यकता तथा महत्वसम्बन्धी विभिन्न प्रकारका प्रचार सामग्रीहरू उत्पादन, प्रदर्शनी र वितरण गरेर पनि समाजमा सचेतना फैलाउन सकिन्छ । यससम्बन्धी श्रव्यदृश्य सामग्री निर्माण र प्रसारण गर्ने, सङ्ग्रहालयको आवश्यकता र महत्व बारेका ब्रोसर, पुस्तिका आदि प्रकाशन गरी वितरण गर्ने, सङ्ग्रहायलको विकासका लागि योजना निर्माण तथा कार्यान्वयमा स्थानीय समुदायलाई सहभागी गराउने तथा सङ्ग्रहालयहरू समुदायकै सम्पदा हुन् भन्ने भावना जगाउने कार्य गरेर सङ्ग्रहालयले समुदायलाई आफूप्रति जिम्मेवार बनाउन सक्दछन् । यसो गरेमा मात्र नेपालमा सङ्ग्रहालयहरूको दिगो विकास हुने देखिन्छ । अस्तु ।

## सन्दर्भ सामग्री


खतिवडा, सोमप्रसाद. (२०७१). *नेपाली संस्कृति विश्वकोश.* जनता प्रकाशन प्रा.लि. ।

खत्री, प्रेम. (२०७०). *सङ्ग्रहालय र पर्यटनः एक संक्षिप्त टिप्पणी.* हिरक जयन्ती स्मारिका, राष्ट्रिय सङ्ग्रहालय ।

डोलाक, जे. (२०२२). *म्यूजोलोजि एन्ड इट्स थ्योरी.* आइकोम, चेज रिपब्लिक ।

दर्नाल, प्रकाश. (२०१८). *नेपालमा सङ्ग्रहालयको विकास र २०७२ सालको भूकम्पले पारेको प्रभाव,* हिसान, अंक ४, पृ. १२६-१३३ ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद. (२०६५). *पुरातत्वको परिचय.* एम्. के. पब्लिसर्स ।

शुक्ला, गिरिशचन्द्र र पाण्डेय, विमलेश कुमार. (२००२). *सङ्ग्रहालय विज्ञान.* मोतीलाल बनारसी दास ।

सेला, डब्ल्यू. (२००७). *म्यूजियम एन्ड दियर कम्यूनिटिज,* रोज ।

हपर, जी.ई. (१९९९). *द एजुकेसन रोल अफ् द म्यूजियम,* रोडज,ः लन्डन ।

हैन, जी.इ. (१९९८). *लर्निंग इन द म्यूजियम.* रटलेज ।

होल्ली, ओ.एफ्., पिटर के. (२०२०). *म्यूजियम, कलेक्सन्स एन्ड सोसाइटी,* लिडेन युनिभर्सिटी ।

# पर्यटन र सङ्ग्रहालय

**डा. पशुपति न्यौपाने**
**त्रि.वि. संस्कृति केन्द्रीय विभाग, कीर्तिपुर**



*सङ्ग्रहालय कुनै समयमा प्रमुख गन्तव्य स्थलका रुपमा हुन्छ भने कुनै समयमा सहायक गन्तव्य स्थल । पर्यटकहरूको उद्देश्य र व्यतीत समयका आधारमा सङ्ग्रहालय प्रमुख* **(Core)** *अथवा सहायक* **(Secondary)** *गन्तव्य स्थल हुन जान्छ यद्यपि गन्तव्य स्थल हुनका निम्ति केही आधारभूत तत्वहरू जस्तै आकर्षण, पुग्न सम्भव, बासस्थान, अतिरिक्त सुविधा (वाईफाइ, शौचालय, क्याफेटेरिया, सोभिनार सप, पार्किङ्ग आरामकक्ष, पुस्तकालय आदि हुनुपर्दछ ।*

## परिचय

आजको आधुनिक वैज्ञानिक समाजमा सङ्ग्रहालय एउटा गतिलो पर्यटकीय आकर्षण बनेको छ । सम्पदा अर्थ संभावनाको पहिचान पून:मूल्याङ्कन, व्यवस्थापन र पूर्ण प्रयोग गरी अर्थ तथा सम्पदालाई जोड्ने प्रयत्न र प्रतिफल प्राप्त गरिएको छ । प्रारम्भमा सङ्ग्रहालय एउटा सूचना तथा शिक्षा (Education & Information) को सांस्कृतिक केन्द्रका रूपमा स्थापित महत्वपूर्ण स्थायी प्रकृतिको संस्था थियो भने आज यसले पर्यटन उद्योगसँग अत्यन्तै निकट सम्बन्ध राख्दछ । पर्यटन आजको उपभोगबादी समाजमा एउटा अर्थ उपार्जन, संरक्षण तथा प्रतिष्ठासम्बन्धी ठूलो उद्योग हो । यो पर्यटन शिक्षा, समाज र संस्कृतिसम्वन्धी आधिकारिक संस्था हो जुन एकआपसमा अन्तर सम्वन्धित भई अघि बढिरहेको छ । सङ्ग्रहालयले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सोमिनार उत्पादन, कच्चा पदार्थ प्रयोग, क्याट्रिङ्ग सुविधा, रेन्टल सेवा, सुटिङ सेवा, प्रवेश शुल्क, इभेन्ट र कार्यक्रम आदिबाट आर्थिक उपार्जन गर्दछ । सङ्ग्रहालय वरपर स्थापित होटल, रेष्टुरेन्ट, डिपार्टमेन्टल स्टोर, यतायात तथा अतिरिक्त सेवाबाट ठूलो सङ्ख्यामा रोजगारी सिर्जना गर्दछ । यसैगरी सङ्ग्रहालयले स्थानीय सरकार तथा राष्ट्रिय सरकारको राजस्व बृद्धिमा समेत ठूलो सहयोग पुऱ्याउँछ ।

Post Modern Museums हरु विशेषगरी आकर्षक सङ्ग्रहालय भवन, यात्रु सेवा- सुविधा र यात्रु सन्तुष्टिमा केन्द्रित छन् जसले सङ्ग्रहालयको सङ्ख्या बृद्धि गरी आफ्नो पहुँच विस्तार गर्न, सङ्कलन बृद्धि नीति (acquisition) लिएको हुन्छ । यसैको आधारमा स्टोरमा सङ्ग्रहित सामग्री, लोन, वस्तु साटासाट, खोजी डोनेसनका माध्यमबाट निरन्तर अस्थायी प्रदर्शनीका (Temporary Exhibition) कार्यक्रमहरु बनाउछन (द्विवेदी, २०३२)। एउटै वस्तु हेरिरहँदा ज्ञान, सूचना तथा मनोरञ्जनमा खासै फरक नपर्ने हुँदा सङ्ग्रहालय प्रवर्धन, यात्रु आकर्षण तथा सन्तुष्टिको निम्ति अस्थायी प्रदर्शन महत्वपूर्ण औजार मानिन्छ । मानवीय सीप एवम् ज्ञान सिर्जनाहरु कलाप्रतिको झुकाव नै सङ्ग्रहालय विकासको प्रेरणाको स्रोत मानिन्छ । सङ्ग्रहालय भन्नाले महत्वपूर्ण अद्धितीय, विलक्षणयुक्त चलायमान वस्तुहरु प्राप्त गर्नु, सूचीकृत गर्नु, संरक्षण गर्नु, प्रदर्शनी गर्नु र वस्तुका माध्यमबाट शिक्षा प्रदान गरिने निश्चित स्थान वा भवन भन्ने बुझिन्छ । आधुनिक समयमा सङ्ग्रहालयलाई विस्तृत अर्थमा परिभाषित गर्न सकिन्छ -'कुनै निश्चित क्षेत्र, समुदाय तथा सम्पूर्ण देशको इतिहास, धर्म, संस्कृति, पुरातत्व वा समग्र सभ्यताको बारेमा वैज्ञानिक तथा प्राविधिक प्रदर्शनीका माध्यमबाट कुनै वस्तु सङ्कलन, संरक्षण, प्रदर्शनी, शिक्षा प्रदान र पर्यटन विकास गर्न सर्वसाधारणदेखि विद्धान्सम्मका यात्रु तथा जिज्ञासुलाई सूचना दिने स्थान नै सङ्ग्रहालय हो ।' वास्तवमा सङ्ग्रहालय निश्चित गैरनाफामूलक संस्था हो जसले वैज्ञानिक ऐतिहासिक, सांस्कृतिक तथा प्राविधिक पक्षको आधिकारिक (Authentic) ज्ञान तथा सूचना उपलब्ध गराउँछ (अग्रवाल, १९९९) । यसरी वस्तुका माध्यमबाट सभ्यतालाई जनमानस समक्ष पुऱ्याउनु यसको मुख्य उद्देश्य हो ।

अढाई सय वर्षयता नै सङ्ग्रहालयको विकास भएको भएता पनि एक शताब्दी यता यसको विकास, मानिसको मन, ध्यान र फुर्सदको समयलाई जित्न सकेको यथार्थलाई यसको सफलता मानिन्छ । त्यसो त यसलाई मानव संस्कृति र सभ्यताको एक कसीको रूपमा बुझ्न र ग्रहण गर्न सकिन्छ । आज सङ्ग्रहालय समाज एवम् संस्कृतिको एक विम्व हो भने मानिस त्यस भव्य संस्थाको एक अङ्ग पनि हो । समाजका यी दुवै अङ्ग एक-अर्काको अनुभवबाट सिक्दै अघि बढेका छन् (गणेशन, २००२) । देशले विकासको गति लिएको वा नलिएको कुरा सङ्ग्रहालय विकास र विस्तारमा पनि भर पर्दछ त्यसो त सङ्ग्रहालयले मुलुकको परिचय मात्र प्रतिविम्वित गर्दैन, बचाएर पनि राख्दछ ।

छोटकरीमा सङ्ग्रहालय समाज र विश्वलाई हेर्ने एवं चिन्ने एउटा निकै छोटो बाटो (Short out) हो । अहिले सङ्ग्रहालय विश्वव्यापी आकर्षण तथा गन्तव्य हुँदै गएकोले तिनलाई एउटै सूत्रमा बाँधी आपसी भेटघाट, छलफल, ज्ञान-सूचनाको आदान-प्रदान गर्ने उद्देश्यले सङ्ग्रहालयहरूको अन्तर्राष्ट्रिय सङ्गठन (ICOM) को स्थापना भएको छ । यसले सन् १९४८ मा फ्रान्सको पेरिसमा पहिलो अधिवेशन गरेको थियो । त्यसैले सदस्य राष्ट्रहरु ICOM को सदस्यता लिई आ-आफ्ना मुलुकका सङ्ग्रहालयहरूलाई एक सूत्रमा बाँध्न थालेका छन् ।

## पर्यटकहरू र गन्तव्य स्थल

प्रारम्भमा सङ्ग्रहालय एउटा सांस्कृतिक, ऐतिहासिक कलात्मक तथा अनौपचारिक शिक्षाको केन्द्र थियो । क्रमशः आर्थिक स्रोत मात्र नभई एउटा गतिलो पर्यटकहरूको रोजाइको गन्तव्य बन्दै छ । वास्तवमा सङ्ग्रहालय अत्यन्तै दुर्लभ प्राकृतिक र बढीमा मानव निर्मित सिर्जनालाई आर्कषक तथा आधिकारिक रूपमा अभिलेखीकरण, प्रदर्शन, संरक्षण र व्यवस्थापन गरिएको पर्यटकीय स्थल हो । सङ्ग्रहालय एउटा खुल्ला विश्वविद्यालय र साझा गन्तव्य स्थल हो त्यसकारण जहाँ विविध रूचि, क्षमता र उद्देश्य भएका यात्रुहरू अवलोकन गर्दछन् । जस्तैः कोही सामान्य सूचना लिन आउँछन् भने कोही मनोरञ्जनका लागि भने कोही गहिरो ज्ञान लिन सङ्ग्रहालय धाउँछन् । यसरी वृहतरूपमा पर्यटकहरूलाई सबै उमेरका र पेसाकर्मी, रूचि भएकाहरु जस्तै वच्चा, विद्यार्थी, पर्यटक, विशेष विषय भएका मानिसहरु, अधिकारीहरु, कलाप्रेमी, सुटिङ्ग टिम आदि ।

## पर्यटन विकासका लागि आवश्यक तत्वहरू

सङ्ग्रहालय कुनै समयमा प्रमुख गन्तव्य स्थलका रूपमा हुन्छ भने, कुनै समयमा सहायक गन्तव्य स्थल । पर्यटकहरूको उद्देश्य र व्यतीत समयका आधारमा सङ्ग्रहालय प्रमुख (Core) अथवा सहायक (Secondary) गन्तव्य स्थल हुन जान्छ यद्यपि गन्तव्य स्थल हुनका निम्ति केही आधारभूत तत्वहरू जस्तै आकर्षण, पुग्न सम्भव, बासस्थान, अतिरिक्त सुविधा (वाइफाइ, शौचालय, क्याफेटेरिया, सोभिनार सप, पार्किङ्ग आरामकक्ष, पुस्तकालय आदि हुनुपर्दछ ।

पर्यटकीय आकर्षण यस्तो तत्व हो जसले मानिसहरूलाई यात्रामा संलग्न गराउन उत्साहित गराउँछ । आकर्षणका निम्ति विशिष्ट सामाग्रीहरू जस्तै प्रदर्शनी सेवा, सुविधा गाइडेड टुरको व्यवस्था हुनु पर्दछ ।

सङ्ग्रहालय पर्यटकहरूले आफ्नो इच्छाअनुसार भ्रमण गरी विविध क्रियाकलापमा संलग्न भई फर्किन सुगमता हुनुपर्दछ । सङ्ग्रहालय गतिलो गन्तव्यस्थल हुनका निम्ति विविध यातायातका साधनको व्यवस्था हुनुपर्दछ । जतिसुकै राम्रा आकर्षण भए तापनि यातायातका दृष्टिकोणले दुर्गम वा अगम्य भएमा सङ्ग्रहालय गन्तव्य स्थल हुन सक्दैन । यातायातलाई दुई प्रमुख सुगमताबाट विकास गरिनुपर्छ पहिलो बाहिरी सुगमता जसले सेवा क्षेत्र (Point and service delivery) सँग बजारलाई जोड्छ । यस्तो सुगमताले गर्दा नै पर्यटकहरू सङ्ग्रहालयसम्म आइपुग्छन् । दोस्रो आन्तरिक सुगमता (Internal accessibility) । यो सुगमता यात्रा क्षेत्रमा उपलब्ध हुने सेवा हो ।

सङ्ग्रहालय एउटा गतिलो पर्यटकीय स्थल बन्नका निम्ति यसका वरिपरि उपयुक्त सफा, सुरक्षित र व्यवस्थित आवास सुविधा (Accommodation) हुनु अनिवार्य मानिन्छ । गन्तव्य स्थलको आकर्षणले मानिसलाई बसाइसुविधा खोज्न वा व्यवस्था गराउन प्रेरित गर्दछ । राष्ट्रको आवास सुविधाले सङ्ग्रहालयको महत्व झन् विकास भएर जान्छ भने पूर्ण रूपमा राज्यको पहिचान समेत वृद्धि हुन जान्छ । फलतः सङ्ग्रहालय प्रबर्धनका निमित्त आवास (Accommodation) एउटा अपरिहार्य पाटो हो भन्ने कुरा समुदाय र राज्यले बुझ्नुपर्दछ । सङ्ग्रहालयको

गुणस्तर निर्धारण गर्न वसाइ सुविधा र यसको गुणस्तरले अत्यन्तै महत्व राख्दछ । यसरी सङ्ग्रहालय वरपर विविध प्रकारका आवास सुविधाहरू जस्तैः आवासीय होटल, रिसोर्ट, व्यापारिक होटल इन, लज, मोटेल, डाउन टाउन होटल, होमस्टे आदिको उत्तम व्यवस्था हुनुपर्दछ जहाँ हजारौं मानिसले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारीको अवसर पाउँछन् । अतिरक्त सुविधाहरु (Amenities) यात्रुहरूलाई सहज तथा सरल क्रियाकलापका निमित्त सूचनापाटी, लेवल व्यवस्थापन, सोमिनार सामग्री, सिम्बोल साइलेज, शौचालय, पुस्तकालय, क्याफेटेरिया, खेलमैदान आरामकक्ष, प्रदर्शनी कक्षको व्यवस्था हुनुपर्दछ ।

## शैक्षिक संस्थाको दायित्व

सङ्ग्रहालय अनौपचारिक शिक्षण संस्था हो जहाँ वस्तुका माध्यमबाट विविध वर्ग समूह, समुदाय, उमेर तथा क्षमताका मानिसहरूले आफ्नो समय तथा उद्देश्य अनुरूप शिक्षा ग्रहण गर्न सक्दछन् । पुर्खाले आर्जित गरेका सीप, प्रविधि, आस्था, मूल्यमान्यता बोकेका अति प्राचीन, दुर्लभ, सामाग्रीहरु जुन प्रागैतिहासिक, पुरातात्विक, ऐतिहासिक, धार्मिक, राजनैतिक, सामाजिक, आर्थिक, भौगोलिक, वैज्ञानिक, प्राकृतिक विज्ञानसँग सम्बन्धित वस्तुका बारेमा अध्ययन अनुसन्धान गर्न विद्यार्थी शोधार्थी तथा अनुसन्धानकर्ता सङ्ग्रहालयलाई वौदिक केन्द्रका रूपमा विकास गर्न शिक्षासम्बन्धी क्रियाकलापहरु निरन्तर गरिरहनु पर्छ (तिवारी  र पाण्डेय, २०११)। सबे बर्ग, समूह शिक्षित, कम शिक्षित, वृद्ध, बालकहरूलाई मिल्ने प्रकृतिका कार्यक्रम सञ्चालन गरी महत्वपूर्ण आकर्षण केन्द्र बनाउनु पर्दछ । शिक्षण संस्थावीच समन्वय तथा सहकार्य गरी देशको शैक्षिक प्रणालीलाई परिष्कृत र परिमार्जन गर्न सहयोग पुऱ्याउने भूमिका सङ्ग्रहालयहरूले खेल्न  सक्नुपर्छ ।

## सङ्ग्रहालय र प्रविधि

आज विज्ञान तथा प्रविधिको चरम विकास भैसकेको छ । विश्वका धनी देशहरूले विज्ञान तथा प्रविधिलाई सङ्ग्रहालयमा जोडेर बालकहरूको मनोरञ्जनस्थल, अध्ययन अनुसन्धान केन्द्र, पर्यटकहरूको भ्रमणको मुख्य गन्तव्यस्थलका रूपमा विकास गर्दै आइरहेका छन् । सङ्ग्रहालयले एउटा स्थानबाट अर्को स्थानमा प्रविधिको माध्यमबाट ज्ञान, सूचना प्रवाह गर्दै आइरहेका छन् । आज विज्ञानले ज्ञान आर्जन प्रक्रियालाई अत्यन्तै सहज, सरल र मानव-मैत्री बनाएको छ । त्यसकारण हामी सङ्ग्रहालयकर्मीहरूले थोरै समयमा अत्यन्तै गतिला र उपलब्धीमूलक ज्ञान हासिल गर्न सकिने सुनौलो युग (Technological Golden Era) का वीचमा बहस गरी सङ्ग्रहालयलाई विश्व सामु पुऱ्याउने अभियानमा लाग्नु पर्दछ ।

सङ्ग्रहालय सभ्यताको दस्तावेज पनि हो । मानवले जीवनयापन गर्ने क्रममा अनुभव गरेका धार्मिक तथा सांस्कृतिक चिन्तनलाई प्रतीकात्मक अर्थमा अभिव्यक्त गर्ने तात्कालीन सभ्यतालाई सम्झना गर्ने गराउने कलात्मक वस्तुहरूको वैज्ञानिक तरिकाले संरक्षण, सम्वर्द्धन र प्रदर्शन गर्ने स्थललाई सङ्ग्रहालय भनिन्छ । सङ्ग्रहालय एउटा खुला अनौपचारिक शिक्षाको केन्द्र भएकोले यसले जहिले पनि दर्शकसँग मौन अर्न्तसंवाद

गरिरहेको हुन्छ । वदलिँदो परिवेशमा सङ्ग्रहालयको पारम्पारिक परिभाषा र यसले ओगट्ने आयाममा धेरै मात्रामा परिवर्तन भएको छ । सङ्ग्रहालय अव केवल एउटा भण्डारकक्ष वा सामान्य प्रदर्शनी स्थल मात्र नभएर प्राज्ञिक अध्ययन र अनुसन्धानको विषयसमेत बनेको छ ।

सङ्ग्रहालय सञ्चालन र व्यवस्थापन विशुद्ध प्राविधिक कार्य हो । सङ्ग्रहालय किन, कहाँ र कसका लागि भन्ने प्रश्नहरूको आधारमा सङ्ग्रहालयको उद्देश्य र प्रकृतिलाई स्पष्ट पार्न सकिन्छ । वास्तवमा सङ्ग्रहालय सञ्चालन र व्यवस्थापनको लागि एउटा प्रष्ट गुरुयोजना र यससँग सम्बन्धित निर्देशक सिद्धान्तहरूको आवश्यकता पर्छ । यस्ता सिद्धान्तहरूमा समग्र सङ्ग्रहालय सञ्चालनका विषयहरूलाई समावेश गरेको हुन्छ । यस निर्देशक सिद्धान्तको आधारमा सङ्ग्रहालयको सञ्चालन तथा व्यवस्थापन गरिन्छ ।

## निरन्तर अस्थायी प्रदर्शन

अस्थायी प्रदर्शन सङ्ग्रहालयमा सम्भाव्य तथा वास्तविक यात्रु वृद्धिको महत्वपूर्ण पक्ष हो । विविध पर्व, चाड, जात्रा तथा विशेष अवसरमा निश्चित विषय (Theme) बनाई निश्चित ग्यालरीमा सङ्ग्रहालय विधिअनुसार आकर्षक र वैज्ञानिक तरिकाले प्रदर्शनी गराई सङ्ग्रहालय शिक्षालाई प्रभावकारी ढंगबाट प्रस्तुत गर्नु पर्दछ । सङ्ग्रहालय सिद्धान्तअनुसार ६०% सामाग्रीहरु भण्डार कक्षमा रहेका हुन्छन् । त्यसकारण हिजो र आजको समाजलाई जोड्न एउटा मात्र सङ्ग्रहालयको कार्य प्रदर्शनी भएको हुनाले निरन्तर रूपमा अस्थायी प्रदर्शन गरी सङ्ग्रहालय शिक्षालाई व्यापक गराउनु पर्दछ । स्थायी प्रदर्शनीले यात्रुको संस्थामा निरन्तरता नल्याउने कारण अस्थायी प्रदर्शनी गर्नु पर्दछ (पुरी, १९५८) । अध्ययन, अनुसन्धान, प्रकाशन गरी निश्चित उद्देश्य प्राप्तिका निम्ति उत्तम विषयवस्तुमा आधारित अस्थायी सङ्ग्रहालयले आकर्षण गर्न सक्दछ । प्रदर्शन गर्दा कक्षा कोठाको रङ्ग प्रकाश तथा संरचनालाई ध्यान पुऱ्याउनु पर्दछ । त्यसै गरी सोकेसभित्र प्रकाशको तालमेल, रङ्गका संयोजन, पृष्ठभूमि, सरल भाषामा लेवल वा क्याप्सन् आकर्षण र सुन्दरतालाई ध्यान पुऱ्याउनु अपरिहार्य हुन्छ । सङ्ग्रहालय व्यवस्थापकले, अस्थायी प्रदर्शनीको आयोजना गर्नाले समग्र सङ्ग्रहालयको प्रवर्धन र विकास हुन जान्छ ।

## जनसमुदायमा सङ्ग्रहालय

सम्पदालाई प्रदर्शनी गरी समाज, समुदाय तथा ज्ञानलाई विश्वव्यापी गराउनु आजको सङ्ग्रहालय विज्ञानको आवश्यकता हो । यद्यपि समाजका कतिपय समुदायहरु सङ्ग्रहालयको पहुँचबाट टाढा रहेका छन् । शारीरिक, आर्थिक, भौगोलिक, यातायात आदि विविध कारणले सङ्ग्रहालयमा पहुँच हुन नसक्नाले ज्ञानलाई सर्वव्यापी बनाउन सकिएको छैन । फलतः यस किसिमका लक्षित समूहलाई पहिचान गरी सङ्ग्रहालयको पहुँच विस्तार गर्नु पर्दछ ।

## अपाङ्गतामैत्री सङ्ग्रहालय

शारीरिक तथा मानसिक दृष्टिकोणबाट कमजोर प्रकृतिका व्यक्तिहरूका पहुँचमा सङ्ग्रहालय सेवा पुऱ्याउनु पर्दछ । विभिन्न प्रकारका शारीरीक असक्षम समूहका लागि सङ्ग्रहालयले अवलोकनको वातावरण तयार गरी ज्ञान, सीप तथा प्रविधिलाई फराकिलो वनाउनु पर्दछ । फलतः सङ्ग्रहालयले भौतिकपूर्वाधार सेवा सुविधामा अपाङ्गतामैत्री विकास तथा संरचनामा ध्यान पुऱ्याउनु पर्दछ । त्यसै गरी सङ्ग्रहालयले विशेष प्रकारका कक्षाकोठामा उपयुक्त प्रविधि सेवा सुविधाको व्यवस्था गर्नुपर्दछ । कान नसुन्ने, आँखा देख्न नसक्ने तथा पैदल हिंड्न असक्षम व्यक्तिलाई व्रेललिपि, छोएर अनुभूति हुने, ह्वील चियर, ऱ्याम्प, लिफ्ट आदि सुविधा पुऱ्याउनु पर्दछ ।

**सङ्ग्रहालयमा पर्यटन विकासका लागि आवश्यक पर्ने केही अवधारणाहरू**

सङ्ग्रहालयमा पर्यटन विकासका लागि यससँग सम्बन्धित गुरुयोजना, कार्यविधि र निर्देशिका हुनुपर्छ । यस्ता निर्देशिकाहरूले वस्तु कसरी सङ्कलन गर्ने, अभिलेखन र प्रदर्शन गर्ने लगायतका विषयहरूमा निर्देशन गरेका हुन्छन् ।

पर्यटन र सङ्ग्रहालय सञ्चालनका लागि दक्ष जनशक्तिको आवश्यकता पर्दछ । पर्यटन सङ्ग्रहालय सेवामा आधारित हुन्छ । यसैगरी सङ्ग्रहालयमा कर्मचारीको पर्याप्त व्यवस्था हुनुपर्छ । कम्तीमा पनि हरेक ग्यालरीहरूमा ग्यालरी इन्चार्जको व्यवस्था हुनुपर्छ ।

सङ्ग्रहालयमा भ्रमण गर्न आउनेहरूलाई अध्ययन र अनुसन्धानको लागि आवश्यक पर्ने पुस्तकालयको व्यवस्था गर्नुपर्दछ ।

सङ्ग्रहालयको स्थापना, विकास र विस्तार, शैक्षिक गतिविधिको लागि विज्ञहरूसँगको समन्वयमा प्राविधिक समिति गठन गरी सङ्ग्रहालय सञ्चालन तथा व्यवस्थापन कार्यलाई अगाडि बढाउनु पर्छ ।

सङ्ग्रहालय अस्थायी रूपमा टोल, शैक्षिक संस्था, पालिका, सैनिक ब्यारेक, प्रहरी, तालिम केन्द्र, असहाय र जेष्ठ नागरिक संरक्षण केन्द्र, चोक र डबलीमा प्रविधि वा सामान्य ढङ्गले प्रदर्शन गरेर आफ्ना सम्पदा प्रतिको अपनत्व र चेतना जगाउन सकिन्छ ।

प्रत्येक महिना निश्चित समयमा सङ्ग्रहालयका विविध विषयमा प्रवचन र छलफल चलाउने र निरन्तरता दिन सकिन्छ ।

सङ्ग्रहालयको कार्यक्रममा स्थानीय समुदायलाई सधैं जोड्ने र उनीहरूलाई अगाडि बढाउने गर्नुपर्दछ ।

सङ्ग्रहालय सम्वन्धी पुस्तक र जर्नल प्रकाशन गर्दै आएको छ भने त्यसलाई स्तरीय बनाउने तथा त्यसलाई निरन्तरता दिन सकिन्छ ।

राष्ट्रको सामाजिक सांस्कृतिक रूपान्तरण गर्न सङ्ग्रहालयले लघु र बृहद् योजना लागु गर्नुपर्दछ ।

विदेशी र स्वदेशी आगन्तुकलाई लक्षित गरेर ध्यान र योग कक्ष स्थापना गरेर निश्चित दिनहरूमा चलाउन सकिन्छ ।

सङ्ग्रहालयहरूले रैथाने परम्परालाई प्रवर्द्धन गराउन निरन्तर लागिरहनु पर्दछ ।

अन्तरविद्यालय निबन्ध, कलाकारिता, व्यक्तित्व कला प्रतियोगिताको आयोजना गर्न सकिन्छ ।

समुदायमा रहेका अमूर्त सांस्कृतिक सम्पदाको कार्यक्रम सङ्ग्रहालयसँग मिलेर सञ्चालन गर्न सकिन्छ ।

स्थानीय क्षेत्र वरपरका कलाकारहरूको पहिचान गरेर सङ्ग्रहालयमा उनीहरूलाई आजीवन सदस्य बनाई उनीहरूलाई कलासम्बन्धी अध्ययन अनुसन्धान तथा प्रदर्शनीमा संलग्न गराउनु पर्दछ ।

स्थानीय क्षेत्र, वरपरका विद्यालय तथा शिक्षकहरूलाई वार्षिक न्यून शुल्कमा ग्राहक बनाई सङ्ग्रहालय आगमन प्रक्रियालाई वृद्धि गर्न सकिन्छ ।

सङ्ग्रहालयमा आगन्तुकहरूका लागि पुस्तकालय अध्ययन निःशुल्क गराई अधिकतम समय व्यतीत गराउन सकिन्छ ।

## सारांश

सङ्ग्रहालयको उद्धेश्य महत्वपूर्ण दायित्वहरु सङ्कलन, अभिलेखीकरण, संरक्षण, प्रदर्शन तथा शिक्षा प्रदान गर्नु हो । त्यसै गरी आजको समयमा सङ्ग्रहालयले आफ्नो दायित्वलाई बढाएर पर्यटन प्रवर्धन गर्नका लागि आगन्तुकहरूको सन्तुष्टिलाई पनि एउटा महत्वपूर्ण क्षेत्रका रूपमा अघि  बढाउनुपर्दछ । सङ्ग्रहालय आफैमा दिगो विकासका बाटाहरु अवलम्बन गर्न आर्थिक स्वतन्त्रता र सवलताका लागि पर्यटन र सङ्ग्रहालय सँगसँगै अगाडि बढ्नु पर्दछ । पर्यटन विकासमा आएका बहुआयामिक पक्षहरु र सेवामा विस्तार, आगन्तुकहरूको सन्तुष्टि, व्यवस्थापन तथा प्रशासकीय आयामलाई ध्यान पुऱ्याउनु पर्दछ । सङ्ग्रहालयलाई पूर्ण व्यापारिक दृष्टिकोण भन्दापनि यात्रु सन्तुष्टि र दिगोपना (Consumer Satisfaction and Sustainability) को मार्ग पहिल्याई अघि बढाउनुपर्दछ । आजको विज्ञान तथा प्रविधिको युगमा आएका नयाँ प्राविधिक पक्ष इमेल, इन्टरनेट, फेसबुक, भर्च्युअल रियालिटीजस्ता पक्षलाई अवलम्बन गर्दै जनशक्ति छनौट र विकास तालिममा बढी ध्यान दिन सकिन्छ ।

## सन्दर्भ सामग्री

अग्रवाल, ओ.पि.(१९९९), *भारतीय सङ्ग्रहालय और कलावस्तुओका परीक्षण (अनु),* नयाँ दिल्ली :: नेशनल वुक ट्रेष्ट ।

गणेशन, आर, (२००२), *भारतीय सङ्ग्रहालय एवं जनसम्पर्क,* वाराणासीः विश्वविद्यालय प्रकाशन ।

शुक्ल, गिरीशचन्द्र र पाण्डेय, विमलेश कुमार (२००२), *भारतीय सङ्ग्रहालय विज्ञान,* दिल्ली : मोतीलाल वनारसीदास ।

तिवारी, उषा रानी र पाण्डेय, आरती (२०११), नवसङ्ग्रहालय विज्ञान, वाराणसी : कला प्रकाशन ।

पुरी, बैजनाथ (१९५८), *पुरातत्व विज्ञान,* लखनऊ : प्रकाशन केन्द्र ।

द्विवेदी, पशुपति कुमार (२०३२), *भारतीय सङ्ग्रहालय र मिज,* काठमाडौं : राष्ट्रिय सङ्ग्रहालय छाउनी ।

# समुदायमा आधारित जातीय सङ्ग्रहालय: उदाय सङ्ग्रहालय



**कर्ण बहादुर महर्जन**
सङ्ग्रहालयविद्

*नेपालमा जातीय सङ्ग्रहालयहरूको इतिहास तुलनात्मक रूपमा छोटो छ । राष्ट्रिय सङ्ग्रहालयले वि. सं. २०३० साल तिर, हिन्दु वर्ण व्यवस्था अन्तर्गतका चार जात ब्राह्मण, क्षेत्री, वैश्य, सुद्रसहित बाह्र जनजातिको सामाजिक तथा सांस्कृतिक जीवन झल्किने जातीय परिवेश सहितको पूर्णकद्का ढाँचा (diorama) सहित उपप्रदर्शन कक्षहरू निर्माण गरी जातीय सङ्ग्रहालयको आरम्भ गरेको थियो ।*

## परिचय

नेपाल १ सय २५ भन्दा बढी जातीय समूहहरूको साझा घर हो, जुन भौगोलिक, धार्मिक, सांस्कृतिक, भाषिक, रूपमा उल्लेखनीय विविधता रहेको छ । इतिहासको लामो कालखण्डमा विभिन्न दिशाबाट आएका विभिन्न जातीय तथा रक्त समूहका मानिसहरू यहाँको रैथाने भाषा संस्कृतिमा घुलमिल भई नेवार समुदायमा समाहित हुँदै वर्तमान नेवार जातीय संरचना निर्माण भएको मानिन्छ । त्यसैले नेवार एउटा जात नभई विभिन्न जातीय समूहहरूको समष्टि हो । स्वयम्भू लाल श्रेष्ठको शब्दमा-नेवार जाति एउटा राष्ट्र हो (quoted in Gellner, १९८६,पृ. १०३) । उपत्यकाका तीन प्रमुख शहरहरू - काठमाण्डौ, ललितपुर र भक्तपुर लगायत पचास भन्दा बढी परम्परागत नेवार बस्तीहरू सुरक्षा, सुविधा र सौन्दर्य लगायत धार्मिक, सांस्कृतिक र सामाजिक परिवेशलाई समेत मध्यनजर गरी योजनावद्ध तरिकाले सावधानीपूर्वक निर्माण गरेको मानिन्छ । परम्परागत नेवार बस्तीहरूमा रहेका धार्मिक तथा लौकिक वास्तु संरचनाहरू यहाँ प्रचलित धार्मिक आस्था बिशेष गरी हिन्दु र बौद्ध परम्परा प्रतिविम्वित भएको पाइन्छ ।

झण्डै २० देखि २२ किलोमिटरको परिधिभित्र युनेस्को विश्व सम्पदा सूचीमा सातवटा सांस्कृतिक सम्पदा क्षेत्र सूचीकृत हुनु र थप तीन वटा परम्परागत नेवार बस्तीहरू - साँखु, खोकना र कीर्तिपुरलाई युनेस्को विश्व सम्पदाको अस्थायी सूचीमा समाबेश हुनुले यहाँको वैभवता पुष्टि गर्दछ । यसलाई नेवार सभ्यता र समृद्धिको पटचित्र मान्न सकिन्छ । त्यसको अतिरिक्त प्राचीनकालदेखि पुस्तान्तरण हुँदै आएका जीवित सांस्कृतिक परम्पराले यहाँका धार्मिक तथा सांस्कृतिक संरचनाहरूलाई जीवन्त बनाइराखेको छ। यहाँ मौजुद ठूला तथा साना मन्दिरहरू, बहाः बहीहरू, विभिन्न आकार र शैलीका चैत्यहरू, सडक चौबाटाहरूमा अवस्थित खुल्ला मन्दिरहरू, ढुङ्गेधाराहरू, पोखरीहरू, धार्मिक एवं सांस्कृतिक कार्य-विशिष्ट सडक सञ्जाल लगायत बर्षभरी यहाँ मनाइने धार्मिक पर्व एवं सांस्कृतिक गतिविधिले यी सम्पदाहरू क्षेत्रमा प्रवेश गर्दा पवित्र तीर्थस्थलको अनुभूति गराउन सक्नु यस क्षेत्रको अद्धितीय विशेषता हो । यति सानो क्षेत्रमा घना कलाकृति र वास्तु संरचनाहरूको मौजुद हुनुले यस क्षेत्रलाई खुला जीवन्त सङ्ग्रहालयको पर्यायवाची बनाएको छ । यी गतिविधिहरूले यस क्षेत्रलाई जीवन्त सङ्ग्रहालय बनाउनुको साथै वास्तविक स्थानीय अनुभूति (Sense of place) प्रदान गर्दछ (Kawan, २०२३, पृ.९१६)। नेपालका लागि युनेस्कोका तत्कालीन प्रतिनिधि क्रिश्चियन म्यानहार्टको शब्दमा भन्नु पर्दा- 'काठमाण्डौ उपत्यकाका शहरी केन्द्रहरू मानवताको जीवित सम्पदाको असाधारण उदाहरण हुन्' (UNESCO, २०१३) ।

## इतिहासभित्रको इतिहास

नेपालमा सङ्ग्रहालयको इतिहास सन् १८२४ मा प्रधानमन्त्री जनरल भीमसेन थापाद्वारा छाउनीमा निर्मित सैन्य हतियार भण्डारणको स्थापनाबाट प्रारम्भ भएको थियो । पछि सन् १९२६ मा प्रधानमन्त्री चन्द्र शमशेरले मुख्यभवनको दायाँ-बायाँ (उत्तर र दक्षिण) मा दुईवटा भवनहरू निर्माण गरेर सिलखाना सङ्ग्रहालयको रूपमा नामकरण गरे जुन राणा परिवार, दरबारीयाहरू, शाही पाहुनाहरू र कुलीन वर्गको मात्र पहुँच थियो । त्यसपछि सन् १९३८ मा प्रधानमन्त्री जुद्ध शमशेरले सिलखानालाई नेपाल सङ्ग्रहालयमा रूपान्तरण गरे र १२ फेब्रुअरी १९३९ मा जनसाधारणको लागि समेत खुला गरे ।  यसरी नेपालमा सार्वजनिक सङ्ग्रहालयको सुरूवात भयो । तर यहाँका बहाः बही, मठ मन्दिरलगायत गुथीघरहरूमा विभिन्न देवी देवता, धार्मिक अनुष्ठानमा प्रयोग गरिने वस्तु, धार्मिक चित्रकला, पौभाः, बिलंपौः जस्ता कलाकृतिहरू लगायत विभिन्न धार्मिक ग्रन्थहरू सङ्कलित छन् जुन श्रद्धाका साथ संरक्षण, सम्बर्द्धन गर्ने कार्य नियमित रूपमा सदियौंदेखि हुँदै आएको छ । विभिन्न उत्सवहरू बिशेष गरेर गुँला महिनामा पञ्चदान अवसरमा बौद्ध, देवीदेवताहरू मूर्ति, धार्मिक अनुष्ठानमा प्रयोग हुने वस्तुहरू, बिलंपौः (पतचित्र), पौभाः, बौद्ध ग्रन्थहरू प्रदर्शनको साथै कतिपय ग्रन्थहरू गुँला महिनाभरि वाचन गर्ने गराउने परम्परा रहिआएको छ । यी कार्यले पनि सङ्ग्रहालयकै काम गरेका छन् तर इतिहासमा भएका यी कामलाई सङ्ग्रहालयसँग जोडेर अध्ययन गर्ने काम नभएकाले सङ्ग्रहालयको पुरानो इतिहास खोतल्न नसकिएको देखिन्छ ।

## नेपालमा जातीय सङ्ग्रहालय

पश्चिमी जगत्मा जातीय सङ्ग्रहालयको सुरूवात १६/१७ औं शताब्दीमा भएको थियो । निजी सङ्ग्रहमा रहेका असाधारण वस्तुहरू प्रदर्शन गरी दर्शकहरूलाई आश्चर्य र जिज्ञासा उत्पन्न गराइन्थ्यो । त्यस्ता सङ्कलन विभिन्न मुलुकमा शैक्षिक प्रदर्शनको रूपमा सञ्चालित थिए । यस्ता प्रदर्शनहरू थप अर्थपूर्ण बनाउन अमूर्त पक्षहरू समेत समावेश गरिए (Fromm, 2016, P.89) । सन् १९०० को दशकको प्रारम्भमा जातीय सङ्ग्रहालय स्थापना गर्ने काम औपनिवेशिक प्रशासनले गऱ्यो भने उपनिवेश र विश्वलाई प्रदर्शन गर्न वस्तुहरू खोजी र सङ्कलन गर्न थाले । यसरी सङ्कलन गरिएका वस्तुहरू अनौठो प्रकारका थिए जस्तै मुकुन्दो, मूर्ति र गहनाहरू, जुन प्रायः यात्रीहरू, मिसनरीहरू, औपनिवेशिक प्रशासकहरू, र सैन्य कर्मचारीहरूद्वारा सङ्कलित तथा उपहार स्वरूप प्राप्त भएका थिए भने ती मध्ये धेरैजसो चोरी वा जफत गरिएको वस्तुहरू थिए । सङ्कलनको उद्देश्य अफ्रिकी देशहरूको “विदेशीता” र “लोकवार्ता” आफ्ना देशका जनतालाई प्रदर्शन गरेर अफ्रिकामा औपनिवेशिक देशहरूको उपस्थिति औचित्य सावित गर्नु थियो (Konare, 2016, P.146) ।

Gerald Toffins (२०१५) का भनाइ अनुसार आधुनिकीकरण र विश्वव्यापीकरणका कारणले अल्पसंख्यक जातहरूको जातीय पहिचान तथा अस्तित्व खतरामा पुगेको महसुस गरी जातीय पहिचानलाई संरक्षण र संबर्द्धनको लागि जातीय सङ्ग्रहालय स्थापना हुन थाल्यो । यी सङ्ग्रहालयहरूले परम्परागत जीवनशैलीसँग जोडिएका भौतिक र प्रतीकात्मक वस्तुहरू प्रदर्शन गर्ने योजना बनाए । जातीय सङ्ग्रहालयको महत्वलाई जोड दिंदै, टोफिन अगाडि भन्नु हुन्छ,- “यी सङ्ग्रहालयहरूले जातीय समूहलाई भिजिविलिटी प्रदान गर्नुको साथै लोप भैसकेको वा लोपोन्मुख संस्कृति खोजी गर्न अभिप्रेरित गरेको छ । सोही अनुरूप सन् १९९० को दशक अर्थात वि.सं. २०४६ साल देखि देशभरि आफ्नो पहिचान स्थापित गर्न र बहुसांस्कृतिक राजनीतिक सन्दर्भमा आफ्नो सांस्कृतिक सम्पदालाई पुनर्जीवित गर्ने माध्यमको रूपमा जातीय सङ्ग्रहालयहरू स्थापना भएको देखिन्छ ।”(Toffin, 2015, P.183) ।

नेपालमा जातीय सङ्ग्रहालयहरूको इतिहास तुलनात्मक रूपमा छोटो छ । राष्ट्रिय सङ्ग्रहालयले वि. सं. २०३० साल तिर, हिन्दु वर्ण व्यवस्था अन्तर्गतका चार जात ब्राह्मण, क्षेत्री, वैश्य, सुद्रसहित बाह्र जनजातिको सामाजिक तथा सांस्कृतिक जीवन झल्किने जातीय परिवेश सहितको पूर्णकद्का ढाँचा (diorama) सहित उपप्रदर्शन कक्षहरू निर्माण गरी जातीय सङ्ग्रहालयको आरम्भ गरेको थियो ।

वि.सं.२०४६ सालको राजनीतिक परिवर्तनले नेपालका जनजातिहरूलाई जातीय संस्कार, धार्मिक विश्वास, सांस्कृतिक परम्परा, भाषा, लिपि, ग्रन्थ, गीत, संगीत तथा परम्परागत पेशा आदि जातीय पहिचानको अभिन्न अंग भएको महसूस गरायो र जागरण पनि ल्यायो । सोहिअनुरूप आफ्नो जातीय पहिचानको लागि आफ्नो जातीय सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धन गर्न जुर्मुरायो र फलःस्वरूप देशका विभिन्न स्थानमा जातीय सङ्ग्रहालय स्थापना गर्ने लहर चल्यो ।

वि.सं.२०५१ सालमा नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालय (नेराजसं) स्थापना गरी नेपालका विभिन्न जातीय समूहहरूको संस्कृति, रीतिरिवाज र आदिवासी विश्वासहरूको संरक्षण थालनी भयो । यो सङ्ग्रहालय भृकुटी मण्डपमा रहेको नेपाल पर्यटन बोर्ड परिसरको पहिलो तल्लामा दुईवटा प्रदर्शन कक्षहरूमा स्थापना गरिएको छ । पहिलो प्रदर्शन कक्षमा विभिन्न जातिका व्यावसायिक उपकरणहरू, भेषभूषा, गहना, वाद्यवादनका उपकरणहरू आदिलाई बिषयगत रूपमा ब्यवस्थित तरिकाले प्रदर्शन गरिएको छ भने दोस्रो प्रदर्शन कक्षमा २० वटा स-साना उपप्रदर्शन कक्षहरूलाई सम्बन्धित जातिको सामाजिक तथा सांस्कृतिक परिबेश तथा पूर्णकद्का डायोरामाहरूको माध्यमबाट विभिन्न जातीय समूहहरूको अमूर्त सांस्कृतिक सम्पदाका केही झलकहरू प्रदर्शन गरिएको छ ।

नेराजसंले कीर्तिपुर नगरपालिकाको चम्पादेवीमा राष्ट्रियस्तरको जीवन्त जातीय सङ्ग्रहालय स्थापना गर्ने महत्वाकाक्षी योजना तय गरेको छ । यसको मुख्य उद्देश्य नेपालका विभिन्न जातीय समूहहरूको जीवनशैली, सामाजिक-सांस्कृतिक, आर्थिक जीवनसँग जोडिएका रैथाने प्रविधि जीवन्त रूपमा प्रदर्शन गर्नु हो ।

तीन दशक यता नेपालमा स्थानीय समुदायहरूमा आ-आफ्ना सांस्कृतिक सम्पदा र सामाजिक-सांस्कृतिक जीवनलाई प्रतिबिम्बित गर्ने जातीय वस्तुहरूको सङ्कलन, दस्तावेजीकरण, संरक्षण र प्रदर्शन गर्न देशभरि जातीय संग्रहसहित सामुदायिक सङ्ग्रहालयहरू स्थापना गर्ने प्रवृत्ति बढ्दो छ । यी सङ्ग्रहालयहरूले समुदायहरूलाई विगतको विरासतलाई स्मृतिमा ल्याई रोमान्चित बनाएकाछन् ।

काठमाण्डौ उपत्यका र तत्ववर्ति क्षेत्रहरूमा समुदायद्वारा स्थापित तथा सञ्चालित केही सामुदायिक जातीय सङ्ग्रहालयहरू ज्यापू सङ्ग्रहालय, पाटन, बुङ्गमती सङ्ग्रहालय, बुङ्गमती, कीर्तिपुर सांस्कृतिक सङ्ग्रहालय, कीर्तिपुर, खोकना सङ्ग्रहालय, खोकना, आखाछें सांस्कृतिक सङ्ग्रहालय, ठिमी, पनौती सङ्ग्रहालय, पनौती, उदय सङ्ग्रहालय, काठमाण्डौं आदि छन् । यद्यपि, वि.सं. २०७२ सालको भूकम्पका कारण कीर्तिपुर र खोकनाको सङ्ग्रहालय हाल चालु अवस्था छैन् । अधिकांश यी सङ्ग्रहालयहरू स्रोतको अभाव र सङ्ग्रहालय अभ्यासहरूको आधारभूत ज्ञानको सीमितता वा अभावको बाबजुद पनि समुदायद्वारा ब्यवस्थित रूपमा सञ्चालन भैरहेको छ ।

समुदायद्वारा सञ्चालित जातीय सङ्ग्रहालयहरूले समुदायको मूर्त र अमूर्त सांस्कृतिक सम्पदा संरक्षण, संम्बर्द्धन गरी जातीय पहिचान र समुदायको सामाजिक-सांस्कृतिक जीवनको बारेमा सङ्ग्रहालयमा प्रदर्शित वस्तुको माध्यममा जनमानसलाई सुसूचित तथा शिक्षित बनाउने भूमिकाबारे समीक्षा गर्नु सान्दर्भिक देखिन्छ । यसै सन्दर्भमा, यस लेखले उदाय समाजद्वारा स्थापित, व्यवस्थित र सञ्चालित उदाय सङ्ग्रहालयमा केन्द्रित भएर समुदायद्वारा सञ्चालित जातीय सङ्ग्रहालयको सामाजिक-सांस्कृतिक महत्वलाई उजागर गर्ने प्रयास गरिएको छ । यो लेख उदाय सङ्ग्रहालय तयार गर्न आवश्यक सूचना वा तथ्याङ्कका लागि बिशेष गरी उदाय सङ्ग्रहालयको गहन स्थलगत अवलोकन तथा सङ्ग्रहालय सम्बद्ध ब्यक्तित्वहरूसँग अनौपचारिक अन्तर्वार्ता तथा छलफलद्वारा सङ्कलन गरिएको छ भने, माध्यमिक तथ्याङ्कका विभिन्न पुस्तकहरू, लेखरचनाहरू लगायत सङ्ग्रहालयद्वारा प्रकाशित प्रचार सामग्रीहरूबाट सङ्कलन गरिएको छ ।

## जातीय सङ्ग्रहालय र सामुदायिक सङ्ग्रहालय

वर्तमान सन्दर्भमा जातीय सङ्ग्रहालयको बहुआयामिक भूमिका हुन्छ - भण्डार, प्रदर्शनी, शिक्षा, अनुसन्धान, संरक्षण, संवर्द्धन र विभिन्न माध्यमबाट भौतिक संस्कृति साथै अमूर्त सांस्कृतिक सम्पदा प्रदर्शन गर्ने । जातीय सङ्ग्रहालय जातीय र मानवशास्त्रसँग सम्बन्धित कलाकृतिहरू र वस्तुहरूको अध्ययन, सङ्कलन, संरक्षण र प्रदर्शनमा केन्द्रित छ (Tripathy & Mohanta, 2020, P.9) । जातीय सङ्ग्रहालयको शिक्षा र अनुसन्धान पक्षलाई प्रकाश पार्दै McLean ले जातीय सङ्ग्रहालयलाई शिक्षा, अनुसन्धान, अन्तरसांस्कृतिक आदानप्रदान र सञ्चारको केन्द्रको रूपमा परिभाषित गरेका छन् । त्यहाँ समुदायका सदस्यहरू, अनुसन्धानकर्ताहरू, बासिन्दाहरू, विद्यार्थीहरू, स्वयंसेवकहरू र पर्यटकहरूलाई भेट्न, अन्यसँग अन्तर्क्रिया गर्न र सिक्ने सुविधाहरू प्रदान गरिन्छ (Quoted in Gebreyesus and Daniel, 2010, P.1)।

वर्तमान सन्दर्भमा जातीय सङ्ग्रहालय एक व्यापक चर्चाको बिषय बनेको छ त्यसो त राष्ट्रिय पहिचान सुदृढीकरणमा यसको भूमिका महत्वपूर्ण रहेको महसुस गरिएको छ । यस सन्दर्भमा Mahapatra (सन् २०१७) लेख्नुहुन्छ,- मानवशास्त्रीय/जातीय सङ्ग्रहालयहरूलाई राष्ट्रको सांस्कृतिक छवि प्रस्तुत गर्ने एक उत्तम माध्यमको रूपमा मानिन्छ । त्यसैगरी Konmare (१९८३) ले एक्काइसौं शताव्दीको जातीय सङ्ग्रहालयले स्थानीय समुदायलाई केन्द्रविन्दुमा राखेर सङ्ग्रहालयमा के कस्ता वस्तुहरू राख्ने र ती मध्ये कुनकुन वस्तु सबैभन्दा महत्वपूर्ण छ त्यसलाई कसरी प्रदर्शन गर्ने भन्ने कुरामा समुदायको सहमति हुनु पर्दछ भन्ने उल्लेख गरेका छन् ।

बिसौं शताब्दीमा आएर सामुदायिक सङ्ग्रहालयहरूको लोकप्रियता बढ्दो क्रममा रह्यो । जुन १९ औं शताब्दीको अन्त्य र २० औं शताब्दीको सुरूवातदेखि विश्वका विभिन्न भागहरूमा विभिन्न स्वरूपमा जातीय समुदायको आवश्यकता अनुरूप विभिन्न ढाँचामा विकसित भएको पाइन्छ । सामुदायिक सङ्ग्रहालय र जातीय सङ्ग्रहालय दुवै प्रकारको सङ्ग्रहालय वीच धेरै समानता छन् । यी दुवै प्रकारका सङ्ग्रहालयहरू निश्चित समुदाय वा जातिको संस्कृतिमा केन्द्रित हुन्छन्, शैक्षिक कार्यहरू गर्छन्, सांस्कृतिक तथा जातीय वस्तुहरू सङ्कलन गर्छन् र समुदायका सदस्यहरूलाई तिनीहरूको सञ्चालनमा संलग्न गर्छन् ।

मेक्सिकोको सामुदायिक सङ्ग्रहालयको लागि राष्ट्रिय कार्यक्रमले सामुदायिक सङ्ग्रहालयलाई 'समुदायद्वारा समुदायको लागि समुदायमा नै सिर्जना गरिएको, समुदायद्वारा सञ्चालित र व्यवस्थित सङ्ग्रहालयको रूपमा' परिभाषित गरेको छ । यो एक सामुदायिक स्थान हो जहाँ समुदायका सदस्यहरूले सामूहिक रूपमा स्व-ज्ञान निर्माण, प्रतिबिम्बित, समीक्षा र रचनात्मकतालाई प्रश्रय दिन्छ । यसले समुदायको पहिचानलाई सुदृढ गर्छ किनभने यसले इतिहास र सामुदायिक मूल्य मान्यताहरूलाई वैध बनाउँछ, समुदायको आन्तरिक तथा बाह्य जीवनको मार्गलाई सुरक्षित गर्दछ र भविष्यका लागि उनीहरूको आकाङ्क्षालाई साकार पार्ने स्मृतिलाई मजबुत बनाउँछ (Brown, 2010, P.56) ।

समुदायहरूको आफ्नो पहिचान र अस्तित्वको रक्षा गर्न तत्काल आवश्यकता, समुदायको आत्म-निर्णय र मर्यादा निर्माण गर्न विगतलाई स्मरण गर्ने, स्मृति संरक्षण गर्ने, दृढ निर्णयको विस्मृति र अभिव्यक्तिको प्रतिक्रियामा सामुदायिक सङ्ग्रहालयको परिकल्पना गरिएको थियो (Camarena and Morales, quoted in Weil, et. al., 2024, P.52) ।

संक्षेपमा भन्नुपर्दा 'सामुदायिक सङ्ग्रहालयहरू समुदायद्वारा उनीहरूको सामूहिक पहिचानको संरक्षणको लागि र बाँकी विश्वलाई उनीहरू को हुन् भनेर जानकारी गराउनका लागि स्थापित तथा सञ्चालित मनोरञ्जनात्मक तरिकाले सूचना सम्प्रेषण गर्ने शिक्षामूलक सार्वजनिक संस्था हो भने बुझ्न सकिन्छ ।'

एकाइसौं शताब्दीको सङ्ग्रहालय त्यसको परम्परागत भूमिकामा मात्र सीमित नभई सङ्ग्रहालयको भूमिका अझ फराकिलो बनाएको छ । सङ्ग्रहालय समाजको सेवा तथा विकासमा समर्पित एक गैर-नाफामुखी, स्थायी संस्था, जुन सर्वसाधारण जनताको लागि खुला छ, जसले हाम्रा पूर्खाद्वारा निर्मित तथा प्रयोग गरेका मूर्त र अमूर्त सम्पदाहरू शिक्षा, अध्ययन एवं मनोरञ्जनको लागि सङ्कलन, संरक्षण, सम्बर्द्धन, अनुसन्धान, प्रदर्शन गरी सूचना सम्प्रेषण गर्दछ (ICOM, 2007) । वर्तमान समयमा सङ्ग्रहालयहरूको शैक्षिक भूमिकालाई जोड दिँदै, Amit Sone (२०१२,पृ. ३९) भन्नुहुन्छ,- सङ्ग्रहालय विगत र वर्तमान बीचको सम्बन्ध स्थापित गर्ने जीवन्त संस्थाहरूको रूपमा देखा परेको छ, जागरूकता उत्पन्न गर्नुको साथै ज्ञान र शिक्षा फैलाउँछ, यसैमा बर्तमान सङ्ग्रहालयहरू केन्द्रित रहेको हुन्छ । यसरी सङ्ग्रहालय मनोरञ्जनसँगै ज्ञानको एक महत्वपूर्ण स्रोतको विकसित हुँदै आएको छ ।" सङ्ग्रहालयले भावी पुस्ताहरूलाई आफ्नो पुर्खाको संस्कृति र सभ्यताको विकासको अन्वेषण र बुझ्नको लागि एक अमूल्य स्रोतको रूपमा काम गर्दछ । यसले विज्ञान, इतिहास, समाजशास्त्र, र मानवशास्त्र जस्ता विविध विषयहरूमा विद्यार्थीहरू र शिक्षकहरूलाई समृद्ध वातावरण प्रदान गर्दछ, गहन अनुसन्धान र अध्ययनलाई सहज बनाउँछ । यसका साथै, आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटकहरूका लागि, सङ्ग्रहालयले विभिन्न प्रदर्शनीहरूमा संलग्न हुने, उनीहरूको ज्ञान विस्तार गर्ने र समृद्ध शैक्षिक अनुभवको आनन्द लिने अनौठो अवसर प्रदान गर्दछ (नेराजासं, वि.सं. २०६९) ।

## उदाय समुदाय

उदाय एक नेवार बौद्ध व्यापारी जाति हो, तिनीहरूले ४०० वर्षदेखि काठमाण्डौंको व्यापार र सांस्कृतिक जीवनमा प्रमुख भूमिका खेल्दै आएको छन् (Lewis, 1999, P.38) । उदाय जाति भित्र नौ पेसागत समूहहरू छन् र प्रत्येकका फरक-फरक थरहरू छन् जुन यस प्रकार छनः १) कंसाकार (कसाः), यो समूह बिशेष गरि काँसको भाँडाकुँडा बनाउने शिल्पिको रूपमा चिनिन्छ र यिनीहरूको बसाइ प्रायः जनाबाहा (आर्यवलोकितेश्वरको मन्दिर) को वरिपरि रहेको छ । २) तुलाधर, शब्द तुला र धर अर्थात् तराजु धारकहरू व्यापारीहरूको रूपमा चिनिन्छ । बिशेष गरेर ल्हासालाई व्यापारिक केन्द्रको रूपमा पनि चिनिन्छ ।

सांस्कृतिक रूपमा बिशिष्ट भूमिकाको आधारमा तुलाधरहरू, असन तुलाधर र न्यत तुलाधर गरी दुई विशिष्ट समूहहरूमा बिभक्त छन् । ३) बानियाँहरू बिशेष गरेर जडीबुटीको व्यापार तथा आयुर्वेदिक औषधिमूलक व्यापारी हुन् । उनीहरूलाई शाही चिकित्सकको रूपमा नियुक्त गरिन्थ्यो । समूहले सम्यकदान उत्सवमा दीपंकर बुद्ध र अन्य तीर्थालुहरूलाई साखःती अर्थात सख्खरको सर्वत दान गर्ने गर्दछ । ४) ताम्राकार भनेको तामा वा सुन चाँदीको भाँडाकुडा तथा गहनाहरू बनाउने शिल्पी हुन् ।  तिनीहरूले उदाय समुदायको विवाह समारोहमा महत्वपूर्ण भूमिका खेल्छन् । उदाय समुदायको विवाहको सिलसिलामा ताम्राकारहरूले दुलाहाको तर्फबाट दुलहीको घरमा कल्या, एक प्रकारको नाडीमा लगाउने गहनाहरू पठाउछन् । ५) स्थापितहरू प्राचीनकालदेखि सिकर्मी पेसामा संलग्न हुँदै आएको पाइन्छ । काठको काममा उनीहरूको अद्बितीय सीपले मन्दिर, दरबार र आवासीय घरहरूको निर्माणमा वास्तुकला डिजाइनमा उच्च स्तरको उत्कृष्टता झल्किन्छ जुन राष्ट्रिय गौरवको रूपमा लिन सकिन्छ । ६) शिलाकार, पाषण कलाका शिल्पी हुन् जसलाई लोहंकर्मी पनि भनिन्छ । यो समूहले ढुङ्गाका मूर्ति, चैत्य निर्माण गर्नुको साथै शिलालेख उत्कीर्ण गर्ने काम गर्दछ । ७) सिन्दुराकार समूहले देवताहरूको लागि बस्त्र तथा धार्मिक समारोह वा पूजामा प्रयोग हुने विभिन्न प्रकारका भित्तामा झुण्ड्याउन विशेष प्रकारका कपडा बुन्ने गर्दछन् । ८) शिखराकारले घर वा मन्दिरको झिँगटी छाना बनाउने तथा मर्मत्त गर्ने गर्दछन् ।  ९) सिलालिकारहरूले विभिन्न प्रकारका मिठाइ बनाउने गर्दछन् ।

माथि उल्लेखित उदाय समाजभित्रका विभिन्न पेसागत समूहहरू उदाय समुदायका विभिन्न सामाजिक तथा सांस्कृतिक भूमिकाहरू पनि निभाउँदै आएका छन् जस्तै असनका तुलाधरहरूले विजयादशमीको दिन असं-पायाः निकाल्ने र कुम्हो-प्याखँ नचाउने गरिन्छ भने न्यतटोलका तुलाधरहरूले पाँहाँचह्रेको दिन न्यत अजिमा नृत्यमा (न्यतभुलु-प्याखँ) मा महाद्योको भूमिका निर्वाह गर्नुको साथै नाचको बेला पयेता बाजा बजाउने गर्दछन् । त्यस्तै गरी केलटोल वरिपरि बस्ने कंसाकारहरूले विभिन्न उदाय पर्वहरूमा पयेता बाजा बजाउने गर्दछन् । स्थापितहरूले नयाँघर निर्माण गर्ने क्रममा घरको जगपूजा गर्ने गर्दछन् भने शिलाकारहरूले मन्दिर वा घर निर्माण मन्दिर, पाटी वा घर बनाउँदा खामो ठड्याउने आधार स्तम्भ “इलोहं” राख्ने गर्दछन् । उदाय समुदायमा विवाहको वरियात जानु अगाडि दुलहाको तर्फबाट उपहार स्वरूप कल्या (हातमा लगाउने एक प्रकारको गहना) सहित एक जना ताम्राकारलाई दुलहीको घरमा दूतको रूपमा पठाउने प्रचलन छ । त्यसै गरी शिख्राकारहरूले पालाद्यः (संकटा) पूजा गर्नुको साथै पालाद्यःलाई चमरले हम्काउने गर्दछन् भने सिन्धुकार हरूले नासंद्य (संगीत तथा बाद्यवादनको देवता) को विशेष पूजा तथा अनुष्ठानको लागि पर्दा लगाउने कपडा तयार गर्दछन् । त्यसैगरी सिलालिकहरूले सम्यक-दानको लागि आवश्यक विशेष प्रकारको मिठाइ बनाउने गर्दछन् । यसरी उदाय समुदायभित्रका विभिन्न पेसागत समूहहरूले उदाय संस्कृतिलाई संरक्षण सम्बर्द्धन गर्न आफ्नो पेसागत भूमिका निर्वाह गर्दै आएका छन् ।

## उदाय सङ्ग्रहालय

उदाय सङ्ग्रहालय काठमाण्डौं शहरको मुटुमा रहेको ऐतिहासिक असन बजारमा अवस्थित छ । यसको स्थापना २०७० सालमा भएको थियो । असनका एक उदाय ल्हासा ब्यापारिक परिवारले उदाय समाजको लागि दान दिएको पाँच तल्ले परम्परागत नेवार शैलीको घरको तेश्रो तल्लामा सङ्ग्रहालय रहेको छ । उदाय छें नामाकरण गरिएको यस घरको भुँइतल्ला र पहिलो तल्ला भाडामा लगाइएको छ भने दोश्रो तल्ला उदाय समाजको कार्यालयसँगै जोडिएको सानो क्वथा जुन उदाय व्यापारिक परिवारको पूजा क्वथालाई पुरानै शैलीमा संरक्षण गरी एउटा कुनामा कुम्हःद्यः र कुम्हःद्यःको गरगहना, कुम्हः नाचमा प्रयोग हुने विभिन्न बाद्यसामग्री प्रदर्शनमा राखिएको छ भने त्यसको नजिकै पुरानैशैलीको भित्तामा जोडिएको शोकेसमा बुद्ध, अवलोकितेश्वर, ताराको मूर्तिहरूले सजाइएको छ र तेस्रो तल्लामा सङ्ग्रहालयको मुख्य प्रदर्शन कक्ष रहेको छ । यस घरको चौथो तल्लामा उदाय समाजको बैठक कक्ष (Meeting hall) रहेको छ ।

उदाय समुदायको सक्रियतामा स्थापित यस सङ्ग्रहालयको ब्यवस्थापन र सञ्चालन उदाय समुदायको एक सामाजिक संस्था "उदाय समाज" मातहत हुँदै आएको छ । यस सङ्ग्रहालयको प्रमुख उद्देश्य उदाय समुदायको समृद्ध सांस्कृतिक सम्पदा र परम्परागत रीतिरिवाजहरूको संरक्षण, प्रवर्द्धन र पुनरूत्थान गर्नुको साथै उदाय समुदायको पहिचान तथा सामाजिक-आर्थिक विकासलाई टेवा दिने रहेको छ । समुदायद्वारा स्थापित, व्यवस्थित तथा सञ्चालित जातीय सङ्ग्रहालय भएको कारणले सामुदायिक सङ्ग्रहालयको परिभाषा अनुसार यस सङ्ग्रहालयलाई समुदाय-आधारित वा सामुदायिक जातीय सङ्ग्रहालय भन्न सकिन्छ । यस सङ्ग्रहालयले उदाय संस्कृति विशेष तथा समग्र नेवार संस्कृतिलाई राष्ट्रिय सम्पदाको रूपमा विश्वसामु प्रस्तुत गर्ने, यसको संरक्षण र प्रवर्द्धनको लागि दस्तावेजीकरण गर्ने तथा उदाय संस्कृतिबारे उत्सुक तथा उत्साही जिज्ञासुहरूलाई उदाय संस्कृतिबारे जीवन्त सिकाइ केन्द्रको रूपमा सेवा प्रवाह गर्ने लक्ष्य लिएको छ ।

## उदाय सङ्ग्रहालयका आयामहरू

यस सङ्ग्रहालयमा नेवार समुदाय एवं विशेष गरी उदाय समुदायको जीवनशैली झल्किने miniature diorama लगायत सांस्कृतिक वस्तुहरूको यथेष्ट सङ्कलन छ । अधिकांश वस्तुहरू बिषयगत वर्गीकरण अनुसार प्रस्तुत गरिएका छन् । वस्तुहरू सङ्कलन र प्रदर्शन गर्ने सङ्ग्रहालयको परम्परागत भूमिकाको अतिरिक्त यस सङ्ग्रहालयले आधुनिक सङ्ग्रहालयले अङगिकार गरेका बहुआयामिक गतिविधिहरू पनि सञ्चालन गर्दै आएको छ जस्तै अभौतिक संस्कृतिको दस्तावेजीकरण, संरक्षण, प्रवर्द्धन, नयाँ पिंढीलाई परम्परागत सीप हस्तान्तरणको लागि तालिम



कार्यक्रम, भाषा, लिपि सम्बन्धित तालिम लगायत युवाहरूलाई लघु अनुसन्धानमा पनि सरिक गर्दै आएको छ । सङ्ग्रहालयले निर्धारित लक्ष्य प्राप्तिको लागि त्रि-आयामिक अवधारणा विकास गरेको छ, जुन यस प्रकार छन् : १) सांस्कृतिक प्रदर्शन, २) दस्तावेजीकरण र स्रोत केन्द्र र ३) शैक्षिक गतिविधिहरू समावेश छन् । यी तीन आयामअन्तर्गत हालसम्म भए गरेका क्रियाकलापहरू यस प्रकार छन् :

## १. सांस्कृतिक प्रदर्शनी

यस शीर्षक अन्तर्गत सङ्ग्रहालयमा उदाय समाजभित्रका विभिन्न पेशागत समूहहरूको सामाजिक तथा सांस्कृतिक जीवन, धार्मिक तथा सांस्कृतिक अनुष्ठानहरूमा प्रयोग हुने वस्तुहरूलाई विषयवस्तुको प्रकृति अनुसार शृङ्खलाबद्ध प्रदर्शन गरिएको छ ।

### क) पेसागत समूह

पेशागत समूह अन्तर्गत उदाय समुदायका बानियाँ, कंसाकार (कसा), ताम्राकार, तुलाधरका दुई समूह (न्यत र असन), स्थापित, सिखराकर, सिन्दुकार, सिलाकार, सिलालिक गरी नौ फरक पेसा समूहहरूको शिल्प कौशललाई miniature डायोरामाको माध्यमद्वारा प्रदर्शन गरिएको छ । त्यसैगरी यी विभिन्न पेसा समूहले उत्पादन गर्ने वस्तुको miniature लगायत पेसागत औजारहरू प्रदर्शनमा राखिएका छन् । त्यसैगरी यी समूहहरूको सामाजिक-सांस्कृतिक भूमिकालाई पनि miniature diorama को माध्यमबाट प्रदर्शन गरिएको छ । जस्तै, कंसाकारहरूले पय्ता (एक प्रकारको बाजा) बजाउँदै गरेको, त्यसैगरी न्यतका तुलाधरहरूले न्यतभुलु नाचमा सहभागी हुँदै गरेको र असनका ल्हासा ब्यापारी तुलाधरहरू कारभान सहित तिब्बत यात्राको झलक देखाइएको छ । प्रत्येक पेसागत समूहलाई फरक-फरक खण्डमा विभाजन गरी - माथिल्लो पङ्क्तिमा पेसागत काममा संलग्न रहेको, दोस्रो र तेश्रो पंक्तिमा पेसागत उत्पादनहरू लगायत सांस्कृतिक तथा सामाजिक भूमिका निर्वाह गरिरहेको र चौथो पङ्क्तिमा सम्बन्धित पेसाकर्मिहरूले प्रयोग गर्ने उपकरणहरू प्रदर्शनमा राखिएको छ ।

### ख) घरेलु उपकरणहरू र संस्कारगत वस्तुहरू

यस अन्तर्गत माटो, पीतल, तामा, काँस, फलाम, काठ र बाँसबाट बनेका घरेलु उपकरणहरू र संस्कारागत वस्तुहरू (ritual objects) प्रदर्शनमा राखिएको छ । यस संग्रहमा लोपोन्मुख वस्तुहरूको अतिरिक्त हालसम्म पनि दैनिक जीवन वा विभिन्न धार्मिक तथा सांस्कृतिक पर्व वा उत्सवहरूमा प्रयोग भई आएका वस्तुहरू प्रदर्शनमा राखिएका छन् भने कतिपय वस्तुहरू हाल प्रयोजनमा नभएका वस्तुहरू पनि प्रदर्शनमा राखिएका छन् । यहाँ प्रदर्शित घरायसी प्रयोजनका कतिपय वस्तुहरु वर्तमान पिंढीलाई विगतका हाम्रा पुर्खाको जीवनशैलीबारे जानकारीमूलक छ ।

### ग) जीवनचक्र अनुष्ठान

यस खण्डअन्तर्गत, चार प्रमुख महत्वपूर्ण जीवनचक्र अनुष्ठानहरू miniature diorama मार्फत प्रदर्शित गरिन्छन्, ती हुन् :

१) सिसापालु क्यनेगु (कनेगु) - (सुत्केरीको सूचना दिने) बिवाहित महिलाले पहिलो सन्तान जन्म दिंदा महिलाको माइतीमा सूचना पठाउने गरिन्छ। यसरी सूचना पठाउँदा लमी (बिचौलि महिला) वा अरू कसैलाई विभिन्न सामग्रीहरू जस्तै चाकु १ गोटा, (छोरी हकमा आधा), नुन १ किलो, अदुवा १ टुक्रा, जायफल १ गोटा, घिउ २०० ग्राम, ज्वानो आधा किलो जति पठाउने प्रचलन छ। यस सङ्ग्रहालयमा नवजात शिशु, सुत्केरी आमा र बुबाको miniature diorama सहित माथि उल्लेखित विभिन्न वस्तुहरूको प्रतिरूप प्रदर्शनमा राखिएको छ।

२) मचाबू-ब्यंकेगु (जन्म-शुद्धीकरण) यसलाई जन्म संस्कार पनि भन्ने गरिन्छ। सामान्यतया शिशु जन्मेको चौथो दिन यो संस्कार गरिन्छ। सुत्केरी र नवजात शिशुलाई शुद्धाशुद्धि गरी पहिलो पटक बाहिर घाम ताप्न लगाइन्छ। यस अवसरमा टोल छिमेकलाई आगंबजि बाँड्ने चलन छ। यस संस्कारको लागि आवश्यक पूजा तथा खाद्यसामग्रीहरू महिलाको माइतीबाट ल्याउने गरिन्छ। यो संस्कारलाई सङ्ग्रहालयमा सुत्केरी र नवजात शिशुको miniature diorama सहित बच्चाको अनुहारमा घाम छेक्न मचाकथी (तिनवटा नर्कटबाट बनेको छेकवार) र आगंबजि सेट समेत प्रदर्शन गरिएको छ।

३) मचा-जंको - (अन्नप्रासन) नेवार समाज छोराको हकमा छैठौं वा आठौं महिनामा र छोरीको हकमा पाँचौं वा सातौं महिनामा पहिलो पटक ठोस खाना दिने गर्दछ। यति बेलासम्म बच्चालाई आमाको दूधको अतिरिक्त थप पोषण आवश्यक पर्ने महसुस गरी पहिलो पटक ठोस आहार दिने अवसरको रूपमा लिइन्छ। यस अवसरमा नवजात शिशुलाई पूजा सहित नजिकको गणेश मन्दिरमा लगिन्छ र त्यसपछि परिवारका सबै सदस्यहरूले जेष्ठताको क्रममा नवजात शिशुलाई खीर खुवाइन्छ। यस संस्कारको एउटा रोचक पक्ष के भने, बच्चालाई भात खुवाउने सिलसिलामा बच्चाको अगाडि विभिन्न सामग्रीहरू जस्तै कलम, कापि, माटो, वा अन्य पेशागत लघु उपकरणहरू (Miniature) राखिएको थाली राखेको हुन्छ र बच्चाले जुन बस्तु पहिला छोयो, भविष्यमा त्यो बच्चाले त्यही अनुरूपको पेसा अपनाउँछ भन्ने मान्यता रहेको छ। यो संस्कारलाई प्रदर्शन गर्न बिशेष प्रकारको पहिरनमा बच्चाको मिनियचर डायोरामा (Miniature diorama) अगाडि विभिन्न बस्तुहरू सहितको थाली राखिएको छ।

४) निदँबुदिं (निदँबुन्हि)- दोस्रो जन्मदिन। नेवार समाजका बच्चाको दोस्रो जन्मदिन पारिवारिक उत्सवको रूपमा मनाउने चलन छ। त्यस दिन, बच्चालाई बिशेष प्रकारको लुगा र गहनाको साथै एकजोडी (दुईवटा) योमरीको माला लगाएर स्थानीय गणेश मन्दिर लगायत अन्य मन्दिरहरू परिक्रमा गराइन्छ। यस अवसरमा, टोलछिमेकीका बच्चाहरूलाई धौबाजी, दहीचिउरा लगायत फलफूल बाँड्ने गरिन्छ। यो संस्कारलाई झल्किने गरी सङ्ग्रहालयमा बिशेष पहिरनसहित योमरीको माला लगाएको बच्चाको miniature diorama प्रदर्शनमा राखिएको छ।

धार्मिक तथा सांस्कृतिक अनुष्ठानः यसको अतिरिक्त धार्मिक तथा सांस्कृतिक अनुष्ठानका वस्तुहरू, पूजाथाली, जस्तै जन्मदिन मनाउँन आवश्यक सामानहरू सहितको पुजाथाली, त्यसैगरी म्हपूजा गर्नको लागि चाहिने

सामान र म्हपूजा मन्दः सहित सगुनको थाली, बिशेष पूजा वा अनुष्ठानमा प्रयोग हुने क्वतः सहितको पूजासामग्रीहरू आदि प्रदर्शनमा राखिएको छ ।

### घ) अभौतिक संस्कृति प्रस्तुति

यस शीर्षक अन्तर्गत उदाय म्युजियमले गुँलाबाजं लगायत अन्य सांगितिक कार्यक्रमहरू प्रस्तुत गर्दै आएको छ । जस्तै वि.सं. २०८० साल असोज ६ वते बसन्तपुरमा काठमाडौंका विभिन्न टोलका उदाय समुदायको सहभागीतामा परम्परागत गुँलाबाजं प्रस्तुत गरिएको थियो जसमा न्यत तुलाधर (महिला र पुरूषको छुट्टाछुट्टै), असनका तुलाधर, जनाबहाःका कंसाकार, जनबहाः तधंगुथि महिला समूह र तेबहाःको गुँलाबाजं समूहहरू सहभागी थिए । त्यसैगरी सोही महिनाको १३ गते किलागल, वनेमाः चोकमा सितार वादनमा भगवान ग्वारा प्रस्तुत गरिएको थियो ।

### ङ) पोसाक र गहनाहरू

यस शीर्षक अन्तर्गत पूर्णकद र अर्धकदका डाइरामाहरूको माध्यमबाट शिरदेखि पाउसम्म लगाउने विभिन्न प्रकारका गहनाहरू, हारमाला, औंठीहरू लगायत २० थरि गहनाहरू प्रदर्शनमा राखिएको छ । त्यसैगरी उदाय पुरूष र महिलाको पहिरन पूर्णकदको डाइरामाको माध्यमबाट प्रदर्शन गरिएको छ ।

### च) प्रमुख उदाय व्यक्तित्वहरू

प्रदर्शनकै सिलसिलामा सांस्कृतिक वस्तु तथा संस्कारको प्रदर्शनको अतिरिक्त यस सङ्ग्रहालयमा देश र जनताको लागि उल्लेखनीय योगदान गरेका उदाय समुदायका कर्मठ विशिष्ट व्यक्तित्वहरूको संक्षिप्त चिनारीसहित तस्बिरहरू प्रदर्शनमा राखिएका छन् । प्रदर्शनमा समाबेश ब्यक्तित्वहरू यस प्रकार छन् । १. धर्ममान तुलाधर (ल्हासा व्यापारी तथा परोपकारी), २. योगवीर सिंह कंसाकार (नेपालभाषा अभियन्ता, नेपाल भाषाका चार स्तम्भ मध्ये एक), ३. भाजु रत्न कंसाकार (उद्योगपति), ४. जोगविर स्थापित (आर्किटेक्ट-इन्जिनियर), ५. दस रत्न तुलाधर (भिक्षु धम्मलोक महास्थवीर), ६. कुलमान तुलाधर (संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थवीर), ७. चित्तधर हृदय (कविकेशरी), ८. बेखरत्न ताम्राकार (साहसिक हिमालपार व्यापारी), ९. विद्यावती कंसाकार (अग्रणी नर्स), १०. मोती लक्ष्मी उपासिका (कवि र लेखक), ११. दयावीरसिंह कंसाकार (समाजसेवी), १२. धर्म रत्न यमी (प्रजातन्त्र योद्धा), १३. लक्ष्मी नानी बानियाँ (धर्मचारी गुरूमा) ।

### छ) अस्थायी प्रदर्शनीहरू

यस सङ्ग्रहालयले प्रदर्शन कक्षमा प्रदर्शित वस्तुहरूको अतिरिक्त विभिन्न उत्सव तथा विशेष पर्वहरूमा संस्कार तथा पर्वजन्य वस्तुहरू केही निश्चित समयको लागि अस्थायी प्रदर्शनको आयोजना गर्दै आएको छ ।

क) नेवार बौद्ध समाजले गुँला महिना (श्रावण/भाद्र) बडो महत्वका साथ मनाउने गर्दछ । यो महिनाभरि मनाइने विभिन्न चाड पर्व, धार्मिक एवं सांस्कृतिक अनुष्ठानमा प्रयोग हुने वस्तुहरू प्रदर्शनमा राखिएको थियो । जस्तै, तचतँ गुठीको पूजाथाली, नेकुबाजा बजाउन आवश्यक पुजाथाली, पञ्चदानको लागि चाहिने

पुजाथाली, निसला (नैवेद्य) सामग्री, गुलः (सम्यक वा पञ्चदानमा भगवानलाई चढाउने एक प्रकारको मिठाइ) बनाउन चाहिने सामग्री, गाईजात्रामा गाई बनाएर पठाउन चाहिने सामग्रीहरू, गुँपुन्ही (जनैपूर्णिमा) को दिन क्वाँटि पकाउन चाहिने सामग्रीहरू प्रदर्शन गरिएको थियो ।

ख) यस सङ्ग्रहालयले समय-समयमा विभिन्न सांस्कृतिक उत्सवहरूको तस्वीरहरू प्रदर्शन गर्दै आएको छ। यस अन्तर्गत हालसम्म १) सम्यक दानको अवसरमा मरू पिगँननी टोलका ताम्राकारहरूको तःचतँ गुठीद्वारा मरूसतलमा आयोजना गर्ने सम्यक दानको श्रृंखलाबद्ध तस्विर प्रदर्शन, २) गुँला महिनाको अवसरमा पाँच विभिन्न समूहद्वारा प्रस्तूत गुँलाबाजंको फोटो प्रदर्शन, र ३) गुँला महिनामा द्यो थायगु अर्थात माटोको सानो चैत्य बनाउने प्रक्रिया समेटिएको फोटोहरू प्रदर्शन गरिएको थियो ।

ग) उदाय सङ्ग्रहालय र द म्युजियम अफ चाइल्डहुड, आयरल्याण्डको संयुक्त आयोजनामा सन् २०२१ मा काठमाडौंमा “Project २०२० Together, Le Cheile” शीर्षकको कला प्रदर्शन सम्पन्न भयो । यस प्रदर्शनीले कोभिड १९ को समयमा विश्वव्यापी बालबालिकाको आवाजलाई प्रतिनिधित्व गरेको थियो ।

## ३. शैक्षिक गतिविधिहरू

यस शीर्षक अन्तर्गत सङ्ग्रहालयले नयाँ पिंढीलाई परम्परागत सीप हस्तान्तरण तथा भाषा, कला र सुलेखन प्रशिक्षण कक्षा सञ्चालन गर्ने जमर्को गरेको छ, जुन अन्यथा छिटै लोपोन्मुख अवस्थामा पुगिसकेको महसुस गरिएको छ । शैक्षिक गतिविधिअन्तर्गत सञ्चालन  गरिने प्रशिक्षण कार्यक्रमहरू यस प्रकार छन् :

क) चित्रकला कक्षा - विद्यालय वालवालिका
ख) नेवारी पाक्कला कक्षा - युवा पुस्ता
ग) धार्मिक अनुष्ठानका वस्तु बनाउने कक्षा - इच्छुक जो कोही
घ) बोलचाल नेवारी कक्षा - विशेष गरी विदेशी र गैरआवासीय नेपाली वालवालिकाहरू
ङ) नेवारी सुलेखन (Calligraphy) - युवा पुस्ता र इच्छुक जो कोही ।

## ४. प्रवचन तथा सेबिनार कार्यक्रम

सङ्ग्रहालयले नेवार संस्कृति, बिशेषगरी उदाय समुदायको सामाजिक तथा सांस्कृतिक जीवनबारे प्रवचन र भिडियो प्रदर्शन कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ, जुन यस प्रकार छन् ।

क) २०७७ असोज २४ गते चिरपरिचित सामाजिक उद्यमी श्री अनिल चित्रकारको “A Talk of Impacts: Youth and Traditions” विषयक अनलाईन संगोष्ठी सम्पन्न भयो ।

ख) २०७८ असार ५, १२ र १९ गते लगातार तीन शनिबार युवाहरूलाई लक्षित गरी “तनाव व्यवस्थापन” सम्बन्धी अनलाईन सत्र आयोजना गरिएको थियो जसमा भिक्षुद्वय सुवर्ण (परामर्श मनोवैज्ञानिक) र खेमा गुरुमा (मनोवैज्ञानिक) ले प्रस्तुत गर्नु भएको थियो ।

ग) गुँला बाजंसम्बन्धी सेबिनार, २०७९ साल असोज महिनामा उदाय सङ्ग्रहालय स्वयंसेवक समूहद्वारा गुँलाबाजंको महत्वबारे सेबिनारको अयोजना गरेको थियो जसमा मरु, केल, न्यत, असन र तेबाहालका उदाय गुँलाबाजं समूहका गुरूहरू सहित ८० भन्दा बढी सहभागी थिए । उक्त सेबिनारमा गुँला बाजंको ऐतिहासिकता, वर्तमान अवस्था र भविष्यबारे छलफल भएको थियो ।

घ) त्यसैगरी वि.सं. २०७९ चैत्र ३ र ४ गते दुई दिवसिय "येंयाः" शीर्षकको पदयात्रा प्रदर्शनी नक्साङ्कन र कथावाचन कार्यक्रम सम्पन्न भयो । यस कार्यक्रमलाई एलिना कुमारी ताम्राकार र रोमुश तुलाधरले सहजीकरण गरेका थिए । कार्यक्रम पदयात्रा प्रदर्शनीमा केन्द्रित थियो जुन काठमाण्डौंमा मनाइने सप्ताहव्यापी प्राचीन पर्व येंयाःको क्रममा सञ्चालन हुने विभिन्न सांस्कृतिक कार्यक्रमहरू, प्रदर्शनहरू र मार्गहरू समावेश गरी पदयात्रा नक्सा प्रस्तुत गरिएको थियो ।

## ५. अनुसन्धान र प्रकाशन

उदाय सङ्ग्रहालय नेवार संस्कृति र परम्परा, सामाजिक संस्कार बिषयहरूमा उदाय युवा स्वयम् सेवक समूह खडा गरी अनुसन्धान कार्यमा पनि सरिक हुँदै आएको छ । तदनुरूप दस्तावेजीकरणको सिलसिलामा नेवार संस्कृति, सामाजिक संस्कार सम्वन्धी पुस्तिका लगायत वेवसाइटमा पनि प्रकाशित छन् । सङ्ग्रहालयले हालैमात्र "Forgotten Landmarks of Kathmandu" शीर्षकको अनुसन्धानात्मक पुस्तक प्रकाशित गरेको छ । उक्त पुस्तकमा काठमाण्डौं सहर सांस्कृतिक परिदृश्यको महत्वपूर्ण हिस्साको रूपमा रहेको प्रमुख चार प्राचीन स्थानहरू क्रमशः वंघः (इन्द्रचोक), जनबहा:, असन र न्यत क्षेत्रमा रहेका हिन्दू र बौद्ध देवीदेवताहरू, प्राचीन मन्दिरहरू, लोपोन्मुख चोकहरूसँग जोडिएका रोचक तथा जीवन्त मिथक कथाहरू समावेश भएको छ । उक्त पुस्तक युवा अनुसन्धानकर्ताहरू सम्मिलित "Documentation of Cultural Heritage of Kathmandu through Intergenerational Linkage" परियोजना अन्तर्गत तयार गरिएको थियो ।

### छलफल

सङ्ग्रहालयको प्रवर्द्धनात्मक दस्तावेजमा उदाय सङ्ग्रहालयलाई A Doorway to Newa culture अर्थात नेवार संस्कृतिको 'द्वार' भनी उल्लेख भएअनुसार यसले समग्रमा नेवार संस्कृति र बिशेष रूपमा उदाय संस्कृतिलाई सांस्कृतिक वस्तुहरूको माध्यमबाट अर्थपूर्ण तरिकाले प्रदर्शन गरिएको छ । वस्तु सङ्कलनको सङ्ख्या तथा परिकारको दृष्टिले पनि नेवार संस्कृतिका अनेक पक्षलाई समेटिएको छ । जसमा घरेलु उपकरणहरू, धार्मिक तथा सामाजिक अनुष्ठानका वस्तुहरू, भेषाभूषा, गरगहना, लगायत नेवार संस्कृतिका धार्मिक, सांस्कृतिक तथा सामाजिक जीवनलाई डायरामाको माध्यमबाट जीवन्त रूपमा प्रस्तुत गरिएको छ । जुन नेवार समाज र अझ बिशेष गरेर उदाय समुदायको संस्कृतिमा रूचि राख्ने स्वदेशी तथा विदेशी विद्वान्, अध्ययन अनुसन्धानकर्ताहरूको लागि एक महत्वपूर्ण श्रोत केन्द्र वन्न सक्छ । त्यसै गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि पनि रूचिको विषय हुन्छ भन्ने कुरामा शङ्का छैन् ।

सङ्ग्रहालय शिक्षा कार्यक्रम एकाइसौं शताव्दीको सङ्ग्रहालयहरूको एक महत्वपूर्ण पक्ष हो । सङ्ग्रहालय अर्थात Museum शब्द, temple of muses बाट उत्पत्ति भएको मानिन्छ जसले सिकाइ र अध्ययन गर्ने ठाउँको संकेत गर्दछ (Singh, २००४, पृ. ६९) । सङ्ग्रहालय शिक्षाको सन्दर्भमा उपत्यकाका स्थानीय सरकारहरू (महानगरपालिका र नगरपालिकाहरू) ले कक्षा १-८ सम्म सार्वजनिक विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागू गरिसकेको परिप्रेक्ष्यमा उदाय सङ्ग्रहालयजस्ता जातीय सङ्ग्रहालयहरूको महत्व अझ खट्किएको छ । वर्तमान समयमा सङ्ग्रहालयलाई विद्यालयहरूको वैकल्पिक शैक्षिक साझेदार मानिन्छ, सङ्ग्रहालयहरू अमूल्य र अतुलनीय छन् त्यसैले प्रदर्शनी लक्ष्यहरू र विद्यालय पाठ्यक्रमकाबीच समन्वय हुनुपर्छ जुन अत्यन्त लाभदायक हुन सक्छ (Dean, १९९४ पृ.६)। सङ्ग्रहालयहरूको शैक्षिक लक्ष्यलाई जोड दिंदै डीन अगाडि भन्नु हुन्छ -'सङ्ग्रहालयहरु विषयवस्तुलाई जीवन्त बनाउनमा उत्कृष्ट छन्, ताकि सङ्ग्रहालय भ्रमणहरूले विद्यार्थीहरूको रुचिलाई थप उत्सुक र उर्जावान् बनाउन सकून् ।' उदाय सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरूलाई नियालेर हेर्दा काठमाण्डौं महानगरपालिकाले कक्षा १ देखि ८ सम्म लागू गरेको स्थानीय पाठ्यक्रमको महत्वपूर्ण हिस्सा समेटिएको छ जुन तल उल्लेखित तालिकाले दर्शाउँछ ।

विभिन्न कक्षाको स्थानीय पाठ्यक्रममा समाबेश परिच्छेद तथा शीर्षकहरूः

| व्यावसायिक | भेषभूषा | घरायसी उपकरण | जीवनचक्र अनुष्ठान | अन्य अनुष्ठानहरू |
|---|---|---|---|---|
| • सिकर्मी<br>• मिठाई बनाउँने<br>• ढुङ्गाका शिल्पी<br>• तामाका शिल्पी<br>• काँसका शिल्पी<br>• सुनचाँदीका गहना बनाउँने | • बचाबु-ब्यंके<br>• मचाजंको<br>• महिलाका भेषभुषा<br>• पुरुषका भषभूषा<br>• बालबालिकाका भेषभूषा | • कोठाका सामानहरू<br>• भान्साका सामानहरू<br>• खजानाका सामानहरु | • बचाबु-ब्यंकेगु (जन्म शुद्धीकरण)<br>• मचा जंकु<br>• निद बुदीं (दोस्रो जन्मोत्सव)<br>• इही<br>• बेरे-छुइके<br>• इहिपा<br>• सगुन | • कुम्हः पूजा (कुमार र कुमारीको पूजा)<br>• म्ह पूजा |

जहाँसम्म उदाय सङ्ग्रहालयको सङ्ग्रहालय शिक्षा कार्यक्रमको सवाल छ, उदाय सङ्ग्रहालयको तीन आयाममध्ये एक शैक्षिक क्रियाकलाप रहेको सन्दर्भमा उदाय सङ्ग्रहालयले नेदरल्याण्ड्सको the Reinwardt Academy in Amsterdam, सांस्कृतिक सम्पदाकी विद्यार्थी सुश्री लुकाले वि.सं. २०७६ फागुनदेखि वि.सं. २०७७ आषाढसम्म उदाय सङ्ग्रहालयमा इन्टर्न गर्ने क्रममा कक्षा ६, ७ र ८ (१०-१३ वर्ष उमेर) समूहका विद्यार्थीहरूलाई लक्षित सङ्ग्रहालय शैक्षिक कार्यक्रम विकास गरेकी थिइन् । तर दुर्भाग्यवश, कोभिड-१९ का कारणले गर्दा उनले समय अगावै काठमाण्डौं छोड्नु पर्ने भयो र उनले उतैबाट परियोजनालाई निरन्तरता दिइन तर पूर्व योजनाअनुसार लक्षित समूहका विद्यार्थीसँग अन्तर्क्रियात्मक गोष्ठी भने हुन सकेन तर आफ्ना लेखहरू मार्फत सङ्ग्रहालय र हाम्रो समुदायको प्रवर्द्धनमा संलग्न भइरहिन् । तर उदाय सङ्ग्रहालयसँग उनले तयार गरेका सङ्ग्रहालय शिक्षा निर्देशिका मौजुद रहेकोले यस निर्देशिकाअनुरूप सङ्ग्रहालय शिक्षालाई प्रयोजनमा ल्याउन सकेको खण्डमा सङ्ग्रहालयको लक्ष्य प्राप्तिमा इट्टा थप्नुको साथै विद्यार्थीहरू पनि लाभान्वित हुने कुरामा दुईमत नहोला ।

यस सङ्ग्रहालयबाट विद्यालय तहको विद्यार्थीहरू मात्र होइन्, र उच्चशिक्षाका विद्यार्थीहरू नेवार संस्कृति, नेवार परम्परा तथा परम्परागत नेवार जीवनशैलीबारे अध्ययन वा जिज्ञासा राख्नेहरूको लागि उदाय सङ्ग्रहालय एक महत्वपूर्ण अध्ययन स्थल हुन सक्छ भन्ने कुरामा दुबिधा छैन । यस सन्दर्भमा उदाय सङ्ग्रहालयलाई कक्षाकोठाबाट बाहिरको शिक्षण केन्द्रको रूपमा पनि लिन सकिन्छ जहाँ विद्यार्थीहरूले नेवार समुदाय र विशेष गरी उदाय समुदायको समाजिक तथा पेसागत जीवनबारे ज्ञान हासिल गर्न सक्दछन् ।

उदाय सङ्ग्रहालयको प्राविधिक पक्षलाई तीन पक्षबाट नियालेर हेर्ने जमर्को गरिएको छ । जुन यस प्रकार रहेका छन्ः

**वस्तु प्रदर्शनीः** सङ्ग्रहालयको सन्दर्भमा, प्रदर्शनी भन्नाले विशिष्ट विषयवस्तु, सन्देश वा सिलसिलेवार कथा अभिव्यक्त गर्न डिजाइन गरिएका वस्तुहरू वा कलाकृतिहरूको सुसङ्गत प्रस्तुतीकरणलाई जनाउँछ । प्रदर्शनीमा सामान्यतया सावधानीपूर्वक प्रस्तुतीकरण (Curation), व्याख्या (interpretation), र एक हदसम्म लेबलिङ पनि समावेश हुन्छ । लेबलिङले प्रदर्शनमा रहेका वस्तुहरूलाई सन्दर्भ प्रदान गर्दछ । अंग्रेजी शब्द 'डिस्प्ले' र 'प्रदर्शनी' दुबैले सङ्ग्रहालयमा कलाकृति प्रदर्शनलाई जनाउँछ तर यी दुई पदवीच केही तात्विक फरक पनि छन् । सामान्यतया प्रदर्शनी (Display) शब्दले वस्तुहरूको भौतिक व्यवस्थापनलाई जनाउँछ । तर बस्तुसँग जोडिएका कथा, आख्यान वा ब्याख्याको अभाव पनि हुन सक्छ र विषयगत सुसङ्गतताको अभाव हुनुको साथै कलाकृतिहरू कम संरचित तरिकाले प्रस्तुत गरिएको हुन्छ भने प्रदर्शनी अर्थात प्रदर्शनले प्रदर्शित वस्तुको सान्दर्भिकता, कथावस्तु, आख्यान वा व्याख्यासहित व्यवस्थित तथा सुसङ्गत तरिकाले कलाकृतिलाई प्रस्तुत गरेको हुन्छ । उदाय सङ्ग्रहालयको कलाकृति तथा सांस्कृतिक वस्तुहरू प्रदर्शनको सवालमा धेरैजसो प्रदर्शनमा रहेका सीमित कलाकृतिको ब्याख्या वा आख्यान समाबेश भए पनि अधिकांश प्रदर्शित कलाकृतिको सामान्य नामबाहेक वस्तुसँग जोडिएको उचित व्याख्या वा आख्यानको अभाब रहेको छ ।

**लेबलिङः** सङ्ग्रहालयको सन्दर्भमा लेबल भन्नाले प्रदर्शनमा रहेका सांस्कृतिक वस्तु, कलाकृतिबारे संक्षिप्त विवरण वा आख्यान हो । लेबल धेरै प्रकारका हुन्छन्, त्यसमध्ये क) वस्तु लेबल - सामान्यतया प्रदर्शनमा रहेका वस्तुको बारेमा आधारभूत तथ्य वा जानकारी जस्तै वस्तुको नाम वा शीर्षक, सिर्जनाकर्ता/कलाकार, मिति, माध्यम र वस्तुवारे संक्षिप्त विवरण । यसले आगन्तुकहरूलाई वस्तु के हो ? र त्यसको सान्दर्भिकता बुझ्न मद्दत गर्दछ । ख) व्याख्यात्मक लेबल - यो प्रदर्शित वस्तुको आधारभूत जानकारीको साथै वस्तुको ऐतिहासिक र सामाजिक-सांस्कृतिक सान्दर्भिकता, वस्तुसँग जोडिएका कथावस्तुहरू समेत समावेश भएको हुन्छ जसले वस्तुको सन्दर्भ, प्रयोजन तथा सामाजिक, तथा सांस्कृतिक महत्वबारे गहिरो अन्तर्दृष्टि प्रदान गर्दछ । Serrell (२०१५) का शब्दमा, 'व्याख्यात्मक लेबलले तथ्यहरूको सूची भन्दा कथा अभिब्यक्त गरिराखेको हुन्छ' । यसले दर्शकहरूलाई वस्तुसँग अर्न्तक्रिया गर्न निम्त्याउनुको साथै मार्गदर्शन, प्रश्न गर्न, जानकारी पस्कनुको साथै थप जान्ने उत्प्रेरणा दिन्छ । त्यसैले लेबल बनाउँदा लक्षित वर्गलाई मध्यनजर गरी पाठकमैत्री, टाइपफेस, फन्ट साइज, रङ संयोजन, शब्द चयन तथा वाक्य संरचना जस्ता विभिन्न पक्षहरूमा ध्यान दिनु आवश्यक हुन्छ । यसबाहेक  संक्षेपमा भन्नु पर्दा, लेबल छोटो, अर्थपूर्ण, पाठकमैत्री र आकर्षक हुनुपर्छ । जहाँसम्म उदाय सङ्ग्रहालयमा प्रदर्शित वस्तुको लेबलहरूको सवाल छ, प्रदर्शनमा रहेका धेरैजसो वस्तुहरू केवल वस्तु नाम अंकित ट्याग मात्र छन् भने कतिपय कलाकृतिको केही सान्दर्भिक सूचनाहरू पनि समावेश गरिएका छन् । सङ्ग्रहालयसँग सम्बद्ध ब्यक्तित्वहरूसँगको अनौपचारिक छलफलमा व्यवस्थित लेबलिङ गर्ने योजना रहेको बताइएको छ र आशा गरौं छिट्टै सङ्ग्रहालयमा प्रदर्शित वस्तु तथा कलाकृतिहरूको सङ्ग्रहालय विज्ञानसम्मत लेबलिङ हुनेछ ।

**प्रकाशः** सङ्ग्रहालयमा प्रदर्शित वस्तुको प्रभावकारी बनाउन प्रकाश संयोजनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सङ्ग्रहालयमा विभिन्न रंगका प्रकाश र विकिरणहरू फैलिएको हुन्छ । बत्तीको तेजिलोपन, फरक ढाँचा र प्रदर्शनीको सान्दर्भिकतालाई मध्यनजर राखी डिजाइन गरिएको फरक प्रकाश परिस्थितिले  वस्तुको सान्दर्भिकता सिर्जना गर्दछ (Armas, २०११, पृ.७६)। प्रकाशले कुनै पनि प्रदर्शनीमा दृश्य अनुभूति सिर्जना गर्दछ र प्रदर्शनमा रहेका वस्तुहरूको प्रभावकारीता बढाउँछ (FGL, २०००, पृ.१)। संक्षेपमा भन्नुपर्दा प्रदर्शित वस्तुको प्रभाव बनाउन प्रकाश संयोजनले महत्वपूर्ण भूमिका खेलको हुन्छ । उदाय सङ्ग्रहालयको सन्दर्भमा, सङ्ग्रहालयमा प्रदर्शित अधिकांश सोकेसहरूमा सानासाना फ्लोरोसेन्ट बत्तीहरू जडान गरिएको छ, जुन धेरै हदसम्म प्रभावकारी नै देखिन्छ । तर झ्यालबाट आउने प्राकृतिक उज्यालोले सोकेसमा जडित फ्लोरोसेन्ट बत्तिको प्रभावकारितालाई एकहदसम्म प्रभावहीन बनाएको अनुभूति हुन्छ । यद्यपि, हालैमात्र वस्तुहरूको दृश्य प्रभाव बढाउन केही सोकेशहरूमा फ्लोरोसेन्ट लाईटको सट्टा न्यानो स्पटलाईटहरू जडान गरिएका देखिन्छ । अहिलेको अवस्थामा भएका लाइटहरूको प्रभावकारिता बढाउन सर्वप्रथम झ्यालबाट आउने प्राकृतिक उज्यालोलाई एकहदसम्म डिफ्यूज गर्न अत्यावश्यक छ ।

## निष्कर्ष

यो सङ्ग्रहालयले निर्धारित उद्देश्य तथा लक्ष्य प्राप्तिको लागि परम्परागत घरेलु वस्तुहरू, धार्मिक तथा लौकिक कलाकृतिहरूको अतिरिक्त उदाय समुदायको जीवनशैली डाइरामाको माध्यमबाट शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको छ । यो सङ्ग्रहालयलाई बिशेषगरी उदाय समुदाय र समग्रमा नेवार जातिको सांस्कृतिक पटचित्रको रूपमा लिन सकिन्छ  भने नेपाल, नेवार र बिशेष गरेर उदाय समुदाय तथा संस्कृतिलाई नजिकबाट अध्ययन गर्न चाहने विद्वान्हरू र आगन्तुक वा पर्यटकहरूको लागि महत्वपूर्ण स्रोत केन्द्रको रूपमा लिन सकिन्छ ।

काठमाण्डौं शहरको परम्परागत केन्द्रीय बजार असनमा अवस्थित उदाय सङ्ग्रहालय काठमाण्डौं हनुमानढोका दरबार र काठमाण्डौंकै पर्यटकीय स्थल ठमेलबाट लगभग १०-१० मिनेटको पैदल दूरीमा रहेकोले यस सङ्ग्रहालयले पर्यटकहरूलाई लक्षित गरी सङ्ग्रहालय प्रबर्द्धन कार्यक्रमहरू सञ्चालन  गरेर पर्यटन प्रबर्द्धनमा समेत सहयोग गर्न सक्छ । त्यसमा पनि सङ्ग्रहालय रहेको परम्परागत उदाय घर उक्त समुदायको भौतिक सांस्कृतिक सम्पदाको रूपमा समेत रहेकाले परम्परागत नेवार वास्तुकलाबारे गहन अध्ययन गर्न चाहनेहरूको लागि रूचिको बिषय हुन सक्दछ ।

प्रवल संभावना रहे पनि यस सङ्ग्रहालयमा अपेक्षा गरेअनुसार आगन्तुकहरूको  आगमन भएको छैन । व्यस्त रहने मध्य बजारको बीचमा भएकोले आवागमनमा केही सहज नहुनु, सवारी पार्किङ्गको अभाव, विद्यालयहरूबाट ठूलो समूह ल्याउनु पर्दा एकै पटक पर्याप्त विद्यार्थीहरूलाई भित्र्याउने स्थानको अभाव हुनु, वस्तु प्रदर्शनका लागि पर्याप्त स्थान नहुनु र सीमित स्थानमा धेरै वस्तुहरू अटाउनु पर्ने भएकोले कतिपय अवस्थामा वस्तुहरू गुच्चमुच्च राख्नु पर्ने वाध्यतालाई सुधार गर्न सकिएमा आगन्तुक सङ्ख्या पनि बढाउन सकिने देखिन्छ ।

अन्ततःमा यहाँनिर उदाय समुदायको धारणा उल्लेख गर्नु मनासिव हुन्छ । “दृश्यता (Visibility) र स्थानाभावको चुनौतीहरूको बावजुद यसको उपस्थिति र पहुँच बढाउने योजनाहरूको साथ उदाय सङ्ग्रहालयले देश र विदेशबाट बढीभन्दा बढी दर्शकहरूलाई स्वागत गर्न तयार रहेको छ । उदाय समुदायको विरासतले भविष्यका पुस्ताहरूलाई प्रबुद्ध र प्रेरणा दिने काम भने निरन्तर जारी रहेको छ ।

## सन्दर्भसामग्रीः

Armas, J. ( 2011) *Lighting for Museums,* [paper presentation] Proceedings of the 10th International Symposium on Topical Problems in the Field of Electrical and Power Engineering. 76-79.

Dean, D. (1994). *Museum Exhibition:* Theory and Practice.Routledge.

FGL. 2000. *Information on Lighting Applications.* Frankfurt: Fordergemeinschaft Gutes Licht.

Fromm, A. (2016). *Ethnographic museums and intangible cultural heritage return to our roots,* Journal of Marine and Island Cultures, (5), 89-94.

Gebreyersus, T. L. and Alemshet, D. (2019). *An Ethnographic Museum and its Contribution to Tourism Development:* The Case of Aksum. *African Journal of Hospitality, Tourism and Leasure,* 8(1). 1-15.

Gellner, D. (1986). *Language, Caste, Religion and Territory: Newar Identity Ancient and Modern.* European Journal of Sociology 27(1), 102-148.

Kawan, S. S. (2023). Conceptualizing an Open Living Museum Beyond Musealization in the Context of a Historic City: Study of Bhaktapur World Heritage Site, Nepal. International Journal of Social and Business Sciences, 17(12), 912-919.

Konare, A. O. (1983). Towards a new type of ethnographic museum in Africa, *Museum,* 139 (XXXV), 146-149.

Lewis, T. (1999). *Buddhist Merchants in Kathmandu: the Asan Tvah Market and Uraya Social Organization.* In D. Gellner, and D. Quigley, (eds.). Contested Hierarchies: A collaborative ethnography of caste among the Newars of the Kathmandu valley, Nepal. (pp. 38-79). Oxford University Press.

Mahapatra, G. S. (2017). A case study of Pan-Indian Tribal Museum of Indira Gandhi National Tribal University, Amarkantak. *International Journal of Research in Engineering and Social Science.* 7 (11), 80-85.

Singh, P. K. (2004). Museum and Education. *Orissa Historical Research Journal,* XLVII(1), 69-82.

Soni, A. (2012). Changing perspective of Indian Anthropological Museums, *Journal of Indian Museums,* LXVI, 939-943.

Toffin, G. (2019). *Politics of culture and ethnic museums in Nepal,* [paper presentation] Conference Proceedings 2015: the Annual Kathmandu Conference on Nepal and the Himalaya, Kathmandu: Himal Books – Social Science Baha. 181-187.

UNESCO. (2013). Revisiting Kathmandu - Safeguarding Living Urban Heritage. The Proceedings of International Symposium. UNESCO

नेराजासं. (२०६९). स्मारिका २०६९. नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालय.

# नेपालमा सङ्ग्रहालय : आयाम र आगामी मार्गचित्र



**ओमप्रकाश घिमिरे**
**कोषाध्यक्ष**
**आइकम नेपाल**

*विश्वका धेरै मुलुकहरूमा सङ्ग्रहालयले सम्पदा र संस्कृतिको सँरक्षणसँगै आर्थिक क्षेत्रमासमेत उल्लेख्य योगदान दिएको देखिन्छ । ती मुलुकहरूका सङ्ग्रहालयमा आएका आगन्तुकहरूको बढ्दो सङ्ख्याले यो योगदान झन् बढ्ने स्पष्ट सङ्केत गरेको छ ।*

## लेखसार

*विश्वमा सङ्ग्रहालयको सङ्ख्या बृद्धिसँगै यसको क्षेत्र, गुणस्तर तथा यसले समाजलाई दिने आर्थिक तथा सामाजिक लाभसमेत उल्लेख्य रूपमा बढेको छ ।  नेपालमा पनि विधिवत रूपमा सङ्ग्रहालय स्थापना भएको आठ दशक नाघेको छ । तर यस अवधिमा पनि सङ्ग्रहालय स्थापना र सञ्चालनको आधारभूत पक्षलाई स्पष्ट तथा एकरूपता कायम गर्ने एकीकृत कानुनी आधार समेत तयार भएको पाइँदैन । नेपालको संविधान, २०७२ ले सङ्ग्रहालय सञ्चालनका लागि तीनै तहका सरकारलाई अधिकार दिएको छ । उक्त संवैधानिक अधिकारको प्रयोग गर्दै संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको नागरिक तथा समुदायको भाषा, संस्कृति, सम्पदाको अधिकारलाई सुरक्षित गर्नका लागि व्यवस्थित सङ्ग्रहालयहरु प्रयत्नरत रहेको पनि देखिन्छ । बढ्दै गएको सङ्ग्रहालयको सङ्ख्या र आगन्तुकको सङ्ख्याले सङ्ग्रहालयको दीगोपना र व्यवस्थित सञ्चालनका लागि विश्वब्यापी रूपमा स्थापित मापदण्डलाई समेत मध्यनजर गर्दै नयाँ कानुनी, संरचनागत र संस्थागत स्पष्टता आवश्यक रहेको सन्दर्भमा यो लेखमा यिनै विषयवस्तुको उठान गरिएको छ ।*

## शब्दकुञ्जी

सङ्ग्रहालय, युनेस्को, नीति, आगन्तुक, सम्पदा, संविधान, अनुसन्धान ।

## विश्व परिवेश

कलासम्बन्धी इतिहासकार तथा बिबिसीका वृत्तचित्र प्रस्तोता  वेन्डी बेकेटले भनेकीछन् "थोरै सङ्ग्रहालय भएको मुलुक भौतिक र आध्यात्मिक दुबै दृष्टिले गरिब हुन्छ । सङ्ग्रहालय रंगमञ्च र पुस्तकालयजस्तो स्वतन्त्रताको साधन हो ।" विश्वमा हरेक पछिल्लो समयमा बढ्दै गएको सङ्ग्रहालयको सङ्ख्याले वेन्डीको भनाइलाई सार्थक बनाएको देखिन्छ । युनेस्कोको सन् २०२१ को आँकडाअनुसार विश्वमा १ लाख ४ हजारभन्दा बढी सङ्ग्रहालयहरु खुलेका छन् ।[1] यद्यपी सबै सङ्ग्रहालयहरु अभिलेखमा नआएकाले यो भन्दा धेरै नै सङ्ग्रहालयहरु खुलेको सहज अनुमान लगाउन सकिन्छ । जस्तो कि उक्त प्रतिवेदनमा नेपालमा सङ्ग्रहालय को सङ्ख्या २६ देखि ६० को सङ्ख्यामा रहेको उल्लेख गरिएको छ । जबकि सबै किसिमका गरेर झण्डै १ हजार सङ्ग्रहालय नेपालमा खुलेको अनुमान छ ।

विश्वभरि नै पछिल्लो समयमा सरकार, समुदाय, व्यक्ति तथा निजी तवरबाट सङ्ग्रहालय खुल्ने क्रम बढ्दो छ । नेपालमा पनि यो क्रम बढिरहेको भएपनि यसको बहुपक्षीय आयामको अध्ययन हुन नसकेका कारण हाम्रो वास्तविक अवस्थाको बारेमा एकिन तथ्यहरु उपलब्ध छैन । विश्वका विकसित मुलकहरूको तथ्यलाई केलाउँदा सङ्ग्रहालय केवल आध्यात्मिक र भौतिक वैभवसँग मात्र जोडिएको छैन । यसको सम्बन्ध आर्थिक विकास, रोजगारी लगायत बहुआयामिक पक्षसँग पनि हुन्छ । सन् २०१६ मा  अमेरिकामा गरिएको  राष्ट्रियस्तरको अध्ययनअनुसार सङ्ग्रहालयले अन्य ११ वटा क्षेत्रमार्फत् आर्थिक तथा सामाजिक क्षेत्रमा योगदान गरेको हुन्छ । यसमध्ये सबभन्दा बढी वित्तीय क्षेत्र र त्यसपछि आतिथ्य तथा सत्कार क्षेत्रमा पारेको देखाएको छ । त्यसैगरी सङ्ग्रहालयले अमेरिकामा ७ लाख २६ हजार  जनालाई प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी दिएको र ५० बिलियन डलर बराबरको राष्ट्रिय अर्थतन्त्रमा योगदान गरेको उल्लेख छ । सङ्ग्रहालयले १२ बिलियन डलरको करमा योगदान गरेकोमा ८ बिलियन संघीय तहमा र ४ बिलियन डलर स्थानीय तथा प्रदेश तहमा रहेको छ ।[2]

विश्वका धेरै मुलुकहरूमा सङ्ग्रहालयले सम्पदा र संस्कृतिको संरक्षणसंगै आर्थिक क्षेत्रमासमेत उल्लेख्य योगदान दिएको देखिन्छ । ती मुलुकहरूका सङ्ग्रहालयमा आएका आगन्तुकहरूको बढ्दो सङ्ख्याले यो योगदान झन् बढ्ने स्पष्ट सङ्केत गरेको छ । ग्लोबल एटेन्डेन्स रिपोर्ट २०२३ का  अनुसार  विश्वमा सबैभन्दा बढी आगन्तुक आउने सङ्ग्रहालय फ्रान्सको लुभ्र म्युजियम हो, जहाँ एक वर्षमा ८८ लाखभन्दा बढी आगन्तुक आएका थिए । दोस्रोमा चाहिं संसारकै सबैभन्दा सानो देश भ्याटीकनसिटीको  भ्याटीकन सङ्ग्रहालय रहेको छ, जहाँ वार्षिक ६८ लाख आगन्तुकले भ्रमण गरेका छन् । सोही प्रतिवेदनले विश्वका ठूला २० सङ्ग्रहालयमा मात्र वार्षिक झण्डै

1. https://www.unesco.org/en/articles/supporting-museums-unesco-report-points-options-future
2. https://www.aam-us.org/

७ करोड ३० लाख आगन्तुकले भ्रमण गरेको उल्लेख गरेको छ ।[3] यसको आर्थिक र सामाजिक हिसाबकिताब गर्ने हो भने सङ्ग्रहालयले हाम्रो समाजमा धेरै ठूलो प्रभाव परेको देखिने निश्चित छ । सङ्ग्रहालयले विश्वमा यस किसिमको प्रभाव विस्तार गरिरहेको बेला नेपालमा भने यसका आधारभूत अवस्थाको बारेमा समेत अध्ययन नगरिएको हुँदा नेपालमा सङ्ग्रहालयको प्रभावको  वास्तविक अवस्था यकिन गर्न सकिएको छैन ।

## नेपालको परिदृश्य

सन् १६८२ मा बेलायतस्थित अक्सफोर्ड विश्वविद्यालयमा सङ्कलित सामग्रीलाई व्यवस्थित गरी स्थापना गरिएको 'अस्मोलिन' सङ्ग्रहालयलाई विश्वकै पहिलो आधुनिक सार्वजनिक सङ्ग्रहालय मानिन्छ । त्यस आधारमा हाल विश्वमा  आधुनिक सङ्ग्रहालयको इतिहास झण्डै साढे ३ सय वर्षको छ ।  नेपालमा भने वि.स. १८८१ मा तत्कालीन प्रधानमन्त्री भिमसेन थापाले हतियार भण्डारणका लागि बनाएको छाउनीस्थित सिलखानालाई नै पछि सङ्ग्रहालय बनाइयो, जहाँ अहिले राष्ट्रिय सङ्ग्रहालय छ । वि.स. १९८३ मा चन्द्र शमशेरले यसैलाई हतियार (आर्सेनल) सङ्ग्रहालय बनाए भने वि.स. १९९५ मा जुद्ध शमशेरले नेपाल म्यूजियमको नामबाट सबैका लागि खुल्ला गरे । यस अर्थमा नेपालमा  सङ्ग्रहालय स्थापनाको आधार मिति वि.सं. १८८१ भएता पनि यसले सङ्ग्रहालयको नाम पाएको वि. सं. १९९५ मा हो । यस अवधिमा नेपालले जुन गतिमा सङ्ग्रहालयको विकास गर्नु पर्थ्यो, त्यो गतिमा गर्न सकेको छैन । पछिल्लो समयमा नेपाल पनि विश्व सङ्ग्रहालयसँग जोडिन थालेपछि यसको बारेमा बढी चासो र चिन्तन बढ्न थालेको छ । पछिल्लो समयमा प्रदेशदेखि स्थानीय सरकारसम्मले खोलेका सङ्ग्रहालय र समुदाय तथा निजी क्षेत्रबाट समेत भएका पहलहरूलाई हेर्दा नेपालमा करिब १ हजारको हाराहारीमा सङ्ग्रहालयहरु खुलेको अनुमान छ । सङ्ख्या जे जति भए पनि सङ्ग्रहालय हाम्रो समाजका साझा निधि हुन् भन्नेमा एकै मतैक्यता छ ।

युनेस्कोले सङ्ग्रहालयहरु हाम्रा साझा सम्पदाहरु संरक्षण गर्ने स्थलहरु मात्रै नभई शिक्षा, प्रेरणा र संवादका प्रमुख स्थलहरु पनि मान्दछ । त्यति मात्र होइन, उद्योग र वास्तुकला, सहरी योजना, साँस्कृतिक चिन्तन तथा पर्यटनसँग सम्बन्धित विविध पेसाका लागि आर्थिक केन्द्रका रूपमा पनि सङ्ग्रहालयले योगदान गरेको अध्ययनहरूले देखाएका छन् । नेपालमा बार्षिक कति मानिसले सङ्ग्रहालय भ्रमण गर्छन् भन्ने यकिन तथ्याङ्क छैन । तर हरेक सङ्ग्रहालयलाई व्यक्तिगत रूपमा उनीहरूको अभिलेखका आधारमा हेर्दा केही झलक भने पाइन्छ ।

गत आर्थिक  २०८०/०८१ मा विभिन्न सङ्ग्रहालयले तयार पारेको उनीहरूको आन्तरिक तथ्याङ्कलाई आधार मान्दा सबैभन्दा बढी नारायणहिटी दरबार सङ्ग्रहालयका छ, जहाँ ३ लाख ४० हजारभन्दा बढीले भ्रमण गरेका थिए । पाटन सङ्ग्रहालय दोस्रो स्थानमा देखिन्छ जहाँ ३ लाख ११ हजार ६ सयभन्दा बढिले उक्त सङ्ग्रहालय भ्रमण गरेका थिए । त्यसैगरी हनुमानढोका दरबार सङ्ग्रहालयमा १ लाख ८४ हजारभन्दा बढी, राष्ट्रिय कला सङ्ग्रहालय, भक्तपुरमा ९१ हजारभन्दा बढी, राष्ट्रिय सङ्ग्रहालय छाउनीमा ६५ हजारभन्दा बढी आगन्तुकहरूले भ्रमण गरेको पाइएको छ । गैरसरकारी संस्था नेपाल पर्वतारोहण संघले सञ्चालन गरेको

3. TEA/AECOM 2023 Theme Index and Museum Index: The Global Attractions Attendance Report, presented in partnership with Storyland Studios Publisher: Themed Entertainment Association (TEA)

पोखराको अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा वार्षिक करिव २ लाख आगन्तुकले भ्रमण गर्ने गरेका छन् भने सामुदायिक तहबाट दाङमा सञ्चालन गरिएको थारु सङ्ग्रहालयमा ८४ हजारभन्दा बढी आगन्तुक आउने गरेका छन् । स्थानीय सरकारले सञ्चालन गरेको सिन्धुलीगढी युद्ध सङ्ग्रहालयमा झण्डै ५० हजार व्यक्तिले वार्षिक भ्रमण गर्ने गरेको आँकडा छ । निजी क्षेत्रबाट सञ्चालन गरिएको काठमाडौंको एभिएसन म्युजियममा वार्षिक १ लाख बढीले भ्रमण गरेका छन् । कर्णाली प्रदेश सङ्ग्रहालय तथा अभिलेखालयमा भने करिब ७ हजारले भ्रमण गरेका छन् ।

यहाँ उल्लेख गरिएका १० सङ्ग्रहालयहरूमा करिव १४ लाख भन्दा बढी आगन्तुकले एक वर्षमा भ्रमण गरेको देखिन्छ । यी सङ्ग्रहालय (कर्णाली सङ्ग्रहालय बाहेक) देशमै सबैभन्दा बढी आगन्तुक आउँने सङ्ग्रहालयहरू हुन् । तर स्थानीय तथा प्रदेश एवं सामुदायिक तहका अन्य सङ्ग्रहालयमा पनि भ्रमण गर्ने क्रम बढेको देखिन्छ । उदाहरणका लागि बागलुङ जिल्लाको शालीग्राम सङ्ग्रहालयमा वार्षिक १ लाख बढी व्यक्तिले भ्रमण गर्ने गर्दछन्, गोरखा दरबार सङ्ग्रहालयमा पनि वार्षिक १ लाखभन्दा बढी आगन्तुकले भ्रमण गर्ने गरेका छन् । पनौती सङ्ग्रहालयमा वार्षिक ५ हजार, घले गाउँमा रहेको सार्क ग्रामीण पर्यटन सङ्ग्रहालयमा करिब ३ हजारले भ्रमण गर्ने गरेका छन् ।

ग्रामीण तथा शहरी क्षेत्रमा रहेका सबै सङ्ग्रहालयमा भ्रमण गर्ने क्रम बढेको आधारमा नेपालमा वार्षिक २५ लाखभन्दा बढी ब्यक्तिले सङ्ग्रहालय भ्रमण गर्ने गरेको अनुमान गर्न सकिन्छ । यद्यपि यसको आधिकारिक तथ्य जाँच गर्नका लागि व्यवस्थित अध्ययनको आवश्यकता छ । यो सङ्ख्यामा आउँने आगन्तुकहरूले गर्ने यात्रा तथा यातायात, उपभोगका लागि किनमेल गर्ने वस्तु, तिर्ने दस्तुर आदिको विश्लेषण गर्ने हो भने सङ्ग्रहालयले आर्थिक तथा गैरआर्थिक क्षेत्रमा धेरै ठूलो दायरा विस्तार गरेको स्पष्ट हुन्छ । यी सङ्ग्रहालयले आगन्तुकबाट लिने गरेको प्रवेश शुल्क नै ? अर्बको हाराहारीमा पुगेको अनुमान गर्न सकिन्छ तर यो आयामहरूको आधिकारिक अध्ययन र विश्लेषण नगरेसम्म सङ्ग्रहालय क्षेत्रमा भएको कूल लगानी, यसको विकास र आर्थिक तथा सामाजिक क्षेत्रहरूको दायरा तथा प्रभावको यकिन तथ्यहरु उजागर गर्न कठिन छ ।

युनेस्कोले सन् २०१५ मा सङ्ग्रहालयसम्बन्धी पारित गरेको महत्वपूर्ण दस्तावेज Recommendation concerning the protection and promotion of museums and collections, their diversity and their role in society ले 'सदस्य राष्ट्रहरूलाई सङ्ग्रहालय तथा सम्पदाको बारेमा सक्रिय संरक्षण, अनुसन्धान, शिक्षा र सञ्चार नीतिहरू बनाउँन आग्रह गरिएको छ । यस्ता कार्यबाट स्थानीय सामाजिक र सांस्कृतिक सन्दर्भहरूलाई अनुकूलित गर्दै भावी पुस्तालाई सम्पदा हस्तान्तरण गर्न समुदायहरू, नागरिक समाज र जनताबीचको सहकार्य एवं सहभागितामूलक प्रयासहरूलाई दृढतापूर्वक प्रोत्साहन गर्नुपर्छ भन्ने कुरा उल्लेख गरेको छ' ।[4] यी वाक्यांशले सङ्ग्रहालय, संस्कृति तथा सम्पदाको अध्ययन अनुसन्धानको आवश्यकतालाई औंल्याएको छ । नेपाल पनि युनेस्कोको सदस्य राष्ट्र भएकाले यी सुझावहरूलाई कार्यान्वयन गर्नु आवश्यक छ । सङ्ग्रहालयसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजको कार्यान्वयनसँगै नेपालले आफ्नो देशको परिवेशअनुसार पनि धेरै काम गर्नु पर्ने देखिन्छ ।

4. UNESCO (2015). Recommendation concerning the protection and promotion of museums and collections, their diversity and their role in society, Paris.

## संरचनागत सुधार

नेपालको संविधान, वि.सं. २०७२ ले मौलिक हक अन्तर्गत भाषा, धर्म, संस्कृतिको अधिकार र यसको संरक्षणका लागि समुदायको सहभागितालाई उल्लेख गरेको छ । नेपालको दोस्रो पञ्चवर्षीय योजनाले नै संस्कृति र इतिहासको संरक्षणको जगमा समग्र राष्ट्रिय विकास सम्भव भएको प्रसङ्गसहित उक्त योजनामा लेखिएको छ ।

हजारौ बर्ष पुरानो सामाजिक तथा सांस्कृतिक परम्पराले परिपूर्ण भएको हाम्रो समाजलाई प्रगतिको बाटोमा लैजानको लागि धेरै जटिल समस्याहरु सुल्झाउन आवश्यक छ ।....यसैले हाम्रो ऐतिहासिक तथा सामाजिक पृष्ठभूमिमा एक प्रगतिशील आर्थिक व्यवस्था खडा गर्न योजनाबद्ध विकासको एक प्रमुख काम हो ।[5]

नेपालमा सङ्ग्रहालयको योजनाबद्धविकास पनि दोस्रो पञ्चवर्षीय योजना देखि (२०१९ सालदेखि) भएको देखिन्छ । त्यसपछि खुलेका सङ्ग्रहालयको विस्तारमा विकास क्षेत्रलाई ध्यान दिएर सोही बमोजिम विस्तारको नीति राज्यले लिएको पाइन्छ । सङ्ग्रहालयको प्रसङ्ग पञ्चवर्षीय योजनामा नलेखिएतापनि संस्कृति तथा इतिहासको प्रसङ्ग उल्लेख भएकाले सायद उक्त प्रसङ्गले नै सङ्ग्रहालयको आवश्यकतालाई प्रतिनिधित्व गरेको बुझ्न सकिन्छ । एकात्मक व्यवस्थाबाट सङ्घात्मक प्रणालीमा प्रवेश गरेको परिप्रेक्ष्यमा साविकका विकास क्षेत्रस्तरीय सङ्ग्रहालयलाई प्रादेशिक सङ्ग्रहालयमा रुपान्तरण गर्ने बाहेक अरु नयाँ काम भएको देखिँदैन । त्यसैले गर्दा अहिले पनि सुदुरपश्चिम प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेशमा प्रादेशिक सङ्ग्रहालय बनेका छैनन् । अर्कोतर्फ कतिपय प्रदेशहरुले नै एकपछि अर्को गर्दै कुनै अध्ययन अनुसन्धानविना नै सङ्ग्रहालय खोल्ने क्रम पनि बढेको छ । यसको उदाहरणको रुपमा कर्णाली प्रदेशलाई लिन सकिन्छ । प्रदेश राजधानी वीरेन्द्रनगरमा प्रादेशिक सङ्ग्रहालय छ, जहाँ कर्णालीको समग्र संस्कृति, इतिहास तथा परिवेशको झलकहरुको प्रतिनिधित्व छ । त्यहाँबाट करिव १५० किलोमिटर उत्तरको दुरीमा रहेको कालिकोटको पिलीमा झण्डै ७ करोडको लगानीमा प्रदेशले नै अर्को सङ्ग्रहालय निर्माण गरेको छ, जुन अन्तिम चरणमा पुगेको छ । पिलीबाट करिब २५ किलोमिटर उत्तरमा रहेको जुम्लाको सिञ्जामा खस सङ्ग्रहालय बन्दैछ । यहाँको सङ्ग्रहालय निर्माणका लागि संघ, प्रदेश र स्थानीय सरकारको झण्डै साढे एक करोड रुपैयाँ खर्च भएको छ ।

वि.स.२०७६ सालदेखि निर्माण शुरु भएको यो सङ्ग्रहालय अहिलेसम्म सम्पन्न हुन सकेको छैन । यति ठूलो लगानी गरेर निर्माण गरिएका यी सङ्ग्रहालयहरुको आवश्यकता के हो ? यसको सञ्चालन कसरी गर्ने, आगन्तुक कति हुन्छन् ? स्थापनाको उदेश्य र दीगोपना के हो ? भन्ने जस्ता प्रश्नको उत्तरविना नै यी सङ्ग्रहालयहरु स्थापना गरेको देखिन्छ । सङ्ग्रहालयको आधारभूत कुराहरुको मात्र अध्ययन गरेर तयारीका साथ सङ्ग्रहालय स्थापना गरेको भए सायद सिंजा र सुर्खेतको सङ्ग्रहालयले कालिकोटको सङ्ग्रहालयको आवश्यकतालाई प्रतिनिधित्व गर्न सक्थ्यो होला । यस किसिमका बेमेलहरु अन्य प्रदेशमा पनि छन् ।

त्यसैगरी स्थानीय तहमासमेत सङ्ग्रहालय स्थापना शीर्षकमा स-साना परिमाणका बजेट विनियोजन गर्ने क्रम बढेको छ । उदाहरणका लागि बागलुङ जिल्लाको जैमिनी नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२

5. National Planning Commission (2019). 2nd Periodic Plan of Nepal 2019 (https://numismaticsmuseum.gov.np/)

को बजेटमा दुईवटा सङ्ग्रहालय स्थापना शीर्षकमा बजेट विनियोजन गरेको छ । एउटा माध्यमिक तहको विद्यालयमा स्थानीय ज्ञान र पहिचानमा आधारित सामाजिक सङ्ग्रहालय स्थापना शीर्षकमा रू. १ लाख ७० हजार  र राष्ट्रिय दलित संरक्षण सङ्ग्रहालय भवन निर्माण शीर्षकमा रू. १० लाख बजेट  विनियोजन गरेको छ ।[6] स्थानीय सरकारले आफ्नो प्राथमिकता र आवश्यकताको आधारमा यो बजेट विनियोजन गर्न सक्छ तर सङ्ग्रहालय जस्तो सार्वजनिक संस्था स्थापना गर्दा शुरूदेखि नै यसको उदेश्य, मर्म, मापदण्ड, आचारसंहिता जस्ता आधारभूत तथ्यहरूको परिपक्व परीक्षण गरेर यसलाई अघि बढाउन सकियो भने यसमा गरिएको लगानीको सार्थकता बढ्छ भन्ने कुरा बुझेर मात्र  खर्च गर्नुपर्छ । यो सन्देश सबै प्रदेश तथा स्थानीय सरकार समक्ष पुग्नु पर्दछ । यसका लागि सङ्ग्रहालयको आवश्यकता, मापदण्डजस्ता आधारभूत पक्षको स्थापनापूर्व परीक्षण गर्ने स्तरीय आधार संघीय सरकारले तयार गरिदिनु पर्छ ।

## समन्वय र साझेदारी

सङ्ग्रहालय भौतिक र अभौतिक दुबै किसिमका वस्तुको प्रदर्शनी गर्ने सस्था हो । संस्कृति र सम्पदाको क्षेत्रमा काम गर्ने धेरै निकायहरू छन् । जस्तो कि नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललित कला प्रतिष्ठान, नेपाल नाट्य तथा संगीत प्रतिष्ठान, पुस्तकालय, अभिलेखालय आदि । सम्पदा र संस्कृतिको क्षेत्रमा काम गरिहेका यी निकायहरूसंग सङ्ग्रहालयको समन्वय र सम्बन्ध कस्तो रहन्छ  भन्ने कुरा संघीय सरकारको नीतिले स्पष्ट पार्नु पर्दछ । त्यसैगरी प्रदेश, संघ र स्थानीय सरकारहरूले आफ्नो तरिकाले सङ्ग्रहालय निर्माण गरिरहेको सन्दर्भमा यसलाई व्यवस्थित र बहुउपयोगी बनाउका लागि राष्ट्रिय स्तरको नीतिले स्पष्ट आधार बनाइदिनु पर्छ ।

अहिलेको अवस्थामा समग्र सङ्ग्रहालयको आँकडा हेर्दा बागमती प्रदेश र गण्डकी प्रदेशमा सबैभन्दा बढी सङ्ग्रहालय स्थापना भएको देखिन्छ । आगन्तुकको दृष्टिले पनि पहिलो बागमती प्रदेश र दोस्रोमा गण्डकी प्रदेश देखिन्छ । स्थानीय तहले सञ्चालन गरेको सबैभन्दा व्यवस्थित सङ्ग्रहालय सिन्धुलीगढी युद्ध सङ्ग्रहालय नै देखिएको छ । वि.सं. २०७८ साल साउन १३ उद्घाटन गरिएको सङ्ग्रहालय नेपाली सेनाले  निर्माण गरी कमलामाई नगरपालिकालाई हस्तान्तरण गरेको हो । सायद नेपाली सेनाले सङ्ग्रहालयको बृहत्तर आयामलाई अध्ययन गरेर निर्माण गरेको भएर होला यो सङ्ग्रहालयमा आगन्तुक पनि पर्याप्त छन् भने सञ्चालनका लागि आर्थिक श्रोत पनि आगन्तुक शुल्कले नै धानेको छ । सङ्ग्रहालय, संस्कृति तथा सम्पदाको संरक्षणको थलोसँगै आर्थिक आम्दानीको स्रोत पनि हो भन्ने कुरा यहाँबाट अन्य स्थानीय सरकारले पनि सिक्न सक्छन् ।

वि.स. २०६७ सालमा नेपाल सरकारले ल्याएको राष्ट्रिय संस्कृति नीतिले संघीयताको दृष्टिबाट सङ्ग्रहालयका आयामहरूलाई छुने प्रयास गरेको छ तर पूर्णरूपमा समेटेको छैन । यो नीतिले सङ्ग्रहालयको विषयलाई गहन ढंगले उल्लेख गरेको छैन । अब बन्न लागेको संस्कृति नीतिले यी बहुआयामिक पक्षलाई सम्बोधन गर्न आवश्यक छ । यही नीतिका आधारमा संघीय सङ्ग्रहालय ऐन बनाई प्रदेश र स्थानीय सरकारलाई पनि उनीहरूको संस्कृति र सङ्ग्रहालय क्षेत्रको अधिकार प्रयोग गर्ने गरी कानुन बनाउने बाटो खुल्ला गर्न ढिला गर्नु हुँदैन ।

6. जैमिनी नगरपालिकाको आ.ब २०८१/०८२ को बजेटवक्तव्यवाट उद्धृत https://jaiminimun.gov.np/content

## निष्कर्ष

सङ्ग्रहालय बहुआयामिक संस्था भएकाले विश्वमा यसको महत्व हरेक पछिल्लो समयमा बढेर गएको महसुस गरिएको छ । बढ्दै गरेको आगन्तुकको सङ्ख्या, यसमा भएको बढ्दो लगानी, बढ्दो जनसचेतनाले सङ्ग्रहालयको विस्तारको सम्भावना अझ बढी हुने स्पष्ट संकेत गरेको छ । नेपालमा पनि सङ्ग्रहालय विकास र विस्तारको बहुपक्षीय संभावना बढेर गएको छ । संविधानले नै सुनिश्चित गरेको नागरिको भाषा संस्कृति तथा सम्पदाको अधिकारलाई उपयोगसँगै शैक्षिक ज्ञान आर्जनका लागि समेत सङ्ग्रहालय उपयोगी संस्था हो तर यसको विकास र विस्तारका लागि स्पष्ट नीति, सङ्ग्रहालयको अभिलेख, अनुगमन तथा नियमनकारी निकायको समेत व्यवस्था नहुँदा सङ्ग्रहालयले विभिन्न अन्यौलहरु भोग्नु परेको छ । यी अन्यौललाई मेट्नका लागि सङ्ग्रहालयसम्बन्धी कानुन, नियमनकारी निकाय तथा सङ्ग्रहालय नीति आवश्यक छ । त्यसैगरी सङ्ग्रहालयको आवश्यकताका बारेमा जनविचार र जनमतलाई बढाउँनका लागि जनचेतना बृद्धिमा पनि काम गर्न आवश्यक देखिन्छ । यसका लागि सङ्ग्रहालयसम्बन्धी जनसंवाद, छलफल, वहसलाई व्यापक बनाउनु पर्छ । यसबाट लिन सकिने सम्भाव्य आम्दानीका आधारहरु तयार गर्न अध्ययन र अनुसन्धानलाई बढाउनु पर्छ । अध्ययनबाट आएका तथ्यका आधारमा मात्र संघ, प्रदेश तथा स्थानीय तहमा सङ्ग्रहालयको विकासका लागि एकल तथा साझेदारीमा लगानी गर्नुपर्छ । यो अभ्यासले तीनै तहका सरकारवीचको समन्वय प्रभावकारी हुन्छ भने संगीत, साहित्य, परम्परा, रैथाने संस्कृति, भाषासम्बन्धी सानाठूला सबै किसिमका सङ्ग्रहालयको विकासमा साझेदारी पनि बढाउन मद्दत पुग्छ ।

## सन्दर्भ सामग्रीहरू

नेपालको संविधान २०७२

स्थानीय सरकार संचालन ऐन २०७४

जैमिनी नगरपालिकाको आ.ब २०८१/०८२ को बजेटबक्तब्यः https://jaiminimun.gov.np/content बाट उद्धृत ।

राष्ट्रिय योजना आयोग (२०१९), *दोस्रो पञ्चवर्षीय योजना २०१९,* काठमाडौं ।

UNESCO (2015). Recommendation concerning the protection and promotion of museums and collections, their diversity and their role in society, Paris.

United Nations . (2022) . Creative Economy Outlook 2022. New York, USA : United Nations Publications. https://www.unesco.org/en/museums .

https://www.spotlightnepal.com/2025/06/04/museum-communication-prospect-and-practice/

https://netizennepal.com/content/17478

https://netizennepal.com/content/16878

https://netizennepal.com/content/15573

https://www.aam-us.org/

https://www.unesco.org/en/articles/supporting-museums-unesco-report-points-options-future

TEA/AECOM (2023). *Theme Index and Museum Index: The Global Attractions Attendance Report,* presented in partnership with Storyland Studios published by Themed Entertainment Association ( TEA).

# मानसी संस्कृति र सङ्ग्रहालय



डा. पदमराज कलौनी
अनुसन्धानकर्ता

*सङ्ग्रहालयलाई निजीस्तरमा सञ्चालन गर्न झन् गाह्रो छ । सङ्ग्रहणीय वस्तुबाट तुरुन्तै फाइदा नहुने हुँदा यथेष्ट लगानी गर्ने अवस्था छैन । ऐतिहासिक महत्वका वस्तुको सङ्ग्रह गर्ने कार्य योजना, अध्ययन, अध्यापन एवं अनुसन्धान गराउने परिपाटी हाम्रा कलेज एवं विश्वविद्यालयहरुमा देखिँदैन । बसाइँसराइका कारणले भौतिक एवं अभौतिक संस्कृति विनाश भएका छन् ।*

## पृष्ठभूमि

कुनै पनि समाजका मानिसको सोच्ने, विचार गर्ने, काम गर्ने आदि तरिकालाई संस्कृति भनिन्छ । समाजका समग्र गुणहरूले संस्कृतिको स्वरूपलाई झल्काउँछ । संस्कृतिले साहित्य, धार्मिक कार्य, मनोरञ्जन र आनन्द लिने तरिकालाई बुझाउँछ । सांस्कृतिक विरासतमा मानिसको बानी व्यहोरा, आदत, सृङ्गार, भाषा, कला, संगीत, नृत्य, धर्म, रीति-रिवाज, सामाजिक र आध्यात्मिक अभिव्यक्ति पर्दछन् । संस्कृतिका दुईवटा भेद हुन्छन् जसलाई भौतिक र अभौतिक संस्कृति भनिन्छ ।

भौतिक संस्कृतिः भौतिक संस्कृति भन्नु र मूर्त संस्कृति भन्नु एउटै हो । भौतिक वस्तुको निर्माण मानिसले आफ्ना लागि गर्छ । भौतिक संस्कृति आकार प्रकारमा देख्न, छुन र भोग्न सकिन्छ । आधुनिक समाजमा भौतिक संस्कृति अधिक पाइन्छ । प्रो. वियरस्टिडले भौतिक संस्कृतिका तत्वहरूलाई १३ वर्गमा विभाजन गरेका छन् जस्तैः मेशीन, उपकरण, भाँडाकुँडा, घर, पुल, शिल्प वस्तु, कलात्मक वस्तु, वस्त्र, यातायातका साधन, फर्निचर, खाद्यपदार्थ र औषधि ।

भौतिक संस्कृति मूर्त हुन्छ, निरन्तर वृद्धि हुँदै जान्छ । मापन गर्न सकिन्छ । परिवर्तन शीघ्र हुन्छ र परिवर्तन बिना ग्रहण योग्य हुँदैन । यसलाई उपयोगिता एवं लाभको आधारमा मूल्याङ्कन गरिन्छ । एक स्थानबाट अर्को स्थानमा लैजादा उसको स्वरूप परिवर्तन हुँदैन जस्तैः मोटर, गाडी, पोसाक आदि ।

अभौतिक संस्कृतिः यसमा अभौतिक एवं अमूर्त वस्तु समावेश हुन्छन् । यसमा कुनै नापतौल, मापन, आकार एवं रङ्ग आदि हुँदैन । संस्कृति सामाजीकीरण एवं सिकाइ प्रक्रियाद्वारा पुस्तान्तरण हुन्छ । अभौतिक संस्कृतिको तात्पर्य मूर्त बिनाको संस्कृति हो जस्तै मूर्ति (भौतिक वस्तु) मा भगवान छ भनेर गरिने विश्वास एवं आस्था पनि अभौतिक संस्कृति हो । यसलाई विचार एवं विश्वासको माध्यमले मानव व्यवहार माथि नियन्त्रण, नियमितता र प्रभाव आदि राख्न सकिन्छ । प्राध्यापक वियरस्टिडले अभौतिक संस्कृति अन्तर्गत विचार र आदर्शका नियमलाई सर्वाधिक महत्व दिएका छन् । उनका अनुसार विचार नै अभौतिक संस्कृतिको प्रमुख अङ्ग हो । यसका अतिरिक्त उनले अन्य विषयवस्तुहरु जस्तैः वैज्ञानिक सत्य, धार्मिक विश्वास, पौराणिक कथा, उपाख्यान, लोकसाहित्य, अन्ध-विश्वास, शुत्र र लोकोक्ति आदिका बारेमा पनि उल्लेख गरेका छन् ।

माथिका सबै विचार अभौतिक संस्कृतिका अभिन्न अङ्ग हुन् । व्यवहारमा आदर्श नियम लागु हुन्छन् । प्राध्यापक वियरस्टिडका अनुसार आदर्श नियमलाई कानुन, अधिनियम, नियम, नियमन, प्रथा, जनरीति, लोकाचार, निषेध, फेसन, संस्कार, कर्मकाण्ड, अनुष्ठान, परम्परा र सदाचार गरी १४ भागमा विभक्त गरेका छन् ।

अभौतिक संस्कृति अमूर्त हुन्छ । मापन गर्न कठिन हुन्छ । अभौतिक संस्कृति जटिल हुन्छ । उपयोगिता एवं लाभको आधारमा मूल्याङ्कन गर्न कठिन हुन्छ । यसमा परिवर्तन ढिलो र विस्तारै हुन्छ । एकस्थानबाट अर्को स्थानमा ग्रहण वा अपनाउँदा यसको स्वरूपमा सामान्य परिवर्तन हुन्छ । अभौतिक संस्कृति मानिसको आध्यात्मिक चेतना एवं आन्तरिक जीवनसँग सम्बन्धित हुन्छ ।

## मानसी संस्कृति र सङ्ग्रहालय

मानसी भन्नाले पौराणिक कालमा पूर्वमा भेरी-कर्णाली (काक पर्वत) र रोल्पाको शारदा खोला, पश्चिममा नन्दपर्वत, अलकन्दा र पिण्डर नदीको सङ्गमसम्म, उत्तरमा तिब्बतको पठार बागसम्म र दक्षिणमा सरयु गङ्गासम्म फैलिएको कैलाश पर्वत हिमालय, महाभारत र तराईको विशाल भूभागलाई मानस खण्ड भनिन्थ्यो । पङ्तिकारले यहाँ 'मानसी' संस्कृतिको रुपमा सुदूरपश्चिम प्रदेशमा सङ्ग्रह गरिएका संस्थागत र व्यक्तिगत दायित्वमा रहेका सङ्ग्रहालयको सन्दर्भ उल्लेख गर्न खोजेको छ ।

प्राचीन मानसखण्ड नै खुला सङ्ग्रहालय हो । संसारमा मानव सृष्टि कुन स्थानमा भयो भन्ने प्रश्न अहम् छ । महर्षि दयानन्दले सत्यार्थ प्रकाशनको आठौं परिच्छेदमा मनुष्यको सृष्टि त्रिविष्टप अर्थात् तिब्बतमा भएको बताएका छन् । आधुनिक राजनीतिक विभाजनमा तिब्बत चीनमा छ । परमात्माले तिब्बतमा अमैथुनी सृष्टि गरेका थिए । उनले वेदको अध्ययन गरी वेदानुयायी मनुष्य आर्य निवास भएकै कारणले आर्यावर्त भनिएको

सिद्ध गरेका छन् । स्वामी विद्यानन्द सरस्वतीले पनि महाभारत ग्रन्थको आधारमा तिब्बतलाई आदि मानवको सृष्टिस्थल बताएका छन् ।

महाभारतका अनुसार आदि मानवको सृष्टि हिमालयको मानसरोवर निकट भएको उल्लेख छ । स्वामी विद्यानन्द सरस्वतीको पुस्तक "आर्ष दृष्टि" मा पनि मानसरोवर निकटमा मानवको सृष्टि भएको हो भनिएको छ ।

महाभारतका अनुसारः

हिमालयाभिधानोऽयं ख्यातो लोकेषु पावकः।

अर्धयोजनविस्तारः पंचयोजनमायतः।।

परिमण्डलयोर्मध्ये मेरूरुत्तमपर्वतः।

ततः सर्वाः समुत्पन्ना वृत्तयो द्विजसत्तमः।।

संसारमा हिमालय पवित्र मानिन्छ । आधा योजन चौडा र पाँच योजन लम्बाई भएको मेरु पर्वत छ, जहाँ मनुष्यको उत्पत्ति भएको हो । यहींबाट ऐरावती (नदी), वितस्ता (सात समुन्द्रको नदी), विशाला (नदी), देविका आदि नदी निस्कन्छन् । "देविका पश्चिमे पार्श्वे मानसं सिद्धसेवितम् । देविकाको पश्चिमी किनारमा मानस (मानसरोवर) छ जुन तिब्बत अन्तर्गत छ । यो ज्ञातव्य छ कि आदि युगमा मानसरोवरको वरपर समशीतोष्ण जलवायु छ । अतः यसले प्रमाणित गर्दछ कि आदि मानव सृष्टि स्थल तिब्बत नै हो ।

तिब्बतमा मानिसको आदि वा प्रथम सृष्टि भएको सिद्धान्तलाई एक वर्गका वैज्ञानिकले पनि स्वीकार गरेका छन् । बडौदाबाट प्रकाशित इण्डियन एक्सप्रेस (दिनांक १६ फरवरी १९९५) को मुखपृष्ठमा छापिएको समाचार अनुसार

Human life originated in Tibet, Says Theory शीर्षकमा Scientists have propounded the theory that human life orginated in Tibet after the Planets greatest intercontinental collision. They have come out with a hypothesis that all human life is formed out of the uplift of the Tibetan plateau when the Indian subcontinent crashed into Asia many million years ago.

आदि मानव सृष्टिस्थल तिब्बती हिमालय अन्तर्गत माउण्ट एभरेस्ट (सगरमाथा) निकट हो । जसलाई संसारको सबैभन्दा उच्च शिखर मानिन्छ । अर्को कारणमा मानसखण्ड तिब्बतको निकट छ, जहाँ सुदूर प्राचीन कालदेखि ऋषिमुनि तथा ईश्वरीय ज्ञान वेदको उत्पत्ति भै प्रचार र प्रसार भएको थियो । यही संस्कृति विश्वको आदि संस्कृति हो । वेदमा उल्लेख गरिएको भाषा नै विश्वका सबै भाषाको जननी हो ।

महाउपनिषद्ले “वसुधैव कुटुंबकम्” अर्थात् (संसार एउटा परिवार हो) भन्ने विचारधाराको विकास गरायो । श्लोकमा मानवीय विचारधाराले सार्वभौमिक एकता र भाइचाराको भावनालाई उजागर गरेको छ ।

मानस प्रदेशमा अनेकन कलात्मक, सांस्कृतिक, ऐतिहासिक र वैज्ञानिक महत्वका कृति छन् । कयौं सम्पदा (मठमन्दिर, गुफा, आरक्ष आदि) सार्वजनिक/प्राकृतिक सङ्ग्रहालयको रूपमा अक्षुण्य छन् । विभिन्न स्थानमा ऐतिहासिक, कलात्मक र सांस्कृतिक सम्पदाको रूपमा सुरक्षित छन् । वैज्ञानिक अध्ययनको अभावले विषय वस्तुको प्रदर्शन, संरक्षण, अनुसन्धान र अध्ययन गर्नु पर्ने टड्कारो आवश्यकता छ । सङ्ग्रहयोग्य वस्तुको समयमा सोधखोज, लगत सङ्कलन, सुरक्षा, मर्मतसम्भार नहुँदा पूर्वजको जीवनशैली, रहनसहन, खानपिन, प्रयोग गरिएका भाँडाकुँडा, भेषभूषा आदिको अध्ययन र प्रचार–प्रसारमा कमी रहेको छ ।

सांस्कृतिक सम्पदाको संरक्षणमा सङ्ग्रहालयको महत्वपूर्ण भूमिका हुन्छ । सङ्ग्रहालयमा गरिने सङ्ग्रह योग्य वस्तु ऐतिहासिक र सांस्कृतिक महत्वका हुन्छन् । विगतमा मानवद्वारा प्रयोग गरिएका तर आधुनिक जनजीवनमा प्रयोग विहीन हुँदै गएकाले त्यस्ता वस्तुहरु लोप नहोउन् भनेर संरक्षण गरिन्छन् । संरक्षित वस्तुबाट विषयवस्तुको उपलब्धि र संघर्ष सिक्ने अवसर प्रदान हुन्छ । सङ्ग्रहालयलाई स्थिर प्रदर्शन मात्र सोचिनु हुन्न यसले जीवित र श्वास फेर्ने अस्तित्वलाई भावी पुस्ताका लागि सुनिश्चित गर्न सहयोग गर्दछ ।

सङ्ग्रहालयले कलाकृतिको सुरक्षित भण्डारण, अध्ययन र प्रदर्शन गर्न सहयोग पुर्‍याउँछ । पुर्खाले आविष्कार गरी दैनिक जीवनमा प्रयोग गरेका सुरक्षित एवं मानवपयोगी प्रक्रियासँग आधुनिक मानवलाई जोड्ने कार्य गर्छ । यसले भौतिक वस्तुसँग जोडिएका ज्ञानविज्ञान, संघर्षका कथा, परम्परा र मूल्यबारे जानकारी गराउँछ । मानसी संस्कृति आफैंमा वैभवशाली भएकाले यसको संरक्षण तथा यस बारेका ज्ञान हाल र भावी पुस्तालाई हस्तान्तरण गर्न सङ्ग्रहालय एक महत्वपूर्ण स्थल हो ।

## मानसखण्डका सङ्ग्रहालयको विकासक्रम

भारतमा मुगलकालको चरम विकाससँगै हिन्दू माथि भएको चरम धार्मिक यातना पश्चात् धर्मको रक्षार्थ मानसखण्डमा आएका हिन्दूले संस्कृतिको संरक्षण गर्ने प्रयास गरे । मानसी संस्कृति कैलाश मानसरोवर अर्थात् गौरा-महेश्वरको संस्कृति हिमालयदेखि सिन्धु हुँदै मानसखण्डमा प्रवेश गरेको पाइन्छ । स्थानान्तरणसँगै केही स्वरूप परिवर्तन हुनु स्वाभाविक थियो । हस्तलिखित चिन्ह, मानचित्र, मुद्रा, अनेकन आकृति, चित्र आदिको सङ्कलित स्वरूपमा पनि भिन्नता भयो । विशेषगरी कलाको सङ्ग्रहीत स्वरूप घर, पाटी पौवा, मन्दिर आदिमा देख्न पाइन्छ । अहिले पनि हस्तलिखित चिन्हा (चिना वा पातडो)  जीवित व्यक्तिको मात्र सञ्चय गर्ने चलन छ । विडम्बना भन्नु पर्छ कि ऐतिहासिक महत्वको सिङ्गो साहित्यलाई प्रतिनिधित्व गर्ने चिन्हा मानिसको मृत्यु पश्चात् जलाइने वा नदीमा सेलाउने गरिन्छ ।

पुरातत्वको माध्यमले प्राचीनतम संस्कृतिको जन्मस्थल कैलाश मानसरोवरदेखि सिन्धु सभ्यताबाट यथेष्ट जानकारी लिन सकिन्छ । सिन्धु सभ्यतासँग जोडिएका पुरातात्विक स्थलका रूपमा निर्माण भएका भवन, कोट (दरबार), ढुङ्गे मूर्ति, धातु मूर्ति, भण्डार, मुद्रा, देवस्थलको आर्किटेक्ट, पाटीपौवा, न्वालो, धारा, भवन, धर्मशाला आदिले सिन्धु सभ्यतालाई बचाइराखेको छ । यसले धार्मिक, आर्थिक, राजनीतिक, व्यापारिक र सामाजिक जीवनको जानकारी दिएको छ । आधुनिकतासँगै कयौं भौतिक संरचना लोप भैसकेका छन् ।

## सङ्ग्रहालयको आवश्यकता

विभिन्न किसिमका महत्व राख्ने विषयवस्तु तथा भौतिक संरचनालाई एकत्रित र सुरक्षित राख्नु आजको आवश्यकता हो । सङ्ग्रहालय मार्फत् शैक्षिक, पर्यटकीय, आर्थिक, सामाजिक र सांस्कृतिक प्रवर्द्धन गर्न सकिन्छ । पुरातात्विक महत्वका सङ्ग्रहयोग्य वस्तुलाई संरक्षित गर्ने नीति, नियम, कानुन, मापदण्ड, कार्यविधि आदि निर्माण गरी सङ्ग्रहालयलाई व्यवस्थित गर्नु आवश्यक छ ।

सङ्ग्रहालय सिङ्गो इतिहास र संस्कृतिलाई प्रतिनिधित्व गर्ने हुनाले जनचेतनामूलक कार्यक्रम आवश्यक छ । वास्तवमा सङ्ग्रहालय प्राचीन र आधुनिक अवस्थालाई जोड्ने पुल भएकोले यसबारे व्यापक बहस, जनचेतना, पैरवी चलाउनु तीनै तहका सरकारको दायित्व हुन्छ ।

## सङ्ग्रहालयको भविष्य

सङ्ग्रहालयहरु सांस्कृतिक सम्पदा हुन् । इतिहास र ज्ञानका संरक्षक हुन् । समकालीन कलाकृतिलाई परिभाषित गर्छन् । सङ्ग्रहालय संस्कृतिका रक्षक हुन् । अतीत, वर्तमान र भविष्यका पुल हुन् । जसले मानवलाई काम गर्दै अगाडि बढ्न प्रेरणा दिन्छन् । विडम्बना भन्नु पर्छ कि तीनै तहका सरकार एवं युनेस्कोको आँखा अहिलेसम्म मानसी संस्कृतिका सङ्ग्रहयोग्य वस्तु, पुराना कोट (दरबार), मठमन्दिर, व्यक्तिको पहुँचमा रहेका सङ्ग्रहमा परेको छैन । सङ्ग्रहालयलाई संरक्षण गर्न, शिक्षादायकको रूपमा विकास गर्न, प्रेरणामूलक बनाउन र संवादको रूपमा जनसमक्ष ल्याउन सकिएमा नयाँ पुस्ताले त्यसको महत्व बुझ्न पाउँछन् तर यी प्रयासको अभावमा कयौं पुरातात्विक महत्वका वस्तु र भौतिक संरचना असुरक्षित छन् भने कतिपय लोप भैसकेका छन् । प्राचीन महत्वका उद्योग, वास्तुकला, सहरी योजना, सांस्कृतिक चिन्तन र पर्यटन व्यवसायलाई आर्थिक केन्द्रको रूपमा दीगो विकास गर्न तीनै तहका सरकारको सक्रियता आवश्यक देखिन्छ ।

पूर्वजको ज्ञान सबैका लागि महत्वपूर्ण हुन्छ जसको संरक्षणका लागि सामाजिक सद्भाव र सामूहिक प्रयास जरूरत छ । त्यसो त पुर्खाको योगदानलाई सभ्यतासँग जोड्नु अति नै आवश्यक छ । समाज सेवामा गैर-लाभकारी, स्थायी संस्थासँग जोडेर भौतिक तथा अभौतिक विरासतलाई आधुनिक शिक्षाको अभिन्न अङ्ग बनाएर

शोध, सङ्ग्रह, संरक्षण, व्याख्या र प्रदर्शन गर्नु आवश्यक छ । सङ्ग्रहलाई जनताका लागि खुला, सर्वसुलभ र समावेशी बनाइनुपर्दछ । मानसी संस्कृतिको सम्बन्ध उजागर गर्ने केही पक्षहरु अहिले पनि देख्न सकिन्छ जुन यस प्रकार छन् :

## साहित्य एवं अभिलेखको योगदान

प्राचीनकालदेखि मध्यकालसम्म समय-समयमा अनेकानेक साहित्यको निर्माण भए पनि मानसी समाज एवं संस्कृतिको जानकारी अझै पर्याप्त छैन । ब्राम्हण, बौद्ध, बोन र जैन धर्मप्रधान साहित्यको ऐतिहासिक रचनाकालको प्रभाव तत्कालीन मानसी समाजमा पनि परेको छ । जसबाट तत्कालीन समाजका गतिविधिका बारेमा ऐतिहासिक र साहित्य विधाको सांस्कृतिक जीवन मुखरर हुन्छ । विभिन्न पुराणका कथाको माध्यमले सामाजिक र धार्मिक क्रिया अभिव्यक्त हुन्छन् ।

## उत्कीर्ण लेख/अभिलेख

ढुङ्गा, पर्खाल, गुफा, स्तम्भ, ताम्रपत्र आदिमा कोरिएका प्रमाणिकताले इतिहास निर्माण हुन्छ । माथि उल्लेख भएका वस्तुमा लेखिएका वा कोरिएका प्रमाणले तत्कालीन मानसी समाज र संस्कृतिको झलक पाइन्छ । तत्कालीन राजप्रशासन, दानधर्म, भवन निर्माण, मन्दिर निर्माण, प्रशस्तिपत्र, जग्गाधनीका नाममा लेखिएका कागज आदिबाट साहित्यको अवस्था बुझ्न सकिन्छ । राजाहरूको नामावली, वंश, सामन्तको परिचय, विग्रह सन्धि, सामाजिक, धार्मिक र आर्थिक कार्यको जानकारी लिन सकिन्छ ।

## मुद्राको योगदान

आर्थिक एवं सामाजिक इतिहासको निर्माणमा मुद्राको योगदान अभुतपूर्व छ । मुद्राबाट तत्कालीन शासक र समयको ज्ञात हुन्छ । तत्कालीन भाषा, लिपि, धर्म, सामाजिक र आर्थिक अवस्थाको जानकारी पाइन्छ । आधुनिक इतिहासले घटनाको सङ्ग्रह गर्दछ जसवाट शासनको पतन र उत्थानको जानकारी पाइन्छ । यसैवाट आधुनिक इतिहासको निर्माण हुन्छ । सङ्ग्रहीत लेख, शिलालेख, पत्र, चित्र, मुद्रा आदिको माध्यमले बिद्रोह, आन्दोलन आदि घटनाको विवरण थाहा पाउन सकिन्छ ।

## पुरातात्विक महत्वका मानसी सङ्ग्रहालयहरू

मानसका विभिन्न स्थानमा सङ्ग्रहालयकै रूपमा सञ्चालन हुन सक्ने केहि सम्पदास्थलहरूका बारेमा चर्चा यहाँ गरिएको छ ।

**१. उकु दरबारः** दार्चुला जिल्लाको मालिकार्जुन गाउँपालिका वडा नम्बर-६ उकुमा रहेको उकु दरबार पुरातात्विक, प्राचीन, ऐतिहासिक महत्वको दरबार हो । शक सम्वत् १२५७- १३१५ तिर तत्कालीन डोटी राज्यका रैका शासकहरु (कत्युरी राजवंशका वंशज) द्वारा निर्माण भएको थियो तर अहिले भग्नावशेष मात्र

बाँकी छ । शिलालेख, कोटघर, देवस्थल, दरबारको किल्ला, कलात्मक ढुंगे मूर्ति, शिखर (गजुर) अर्ध भाग, ढुङ्गेधारा, बसाहा, सिंह, र चट्टान आदि चोरिने र केरमेट हुने अवस्थामा छन् । अस्कोट विजय गर्नु भन्दा पहिला उकु दरबारको निर्माण भएको थियो जुन १४ औंदेखि १६ औं शताब्दीमा पाल राजाले निर्माण गरेको दरबार हो । यसमा विभिन्न आकृतिमा कुँदिएका मूर्तिहरु पनि रहेका छन् ।

कत्युरी राजवंशको अन्त्यपछि १२ औं शताब्दीमा पाल राजाहरूले अस्कोट, अजयमेरुकोट, दिपालयकोट आदि क्षेत्रमा बसोबास गरेको पाइन्छ । मध्यकालीन कत्युरी राजाहरुको राजधानी उकु मानिन्छ । १२ औं शताब्दीमा पाल राजाहरु अस्कोट, अजयमेरुकोट र दिपालयकोट आदि क्षेत्रमा राजकाज गरेका थिए ।

निरै पालको ऐतिहासिक अभिलेख डोटी डडेल्धुरा, पिथौरागढको डिडिहाट र अल्मोडामा भेटिएको छ । नेपालमा भेटिएको अभिलेखअनुसार निरै पालले सन् १३५२ देखि सन् १३६२ सम्म राज्य गरेको देखिन्छ । अल्मोडामा निरैपाल लेखिएको ढुङ्गा सन् १३५४ भेटिएको थियो ।

**२. व्यास गुफाः** दार्चुलाको सीमाना चीनको स्वशासित प्रदेश तिब्बतसँग जोडिएको छ । तिब्बतसँग व्यापार गर्ने प्रमुख नाका व्याँस क्षेत्र हो । दार्चुला जिल्लामा व्यास नामक विशाल गुफा छ । यहाँबाट कैलाश पर्वत नजिक पर्छ । कैलाश मानसरोवर तीर्थ यात्रा गर्ने प्रमुखद्वार पनि हो । कैलाशमा गौरा-महेश्वर (शिव-पार्वती) को निवास भएकोले वेदव्यासले कैलाशबाट गणेशलाई बोलाएर ब्यास गुफामा पुराण, महाभारत आदि ग्रन्थ लेखेका थिए । व्यासमा पाइने प्राचीन भोजपत्रमा उनले महाभारत लगायतका ग्रन्थ लेखेका थिए । आदिवासी सौका समूदाय आफूलाई वेदव्यासका सन्तान/खलक भएको बताउँछन् । उनीहरुको थर र वसोवास गर्ने स्थान पनि व्यासी नै छ । व्यासकै सम्झनामा व्यास हिमाल, व्यास गर्खा, व्यास गुफा, व्यास मन्दिर आदि रहेका छन् ।

**३. देवलहाट पञ्चदेवलः** बैतडी जिल्लाको दशरथ चन्द नगरपालिका-४ देवलहाटमा पञ्चदेवल मन्दिर छ । मन्दिर अहिले पनि भौतिक रुपमा सम्पन्न र बलियो छ । मन्दिरका बारेमा अनेकन किंबदन्तीहरु छन् । यो पनि एउटा खुला सङ्ग्रहालयको रुपमा स्थापित छ । कसैले तत्कालीन समयका राजाहरूले हतियार राख्ने कोत बनाएको भन्छन् भने कसैले पाण्डवहरूले वनवासको समयमा आफू बस्न निर्माण गरेको भन्ने गर्छन् । देवलहाट मन्दिरको अहिले हुलाक टिकट प्रचलनमा छ । पुरातत्व विभागद्वारा जीर्णोद्धार गर्ने क्रममा ढाल, तरबार र खुँडा आदि भेटिएका हुँदा मन्दिर नभएर कोत थियो कि भन्ने पुष्टि पनि हुन्छ । शिलापत्रमा ‘गर्गदेव पुत्रस्य” लेखिएको छ ।

**४. शर्माली गढी किल्लाः** बैतडी जिल्लाको शर्मालीमा नेपाल एकीकरणको समयमा निर्माण भएको सामरिक महत्वको शर्माली गढी छ । यसलाई नेपाली वीरताको गाथा बोकेको पदचिन्ह मानिन्छ । बहादुर शाहको शासनकालमा नेपालको एकीकरण अभियानमा कुमाऊँ-गडवालमाथि विजय हासिल गर्न यसको निर्माण भएको

थियो । यहाँबाट कुमाऊँ क्षेत्र नजिक पर्ने हुँदा यसलाई नेपाली सैनिकले आधार किल्ला बनाएका थिए । यसको निर्माण अमरसिंह थापा र सुरवीर थापाले गरेका थिए । आर्कीटेक्ट इन्जिनियरिङ्ग हेर्दा डडेल्धुराको अमरगढी किल्ला, बैतडी शर्माली किल्ला र पिथौरागढको लन्डन पोर्ट वा गोरखा किल्ला एउटै प्रकृतिको देखिन्छ ।

**५. कुल्लेककोट दरबारः** बैतडी सदमुकाम नजिक दशरथचन्द नगरपालिका-४, देवलहाटमा कुल्लेककोट दरबारको भग्नावशेष रहेको छ । दरबारमा प्रयोग भएका शिलालेख र मूर्तिका अनुसार यो १६ औं शताब्दीमा निर्माण भएको देखिन्छ । अहिले यो दरबार खण्डहरमा परिणत भएको छ ।

वि.सं.१६३०-१६५० सम्म रूद्रवीर शाहले राज्य गरेको पाइन्छ । कुल्लेककोट दरबार अहिले भग्नावशेषमा छ । ऐतिहासिक कुल्लेककोट दरबारको संरक्षणको अभावमा पुरातात्विक महत्वका वस्तु चोरी भएका छन् । दरबार बाह्रौं शताब्दी अघि निर्माण भएको अभिलेख भेटिएको छ । रूद्रवीर शाहपछि रानादेव चन्दले राज्य गरेका थिए । कुल्लेक कोटका अन्तिम राजा झुली चन्द थिए । झुली चन्दले नेपाली फौज (राजा बहादुर शाहको बलियो सेना) सँग लडाई लडेका थिए । झुली चन्द साहसिक राजा थिए । उनको साहसको कदर गर्दै नेपाली सेनाले उनको सम्झनामा अरिदमन पल्टन नामकरण गरेको छ ।

**६. बोकटा कोट :** डडेल्धुरा भागेश्वरमा बोगटा कोट (दरबार)मा बोगटी राजाको प्राचीन कोत छ । वोगटा क्षेत्रमा मल्लो कोत, बीचको कोत र तल्लो कोत गरी तीनवटा कोतहरु छन् । कोटको  आर्कीटेक्ट हेर्दा पर्खाल चाक्लो ढुङ्गाले बनेको छ । पर्खालमा सालका काठको बीम भएकोले भूकम्प प्रतिरोधात्मक कोट हो भन्ने बुझिन्छ ।

शाके १५२० (वि.सं.१६५५) मा रैका राजा हरि शाहीले राजपुरबाट गएर उक्त दरबार कब्जा गरेको अनुमान गरिन्छ । रैका राजवंशका हरि शाही (प्रथम) तानाशाही मानिन्छन् । यसको दृष्टान्त किंबदन्तीबाट पुष्टि हुन्छ :
पलमरी वाखरी, सेरमली गाई ।
धुरीमथि चान पुगाई धन्न हरि शाही ।।

रैका राजवंशका राजा विष्णु शाहीको शाके १७१३ (वि.सं.१८४८) आश्विन शुदीको ताम्रपत्रअनुसार- 'अघि महाराजा हरि शाहीले वोगटा केसरी शाहीका भाग लाग्या हो । डुगरी कलाउ पानर शाहीका भाग छुट्याइ दियाको हो ।' डोटी राज्यका रजवारहरूको सेखी झार्न ढोकामा गामन टाँग्ने, भित्र कुकुरलाई सिङ्गार पटार गरी राजाको रूपमा प्रस्तुत गर्ने र झुक्याएर ढोग्न लगाउने गर्थे ।

**७. अमरगढी किल्लाः** राष्ट्रिय विभूती अमरसिंह थापाको नाममा अमरगढी किल्ला प्रख्यात छ । डडेल्धुरा जिल्ला सदरमुकामसँगै टाकुरामा स्थापित किल्ला ६,५०० फिट उचाइ छ । राजा रणबहादुर शाहको शासनकाल र बहादुर शाहको नायवीमा नेपाल एकीकरणको सिलसिलामा किल्ला निर्माण गरिएको थियो । वि.सं. १८४७ भाद्र

१३ गते सेती नदीको नारीदाङमा कप्तान रणवीर खत्रीको नेतृत्वको गोरखाली सैनिक र डोटीका सैनिकका बीचको लडाइमा गोरखाली सैनिकले विजय प्राप्त गरी डडेल्धुरासम्मको भूभागमा झण्डा फहराएका थिए ।

डोटी राज्यलाई गाभेपछि नेपाल सरकारले अमरसिंह थापालाई सुशासन सुदृढ गर्न र राज्य विस्तार गर्न डोटीको प्रथम प्रशासकको रूपमा खटाए । उनले महाकालीका अन्य भूभागमा युद्ध गर्ने अभियानकै क्रममा अमरगढी किल्लाको निर्माण गरे । किल्लालाई केन्द्र मानेर सरदार अमरसिंह थापासहित जगतजित पाण्डे, कप्तान गोलैया, कप्तान रणवीर खत्री सुब्बा आदिले शर्माली गढी निर्माण गरी कालीकुमाऊँ विजय गर्ने अभियान गरेका थिए ।

अमरगढीको ऐतिहासिक महत्व छँदैछ यसले विशाल ढुङ्गे कलात्मक किल्ला बनाउन सकिने इन्जिनियरिङ्गलाई प्रेरणा दिएको छ । किल्लाभित्र रणनीतिक महत्वका सुरूङ मार्ग छन् । सुरूङबाटै शत्रुलाई छल्ने र सैनिक अस्त्र प्रहार गर्ने मार्ग छ । किल्लाको बीच भागमा उग्रभैरवको मन्दिर छ । किल्लालाई बहादुरी, धार्मिक र सामरिक महत्वको मानिन्छ । किल्लाको महत्व ऐतिहासिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, सामाजिक एवं पुरातात्विक छ ।

**८. अजयमेरू कोट :** अजयमेरूकोट अहिले डडेल्धुरा जिल्लाको अजयमेरूमा पर्छ । बाइसे राज्यकालीन समयमा डोटीको राजधानी अजयमेरु कोटमा थियो । कोट प्राचीन कलाले सम्पन्न छ । दरबार सुविधा सम्पन्न छ । यहाँ देवल, पानीका न्वाला, तबेला, बैठक कक्ष, पोखरी आदि छन् । यसमा वास्तुकलाको आकर्षक नमुना पाइन्छ । डोटीका राजाको आठ सय वर्षअघि ग्रीष्मकालमा बस्ने दरबारको रूपमा थियो । तर अहिले संरचना भत्केको छ । किंबदन्तीअनुसार मुख्य दरबार सात तला थियो । चारैतिर भाइभारदार बस्ने हवेली थिए । आजभोलि सबै संरचना भग्नावशेषमा परिणत भएका छन् ।

कोटका बारेमा अनेक किंबदन्ती छन् । कसैले कत्युरी राजवंशका राजा अजय पाल देवले ११ औं शताब्दीको प्रारम्भमा निर्माण गरेकोले अजयमेरु कोट रहन गएको भन्छन् । कसैले अजयमेरु कोटका प्रथम राजा रञ्जना पालले १३ औं शताब्दीमा कोट निर्माण गरेको भन्छन् । कसैले १३ औं शताब्दीको उत्तरार्द्धमा कत्युरी वंशज राजकुमार सहस्त्र पाल र निरय पाल देवले वि.सं. १४१९ मा सिञ्जा राज्यसँग युद्ध जितेर आएपछि कोट निर्माण गरेको भन्छन् । कसैले नागी मल्लद्वारा निर्माण गरिएको हो भन्छन् ।

**९. डोटीको भैरव कोट:** दिपायल सिलगढी नगरपालिका-२ मा रहेको गनैर गौँडाडाँडामा भैरवकोट राजदरबार छ । तत्कालीन समयमा डोटी राज्य शक्तिशाली मानिन्थ्यो । डोटीका राजाहरूले चारसय वर्षसम्म यसै दरबारबाट शासन चलाएका थिए । भैरवकोट दरबार राजा कल्याण मल्लले बनाएका थिए । गर्मी याममा डडेल्धुराको अजयमेरु कोट गएर राजकाज गर्ने गर्थे ।

वि. सं. १८४७ भाद्र ३१ गतेका दिन गोर्खाली सेनासँग पराजित भएपछि राजा भागेर भारतको सिंगाहीमा विरासत लिएर बसे । अहिले भैरवकोट दरबार प्रयोग विहीन र खण्डहरमा परिणत भएको छ । कोटदेखि सेती नदीसम्म रानीले स्नान गर्ने भूमिगत बाटो थियो जुन अहिले पुरिएको छ । दरबारको निर्माणमा कलात्मक र आकर्षक ढुङ्गा छन् ।

**१०. डोटीको निरौली दरबारः** डोटी जोरायल गाउँपालिका-६ निरौली स्थित निरौली दरबार छ तर संरक्षणको पखाइमा छ । वि.सं. १४३९ मा तत्कालीन राजा निरैपालले दरबार बनाएकाले उनैको नामले दरबार चिनिन्छ । आजभोलि यसलाई निरौली दरबार भनिन्छ ।

**११. डोटी सिलगढी दरबारः** वि.सं. १९९० को दशकमा बहादुर शमशेरले निर्माण गरेको दरबार दिपायल सिलगढी-६ नाचन्थलीमा छ । राणाकालीन दरबारलाई “मल्लो ढोका” को नामले पनि चिनिन्थ्यो । दरबार भग्नावशेष अवस्थामा छ । शाही शासनकालमा तल्लो ढोकामा जिल्ला प्रशासन कार्यालय र मल्लो ढोकामा बडा हाकिमको निवास थियो । चालिस कोठे मल्लो ढोकामा कोत गार्ड, सुसारे निवास, मनोरञ्जन घर, पूजाघर आदि थिए । अहिले सबै कोठाहरु भत्किएका छन् ।

**१२. बभाङको व्यासी दरबारः** बभाङको ब्यासमा व्यासी कोट दरबार छ । कोटको निर्माण वि.सं १५०२ तिर तत्कालीन बभाडी राजा शक्ति सिंहले गरेका थिए । यही कोटबाट बभाडी राजाहरूले चार सय वर्ष राज्य चलाए । वि.सं. १९७०-१९९० सम्म राजा देवीजंग बहादुर सिंहले बभाङको राजधानी व्यासमा स्थापना गरे । वि.सं. १९९५ मा उनको मृत्यु भएपछि १९९६ मा रामजङ्ग बहादुर सिंहले दरबारबाटै मालपोत, कारागार, अदालत चलाए । मानवतावादी राजा जयपृथ्वीबहादुर सिंहले समेत केही समय राज्य सञ्चालन गरेका थिए जसका विभिन्न शिलालेख, प्राचीन मूर्ति, पुरातात्विक र ऐतिहासिक सामग्री छन् ।

**१३. बभाङ्ग तल्कोट दरबारः** तल्कोटको खौला बजारको पूर्वी भागमा अवस्थित डाँडामा ऐतिहासिक महत्वको दरबार छ । खौलाबजारबाट १६५ वटा कलात्मक ढुङ्गे सिँढी चढेर दरबारमा पुगिन्छ । यहाँका अन्तिम राजा ओमजङ्ग बहादुर सिंह थिए । उनी वि.सं. २०१८ सालको नेपाली काँग्रेसको बिद्रोहमा रामचन्द्र हमालको उक्साहटमा लागेर बैतडीको मर्मामा मारिएका थिए । तत्कालीन समयमा उनले नेपाल सरकारबाट बभाङ राज्यको सम्पूर्ण राजपाट आफूले पाउनु पर्ने भन्दै बिद्रोहमा लागेका थिए ।

गौरी पूजा, गौरा नाच आदिका लागि अहिले पनि दरबारको प्राङ्गणमा खेलिन्छ । पुजारीले गौरीको पुतला बनाएर विशेष कपडाको पहिरन लगाई ठूलो छाता ओढाएर दरबारमा भित्र्याउने चलन छ । सामाजिक, धार्मिक तथा सांस्कृतिक एकताको प्रतीक दरबारलाई मानिन्छ । स्थानीय मठमन्दिरमा सामूहिक पूजाआजा हुँदा अहिले पनि राजाको प्रतिनिधि अनिवार्य मानिन्छ । दरबारको अवलोकन र सांस्कृतिक महत्वले स्वदेशी तथा स्थानीय पर्यटकको आकर्षण बन्दै छ । यहाँबाट साइपाल हिमाल जान सकिन्छ । यो क्षेत्र चीनको तिब्बतमा पर्ने कैलाश मानसरोवर जाने प्रवेशद्वार पनि हो । पहिला–पहिला धुलीकाँडा हुँदै चीनबाट व्यापार गरिन्थ्यो ।

**१४. बभाङ भोपुर दरबारः** वि. सं. १९९०-१९९६ मा निर्माण गरिएको बभाङको सदरमुकाम चैनपुर स्थित भोपुर दरबार राजा देबीजङ्ग बहादुर सिंहले निर्माण गरेका थिए । उनले दरबार निर्माण गर्न भारतको कलकत्ताबाट इन्जिनियर मगाएका थिए । दरबार ऐतिहासिक र भूकम्प प्रतिरोधी बनाइएको थियो । अहिले दरबार जीर्ण अवस्थामा छ ।

**बभाङ राज्यको पृष्ठभूमिः** खस राज्यको विघटनसँगै डोटी राज्य शक्तिशाली बन्यो । १८ औं शताब्दीको मध्यतिर डोटी राज्यको पतन हुँदा बभाङ्ग स्वतन्त्र राज्यको रूपमा स्थापित भयो । विस्तारै बाइसे राज्यहरूमा बभाङले आफ्नो अस्तित्व कायम गर्‍यो । स्वतन्त्र बभाङका प्रथम राजा कल्यान सिंह थिए । त्यसपछिका राजाहरूमा क्रमशः अम्बर सिंह, समुद्र सिंह, रघुनाथ सिंह, इन्द्र सिंह, गजराज सिंह, गोविन्द सिंह, बिक्रम बहादुर सिंह, जयपृथ्वी सिंह (विकास प्रवर्तक राजा), देवीजंग बहादुर सिंह (जय पृथ्वी सिंहका भाइ), रामजंग बहादुर सिंह (देवीजंग बहादुर सिंहका छोरा) थिए ।

**१५. बाजुराको कुडीकोट दरबारः** बाजुराको बुढीगङ्गा नगरपालिका-१, कुडीकोटमा कुडीकोट दरबार राजा मुकुन्द बहादुर सिंहको पालामा निर्माण गरिएको थियो । बाजुरामा दरबारलाई कोटघर भन्ने गरिन्छ । ऐतिहासिक तथा पुरातत्व महत्वका कोटलाई स्थानीय सरकारले पनि उपेक्षा गरेको छ । बाइसे चौबिसे राजाको पालामा निर्माण गरिएका दरबार जीर्ण अवस्थामा छ ।

**१६. बाजुराको बार्जुकोट दरबारः** बुढीगङ्गा-४ स्थित बार्जुकोट दरबार पनि भग्नावशेषमा सीमित छ । संघीयता लागु भएपछि प्रदेश सरकारले बार्जुकोट दरबार नजिकै भ्युटावर निर्माण गरे पनि पुरातात्विक महत्वको दरबारलाई उपेक्षा गरेको छ । ऐतिहासिक बार्जुकोट दरबार पर्यटकीय क्षेत्रको महत्व बोकेको छ ।

**१७. अछामको मंगलसेन दरबारः** अछामको सदरमुकाम मंगलसेनमा अछामी राजा टीकाभुक शाहले निर्माण प्रारम्भ गरी उनकै छोरा राजा दलबहादुर शाहले वि. सं. १९३५ मा निर्माण सम्पन्न गरेको मंगलसेन दरबार छ । वि. सं. २०२९ मा अछामी राजाका सन्तानले नेपाल सरकारलाई बिक्री गरेको दरबार वि. सं. २०५८ फागुन ४ गतेका दिन तत्कालीन नेकपा माओवादीको आक्रमणले ध्वस्त भएको थियो । हाल उक्त दरबारको जीर्णोधार भैसकेको छ । यसलाई पर्यटकीय र ऐतिहासिक धरोहर मानिन्छ । परम्परागत शैलीमा निर्माण गरिएको दरबार यो तीनतले र ३० कोठाको छ ।

**१८. अछाम बिमकोट दरबारः** अछामको बिमकोटमा राजाको दरबार छ । संरक्षण नहुँदा जीर्ण अवस्थामा छ । नेपाल एकीकरणताका बाइसे, चौबिसे राज्यमध्येको प्रमुख दरबार थियो ।

**१९. खप्तड राष्ट्रिय निकुञ्जः** बभाङ, बाजुरा, डोटी र अछाम जिल्लाको संगमस्थल खप्तड राष्ट्रिय निकुञ्ज हो । वि. सं. २०४२ मा स्थापित खप्तड राष्ट्रिय निकुञ्ज २२५ बर्ग किलोमिटरमा फैलिएको छ । यो समुन्द्र सतहबाट २४००-३७०० मिटर उचाइमा अवस्थित छ । भू-स्वर्ग भनेर चिनिने खप्तडभित्र २२ वटा पाटनसँगै

त्रिवेणी नदी तटमा मन्दिर रहेको छ । यहाँ औषधीजन्य जडिबुटी, निगालो आदि पाइन्छन् । वन्यजन्तुमा रतुवा मृग, कस्तुरी मृग, घोरल, चितुवा, जंगली कुकुर, जंगली बिरालो, रातो बाँदर, लङ्गुर पाइन्छन् । डाँफे, मुनाल आदि चराचुरुङ्गीको प्रधानता छ । यसलाई पनि जीवजन्तु र जडिबुटीको सङ्ग्रहालय मानिन्छ । खप्तड बाबाको कुटी, त्रिवेणी नदी, खापर दह, शिव मन्दिर, सहस्रलिङ्ग, गणेश मन्दिर, नागढुङ्गा, केदार ढुङ्गा आदि धार्मिक स्थल छन् । यो स्थान सांस्कृतिक मेलाको संगमस्थल पनि हो । यहाँ २२ पाटन र ५३ वटा थुम्का छन् । पाण्डव भीमले हलो जोत्दा फालीले फ्याँकेको माटोबाट थुम्का बनेको किंबदन्ती रहेको छ ।

**२०. खप्तड बाबा आश्रमः** कालजयी खप्तड बाबाको आश्रम खप्तड राष्ट्रिय निकुञ्जभित्र पर्छ । उनी खप्तडमा तपस्या गरी महान् दार्शनिक, महान चिकित्सक, वैज्ञानिक एवं ज्योतिषीको रूपमा अजर अमर छन् । खप्तड बाबाका कृतिहरूमा धर्मविज्ञान, विचार विज्ञान, म र मेरो कर्तव्य, नारीधर्म र पुरुषधर्म, आत्म ज्ञान, योग विज्ञान, वेदान्त विज्ञान, आरोग्य विज्ञान, स्वास्थ्य विज्ञान, Essential of Vedanta र Science of Thought गरी ११ वटा पुस्तक लेखेर खप्तडको पर्याय बनेका छन् ।

**२१. गर्भा दरबारः** कैलालीको चुरे गाउँपालिका-४ खैरालामा रहेको गर्भा दरबार वि. सं १९८४ मा खड्कशमसेर जङ्गबहादुर राणाले निर्माण गरेका थिए । खण्डहर बन्दै गएको तीनतले दरबारमा ८३ वटा झ्याल र ५३ ढोका जीर्ण अवस्थामा छन् । यसको क्षेत्रफल १० रोपनी छ । ऐतिहासिक संरचना खण्डहर बन्दै छ । छानाविहीन दरबारका अधिकांश पर्खाल भत्किएका छन् । भुँइतल्लामा सुरक्षा मार्ग सुरूङ छ जुन पुरिंदै छ ।

**२२. थारू सांस्कृतिक सङ्ग्रहालयः** धनगढी उपमहानगरपालिका-७ पटेला गाउँमा थारु सांस्कृतिक सङ्ग्रहालय छ । यसको प्रमुख उद्देश्य थारु कलासंस्कृतिको जगेर्ना गर्नु तथा आन्तरिक तथा बाह्य पर्यटकलाई थारु जातिबारे जानकारी दिनु रहेको छ । सङ्ग्रहालयमा थारु जातिका विभिन्न रहनसहन, संस्कृति झल्कने लत्ताकपडा, पुराना गरगहना लगायत सामाग्रीहरु राखिएका छन् ।

**२३. टीकापुर विज्ञान सङ्ग्रहालयः** कैलालीको टीकापुरमा विजयराज शाहीको एकल पहलमा विज्ञान सङ्ग्रहालय स्थापना भएको छ । नामले नै सङ्ग्रहालय विद्यार्थी केन्द्रित रहेको छ । यसको उद्देश्य विद्यार्थीलाई प्रयोगात्मक ज्ञान दिने रहेको छ । विज्ञान सामग्री, मूर्ति, बाँस तथा गहुँको छालीबाट बनाइएका सामग्री, चित्रकला, सांस्कृतिक एवं विभिन्न चराचुरुंगीको वासस्थान, जातजातिका वासस्थल आदिको अवलोकन गर्न पाइने, पुराना सामग्रीको प्रदर्शन र खेलौना एवं माटाका भाँडाकुँडा राखिएका छन् ।

**२४. शुक्ला फाँटा राष्ट्रिय निकुञ्जः** कञ्चनपुरको शुक्ला फाँटा वन्यजन्तु आरक्ष तराईको भूभागमा छ । राजा-महाराजाहरूको मनोरञ्जनका लागि वि. सं. २०२६ सालमा शिकार आरक्षको रूपमा स्थापना गरिएको शुक्ला फाँटालाई सरकारले वि.सं. २०३१ सालमा (सन् १९७६) निकुञ्जमा परिणत गरेको थियो । मध्यवर्ती क्षेत्रको रूपमा वि.सं. २०६१ साल (सन् २००४) मा गरियो । यसको क्षेत्रफल ३०५ वर्ग किलोमिटर छ भने मध्यवर्ती क्षेत्रको क्षेत्रफल २४३.५ वर्ग किलोमिटर छ ।

यहाँ प्राकृतिक हराभरा फाँटहरू, धाप र सीमसार भूमि रहेको छ । वन्यजन्तु तथा चराचुरुङ्गीहरूको बासस्थान पनि हो । निकुञ्ज बाह्र सिङ्गाका लागि प्रसिद्ध छ । यसका अतिरिक्त जंगली हात्ती, एकसिंङ्गे गैडा, पाटेबाघ, चितुवा, घोडगधा, जरायो, चित्तल, लगुना, गोही, साइबेरियन चरा आदि स्तनधारी जनावर पाइन्छन् । यो वन्यजन्तुको जीउँदो सङ्ग्रहालय हो ।

**२५. कलौनी सङ्ग्रहालयः** कञ्चनपुरको भीमदत्त नगरपालिका वार्ड नं. १८ विज्ञान क्याम्पस रोडमा देवीदत्त कलौनीद्वारा सञ्चालनमा ल्याइएको निजी सङ्ग्रहालयमा पुराना मुद्रा, हुलाक टिकट, विभिन्न जातजातिका लुगाफाँटाहरु, गरगहनाहरु, भाँडाकुँडा, कार्टुन आदि राखिएका छन् । पुराना हुलाक सेवामा प्रयोग भएका टिकटहरु, हुलाक सेवाले सञ्चालन गरेका हवाईपत्रहरु, खाम, रजिष्ट्री खाम, विभिन्न जातजातिका पहिरन, विभिन्न जातजातिका गरगहनाहरु, कृषिकर्ममा प्रयोग हुने औजारहरु, दैनिक प्रयोगमा आउने भाँडाकुँडाहरु, पुराना पत्रपत्रिका एवं पुस्तकहरु, ऐतिहासिक सिक्का र विभिन्न देशका रुपियाँ एवं पैसाहरु सङ्गृहीत छन् ।

**२६. एयरक्राप्ट म्युजियमः** क्याप्टेन वेद उप्रेतीद्वारा सञ्चालन गरिएको एयरक्राफ्ट म्युजियम भीमदत्त नगरपालिका-३ भाँसीमा सञ्चालनमा रहेको छ । कस्मिक एयरको फोकर १०० जेट विमानलाई एयरक्राफ्ट म्युजियममा राखिएको छ । पर्यटन विकासमा टेवा पुऱ्याउने र वायुयान सङ्ग्रहालयमार्फत् अध्ययन गर्ने गराउने उद्देश्य रहेको छ । एकै पटक एक सय जनाले अवलोकन गर्न सकिने एयरक्राप्टमा विमानको उडान बारे जानकारी गराइन्छ । एयरक्राफ्ट म्युजियमसँगै हेलिकप्टर राखिएको छ । यहाँ सुल्टो फोटो खिच्दा उल्टो आउँछ । एयरक्राफ्टमा सिद्धबाबाको मूर्ति राखिएको छ । स्वीमिङ पुलको सुविधा छ । माथिल्लो फ्लोरमा सुदूरपश्चिमको लोकसंस्कृति, ऐतिहासिक, धार्मिक पर्यटकीय महत्व झल्कने वृत्तचित्र रहेका छन् ।

**२७. भम्केपानी थारू सङ्ग्रहालयः** शुल्काफाँटा नगरपालिका-८, भम्केपानी (भल्का) मा वि. सं. २०७४ जेठ १७ गते थारु सङ्ग्रहालय स्थापना भएको थियो । यसको उद्देश्य थारू संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने, लोकपरम्परामा आधारित लोकसंस्कृतिको सङ्ग्रह गर्ने तथा संस्कृति पुस्तान्तरण गर्ने रहेका छन् ।  सङ्ग्रहालयमा १२४ थारु लोकपरम्परामा आधारित जन्मदेखि मृत्युसम्मका वस्तु राखिएका छन् ।

**२८. देवीदेवताका थान वा मन्दिरः** स्कन्द पुराणमा काली-कर्णालीको भू-भागलाई मानसखण्डको नामले वर्णन गरिएको छ । जसलाई देवभूमि भनिएको छ । मानसखण्डमा देवताहरूका देवता महादेव (महेश्वर) वास गर्छन् । मानसभूमि महादेवसँगै देवीकी देवी पार्वती (गौरी) को समेत क्रिडास्थल हो । यो ऋषिमुनि र तपस्वीको पवित्र तपोभूमि हो । मानसखण्डमा स्थापित देवीदेवालयहरु पुरातात्विक महत्वका छन् । देवाधिदेव शिव र उहाँकी अर्धाङ्गिनी पार्वतीदेखिका विभिन्न कालखण्डमा विभिन्न प्रयोजनमा निर्माण भएका भौतिक र अभौतिक वस्तु सङ्ग्रहालयका रुपमा स्थापित छन् । धार्मिक स्थलहरु प्रकृति संरक्षण, जैविक विविधता र सम्पूर्ण प्राणीका लागि कल्याणकारी स्थल हुन् । देवीदेवस्थलहरु खुला संरक्षित सङ्ग्रहालय हुन् ।

## सङ्ग्रहालय स्थापनाका लागि सुझावहरू

प्राचीन संस्कृतिको अग्रिणी मानसी संस्कृति प्राचीन कालदेखि ज्ञान एवं शिक्षाको प्रचार-प्रसारमा विशेष योगदान छ । कालान्तरमा सङ्ग्रहालयको माध्यमले सर्वसाधारणलाई शिक्षित गर्ने अवधारणाको विकास हुन नपाउँदै मानव र पर्यावरणीय विरासतहरु खण्डहर  हुँदै लोपोन्मुख भएका छन् । ऐतिहासिक, सांस्कृतिक र बहुमूल्य कलाकृतिको संरक्षण र सम्बर्द्धन गर्न सङ्ग्रहालय स्थापनार्थ केही सुझाव यस प्रकार छन् :

१. कृषि सङ्ग्रहालय स्थापना गर्नेः यसमा परम्परागत र आधुनिक कृषि उपकरणहरू राख्नु पर्छ । जनतामा उत्साह बढाउन मल, बीउ, कृषिका आधुनिक विधिको प्रदर्शन र उत्पादन वृद्धि आदि देखाउनुपर्छ । भूमि सुधारको विधिको चार्ट र भूमिको प्रकार, रोग, रोगको निदान, प्रयोगशालाको सूची, कार्य पद्धति आदि प्रदर्शन हुनुपर्छ ।

२. विद्यालयमा कला र पुरातात्विक सङ्ग्रहालय स्थापना गर्नेः छरिएका पुरातात्विक सामग्रीलाई एकत्रित गरी सङ्ग्रहालयमा राख्ने, बालबालिकालाई तिनीहरूको बारेमा शिक्षा वा तालिम दिएर जानकारी गराउने तथा  विद्यार्थीलाई पुरातात्विक महत्वका वस्तुको सङ्कलन गर्न लगाउने ।

   प्रत्येक विद्यालयमा एउटा सङ्ग्रहालय खोल्नु पर्दछ । संग्रहमा सङ्कलन गर्ने बालबालिकाको नामसहित प्रदर्शनीमा राख्ने । नाम लेखिदा उनीहरूले थप कामको लागि प्रेरणा पाउँछन् । स्कूलमा स्थानीय ललितकला, हस्तकला आदि जस्तै स्वीटर बनाउने, टोकरी बनाउने, काठको कढाई गर्ने, माटाका भाँडाकुँडा बनाउने आदि निर्माण गरी प्रदर्शनीमा राख्ने । बालबालिकाले सिप विकासमा योगदान दिने वातावरण सिर्जना गर्ने ।

३. वैज्ञानिक तथा प्राविधिक सङ्ग्रहालय स्थापना गर्नेः अहिले दिनानुदिन मोबाइलको प्रयोग भइरहेको छ । केटाकेटी मोबाइल बाहेक खानपिन, पढ्ने, खेल्ने आदि कार्यमा ध्यान दिंदैनन् । मोबाइल चलाउदा बिग्रेको ठानेर प्राविधिक ज्ञानको अभावमा मोबाइल फाल्ने चलन छ । फालिएका वा बिग्रेका मोबाइल सङकलन गरी सङ्ग्रहालय बनाउन सकिन्छ ।

४. व्यक्तिगत सङ्ग्रहालय स्थापना गर्नेः देशका सहिद, साहित्यकार आदिसँग सम्बन्धित चार्ट, तस्बिर, जीवनी, पुस्तक आदि विशेष पर्व वा समारोहमा बालबालिकाबाट तयार गरी तथा सङ्कलन गरी सङ्ग्रहालय निर्माण गरी राख्ने ।

५. साझेदारीमा सङ्ग्रहालय स्थापना गर्नेः साझेदारीमा सङ्ग्रहालय स्थापना गर्न प्रोत्साहन गर्ने ।

६. शहरी सङ्ग्रहालय स्थापना गर्नेः शहरमा सामग्रीको आदानप्रदान गर्न सहज हुन्छ । ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका सङ्ग्रहालयसँग समन्वय गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।

७. कला र पुरातत्व सङ्ग्रहालयको स्थापना गर्ने ।

८. मानवशास्त्रीय सङ्ग्रहालय (पोसाक, व्यवहार, जीवनशैली आदि) स्थापना गर्ने ।

९. प्राकृतिक इतिहास सङ्ग्रहालय (चिडियाखाना, एक्वेरियम, वनस्पति र चट्टान आदि सङ्ग्रहालय स्थापना गर्ने ।
१०. पुस्तक सङ्ग्रहालय स्थापना गर्ने ।
११. फिलाटेलिक (हुलाक टिकटहरूको सङ्ग्रह भएको) सङ्ग्रहालय स्थापना गर्ने ।
१२. सुरक्षा सङ्ग्रहालय (विगतदेखि वर्तमानसम्मका हतियारको सङ्ग्रह) स्थापना गर्ने ।
१३. स्वास्थ्य सङ्ग्रहालय (स्वच्छता, स्वास्थ्य समस्या र समाधान, परिवार नियोजन आदि) स्थापना गर्ने ।
१४. बाल सङ्ग्रहालय(बालबालिकाका लागि उपयोगी विज्ञान र कला सामग्री भएको) स्थापना गर्ने ।
१५. सिल्पकार सङ्ग्रहालयको स्थापना गर्ने । जस्तैः कर्मकाण्ड गर्ने ब्राह्मण (ज्योतिष तथा चिना, पात्रो बनाउने), मुखियाहरु गाथा गाउने दमाई जाति, वैद्य परम्परा सञ्चालन गरिएका वैद्यखाना, शिल्पकार उद्योग आदि ।

## निष्कर्ष

मानसी सङ्ग्रहालयहरू मानव इतिहासका जीवित साक्षी हुन् । देशको कला, संस्कृति र इतिहासलाई गहिरिएर जान्न बुझ्नका लागि सङ्ग्रहालय ज्ञान भण्डार हुन् । विश्वका विकसित देशले आफ्नो ऐतिहासिक र सांस्कृतिक सम्पदाको संरक्षण गर्न ठूलाठूला सङ्ग्रहालय निर्माण गरेका हुन्छन् । सङ्ग्रहालय केवल इतिहास संरक्षण गर्ने माध्यम मात्र नभएर पुरातात्विक अवशेष, चित्र आदिको माध्यम बाट  विगत बारे जानकारी पाउन सकिन्छ ।

जहाँ संस्कृति हुन्छ, त्यहाँ इतिहास हुन्छ । जहाँ इतिहास हुन्छ, त्यहाँ सम्पदा हुन्छ । जहाँ सम्पदा हुन्छ, त्यहाँ भविष्य हुन्छ । जुन समाजले आफ्नो विगतलाई बिर्सँदैन तब उसले सम्मान र गौरवका साथ आफ्नो झण्डा फहराउन सक्छ । इतिहासको प्रकाशमा वर्तमानलाई आकार दिने शक्ति प्राप्त हुन्छ । सङ्ग्रहालयहरु भावी पुस्तालाई बाटो देखाउने प्रभावकारी हतियार साबित हुन्छन् । जुन समाजले आफ्नो संस्कृति, इतिहास र विगत बिर्सन्छ त्यसले नयाँ कुरा सिर्जना गर्न सक्दैन । इतिहास बुझ्ने धेरै तरिकाहरू हुन सक्छन् जसमध्ये सङ्ग्रहालय पनि एक हो ।

## सन्दर्भ सामग्री

आचार्य, घनश्याम (२०७३), *मानसखण्ड संहिता* ।

ओझा, आत्माराम (२०७३), *नेपाली इतिहास मन्थन* ।

कलौनी, पदमराज (२०७४), *नेपालको प्रादेशिक संविधान एवं मानस प्रदेश,* प्रकाशकः श्रीमती रेवती कलौनी ।

गौरा-महेश्वर स्मारिका (२०८१), *सुदूरपश्चिम महालक्ष्मी समाज इमाडोल,* ललितपुर ।

चंचरीक, कन्हैयालाल (२०१३), *भारतीय मन्दिर एवं मूर्तिकला,* न्यू दिल्ली:हिन्दी बुक सेन्टर।

“यात्री” नेपाल, पूर्णप्रकाश  (२०३४), *सेतीका तार-हिमाली,* विराटनगर : सौगात प्रकाशन ।

“यात्री” नेपाल, पूर्णप्रकाश (२०३५), *सेती अञ्चल दिग्दर्शन,* विराटनगर : हिमाली सौगात प्रकाशन ।

पाण्डेय, आचार्य गोपालदत्त) (सन् २००७), *स्कन्द पुराणान्तर्गत मानसखण्ड र हिमवत् खण्ड* ।

सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान (२०८१), *सगुन* (संस्कृति एवं इतिहास विशेष ), सूपप्रप्र ।

रावत, अजय सिंह (द्वित्तीय संस्करण सन् २०२२), *उत्तराखण्डका समग्र राजनैतिक इतिहास* (पाषाण युग से १९४९ तक) ।

शाही, मोहन(माघ १७, २०७९), *डोटेली दरबारहरू,* कान्तिपुर दैनिक ।

पाण्डे, बद्रीदत्त (सन् १९९०), *कुमाऊँका इतिहास* (सन् १९९०-१९९७), अल्मोडा : श्याम प्रकाशन ।
पोखरेल, बालकृष्ण (२०७५), *खस जातिको इतिहास* (दो.सं) काठमाण्डौ : फिनिक्स बुक्स ।

उनियाल, हेमा-मानसखंड (सन् २०१४) ।

Rawal, R.S. (2020 BS). The History of Medieval Doti (saka 1235-1712).

# खुल्ला सङ्ग्रहालयको अवधारणा र अभ्यास : रुद्रवर्ण महाविहार एक अध्ययन

**शोभा नानी शाक्य**
**सदस्य, पाटन सङ्ग्रहालय विकास समिति**



*यस किसिमका खुल्ला सङ्ग्रहालयले आम मानिसहरुलाई खासगरी अनौपचारिक शिक्षा दिन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस अन्तर्गत शिक्षा प्रवर्द्धन गरी विद्यार्थी, अनुसन्धानकर्ता, र सर्वसाधारणका लागि जानकारी प्रदान गर्ने, सांस्कृतिक जागरूकतामा योगदान गरी विभिन्न संस्कृति, परम्परा र इतिहासबारे सचेतना फैलाउने काम पर्दछन् ।*

## लेखसार

*यो अनुसन्धानले खुल्ला सङ्ग्रहालयको अवधारणा प्रष्ट पार्दै रुद्रवर्ण महाविहारलाई खुल्ला सङ्ग्रहालयको रूपमा चित्रित गर्ने प्रयास गरेको छ । सांस्कृतिक र सामाजिक विकासका लागि खुल्ला सङ्ग्रहालयका मान्यताले व्यापकता पाउनुपर्ने तथा कार्यान्वियनमा जोड दिनुपर्ने कुरालाई जोड दिएको छ । प्रस्तुत अध्ययन विहारका ऐतिहासिक कलात्मक वस्तुहरू, परम्परागत अभ्यासहरू र संरक्षण प्रयासहरूको विश्लेषणमा आधारित छ । यो लेखले सांस्कृतिक आदानप्रदान, शिक्षा र पर्यटनका लागि गतिशील स्थलको रूपमा खुल्ला सङ्ग्रहालयले गर्न सक्ने कार्य र सम्भावनालाई अन्तर्वस्तु बनाएको छ । रुद्रवर्ण महाविहारलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय खुल्ला सङ्ग्रहालय नेटवर्कमा आधिकारिक संस्थाका रूपमा बढ्दो मान्यता प्राप्त भए तापनि अनुसन्धानले विहारका सदस्यहरू र राष्ट्रियस्तरमा खुल्ला सङ्ग्रहालयको अवधारणाबारे सीमित जागरण र प्रमाण भएको भन्ने पत्ता*

*लगाएको छ । रुद्रवर्ण महाविहारलाई  खुल्ला सङ्ग्रहालयको रूपमा समग्र विकासको योजना बनाउनु पर्ने आवश्यकता र यस्तो पहलको समर्थनका लागि नीति-स्तरको जागरूकता आवश्यक भएको प्रस्ताव गरेको छ ।*

**शब्दकुञ्जिका:** खुल्ला सङ्ग्रहालय,  प्रवर्धन,  मान्यता, अधिकारिक, गतिशील स्थल ।

## खुल्ला सङ्ग्रहालयको परिचय

खुल्ला-सङ्ग्रहालय (Open–Air Museum) भन्नाले भवनहरू र कलात्मक वस्तुहरूलाई बाहिरी वातावरणमा प्रदर्शन गर्ने सङ्ग्रहालयलाई जनाउँछ । यसलाई "भवनहरूको सङ्ग्रहालय" (Museum of Buildings) वा "सामान्य सङ्ग्रहालय" (General Museum) पनि भनिन्छ ।[1]

१९औं शताब्दीको उत्तरार्धमा स्क्यान्डिनेभियाबाट यो अवधारणा विकसित भएको मानिन्छ । विश्वमा पहिलो खुल्ला-सङ्ग्रहालय ओस्लोको "Norsk Folk Museum "हो, जुन सन् १८८१ मा राजा ओस्कर द्वितीयद्वारा स्थापना गरिएको थियो । १३औं शताब्दीको "Gol Stave Church" यस सङ्ग्रहालयको सबैभन्दा प्रसिद्ध संरचना हो ।

पछिल्लो समयमा खुल्ला सङ्ग्रहालयको महत्व झनै बढेर गएको देखिन्छ किनकी यसका आफ्नै विशेषताहरु रहेका छन् । जस्तै सङ्ग्रहालयमा बाहिरी प्रदर्शनको व्यबस्था अर्न्तगत  ऐतिहासिक भवनहरू, मूर्तिहरू, तथा पुरातात्त्विक वस्तुहरू खुला ठाउँमा अबलोकनका लागि राखिनु हो । यस अवधारणा अन्तर्गत साँस्कृतिक र परम्परागत जीवनशैलीको पुनर्निर्माण, पुराना घर, कार्यशाला, र परम्परागत जीवनशैली झल्काउने संरचनाहरू पुनर्स्थापित गरिन्छ । यसवाट आगन्तुकहरूका लागि इतिहास, संस्कृति, र पुराना जीवनशैली अध्ययन गर्न अवसर पनि प्रदान गर्छ । नेपालमा खुल्ला-सङ्ग्रहालयको सम्भावनामा काठमाडौं उपत्यकाका विहारहरू, ऐतिहासिक र सांस्कृतिक रूपमा मुक्त-आकाश सङ्ग्रहालयका लागि उपयुक्त स्थान हुन् ।

यस किसिमका सङ्ग्रहालयले आम मानिसहरूलाई खासगरी अनौपचारिक शिक्षा दिन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस अन्तर्गत शिक्षा प्रवर्द्धन गरी विद्यार्थी, अनुसन्धानकर्ता, र सर्वसाधारणका लागि जानकारी प्रदान गर्ने, सांस्कृतिक जागरूकतामा योगदान गरी विभिन्न संस्कृति, परम्परा, र इतिहासबारे सचेतना फैलाउने  काम पर्दछन । त्यसैगरी अन्तर्क्रिया वृद्धि गरी आगन्तुकहरूलाई प्रदर्शनी, कार्यशाला, र बहसमा सहभागी गराउने, अवलोकन सीप विकास गरी  ऐतिहासिक र कलात्मक वस्तुहरूको गहिरो अध्ययन गर्न प्रेरित गर्ने  गर्दछन् । यसरी सङ्ग्रहालय शिक्षाले ज्ञान र अनुभूतिको सेतु निर्माण गरी आगन्तुक र सङ्ग्रहालयबीचको सम्बन्धलाई अझ सशक्त बनाउँछ । ललितपुर जिल्लामा रहेको रुद्रवर्ण महाविहारले ऐतिहासिक महत्वका वस्तुहरूको बाहिरी प्रदर्शनी गरी इतिहास, संस्कृति, र परम्परागत वास्तुकलालाई जीवित राख्न महत्वपूर्ण भूमिका देखिन्छ ।

1. डेय्ले वुड, (सन् २०२०), १० संसारको राम्रो खुल्ला आकाश सङ्ग्रहालय ।

## खुल्ला सङ्ग्रहालयको अवधारणा

नेपालमा खुल्ला सङ्ग्रहालयको सम्भावना नियालेर हेर्दा नेपालका विहारहरू, गाउँबस्ती, र ऐतिहासिक भवनहरूलाई जीवित सङ्ग्रहालयको रूपमा विकास गर्ने ठूलो सम्भावना छ । सामान्यतया खुल्ला सङ्ग्रहालयले कुनै पनि एउटा यस्तो मानवीय सम्पदाहरूले भरिपूर्ण वस्ती, प्राचीन भवन, भवनहरूको समूहमात्र नभएर त्यस्तो प्राकृतिक सौन्दर्यले भरिपूर्ण दृश्यहरु र मानव एवं प्राकृतिक सिजर्नात्मक कलाका नमूनाहरूलाई पनि संकेत गर्दछ ।[2] काठमाडौं उपत्यका सभ्यता र संस्कृतिको संगमस्थल हो । यहाँका लिच्छवीकाल, मध्यकाल र आधुनिक कालमा सिर्जित प्राचीन स्मारक, भवनहरूको समूह तथा स्मारक क्षेत्रहरु हाम्रा पूर्वजहरूले भावी सन्ततिहरूलाई सुम्पिएर गएका ऐतिहासिक कीर्तिहरु रहेकोले काठमाडौं उपत्यका एउटा खुल्ला सङ्ग्रहालयको रूपमा लिन सकिन्छ । यसरी ईसापूर्व प्रथम शताब्दीदेखि नै मानवले बसोबास गर्दै आएको काठमाडौं उपत्यकाको ललितपुर सभ्यता र संस्कृतिको दृष्टिकोणले अत्यन्त प्राचीनस्थल मान्न सकिन्छ । काठमाडौं उपत्यकालाई स्वनिगः भनेर चिनिने भक्तपुर (ख्वप), ललितपुर(यल), काठमाडौं (यें) को स्वरूप, संरचना वनौट र अमूल्य सम्पदाहरूले गर्दा उपत्यकालाई हामी खुल्ला सङ्ग्रहालयको रूपमा लिन सकिन्छ । त्यसैले राष्ट्रिय एवं अन्तराष्ट्रिय महत्व भएको काठमाडौं उपत्यकाका भक्तपुर दरवार, पाटन दरबार, स्वयम्भू, बौद्ध, हनुमानढोका दरबार, पशुपतिनाथ क्षेत्र, चाँगुनारायणलाई अद्धितीय र विश्वव्यापी मूल्य रहेको मानवीय सम्पत्तिहरूको महत्वलाई बुझेरै युनेस्कोले सन् १९७९मा विश्व सम्पदा सूचीमा सूचीकृत गरेको हो ।

अहिले विशेष गरी ललितपुरको वारेमा अध्ययन गर्दा ललितपुरमा रहेका दरवार, विभिन्न विहारहरु हिरण्य वर्ण महाविहार, रूद्रवर्ण महाविहार जस्ता संरचनाहरूलाई परम्परागत कलात्मक र सांस्कृतिक जीवनशैली प्रदर्शन गर्ने खुल्ला सङ्ग्रहालयको विकास गर्न सकिन्छ ।[3]

विश्वका प्रमुख सङ्ग्रहालयहरू इतिहास र विकास हेर्दा १९औं शताब्दीको अन्त्यतिर औद्योगिकीकरण र सहरीकरणको प्रभावले गर्दा युरोपमा पारम्परिक ग्रामीण जीवनशैली र लोक संस्कृतिप्रति रूचि बढ्यो । इतिहासविद्हरूले नर्वे, फ्रान्स, रोमानिया लगायत विभिन्न देशहरूका भवनहरू किनेर संरक्षण गर्ने पहल गरे । यी भवनहरूलाई नयाँ स्थानमा सारेर पुनःनिर्माण गरियो, जसले जीवित इतिहास (Living History) को अवधारणालाई जन्म दियो । खुल्ला सङ्ग्रहालयको अवधारणा सांस्कृतिक भूपरिदृष्यसँग पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सम्वन्धित छ । त्यसैले भौगोलिक क्षेत्र मानव र प्रकृतिको सम्वन्ध सांस्कृतिक भूपरिदृश्यको संयुक्त रूपमा प्रतिनिधित्व गर्दछ । इटालीका ऐतिहासिक भवनहरूले गर्दा इटाली एउटा महान् खुल्ला सङ्ग्रहालयका रूपमा विस्तारित छ ।

2. बास्कोटा भीष्म, काठमाडौं उपत्यका : एक खुल्ला सङ्ग्रहालय , नेपाल, वर्ष४३ अंक ४ फागुन २०७३, सूचना विभाग
3. बास्कोटा, भीष्म (२०७३), काठमाडौं उपत्यका : एक खुल्ला सङ्ग्रहालय , नेपाल, वर्ष ४३, अंक ४ फागुन ,नेपाल सरकार : सूचना विभाग

## विश्वका प्रमुख खुल्ला सङ्ग्रहालयहरू

- ★ Norsk Folkemuseum (नर्वे) - पहिलो खुल्ला सङ्ग्रहालय, सन् १८८१ मा स्थापना ।
- ★ Ecomusee dUAlsace (फ्रान्स) - परम्परागत फ्रेन्च गाउँको पुनर्निर्माण ।
- ★ Colonial Williamsburg (अमेरिका) - १८औं शताब्दीको अमेरिकी औपनिवेशिक जीवन झल्काउने ।
- ★ Den Gamle By (डेनमार्क) - पुरानो डेनिस सहर पुनर्निर्माण गरिएको सङ्ग्रहालय ।
- ★ Museum of Tyrolean Farms (अस्ट्रिया) - अस्ट्रियन पहाडी गाउँहरूको ऐतिहासिक जीवनशैली प्रदर्शन ।
- ★ Seurasaari Open–Air Museum (फिनल्याण्ड) - १७औं शताब्दीका फिनिश भवनहरूको प्रदर्शन ।
- ★ Astra National Museum (रोमानिया) - रोमानियाको लोक संस्कृतिमा केन्द्रित ।
- ★ Netherlands Open–Air Museum (नेदरल्याण्ड्स) - डच ग्रामीण जीवनशैलीको पुनर्निर्माण ।
- ★ Plimoth Plantation (अमेरिका) - १७औं शताब्दीका अमेरिकी आप्रवासीहरूको जीवनशैली देखाउने ।[4]

अहिलेका नेपालमा खुल्ला सङ्ग्रहालयको रूपमा रहेका विहारहरू, गाउँबस्ती र ऐतिहासिक भवनहरूलाई जीवित सङ्ग्रहालयको रूपमा विकास गर्ने ठूलो सम्भावना छ । सङ्ग्रहालयहरूमा आगन्तुकहरूले परम्परागत वास्तुकला, डिजाइन, तथा हस्तकलाको अवलोकन गर्न सक्ने वातावरण पाइन्छ । रूद्रवर्ण महाविहार जस्ता संरचनाहरूलाई परम्परागत कलात्मक र सांस्कृतिक जीवनशैली प्रदर्शन गर्ने खुल्ला सङ्ग्रहालयमा रूपान्तरण गर्न सकिन्छ ।

## नेपालमा खुल्ला-सङ्ग्रहालयको विकास:

नेपालमा खुल्ला-सङ्ग्रहालयको सम्भावनामा काठमाडौं उपत्यकाका विहारहरू ऐतिहासिक र सांस्कृतिकरूपमा मुक्त-आकाश सङ्ग्रहालयका लागि उपयुक्त स्थान हुन् । रूद्रवर्ण महाविहार जस्ता संरचनाहरू ऐतिहासिक महत्वका वस्तुहरूको बाहिरी प्रदर्शनीस्थल हुनसक्छन् ।[5] यसरी खुल्ला-सङ्ग्रहालयले इतिहास, संस्कृति, र परम्परागत वास्तुकलालाई जीवित राख्न महत्वपूर्ण भूमिका खेल्छ ।

नेपालमा खुल्ला-सङ्ग्रहालयको विकासलाई अध्ययन गर्दा संसारमा सङ्ग्रहालयको अवधारणा विकास हुनुभन्दा पहिलेदेखि  धार्मिक अभ्याससँग जोडिएको देखिन्छ । जुन गुँला महिनामा वहिद्यो ब्वयेगु परम्परा अर्थात् श्रावण महिनामा पूर्वजहरूले स्थापना गरिएको दीपंकर आदि देवताहरूको प्रदर्शनी गरी संरक्षण गरिएको पाइन्छ । यसलाई खुल्ला सग्रहालयको अवधारणासँग पनि जोड्न सकिन्छ । नेपालमा खुल्ला सङ्ग्रहालयको सम्भावना छ, किनभने यहाँका ऐतिहासिक, धार्मिक, र सांस्कृतिक सम्पदाहरूले विशेष महत्व राख्छन् ।

कपिलवस्तु पश्चिम नेपाल मात्र नभई नेपालकै एक प्रमुख पुरातात्विक स्थल हो । यो गौतम बुद्धको जन्मभूमि लुम्बिनी क्षेत्रसँग सम्बन्धित छ । सन् १९६२ मा यहाँ “पुरातात्विकस्थल सङ्ग्रहालय” (Archaeological Site Museum) स्थापना गरियो ।[6] यस सङ्ग्रहालयमा लुम्बिनी क्षेत्रका विभिन्न बौद्ध पुरातात्विक क्षेत्रहरूबाट

4. डेय्ले वुड (सन् २०२०), १० संसारको राम्रो खुल्ला आकाश सङ्ग्रहालय,२०२०.
5. शाक्य, पं.हेमराज,( ने.स. १११४), रूद्रवर्ण महाविहार छगू अध्ययन, उकुबाहा,: २५३८ बुद्ध जयन्ती समारोह समिति १११४ नेपाल सम्बत्
6. शर्मा, जनकलाल (.....), नेपालको सङ्ग्रहालय विकासको संक्षिप्त विवरण, प्राचीन नेपाल ।

उत्खनन गरिएका प्राचीन सामग्रीहरू संकलित छन् । बौद्ध महत्व बोकेको स्थानहरू, विहारहरू, र पुरातात्विक स्थलहरू संरक्षित गरी खुल्ला सङ्ग्रहालयका रूपमा विकास गर्न सकिन्छ । रूद्रवर्ण महाविहार, हिरण्यवर्ण महाविहार, महाबुद्ध मन्दिर, कपिलवस्तु जस्ता स्थलहरू ऐतिहासिक र सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण छन् । यस्ता सङ्ग्रहालयहरू पर्यटन प्रवर्द्धन, सांस्कृतिक संरक्षण, र ऐतिहासिक अनुसन्धानका लागि महत्वपूर्ण स्रोत हुन सक्छन् ।

नेपालमा सङ्ग्रहालय व्यवस्थापन तथा संरक्षण प्रविधिलाई आधुनिक बनाउँदै खुल्ला सङ्ग्रहालयको अवधारणालाई प्रवर्द्धन गर्न सकिन्छ, जसले स्थानीय समुदायलाई आर्थिक लाभ दिलाउने तथा नेपालको सांस्कृतिक सम्पदालाई विश्वस्तरमा चिनाउने अवसर प्रदान गर्नेछ ।

## रूद्रवर्ण महाविहार खुल्ला सङ्ग्रहालय

काठमाडौं उपत्यकामा  लिच्छवी विहार, मल्लकालीन दरवार, मठमन्दिर यहाँका मूर्त र अमूर्त सम्पदाहरूको  एक खुल्ला-सङ्ग्रहालयको रूपमा लिन सकिन्छ । यी विभिन्न विहारहरूमध्ये रूद्रवर्ण महाविहारमा रहेको अद्धितीय कलाकृति र धार्मिक गतिविधिहरु सदियौं वर्षदेखि चलिआएको दान परम्परा बौद्ध दर्शनसँग जोडिएको छ । यहाँका धार्मिक अभ्यासहरु अहिलेसम्म निरन्तर भैरहेको जनमानसले खुल्लारूपमा  अवलोकन  र अध्ययन गर्न सकिन्छ । जुन खुल्ला सङ्ग्रहालयको रूपमा लिन सकिने कारक तत्वहरूको रूपमा यथावत छन् । रूद्रवर्ण महाविहार खुल्ला सङ्ग्रहालयको रूपमा विकास गर्न विद्यमान समस्याहरु रहे तापनि  समाधानका उपाय पहिल्याई खुल्ला सङ्ग्रहालय स्थापित गर्ने प्रशस्त संभावनाहरु छन् ।

यस अनुसन्धानले रूद्रवर्ण महाविहारभित्र रहेको खुल्ला सङ्ग्रहालय जुन खुल्ला सङ्ग्रहालयभित्र चाहिने सवै विशेषताहरू भएको देखाउँछ किनकी यो अध्ययन पुरातात्विक, सामाजिक-सांस्कृतिक र धार्मिक सम्भावनाहरूको कारण पत्ता लगाउन केन्द्रित थियो । अनुसन्धान विभिन्न खुल्लासङ्ग्रहालयहरूको स्थापना पछाडि रहेका विचारहरूको खोजी गर्दै सुरु भयो । सङ्ग्रहालयहरूको आफ्नै वैशिष्ट्यताका कारण आगन्तुहरूलाई आकर्षित गर्दै समाजको अभिन्न अंग भएका दृष्टान्त पत्ता लागेको छ । अन्तर्राष्ट्रिय रूपमा प्रसिद्ध १० उत्कृष्ट खुला-आकाश सङ्ग्रहालयहरूले कलादेखि वास्तुकलासम्मको कुनै विशेष स्थान, व्यक्ति, संस्था र तत् विषयको भवन, इतिहास, र सिर्जनशीलतालाई उजागर गर्छन् तर, नेपालमा खुला-आकाश सङ्ग्रहालयहरू प्रारम्भिक रूपमा फस्टाउन सकेका छैनन् । यो अध्ययनले सञ्चालनमा रहेका विद्यमान खुला-आकाश सङ्ग्रहालयहरूको बारेमा जानकारी हासिल गर्ने उद्देश्य राखेको छ ।

रूद्रवर्ण महाविहार सङ्ग्रहालयको यो अध्ययन ऐतिहासिक प्रमाणहरूको महत्व र वर्तमान समयमा पुरातात्विक कलाकृतिहरूको उपलब्धताका कारणले लिइएको हो । अर्को कारण भनेको दैनिक, मासिक, र वार्षिक नियमित गतिविधिहरू सदस्यहरूद्वारा दिगो रूपमा भइरहेको छ । कुनै बाह्य सहयोगबिना अहिले पनि महाविहार सञ्चालन भइरहेको छ । रूद्रवर्ण महाविहार ओकुबहाल पाटनका सबैभन्दा पुराना, राम्ररी अभिलेखित र संरक्षण गरिएको बहालहरूमध्ये एक हो ।[7]  यो उपत्यकामा रहेका बहालहरूमध्ये सबैभन्दा धेरै शाखाहरू समेटिएको

7. शाक्य, महेन्द्र रत्न, रूद्रवर्ण महाविहार, बुद्ध जयन्ती स्वर्ण महोत्सव स्मारिका, ओकुबहाल यलः २५४८ बुद्ध जयन्ती समारोह समिति, (बुद्ध संम्वत् २४९९(२५४८)

बहा  भएकाले यो बहाको अध्ययन गर्नु आवश्यक छ । खुल्ला सङ्ग्रहालयलाई केवल कला र सम्पदामा मात्र नभई समाजमा प्रभाव पार्ने विभिन्न क्षेत्रहरूमा सुधार गर्ने प्रणालीगत प्रयासहरू गरिनुपर्छ ।[8]

खुल्ला सङ्ग्रहालयको रूपमा रूद्रवर्ण महाविहारको व्यापक विकासका लागि योजना बनाउनुपर्छ । यसबाट सङ्ग्रहालयसम्बन्धी नीतिगत स्तरमा पनि सचेतना आवश्यक भएको बुझ्न सकिन्छ । खुल्ला सङ्ग्रहालयहरूले इतिहास, वास्तुकला, र लोक संस्कृतिको संरक्षण गर्ने महत्वपूर्ण भूमिका खेल्छन् । नेपालमा पनि यस्ता सङ्ग्रहालयको अवधारणालाई प्रवर्द्धन गरी सांस्कृतिक पर्यटनमा योगदान गर्न सकिन्छ ।

## सम्भावना र रिक्तता

खुल्ला सङ्ग्रहालयको अवधारणा संसारभरि बढ्दै गइरहेको छ । पहिलो खुल्ला सङ्ग्रहालय १९ औं शताब्दीको अन्त्यतिर स्थापना गरिएको थियो । जब युरोपको औद्योगीकरण र शहरीकरणले लोक संस्कृति एवं परम्परागत ग्रामीण जीवनशैलीमा नयाँ चासो उत्पन्न गऱ्यो । त्यस समयमा इतिहासकारहरूले नर्वे र फ्रान्सदेखि रोमानियासम्म विभिन्न क्षेत्रका भवन र स्मारकहरू खरिद गरी आफ्नो स्थानीय सम्पदालाई जोगाउने प्रयास गरे ।

नेपालमा खुल्ला सङ्ग्रहालयको अवधारणा र सम्भाव्यताबारे अनुसन्धान नै गरिएको पाइदैन । यसले नेपालका खुल्ला सङ्ग्रहालय सञ्चालनबारे चेतना अभिवृद्धिमा ध्यान दिन अति आवश्यक छ भन्ने कुरालाई उजागर गर्छ। त्यसैले, स्थानीय समुदाय र सरकारका लागि खुला-आकाश सङ्ग्रहालयको मूल्य र अवधारणालाई बुझ्न चुनौती भइरहेको छ, जसले स्थानीय र राष्ट्रिय आर्थिक विकासमा सहयोग पुऱ्याउनेछ ।

रूद्रवर्ण महाविहार (ओकुबहाल) पाटनका सबैभन्दा पुरानो, राम्रोसँग अभिलेखीकृत र संरक्षण गरिएका बहालहरूमध्ये एक हो । यो  काठमाडौं उपत्यकाकै सबै बहालहरूमध्ये धेरै शाखा भएको विहार हो भन्ने कुरा हामीले माथि पनि उल्लेख गरिसकेका छौं । प्रसिद्ध हजार बुद्धको मन्दिरका रूपमा चिनिने महाबुद्ध मन्दिर पनि यस विहारको शाखामध्ये एक हो । रूद्रवर्ण महाविहारले बहीको परम्परागत मूल्यहरू नष्ट नगरी विभिन्न परम्परागत अभ्यासहरूको संरक्षण गरिरहेको छ जुन वर्तमानमा यसलाई खुला-आकाश सङ्ग्रहालयको रूपमा मानिने एक महत्वपूर्ण कारकको रूपमा लिन सकिन्छ ।

अर्को महत्वपूर्ण पक्ष भनेको यो विहारले परम्परागत विहारको मौलिक संरचनालाई जोगाएर राखेको छ भने सदस्यहरूले पालो-पालो सञ्चालन गर्दै आएका छन्  जसले विहारलाई दीगो बनाइराख्न सम्भव बनाएको छ । यो पनि खुला-आकाश सङ्ग्रहालयको रूपमा विचार गर्नुपर्ने अर्को बिन्दु हो । खुला-आकाश सङ्ग्रहालयका अतिरिक्त, रूद्रवर्ण महाविहारमा यसको ऐतिहासिक, सांस्कृतिक र धार्मिक पक्षहरूमा थुप्रै अध्ययनहरू पहिले नै गरिएका छन् ।

---

८. बज्राचार्य, हेराकाजी, यलया बौद्ध विहार, ललितपुरः अक्षेश्वर महाविहार, बौद्ध विहार संघ, २००० ई. सं. ।

तर, व्यवस्थापन समिति र स्थानीय समुदायमा सङ्ग्रहालय व्यवस्थापनसम्बन्धी उचित ज्ञानको अभाव र आवश्यक कोषको कमीले गर्दा यो अवधारणालाई तुरुन्तै विस्तार गर्न कठिन हुन सक्छ । अहिलेसम्मको विहारको सुविधाहरू, अभ्यासहरू र संरक्षणको अवस्था हेर्दा अन्तर्राष्ट्रिय सङ्ग्रहालयका मापदण्डभन्दा कम छैन । तर, प्राविधिक ज्ञान र आवश्यक कोषको अभावका कारण धेरै सञ्चालन नियमहरू विहारहरूमा लागू गर्न सकिएको छैन । यद्यपि रुद्रवर्ण महाविहार सङ्ग्रहालय विज्ञान (म्युजियोलोजी) को बुझाइका साथ स्थापना गरिएको थिएन, यसको वर्तमान संरचना र सञ्चालन सङ्ग्रहालयका प्रदर्शन एवं प्रदर्शनीका सामान्य विशेषताहरूसँग निकै मेल खान्छन् ।

रुद्रवर्ण महाविहार नेपाली कला र कलाकारहरूलाई प्रवर्द्धन गर्नका लागि महत्वपूर्ण विहार बन्न सक्छ, विशेष गरी यो प्राचीन कला र कलात्मक वस्तुहरू सिक्न चाहनेहरूका लागि प्रशिक्षण केन्द्र नै हो भन्दा दुई मत हुन सक्दैन । यतिबेला जनसमुदायले विहारलाई शैक्षिक र मनोरञ्जनात्मक गतिविधिहरूको स्थलको रूपमा लिदै ठोस एवं अमूर्त दुबै प्रकारका ज्ञान प्रवाह गर्ने थलोको रूपमा बुझ्न थालेका छन् ।

## निष्कर्ष

यस विहारले पारम्परिक धारणा तोड्दै ऐतिहासिक कलात्मक वस्तुहरू र पुराना वस्तुहरूको संरक्षण मात्र नभई आधुनिक युगको चेतनामा क्रान्ति ल्याउन पनि योगदान पुर्‍याएको छ । रुद्रवर्ण महाविहारले राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटकहरूलाई प्राचीन कलाहरूमा ध्यानाकर्षण गराउन सफल भएको छ ।[9] रुद्रवर्ण महाविहारका ६ स्तम्भहरू कार्बन डेटिङको आधारमा १० औंदेखि १२/१३ औं शताब्दीका हुन्, जसको चर्चा मेरी सेफर्ड स्लसरले लेखेको "Antiquity of Nepalese Wooden Carving" पुस्तकमा गरिएको छ । महाविहारमा रहेको प्रज्ञापारमिता ग्रन्थ नेपाल सम्बत् ३०५ र थुप्रै ताडपत्रहरूले ऐतिहासिक महत्त्व बोकेको वस्तुको रूपमा विशेष मूल्य राख्छन् । मुख्य बुद्धको मूर्ति (राहुलभद्र) श्रीखण्डबाट बनेको छ भने मुख्य मन्दिरको क्वापाजु (शाक्यमुनि) माटोले ढाकिएको माटोको मूर्ति हो । पुनःस्थापना समितिले मूर्तिको माटोको तह-तह हटाउँदा हरियो रङको चिवर (शाल) फेला पारेका थिए । यो क्वापाजुको मुख्य मूर्ति प्राचीन समयमा शिवदेव र रुद्रदेवको कालखण्डमा माटोबाट बनेको र समय समयमा थप तहहरू थपिएको बताइएको छ । पुनःस्थापना र संरक्षण गर्दा मूर्तिमा तह-तह थपिएको देखिएको छ । समितिले कार्बन डेटिङको प्रयास गरे तापनि प्राविधिक समस्याका कारण अहिलेसम्म प्रमाणित गर्न सकेका छैनन् ।[10]

9. जोन के. लक., नेपालको बौद्ध विहार (काठमाडौ उपत्यकाका बहा बही, काठमाडौ) काठमाडौः सहयोगी प्रेस प्राइभेट लिमिटेड, १९८५.
10. शाक्य, तेजेश मान, श्री शिवदेव संस्कारित ओंकुलि श्री रुद्रवर्ण महाविहारको पूरातात्विक मूर्ति सम्वर्द्धन, ओकुवहाल, पाटन, २५६४औं बुद्ध जयन्ती समारोह समिति रुद्रवर्ण महाविहार ।

## सन्दर्भ ग्रन्थहरू:


डेविड डिन, १९९६ *सङ्ग्रहालय प्रदर्शनी र अभ्यास,* लण्डन र न्यूयोर्क : रोटलेगी, .

डेय्ले वुड, २०२०, १०  संसारको राम्रो खुल्ला आकाश सङ्ग्रहालय .

https://www.researchgate.net/publication/266010826_Contributions_Of_Open_Air_Museums_In_Preserving_Heritage_Buildings_Study_Of_Open-Air_Museums_In_South_E

जनकलाल शर्मा, नेपालको सङ्ग्रहालय विकासको संक्षिप्त विवरण, प्राचीन नेपाल ।

https://himalaya.socanth.cam.ac.uk/collections/journals/ancientnepal/pdf/ancient_nepal_76_0 1.pdf

खत्री प्रेम कुमार, (२०१९) सङ्ग्रहालय र कानुन : नेपालको सङ्ग्रहालय विकास, परियोजना ICR, ICOM, सङ्ग्रहालयको विकास र सङ्ग्रहालय नीति निर्माण प्रविधि, क्षेत्रीय सङ्ग्रहालय काठमाडौं ICR, ICOM  नेपाल नोम्बेवर .

जोन के. लक., १९८५ नेपालको बौद्ध विहार ( काठमाडौ उपत्यकाका बहा बही, काठमाडौ) काठमाडौः सहयोगी प्रेस प्राइभेट लिमिटेड ।

नेपालको सङ्ग्रहालय, नेपालको पर्यटन बोर्ड, https://ntb.gov.np/museums-in-nepal. अक्टोबर २२, २०२२.

शाक्य, बज्रराज, (२००० ई.सं.) यलया बौद्ध विहार, ललितपुर, बौद्ध विहार संघ,११२१ ने.सं. पेज भूमिका

शाक्य, हिराभाई, शिवदेव संस्कारित ओंकुलि श्री रूद्रवर्ण महाविहार दैनिक, मासिक, वार्षिक सञ्चालन गरिने नित्यपूजा, स्तोत्रपाठ, गुठीहरूको सचित्र परिचय, ओकुबहाल, ललितपुरः २५६४ बुद्धजयन्ती समारोह समिति, रूद्रवर्ण महाविहार.

शाक्य, महेन्द्र रत्न, रूद्रवर्ण महाविहार, बुद्ध जयन्ती स्वर्ण महोत्सव स्मारिका, ओकुबहाल यलः २५४८ बुद्ध जयन्ती समारोह समिति, (बुद्ध संम्वत् २४९९(२५४८)

शाक्य, पं.हेमराज, रूद्रवर्ण महाविहार छगू अध्ययन, उकुबाहा,ः २५३८ बुद्ध जयन्ती समारोह समिति १११४ नेपाल सम्बत्

शाक्य, तेजेश मान, श्री शिवदेव संस्कारित ओंकुलि श्री रूद्रवर्ण महाविहारको पूरातात्विक मूर्ति सम्वर्द्धन, ओकुवहाल, पाटन, २५६४ औं बुद्ध जयन्ती समारोह समिति रूद्रवर्ण महाविहार ।

श्रेष्ठ, सुरेश सुरस, (२०१९) नेपालमा सङ्ग्रहालयः वर्तमान अवस्था, नीति र कानुन परियोजना, क्षेत्रीय सङ्ग्रहालयको लागि विकास र प्रवर्द्धनः नेपालको क्षेत्रीय सङ्ग्रहालयको ICR, ICOM अध्ययन, नेपाल ICOM, नोवेम्वर

श्रेष्ठ, सुरेश सुरस, (२०७० वि.सं.) नेपालको सङ्ग्रहालयको विकास, स्वर्ण महोत्सव राष्ट्रिय  संग्रहालय, छाउनी, टिमोथी, एमथीस र क्रिप्सन पेन, (२००७) *सङ्ग्रहालय आधार, लण्डन र न्यूर्योक,* रोत्लेज टेलर र फ्रान्सिस टेलर र फ्रास्सिर गुप्र ।

बज्राचार्य, हेराकाजी, यलया बौद्ध विहार, ललितपुरः अक्षेश्वर महाविहार, बौद्ध विहार संघ, २००० ई. सं. ।

**बास्कोटा भीष्म, काठमाडौं उपत्यका :** एक खुल्ला सङ्ग्रहालय , नेपाल, वर्ष ४३ अंक ४ फागुन २०७३, सूचना विभाग ।

# कर्णालीमा प्रदेशमा सङ्ग्रहालयको अवस्था र अवसर

**त्रिभुवन बिसी, उपप्राध्यापक**
**मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत**



*नेपालमा सङ्ग्रहालयको विकासको इतिहास हेर्दा नेपाललाई पाँच विकास क्षेत्रमा विभाजित गरेपछि क्षेत्रीय सङ्ग्रहालयको अवधारणा शुरु भएको हो । शैक्षिक, सांस्कृतिक र स्थानीय पुरातात्विक ऐतिहासिक वस्तुहरू नासिएर नजाऊन् भन्ने उद्देश्यका साथ तत्कालीन समयमा देशका पाँचै वटा विकास क्षेत्रका सदरमुकामहरूमा एकएक सङ्ग्रहालय खोल्ने नीतिअनुसार सुर्खेतमा सङ्ग्रहालय स्थापना भएको हो ।*

## लेखसार

*कर्णाली प्रदेश आफैंमा कला, संस्कृति र सम्पदाको खानी हो । विश्व मानव सभ्यताको अभिव्यक्ति प्रतिनिधित्व गर्ने  ढुंगामा कुँदिएका चित्रहरु, शिलालेख र मूर्तिहरु यही प्रदेशमा रहेका छन् । कर्णाली प्रदेशमा पनि यस किसिम अनुपम सम्पदा पाइन्छन् । तर सम्पदाहरूको संरक्षण र प्रवर्धनको अभावका कारण यहाँका भौतिक र अभौतिक सम्पदाहरु नासिंदै गएका छन् । कला, संस्कृति र सम्पदाका रक्षा कवचसमेत रहेका सङ्ग्रहालयको विकास गर्न नसक्दा यस्ता सम्पदाको जोखिम झन् बढेको छ । तर पछिल्लो समयमा प्रदेश तथा स्थानीय सकारकले यस्तो महत्वलाई ध्यान दिन थालेपछि यसको संरक्षणमा केही आशा जगाएको छ । कर्णालीको कला संस्कृति र सम्पदालाई जोगाउन पुरातात्विक क्षेत्रका विज्ञहरूको अभावमा सङ्ग्रहालय योजनावद्ध तरिकाले अगाडि बढ्न सकेको पाइँदैन । कर्णाली आफैँमा खुला सङ्ग्रहालय हो । यहाँका सम्पदाहरु यति ठूला छन् कि तिनीहरूलाई उठाएर कुनै एक ठाउँमा जम्मा गर्दा तिनीहरूको सभ्यता मर्न सक्छ । उनीहरूको अस्तित्व नाश हुन सक्छ त्यसैले जुन सम्पदा जहाँ छ सोही ठाउँमा तिनीहरूलाई संरक्षण गर्नुपर्ने देखिन्छ ।*

**शब्दकुञ्जी :** कला-संस्कृति, युद्ध सङ्ग्रहालय, सम्पदा,सभ्यता,पर्यटन,लोक साहित्य, रीतिरिवाज आदि ।

## परिचय

इतिहास, कला, संस्कृति तथा जनजीवनप्रति सम्मान र तिनको संरक्षण गर्ने हेतुले नै स्थापना गरिन्छ । तर, नेपालमा सङ्ग्रहालयको बारेमा चेतना ढिलोगरी सुरु भएको पाइन्छ । शिक्षाको समुचित विकास नभई इतिहासको सामान्य ज्ञान पनि हुँदैन भन्ने बुझाइ रहेको छ । नेपालमा शिक्षाको समुचित विकासको अवधारणा ढिलो गरी शुरु भएको पाइन्छ ।

शैक्षिक, सांस्कृतिक र स्थानीय पुरातात्विक ऐतिहासिक वस्तुहरू नासिएर नजाऊन् भन्ने उद्देश्यका साथ तत्कालीन समयमा देशका पाँचै वटा विकास क्षेत्रका सदरमुकामहरूमा एकएक सङ्ग्रहालय खोल्ने नीतिअनुसार सुर्खेतमा सङ्ग्रहालय स्थापना भएको हो ।

सङ्ग्रहालयको मुख्य काम भनेको अध्ययन तथा अनुसन्धानलाई पूर्ण बनाउँदै विगत र वर्तमानका बीच तादात्मय स्थापित गर्नु हो । यसले खासगरी इतिहासप्रति अध्ययेतालाई सचेत गराउँदै वर्तमान र भविष्यका लागि बाटो तय गर्ने काम गर्दछ । लोक साहित्यका अध्येता तथा लेखक ओम रिजालका अनुसार नेपाली लोक संस्कृतिमा कर्णालीलाई हटाइदियो भने नेपालको लोक संस्कृति नै बाँच्दैन । किनकि नेपालको लोक संस्कृतिको जननी कर्णाली हो । रिजालका अनुसार कर्णालीलाई हटाइदिएमा न त भाषा, बाँच्छ न त इतिहास नै बच्छ, न त कला, संस्कृति नै बच्ने देखिन्छ । (कुराकानी, २०८१, फागुन ५ गते)

लेखक रिजालका अनुसार पनि कर्णाली संस्कृति र सम्पदाको खानी हो भन्न सकिन्छ । यहाँको कला, संस्कृति, परम्परा, रीतिरिवाज र सम्पदाको अध्ययन कहिल्यै नसकिने खालको छ । जुम्ला खलङ्गाको चन्दनाथ मन्दिर, डोल्पाको त्रिपुरासन्दरी मन्दिर, मुगुको रारा, दैलेख नारायण नगरपालिकाका भूर्तिका देवलहरु, प्राचीन दरबारको भग्नावशेष, कोत किल्ला संस्कृति र सम्पदा अध्ययनका स्रोत हुन् । यसैगरी दैलेख गमौडीको नाभिस्थान, पादुकास्थान, रावतकोटका पञ्चदेवल, दुल्लु पाथरनाउलीको ढुङ्गाको कुवा, सुर्खेतको काँक्रेविहार, शिवमन्दिर, गढीको शिलास्तम्भ आदि । यी त कर्णाली प्रदेशका केही प्रख्यात सम्पदाको नाम हो । यस्ता सयौं मात्रामा कर्णालीमा (सम्पदा) रहेका छन् ।

## अध्ययन विधि

यो लेख तयार गर्दा प्रादेशिक सङ्ग्रहालय सुर्खेत, पुरातात्विक सम्पदासँग सम्वन्धित लेख, रचना तथा विभिन्न पुस्तकहरु अध्ययन गरिएको छ । साथै अनलाइन डिजिटल पत्रिकामा प्रकाशित लेख, रचनाका साथै अन्तर्वार्ताहरूलाई अध्ययन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । त्यसैगरी कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयका मन्त्री घनश्याम भण्डारीसँग मन्त्रालयको नीतिगत अवस्था र अबको कदमका बारेमा गरेको कुराकानीको सारांशलाई पनि यो अध्ययनमा समावेश गरिएको छ । यसका साथै कर्णाली प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय, सामाजिक विकास मन्त्रालय, पुरातात्विक विभाग, राष्ट्रिय सङ्ग्रहालय आदि कार्यालयका वेवसाइट रहेका सामग्रीहरूको समीक्षा, सङ्ग्रहालयको अवलोकन गरी प्राथमिक र द्वितीयक स्रोतबाट उपलब्ध भएका तथ्याङ्कहरूलाई आधार मानेर यो अध्ययन गरिएको छ ।

## खुल्ला सङ्ग्रहालयको रूपमा कर्णाली

कर्णालीको कला, संस्कृति, सभ्यता र सम्पदाका बारेमा धेरैजनाले अध्ययन तथा अनुसन्धान गरेका छन् । प्राप्त शिलालेखहरूको  सङ्कलनको काम प्रदेश सरकाराले अगाडि बढाएको छ ।

प्रदेश सङ्ग्रहालय तथा अभिलेखालय समग्रताको सङ्ग्रहालय हो । यसबाहेक कर्णाली प्रदेश सरकार अन्तर्गत खारा सङ्ग्रहालय र कालीकोटको पिली सङ्ग्रहालय (जसलाई युद्ध सङ्ग्रहालय पनि भनिन्छ) निर्माणको क्रममा रहेका छन् । अहिले स्मारकहरु बनिरहेका छन् । यी बनेका स्मारकहरूलाई कसरी सुरक्षित राख्ने भन्ने चुनौती देखिएको छ । सम्पदा बनाउने मात्र नभएर सम्पदा जोगाउने कुरा महत्वपूर्ण हो ।

सुर्खेतको काँक्रेबिहार आफैँमा एउटा खुल्ला सङ्ग्रहालय हो । देवलैदेवल भएको हुनाले दैलेख नामाकरण भएको हुनसक्छ भनिएको छ ।  दैलेखमा सिंगल देवल, संयुक्त देवल र पञ्च देवलहरु करिव ३६ ठाउँमा छन् । यी देवलहरु आफैँमा खुल्ला सङ्ग्रहालय हुन् । त्यसैगरी अन्य सम्पदाहरु समेत गरी दैलेखमा मात्रै ११८ वटा स्थानमा हाम्रो इतिहास बोकेका सांस्कृतिक सम्पदा रहेका छन् । ती आफैमा खुला सङ्ग्रहालय हुन् ।

बालेश्वरमा बालेश्वर अभिलेख, सामनामा सामना कार्की अभिलेख भनेर पादुकामा देख्न सकिन्छ । पादुकाको गेटमा लेखिएका अभिलेखहरु अहिले पनि देख्न सकिन्छ । यसरी हेर्दा खेरी हामीसँग खुल्ला सङ्ग्रहालय जति पनि छन् । कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीका अनुसार जति पनि अभिलेख र शिलालेखहरु छन् ती सबैलाई राज्यले उठाएर ल्याएर सङ्गृहीत गर्नसक्ने स्रोत पनि छैन र त्यो सम्भव पनि देखिँदैन त्यसैले दैलेख लगायत कतिपय जिल्लालाई खुला सङ्ग्रहालयको रूपमा हेर्न सकिन्छ ।

## कर्णालीका  सङ्ग्रहालय

कर्णालीको कला र संस्कृति पनि फरक खालको रहेको छ । कर्णालीको मस्टो संस्कृतिको विषयमा अझ गहिरो गरी अध्ययन गर्न सकिने विषय हो । यस्ता  लोक संस्कृतिलाई जीवित राख्न यसको पुस्तान्तरण आवश्यक हुने गर्दछ । कर्णाली भाषा र सभ्यताको उद्गम थलो भएका कारण यहाँको लोक संस्कृतिलाई जोगाइराख्नका लागि सङ्ग्रहालय प्रभावकारी माध्यम हुने देखिन्छ । भूगोलमा नेपालकै सबैभन्दा ठूलो रहेको कर्णाली प्रदेश सांस्कृतिक सम्पदामा पनि धनी छ । तर यी सांस्कृतिक सम्पदाको एकै स्थानमा अध्ययन गर्न पाइने प्रतिनिधिमूलक सङ्ग्रहालय भने छैन । यद्यपि कर्णाली प्रदेशको राजधानी सुर्खेतमा  प्रदेश सङ्ग्रहालय तथा अभिलेखालय छ । यो नै कर्णाली प्रदशेको सबैभन्दा पुरानो र ठूलो सङ्ग्रहालय हो । यो प्रदेशका १० वटै जिल्ला सुर्खेत, दैलेख, कालीकोट, हुम्ला, जाजरकोट, रूकुम पश्चिम, डोल्पा, सल्यान तथा मुगु सबै जिल्लामा

२५ नगरपालिका र ५४ गाउपालिका गरी कुल ७९ स्थानीय सरकार छन् । तिनीहरूमध्ये अधिकांशले कुनै न कुनै रूपमा सङ्ग्रहालय स्थापना गरेका र गर्ने क्रम अघि बढाएको पाइन्छ । कतिपय स्थानीय तहमा विभिन्न सङ्ग्रहालय स्थापना भएका छन् । कतिपय सञ्चालनमा आएका छैनन् भने कतिपय सञ्चालनमा पनि आएका छन् । डोल्पाको डोल्पो सङ्ग्रहालय, हुम्लाको श्रीनगर सङ्ग्रहालय, सुर्खेतको पञ्चपुरी सङ्ग्रहालय विकट क्षेत्रमा स्थापना भएका सङ्ग्रहालय हुन् तर यिनीहरु सञ्चालनमा आएका देखिदैनन् । त्यसैगरी कतिपय स्थानमा खासगरी उच्च हिमाली क्षेत्रमा गुम्बाहरूमा सङ्ग्रहालय पनि सञ्चालन भइको पाइन्छ । यी तथ्यहरूलाई विश्लेषण गर्दा कर्णाली प्रदेशभरि सानाठूला गरी करिब १ सयको हाराहारीमा सङ्ग्रहालय रहेको अनुमान छ तर यसको एकिन तथ्याङ्क छैन र आधिकारिक रूपमा उपलब्ध पनि छैन । यी सङ्ग्रहालयमध्ये केही सङ्ग्रहालयको छोटकरीमा यहाँ चर्चा गरिएको छ ।

## क. कर्णाली प्रदेश सङ्ग्रहालय तथा अभिलेखालय

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा हाल प्रदेश सङ्ग्रहालय तथा अभिलेखालयको रूपमा रहेको सङ्ग्रहालय क्षेत्रीय सङ्ग्रहालयको रूपमा वि.सं. २०५७ साल साउन २ गते सोमबारका दिन विधिवत् रूपमा उद्घाटन गरी सर्वसाधारणका लागि प्रर्दशनी खुल्ला गरिएको थियो । मुलुक संघीयतामा जानुपूर्व अभिलेखालय र सङ्ग्रहालय फरक-फरक कार्यालयका रूपमा रहेको यो संस्थालाई वि.सं. २०७२ सालपछि सङ्ग्रहालयका रूपमा कर्णाली प्रदेश सरकारलाई हस्तान्तरण गरियो । हाल आएर प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश अर्न्तगत वि.स. २०७५ असोज ५ गतेदेखि यो सङ्ग्रहालयको नाम प्रदेश सङ्ग्रहालय तथा अभिलेखालयको नामसहित हस्तान्तरण भएको हो । यस सङ्ग्रहालयले मूलतः शिक्षा प्रदान गर्ने, अध्ययन-अनुसन्धान गर्ने र मनोरञ्जन प्रदान गर्ने उद्देश्य लिएको छ ।

अहिले प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गत राखिएको यो सङ्ग्रहालयले भाषा, साहित्य संस्कृति, इतिहास पुरातात्विक वस्तुहरूको संरक्षण गर्ने कार्य अनुरूप प्रदेश सङ्ग्रहालय तथा अभिलेखालय नामाकरण गरिएको हो । प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत राखिएको यो सङ्ग्रहालयले भाषा, साहित्य संस्कृति, इतिहास पुरातात्विकको संरक्षण गर्ने कार्य अनुरूप प्रदेश सङ्ग्रहालय तथा अभिलेखालयले काम गरेको छ । गत आर्थिक वर्ष २०८०/८१ मा ७ हजार ९ सय ७० जनाले यो सङ्ग्रहालय भ्रमण गरेको सङ्ग्रहालयको अभिलेख छ ।

यो सङ्ग्रहालयमा पुरातात्विक, ऐतिहासिक सांस्कृतिक वस्तुहरु ४ सय वटा छन्, जसमध्ये ३ सय २२ वटा प्रदर्शनीमा राखिएका छन भने ७८ वटा स्टोरमा रहेका छन् । त्यसैगरी ताम्रपत्रको डिजिटल कपी : २ थान, अन्य अभिलेख डिजिटल कपी : २ सय १५ थान र मूलकपी अभिलेख : २१ थान रहेका छन् । अभिलेखमा रहेका सामग्री अन्तर्गत ऐतिहासिक महत्वका तमसुक, राजिनामा पत्र, रसिद, पुँजी, फैसला, भरपाई, रुक्का,

टिपोट, जाहेरी, मन्त्र, लालमोहर(प्रतिलिपी) आदि रहेका छन् । ( कुराकानी, अर्जुन शाही, निमित्त प्रमुख ) । यो सङ्ग्रहालयमा दैलेख जिल्लामा प्राप्त ताम्रपत्र, भोजपत्र, तमसुकहरू सनत, लालमोहर र ढुङ्गामा लेखेका अभिलेखहरूका बारेमा खासगरी त्रिभुवन विश्वविद्यालयका शिलालेखमा राखिएको छ ।

यस सङ्ग्रहालयका पहिलो कक्षमा इतिहास र सस्कृतिसँग सम्वन्धित वस्तुहरू प्रदर्शनीका लागि राखिएको छ । जहाँ जाजरकोट दरवारको प्रतिकृति, मगर, थारु राउटे र कुमाल जातिको संस्कृति झल्काउने भेषभूषा, गरगहना, परम्परागत भाडावर्तन, हातहतियार, परम्परागत नापतौलका ईकाइगत सामग्रीहरु विभिन्न तिथिक्रमका मुद्राहरु परम्परागत लोकबाजाहरु काठको नाउका साथै सामाजिक पक्षलाई झल्काउने फोटोहरु प्रदर्शनीका लागि राखिएको छ ।

यसैगरी दोस्रो कक्षमा काँक्रेविहारबाट प्राप्त पुरातात्विक वस्तुहरु जस्तैः औजार, कलात्मक प्रस्तर मूर्तिहरु फलामका हुक, प्राचीन माटाका भाँडाका टुक्राहरु सुल्पा बनाउने प्रविधि, दैलेखबाट प्राप्त लालमोहर, रुक्कापत्र, हिमाली भेगको लामा संस्कृति झल्काउने भेषभूषा, पानी घडी, थाङ्का, माझी जातिसँग सम्बन्धित सामग्री माछा मार्ने जाल, सुन चाल्न प्रयोग हुने काठका सामग्रीहरु प्रदर्शनीका लागि राखिएका छन् ।

धार्मिक ग्रन्थ, पुरातत्व, संस्कृति, साहित्य, कला तथा विज्ञान प्रविधिसँग सम्वन्धित पुस्तकहरु र कर्णाली प्रदेश सभाका विधेयक सङ्ग्रहहरु सङ्कलन गरी पुस्तकालयमा राखिएका छन् । यसका साथै राष्ट्रिय दैनिक पत्रिकाहरु स्थानीय पत्रिकाहरु र स्मारिकाहरु सङ्ग्रह गरी अध्ययन अनुसन्धानका लागि राखिएका छन् ।

यसका साथै कर्णाली प्रदेशको धार्मिक, सामाजिक, ऐतिहासिक, पुरातात्विक, संस्कृतिलगायत सङ्ग्रहालय का संक्षिप्त जानकारी दिने उद्देश्यले तयार गरिएको वृत्तचित्र देखाउने व्यवस्था पनि रहेको छ ।

## ख. दैलेखको दुल्लुमा "सांस्कृतिक सङ्ग्रहालय"

विशाल नेपालको शक्तिशाली राज्यमध्येको एउटा मानिने सिञ्जा राज्यको शीतकालीन राजधानीको रूपमा दुल्लुलाई मानिन्छ । ज्वाला सभ्यता र सिञ्जा सभ्यताको केन्द्र विन्दुको रूपमा रहेको दुल्लु नगरपालिकामा तत्कालीन राजा श्री ५ राजेन्द्र वीरविक्रम शाहको पालामा काजी जसपाउँ थापाले निर्माण गरेको पौवा घरमा तत्कालीन नगर प्रमुख घनश्याम भण्डारीको पहलमा २०७५ जेष्ठ १ गते दुल्लु सांस्कृतिक सङ्ग्रहालय स्थापना गरिएको हो । (कुराकानी, घनश्याम भण्डारी २०८०, फागुन ८) ।

उक्त भवनको पछाडिपट्टि रहेको भवनको परम्परागत शैली नबिग्रने गरी भवनको गरिएको छ । अगाडिपट्टिको भवनको पनि हाल जिर्णोद्वार गर्ने काम शुरु भएको छ । उक्त सङ्ग्रहालयमा नेपाली भाषाको सबैभन्दा पुरानो शिलालेख, विभिन्न मन्दिर, पाटी, पौवाजस्ता भौतिक सम्पदा  र देउडा, धमारी, कर्कोजस्ता अभौतिक सांस्कृतिक सम्पदा राखिएको छ । तिब्बती पठारको खसान देखि जडानसम्मको कला, संस्कृति, साहित्य, लोक जीवन,

लोक संस्कारसँग सम्बन्धित भौतिक र अभौतिक सम्पदाहरूको जर्गेना गर्ने लोक संस्कृतिलाई बचाइ राख्न सङ्ग्रहालयको स्थापना गरिएको दुल्लु नगरपालिकाका तत्कालीन नगरप्रमुख घनश्याम भण्डारीको भनाइ छ । कला-संस्कृतिको जगेर्ना गर्नु नगरपालिकाको दायित्व पूरा गर्न सङ्ग्रहालयको स्थापना गरिएको उहाँको भनाइ छ । सङ्ग्रहालयमा विभिन्न परम्परागत लोक जीवनसँग रहेका ढिकी, जातो, घट्ट, कोल, महिलाहरूले लगाउने गरगहना, पुराना पैसा, लगातका विभिन्न १६२ किसिमका सामग्रीहरु रहेका छन् ।

त्यसैगरी पञ्चेबाजा, लोक देउडा, मारुनी नाच, फड्को, लगायतका ४२ प्रकारका लोक सँस्कृति समावेश भएका थिए ।

प्राचीन स्मारक ऐनले सम्पदाहरूको ५० मिटर वरपर कुनै पनि घर, टहरा बनाउन पाइदैन भनेको छ तर, वि.सं. २०४८ सालको जग्गा नापी वितरण गर्दा दैलेखका प्रायः सबै सम्पदाहरु व्यक्तिको नामा परेका छन् । जुन अहिले पनि मुद्दा परिरहेको अवस्था छ ।

दैलेखको पादुकाको ज्वाला बलिरहेको ठाउँमा अहिले पनि जग्गा विवादमा रहेको छ । श्रीस्थानको ललाँटमा अहिले पनि सम्पदा व्यक्तिको खेतमा छ । सम्पदासँग जोडिएका यी सवालको व्यवस्थापन गर्न प्रदेश सरकारले पनि चासो देखाएको छ ।

कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले तत्कालीन समयमा दुल्लु नगरपालिकाको नगर प्रमुख हुँदा करिब २०० वर्ष पुरानो घरमा साँस्कृतिक सङ्ग्रहालय बनाएर सम्पदाको संरक्षणको अभियान सुरु गरी तत्कालीन समयको पौवा दरबारलाई सङ्ग्रहालयको रूपमा स्थापना गरेपछि स्थानीय बासिन्दाले आफनो घरमा भएका सांस्कृतिक सम्पदा संकलन गरेर सङ्ग्रहालय सुरुवात भएको छ । यो सुरुवात आफैमा राम्रो कार्य हो । त्यसका लागि नगरपालिकाले काम गरिरहेको छ ।

### ग. रूकुमपश्चिमको खारामा "युद्ध सङ्ग्रहालय"

कर्णाली प्रदेश सरकारको सहयोगमा रूकुमपश्चिमको त्रिवेणी गाउँपालिका-६ मा खारामा 'युद्ध सङ्ग्रहालय' निर्माण सुरु गरिएको छ । प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले वर्षेनी बजेट विनियोजन गर्ने गरी युद्ध सङ्ग्रहालय निर्माण कार्यलाई निरन्तरता दिएको छ ।

दक्षिण पश्चिम रूकुमको पहाड खारामा सैनिक आमा तत्कालीन नेकपा माओवादी र नेपाली सेनावीच वि.सं. २०५९ जेठ १३ र वि.सं. २०६१ चैत २५ गते लडाई भएको थियो । त्यही स्थानमा अहिले सङ्ग्रहालय निर्माण गर्न लागिएको हो ।

## घ. कालीकोटको "पिलीमा युद्ध सङ्ग्रहालय"

कर्णाली प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले कालीकोटको पिलीमा आर्थिक वर्ष २०७९/८० देखि सङ्ग्रहालय निर्माणको काम थालिएको हो । खाँडाचक्र नगरपालिका-७ मा निर्माण भइरहेको सङ्ग्रहालयका लागि नगरपालिकाले समेत सहयोग रहेको छ । वि.सं. २०६२ साउन २३ गते तत्कालीन शाही नेपाली सेना र विद्रोही माओवादी लडाकूबीच भएको दोहोरो भिडन्तमा परी एक सय तीन जनाको मृत्यु भएको थियो । दुवै पक्षका कमान्डरसहित युद्धमा ज्यान गुमाएका सबैको सालिक बनाउने, प्रयोग भएका हतियार, उपकरण सङ्कलन गरेर सङ्ग्रहालय बनाउने जनाइएको छ ।

कर्णाली राजमार्ग हुँदै जुम्ला र मुगुको राराताल घुम्न जाने बाटोमा पर्छ पिली । त्यसैले रारा घुम्ने पर्यटकले पिलीमा गाडी रोकेर तत्कालीन माओवादी र सेनाबीच युद्ध भएको ठाउँ अवलोकन गर्न सक्ने भएकाले गाउँमा पर्यटकीय पूर्वाधार विकास गर्न लागिएको नगरपालिकाको भनाइ छ तर यो सङ्ग्रहालयको सञ्चालन मोडालिटी,यसको दीगोपना तथा आगन्तुकको बारेमा भने खासै विश्लेषण गरेको पाइदैन ।

## ङ. सिञ्जा सभ्यता खस सङ्ग्रहालय

नेपालमा खस भाषाको उद्‌गम स्थान जुम्ला जिल्लाको सिञ्जा तत्कालीन समयको २२ औं शक्तिशाली राज्यको रूपमा परिचित सिंजा एउटा उपत्यका हो । विसं १४५५ मा राजा जालन्धरले सिञ्जा राज्य स्थापना गरेको र राजा जालन्धर शिवभक्त भएकाले शिवको अघिल्लो अक्षर 'शि' र आफ्नो नामको अघिल्लो अक्षर 'जा'जोडेर सिञ्जा नाम रहन गएको इतिहासहरूमा उल्लेख छ ।

यहाँ शिलालेख, ऐतिहासिकस्थल, पाण्डव गुफा, विराटदरबार, कनकासुन्दरी मन्दिरलगायत ढुङ्गाले कुँदिएका विभिन्न आकृति रहेका छन् भने हाल तिनका भग्नावशेष मात्रै भेटिन्छन् ।

सङ्ग्रहालय क्षेत्रमा १२ देखि १५औं शताब्दीको बीचमा निर्माण गरिएका देवल तथा शिलालेख अहिलेसम्म सुरक्षित रहेको सिञ्जा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालको भनाइ छ । धितालका अनुसार सङ्ग्रहालय निर्माणको काम सकिएको र आगामी वैशाखदेखि सङ्ग्रहालय सञ्चालनमा ल्याउने योजना रहेको छ ।

सङ्ग्रहालय सञ्चालनमा आएपछि सभ्यता संरक्षण मात्रै होइन, आन्तरिक तथा बाह्य पर्यटनदेखि खस भाषासम्बन्धी अनुसन्धान र अवलोकनमा समेत सहज हुने अपेक्षा गरिएको छ । धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय हिसाबमा फरक महत्व बोकेको यस पालिकामा धार्मिक रूपमा बुँदबुँदी केदार नाथ तीर्थ स्थल, मठ मन्दिरको रूपमा देउली माई, मालिका बाँओ, रोप्नी माई ऐतिहाँसिक रूपमा पञ्चदेवल, त्रिदेवल आदि रहेका छन् ।

स्थानीय भाषा, कला, संस्कृति र सभ्यताको संरक्षणका लागि पालिकाले कक्षा एकदेखि तीनसम्म स्थानीय पाठ्यक्रम बनाएर अध्यापन सुरु गरिरहेको छ ।

सङ्ग्रहालय नाग्म-गमगढी सडक खण्डअन्तर्गत सिञ्जा हुँदै मुगु राराताल जाने बाटो नजिकै रहेकाले यो सोही सङ्ग्रहालय राराताल जानेहरूलाई पनि आकर्षित गरी पर्यटन प्रवर्द्धनलाई आकर्षण गर्न गाउँपालिका अध्यक्ष धितालको भनाइ छ । यो सङ्ग्रहालयको सञ्चालन मोडालिटी भने तयारी भएको छैन ।

## च. हुम्ला सङ्ग्रहालय

वि.सं. २०६८/०६९ सालमा साविक जिल्ला विकास समिति हुम्लाले स्थापना गरेको हुम्ला सङ्ग्रहालय हालसम्म पनि जिल्ला समन्वय समितिकै मातहतमा रहेको छ । हाल बन्द अवस्थामा रहेको छ ।

वि.सं. २०७२ सालमा सिमकोट विमानस्थलको गेट बाहिर राखिएको सङ्ग्रहालयमा जिल्लामा पाइने स्थानीय उत्पादन, स्थानीय पोसाक र पर्यटन झल्काउने जिल्लाका तस्वीरहरु राखिएका छन् । जिल्ला समन्वय समिति हुम्लाका अनुसार सङ्ग्रहालय आर्थिक अभावले अलपत्र परेको हो । संघ, प्रदेश सरकारले आर्थिक व्यवस्थापन नगरेपछि व्यवस्थापन गर्न नसकिएको जिल्ला समन्वय समितिका प्रमुख शिवराज शर्माको भनाइ छ । समन्वय समितिले संरक्षण गर्न नसक्ने भएपछि सिमकोट गाउँपालिकासँग समन्वयन गरी हस्तान्तरणको पहल भइरहेको उहाँको भनाइ छ । सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारी जिल्ला समन्वय समितिले उक्त सङ्ग्रहालय पालिकालाई हस्तान्तरण गरेमा सञ्चालन गर्न सकिने बताउँछन् ।

## छ. जाजरकोट दरबारलाई सङ्ग्रहालय बनाउने अभियान

संघीय सरकार तथा पुरातत्व विभागबाट सूचीकृत मुलुकका सय पर्यटकीय गन्तव्यहरूमध्ये सूचीकरणमा परेको जाजरकोटको ऐतिहासिक दरबारलाई सङ्ग्रहालय बनाउने अभियान स्वरूप जाजरकोट सम्पदा संरक्षण प्रतिष्ठान स्थापना भएको छ । जाजरकोटका १६औं राजा इन्द्रनारायण शाहले निर्माण सुरु गरेर २०औं राजा नरेन्द्रविक्रम शाहका पालामा वि.सं. १८२५ मा भव्य स्वरूप पाएको सेतो दरबार सरकार र सरोकारवाला निकायको बेवास्ताका कारण ओझेलमा परेको भन्दै स्थानीय युवाहरूले संरक्षण अभियान सुरु गरेका छन् ।

जाजरकोटी अन्तिम राजा स्वयं प्रकाशविक्रम शाहका छोरा पाइलट प्रकाशविक्रम शाहले जिल्ला प्रशासन कार्यालयलाई वि.सं. २०४० सालमा ५० हजार रुपैयाँमा बेचेका थिए । अहिले दरबारमा जिल्ला प्रशासन कार्यालय सञ्चालन छ । पुरातत्व विभागले उक्त दरबार वि.सं. २०५० सालमा पुनर्निर्माण गरेको थियो ।

कर्णाली प्रदेशमा बाइसे चौबिसे शासनकालको एक मात्रै दरबार बचेकोले जिल्लाका सबै सरोकारवालाहरूसँगको छलफलपछि विभिन्न चरणमा दरबार सङ्ग्रहालय बनाउने कामको सुरुवात हुन लागेको छ । जिल्ला सदरमुकाम क्षेत्रमा भएका यो दरबारमा सङ्ग्रहालय बनाएमा प्रशस्त मानिसहरु हेर्न आउँने अभियन्ताहरूको अनुमान छ तर सङ्ग्रहालय कसरी बनाउने, लागत कति लाग्छ भन्ने लगायतका बारेमा भने एकिन गर्न सकिएको छैन ।

## नयाँ प्रयासको थालनी

कर्णाली प्रदेशका सबै सम्पदा र संस्कृतिको प्रभावकारी बजार व्यवस्थापन नै सम्भावनाको बलियो स्रोत हो । दैलेख जिल्लामा मात्रै ६४ वटा जात्राहरु छन् । यी जात्राको बजार व्यवस्थापन गर्न सकियो भने संसारभरबाट मानिसहरु आउन सक्ने सम्भावना देखिन्छ तर यो आर्थिक आयआर्जनको माध्यम हो भनेर बुझाउन सकिएको छैन । त्यसैगरी हिमाली जिल्ला डोल्पा, हुम्लामा फरक सांस्कृतिक सम्पदा छन् । यहाँका जिल्लामा वौद्ध दर्शन अध्ययन गर्नका लागि व्यवस्थापन गर्न सक्यौं भने त्यसले देश विदेशबाट वौद्ध दर्शन अध्ययन गर्न जो कोही पनि आउन सक्ने देखिन्छ ।

हामीले जुम्लाको सिञ्जामा नेपाली भाषाको अध्ययनको व्यवस्थापन गर्न सक्यौं भने नेपाली भाषाको उत्पत्तिका बारेमा अध्ययन अनुसन्धान गर्न देश विदेशबाट जो पनि आउन सक्ने देखिन्छ । अर्को सम्भावना भनेको लुम्बिनीमा आएका बौद्ध धर्मालम्बीहरुलाई सुर्खेतको काँक्रेबिहारमा ल्याउँन सकिन्छ ।  काँक्रेबिहार जत्तिकै मौलिक सभ्यता बोकेको जीवित बिहार विश्वमा नै छैन । हामीले यसको बारेमा सही रुपमा बजार व्यवस्थापन गर्न सकिरहेका छैनौं ।

ढुङ्गामा कुँदिएका प्राचीन वुद्धको मूर्ति दैलेखको पादुकामा रहेको छ । मुर्तिको देवल पनि वुद्धसँग जोडिएको विषय हो । जसलाई वौद्ध स्तुपाको रुपमा हेर्न सकिन्छ । हामीसँग यस्ता प्रयाप्त सम्पदा र संस्कृति छन् जसलाई हामीले बुझाउन सकिरहेका छैनौं । यो अर्को सम्भावनाको क्षेत्र हो ।

कर्णाली प्रदेश सरकारले यस्तै काम गर्नका लागि कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठान गठन गर्न लागिरहेको छ । उक्त प्रतिष्ठानमार्फत् साहित्य, संस्कृति, धर्म, परम्परासँग जोडिएका सङ्ग्रहालयहरु व्यवस्थित गर्ने सोच मन्त्रालयको रहेको छ । सरकारले यो वर्षको नीति तथा कार्यक्रममा प्रदेश प्रज्ञा प्रतिष्ठान गठन गर्न तयारी गरेको छ ।

यसैगरी कतिपय स्थानीय पालिकाले स्थानीय कला, संस्कृति, परम्परा, रीतिरिवाज, सभ्यता र सम्पदालाई समेटेर पाठ्यक्रम बनाएर विद्यालयस्तरमा लागू गरिसकेका छन् । दैलेखको दुल्लु नगरपालिकाले 'हाम्रो संस्कृति, हाम्रो परम्परा' नामको स्थानीय पाठ्यक्रम बनाएर कक्षा एकदेखि कक्षा आठसम्म लागू गरिरहेको नगरप्रमुख भरतप्रसाद रिजालले जानकारी दिनुभयो । यसैगरी जुम्लाको सिञ्जाले खस भाषा भनेर स्थानीय पाठ्यक्रममा नै लागू गरेको छ । जसमा स्थानीय कला, संस्कृति र सम्पदाको बारेमा उल्लेख गरिएको छ । अरु पालिकाले पनि स्थानीय पाठ्यक्रममा संस्कृति, परम्परा रितिरिवाज, सम्पदालाई समेटेर पाठ्यपुस्तक निर्माण गरेर लागू गरेका छन् ।

यो सबैको व्यवस्थापनका लागि कर्णाली प्रदेश सरकारले गठन गर्न लागेको प्रज्ञा प्रतिष्ठान एउटा फ्रेम वर्क हो । यसले नियमित काम गर्छ । यसबाहेक पनि संस्कृति र सम्पदा संरक्षणका लागि नियमित काम भइरहन्छन् ।

स्थानीय पालिकाले मूर्त सम्पदाको संरक्षण गर्ने जस्तै काँक्रेविहारको सौन्दर्यता नबिगारेर जोगाउने, मुर्तिका देवलहरूको सम्पदा नबिगारेर जोगाउने, देउलीको धर्मशालालाई जोगोउने, कनका सुन्दरीमा भएको विशाल दरबारको भग्नावशेषलाई संरक्षण गर्ने लगायत पुरातात्विक वस्तुलाई  जोगाउने  प्रयास गरेका छन् ।

अभौतिक  सम्पदाको पुस्तान्तरण गर्ने, जस्तै झोडा, मादल, देउसी, भैलो, भोस्सी, भुओ, ढटालाई पुस्तान्तरण गर्ने काममा पनि प्रयास गरेका छन् ।  यी प्रयास भएतापनि  यहाँको पुरातात्विक वस्तु, सम्पदा तथा संस्कृतिको अध्ययन र यकिन अभिलेख छैन ।  प्रदेश सङ्ग्रहालय तथा अभिलेखालयमा समेत यी विषयका जनशक्तिको अभाव देखिन्छ । त्यसैगरी सम्पदा तथा संस्कृतिको बारेमा जनस्तरमा पर्याप्त जनचेतना नभएका कारण आमनागरिकमा हाम्रा कला, संस्कृति, परम्परा, रितिरिवाज र सम्पदा भनेका पुर्खाले मेहनेत गरेर बनाएका सम्पत्तिको महत्वको बुझाइमा कमी देखिन्छ । जनसंरक्षण भएमा मूर्त सम्पदाहरु  आँखाले देख्न सकिन्छ । जस्तैः मन्दिर, देवल,टुँडाल, कलाकृति आदि तोडफोड भएर नासिएका छन् भनै अभौतिक सम्पदाहरु जस्तैः लोक साहित्य, लोक जीवन, लोकसंस्कार, रीतिरीवाज, परम्परा आदि पुस्तान्तरण र हस्तान्तरण हुन नसक्दा लोप भएर गएका छन् ।

## निष्कर्ष

कर्णाली प्रदेशको संस्कृति सम्पदा र इतिहास सञ्चार माध्यमको रूपमा सङ्ग्रहालय आफैंमा महत्वपूर्ण विषय हो तर कर्णाली प्रदेशमा भएका सम्पदाहरूको अध्ययन गर्दा यो प्रदेश आफैंमा एउटा खुला  सङ्ग्रहालय नै हो भन्न सकिन्छ । यी सम्पदाको अध्ययन तथा यसबाट आममानिसले ज्ञान लिन सङ्ग्रहालयको आवश्यकता छ । यही आवश्यकतालाई महसुस गरी सङ्ग्रहालय स्थापनाको क्रम स्थानीय सरकारसम्म पुगेको छ तर यो प्रदेश सङ्ग्रहालयको यकिन वस्तुस्थिति दिने अध्ययन नहुँदा सङ्ग्रहालयको सङ्ख्या, प्रकृति र अवस्थाका बारेमा आधिकारिक तथ्याङ्क छैन ।

पछिल्लो समय अध्ययन तथा अनुसन्धानका लागि यस्ता प्राचीन सम्पदाहरूले प्रभावकारी सञ्चारको भूमिका निर्वाह गरिरहेका छन् । सङ्ग्रहालयले खासगरी छरिएर रहेका कला, संस्कृति, सभ्यता र परम्परालाई एउटै थलोमा बसेर अध्ययन तथा अनुसन्धान गर्न सहयोग पुऱ्याउँछन् । कुनै वस्तु वा ठाउँका बारेमा एक ठाउँबाट अर्को ठाउँमा सन्देश प्रवाह गर्नका लागि सङ्ग्रहालय गतिलो माध्यम बन्न सक्छ । त्यसैले पनि यसको महत्व दिनप्रतिदिन बढिरहेको छ ।

समग्रमा भन्दा, कर्णाली प्रदेश सम्पदाको खानी प्रदेश हो । यहाँका कला, संस्कृति र सम्पदाको बारेमा अध्ययन तथा अनुसन्धान गर्नका लागि पर्याप्त बजेट र समय आवश्यक हुन्छ । सरकारले समयमा नै प्रचार-प्रसार गरेर यसको उचित संरक्षणतर्फ ध्यान दिनु जरूरी छ । नेपाली भाषाको उत्पत्ति देखि लिएर पुराना शिलालेख र मूर्तिहरूको संरक्षण गर्न पनि आवश्यक छ । यसका लागि स्थानीय, प्रदेश र संघीय सरकारले आ–आफ्ना क्षमता र जिम्मेवारीअनुसार कला, संस्कृति र सम्पदाको संरक्षणका लागि कदम चाल्नुपर्ने देखिन्छ । साथै सम्पदाको जगेर्ना र संरक्षणका लागि नागरिकहरूमा जनचेतना जगाउनु त्यतिकै आवश्यक हुन्छ ।

## सन्दर्भ सामग्री


जोशी, सत्य मोहन ( २०७८), *कर्णाली लोक संस्कृति- १ इतिहास,* काठमाडौं : हिमाल किताब ।

देवकोटा पुरीचन्द्र (२०७३), *कर्णाली दर्पण,* काठमाडौं : कमलादेवी देवकोटा ।

पुरातत्व विभाग (२०७२), *भेरी अञ्चलका वर्गीकृत सांस्कृतिक सम्पदाहरूको विवरण,* काठमाडौं : पुरातत्व विभाग ।

पुरातत्व विभाग (२०६९), *कर्णाली अञ्चलका वर्गीकृत सांस्कृतिक सम्पदाहरूको विवरण,* काठमाडौं : पुरातत्व विभाग, रामशाहपथ ।


## अन्तर्वार्ता

सामाजिक विकास मन्त्री घनश्याम भण्डारीसँग मिति २०८१/११/०८ गरिएको कुराकानी ।

भरत रिजाल, प्रमुख, दुल्लु नगरपालिकासँग मिति २०८१/११/१६ कुराकानीमा ।

गणेश कुमार के सी., अध्यक्ष, त्रिवेणी गाउँपालिका रुकुम पश्चिम,सँग मिति २०८१/११/०५ कुराकानी ।

खाडाचक नगरपालिका - कमल ब. शाही, कालिकोटसँग मिति २०८१/११/१६ मा गरिएको कुराकानी ।

पूर्ण प्रसाद धिताल, अध्यक्ष, सिन्जा गाँउपालिका, जुम्लासँग मिति २०८१/११/१६ मा गरिएको कुराकानी ।

सिमकोट गाउँपालिका हुम्लाका विजय अधिकारीसँग मितिः २०८१/११/१६ गते गरिएको कुराकानी ।

मिल्ला समन्वय समिति हुम्ला प्रमुख मितिः २०८१/११/१६ सँग गरिएको कुराकानी ।

नि.का. प्रमुख प्रदेश अर्जुन शाहीसँग मितिः२०८१/११/०५ गरिएको कुराकानी ।

## वेवसाइट


https://pms.karnali.gov.np/site/np/

https://gorkhapatraonline.com/news/115244

https://www.onlinekhabar.com/2023/06/1323300//पिली-र-खारामा-युद्ध-संङ्ग

https://jhpa.org.np

https://www.himaldarpan.com/news/history-of-museums-in-nepal

# मिथिला सभ्यता, सम्पदा र सङ्ग्रहालय

सुबोध चन्द्र दास (एससी सुमन)
पूर्व प्राज्ञ
नेपाल ललितकला प्रज्ञा- प्रतिष्ठान



*मिथिला चित्र विशेष गरी तत्कालीन मिथिला राज्यको राजधानीमा बढी प्रचलित थियो । यो हालसम्म पनि कायम छ । मिथिला क्षेत्रको तत्कालीन इतिहास, समाज, संस्कृति, परिवेश,आर्थिक सामाजिक क्रियाकलाप बुझाउन, सामयिक चेतना अभिवृद्धि गर्न प्रयोग गरिँदै आएको मिथिला चित्रले मधेशको जीवनलाई हुबहु हाम्रो सामू राख्ने गर्दछ ।*

## पृष्ठभूमि

प्राचीन कालदेखि संस्कृतिले भरिपूर्ण मुलुक नेपाल तिनै कलाको जगमा सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक विरासत बनाइरहेको छ । यहाँका विभिन्न कला र सभ्यताहरु जस्तै मिथिला सभ्यता पनि  गर्व गर्न लायक छ । विख्यात मिथिला भूखण्डमा  साहित्य, सङ्गीत, चित्रकला, मूर्तिकला, हस्तकलाजन्य कौशलहरू जनजीवनको अभिन्न अङ्ग बनेका छन् । जनकल्याणका निम्ति राजर्षि जनकले हलो जोतेको दृष्टान्तका साथ जाज्वल्यमान मिथिला माटो र मानवप्रतिको निष्ठाका कारण युगौँदेखि पवित्र एवं उर्वर रही आएको छ । मिथिलाको माटो मात्र नभई विचारसमेत उदार, उत्रत र उत्पादनशील छन् ।

मिथिला सभ्यता, संस्कृति त हो नै त्यो सँगै एक पुरानो राज्य पनि हो । मिथिला राज्यको सीमाना कहाँसम्म थियो भन्ने यकिन तथ्य नभए पनि मिथिला क्षेत्रबारेमा उल्लेख भएका विभिन्न अभिलेखअनुसार यो राज्यको सीमाना उत्तरतर्फ हालको नेपालको सिन्धुली र दक्षिणतर्फ हालको भारतको गङ्गा तटसम्म फैलिएको थियो ।

प्राचीनकालदेखि नै मिथिला प्रदेश पश्चिम गण्डकीदेखि पूर्व कोसीसम्म हिन्दुको पावन तीर्थस्थलका रूपमा स्थापित र सुपरिचित छ । यद्यपि यो प्रदेश हिन्दु धर्म र संस्कृतिको विश्वप्रसिद्ध केन्द्र पनि हो । बृहत् विष्णु पुराणका अनुसार विदेह वा मिथिला राज्य कौशिकी नदीबाट गण्डकीतिर ९६ कोश लम्बाइमा छ । यसको चौडाइ गण्डकीबाट हिमालय क्षेत्रतिर ६४ कोसमा छ । यसको राजधानी भारतको वैशालीबाट ३५ माइल छ ।

मिथिलाको अस्तित्व पूर्ववैदिक कालदेखि नै रहेको पाइन्छ । नेपाल भनिनुभन्दा पनि पहिले यो क्षेत्र चर्चामा आएको देखिन्छ । मिथिलाञ्चलको परम्परागत भौगोलिक सीमाका सम्बन्धमा पाँचौं शताब्दीको बृहद् विष्णुपुराणको 'मिथिला माहात्म्य खण्ड' मा यसप्रकार उल्लेख गरिएको छ।

"कौसिकी तु समारभ्य गण्डकीमधिगम्य वै ।

योजनानि चतुर्विंशदयामः परिकीर्तितः ॥१२॥

गंगाप्रवाहमारभ्य यावत् हैमवतं वनम् ।

विस्तारः षोडशः प्रोक्तो देशस्य कुलनन्दनः ॥१३॥[1]

अर्थात् पूर्वमा कोसीदेखि पश्चिममा गण्डकीसम्म छयानब्बे कोस तथा दक्षिणमा गङ्गादेखि उत्तरमा हिमालय प्रदेशको वनसम्मको ६४ कोसको भूभाग मिथिला वा मिथिलाञ्चल हो ।

यी तथ्यहरूले मिथिला पौराणिक कालको एक उल्लेखनीय राज्य भएको आधार दिन्छ ।

मिथिलाको राजधानी रहेको जनकपुर वर्तमान नेपालको भूमि भएकाले पनि मिथिला नेपाल राज्यको केन्द्र रहेको भनेर गर्व गर्न सकिन्छ । यही मिथिला राज्यमा भएका विभिन्न पर्व, अवस्था र इतिहासलाई रङ्गहरूले सजाई रेखाचित्र जस्तो स्वरूपमा घर, पर्खाल, मन्दिर, सार्वजनिक स्थलका भित्ताहरूमा कोरिने चित्रहरू नै मिथिला चित्र हुन् । तर, यहींबाट टुक्रिएर गएको राज्य बिहारमा भने मिथिला चित्रकलालाई 'मधुवनी चित्रकला' भनेर चिन्ने गरिन्छ ।

यसरी हालसम्मको उत्खननमा प्राप्त भएको पौराणिक दस्तावेजहरूको अध्ययन, अनुसन्धान गरेर मिथिला सभ्यताको व्यापकतालाई उजागर गर्नु पर्ने आवश्यकता भएतापनि अहिलेसम्म पनि यहाँको सांस्कृतिक सम्पदाको अवशेष तथा बहुमूल्य सम्पदाको अनुसन्धान हुन सकेको छैन । यहाँ प्राप्त असंख्य बहुमूल्य देवीदेवताका मूर्ति बेपत्ता पारिएका छन् । कतिपय मूर्ति आज पनि क्षतविक्षत रूपमा यत्रतत्र फालिएका छन् । पछिल्लो समयमा भने मिथिलाको विभिन्न समय कालखण्ड, परिवेश, अवस्था, इतिहास, धार्मिक जनविश्वास जस्ता पक्ष कोरिंदै आएपछि मिथिला चित्रमा हाल सामाजिक चेतना र लोक चासो बढेको देखिन्छ ।

1. 'प्रेमनिधि' अवधकिशोरदास श्री वैष्णव, श्री मिथिला–माहात्म्य ।

## मिथिला संस्कृति र कला

नेपालमा मिथिला चित्रको लागि प्रख्यात क्षेत्रहरु जनकपुरधाम, धनुषा, महोत्तरी र सो आसपासका जिल्लाहरू हुन् । मिथिला चित्र विकसित हुँदै जाँदा मिथिला क्षेत्रमा रहेका देवीदेवता, राजामहाराजा, परम्परा, दैनिक जीवन, राजनैतिक, आर्थिक एवम् सामाजिक मनोभावनालाई  चित्रमा उतार्ने प्रयास बढ्दै गएको पाइन्छ । घर, पर्खाल, भित्ताहरूमा चित्र बनाउँदा उक्त ठाउँको शृङ्गार हुने, ठाउँ राम्रो देखिनुका साथै फरक पहिचान पनि बोक्ने भएकाले मिथिलाका शासकहरूले मिथिला चित्रको विकास गराएका हुन् ।

मिथिला चित्र विशेष गरी तत्कालीन मिथिला राज्यको राजधानीमा बढी प्रचलित थियो । यो हालसम्म पनि कायम छ । मिथिला क्षेत्रको तत्कालीन  इतिहास, समाज, संस्कृति, परिवेश, आर्थिक सामाजिक क्रियाकलाप बुझाउन, सामयिक चेतना अभिवृद्धि गर्न प्रयोग गरिंदै आएको मिथिला चित्रले मधेशको जीवनलाई हुबहु हाम्रो सामू राख्ने गर्दछ ।

मिथिला चित्रहरूमा भूमि चित्र अरिपन, भित्ती चित्र, अंग लेखन यानि गोदना चित्र, मृग्न शिल्प लगायतका हस्तकलाको  विविधताले तत्कालीन समयको समाज, समय, परिवेश ,परिस्थिति, सामाजिक आर्थिक अवस्था, संस्कृति पक्षको प्रतिबिम्ब देखिन्छ । जस्तो कि  तत्कालीन समयको बिहे, पूजा आजा, खेलकुद, आर्थिक क्रियाकलाप, समाज जस्ता अनेक पक्ष झल्काउने मिथिला चित्र अहिले जनजीवनमा जोडिने गरी उजागर भएका छन् ।

कला मानव संस्कृतिको उपज हो । समाज र ललितकलाको एक आपसमा अन्तरसम्बन्ध रहेको हुन्छ । मान्छेले निर्माण गरेका कला नै ललितकलाको विषय हो । एकातिर उपयोगी कलाको सन्दर्भ  छ भने अर्कोतर्फ सौन्दर्यकलाको सन्दर्भ पनि गाँसिएको छ । समाज निर्माण हुनु भन्दा पूर्व ललितकलाको विकास भयो । समाज निर्माणसँगै कलाको पनि विकास भएको हो त्यसो त ललितकला समाज निर्माणको आधार हो । यो मानवीय सौन्दर्य भावनाको परिचायक पनि हो । यी कुराहरु आजको मिथिला कलामा झल्किएको पाइन्छ । मिथिला कला तथा संस्कृतिमा लोककलाको राम्रो समन्वय देखिन्छ । लोककला हाम्रो देशमा लोकपरम्पराको दर्पणको रूपमा रहिआएकोले यो समन्वयले हाम्रो इतिहासमा मिथिला सभ्यता कसरी उभिएको थियो भन्ने कुराको झल्को दिन्छ तर यी सबै कलालाई एकै ठाउँमा राखेर त्यसको शिक्षा लिने, त्यसलाई बुझ्नुने र ब्याख्या गर्ने काम गर्न नसकिएकाले मिथिला कला र जनजीवनमा केही रिक्तता रहेको स्पष्ट हुन्छ । यो रिक्ततालाई जोड्न एक उपयुक्त माध्यम सङ्ग्रहालय भएकाले मिथिला कलाको सङ्ग्रहालयको आवश्यकता सर्बत्र महसुस भएको छ ।

## सिमरौनगढ

मधेश प्रदेशको अर्को  पुरानो इतिहास तथा पुरातातत्विक स्थल सिमरौनगढ  हो । सिमरौनगढ बारा जिल्लाको सदरमुकामदेखि ३५ किलोमिटर दक्षिण-पूर्वमा रहेको छ, जुन अहिले पनि धार्मिक, ऐतिहासिक पुरातात्विक र सांस्कृतिक दृष्टिकोणबाट आज पनि रमणीय एवं दर्शनीय ठाँउ हो ।  करिव २६ वर्गकिलोमिटर क्षेत्रमा फैलिएको यस क्षेत्रको प्राचीन इतिहास धार्मिक तथा सांस्कृतिक धरोहरको रूपमा  अत्यन्त सम्पन्न, समृद्ध, सभ्य तथा सुसंस्कृत छ । यसलाई मिथिला,विदेह र तिरहुतको राजधानी पनि मानिएको छ । त्यस अर्थमा सिमरौन गढ र मिथिलाको अति नजिकको सम्बन्ध छ तर यो सम्बन्धलाई स्थापित गर्ने गरी यहाँका बैभवको महत्वलाई उजागर गर्न सकिएको छैन ।

सिमरौनगढका राजाहरू धर्म, दर्शन र संस्कृतिका संरक्षक थिए भने साहित्यकार र विद्वान्हरूका आश्रयदाता पनि थिए । तसर्थ यो शासनकाल गौरवशाली, महिमाशील र वैभवशाली परम्परा निर्वाह गर्नमा सक्षम थियो । तिब्बती बौद्धयात्री धर्मस्वामीले तिरहुत राज्यको राजधानी सिमरौनगढलाई एउटा स्वतन्त्र हिन्दुराज्यका रूपमा चर्चा गरेको पाइन्छ ।

मध्यकाल अर्थात् एघारौं शताब्दीदेखि सुरु भई चौधौं शताब्दीको पूर्वार्द्धसम्ममा यो नगर उन्नतिको चरमसीमामा पुगेको देखिन्छ । त्यस युगमा यस नगरले जुन ख्याति प्राप्त गर्‍यो,  त्यसबेला नेपालका अन्य कुनै नगरले प्राप्त गर्न सकेका थिएनन् । एघारौंदेखि चौधौं शताब्दीसम्मको यसको पृष्ठभूमि अत्यन्त रोचक तथा महत्वपूर्ण रह्यो । जुन नगरको ध्वंसाविरोष आज कर्नाटक राजवंशको अभ्युदय तथा अवसान एवं तुक आक्रमणकारीको बर्बरताको नग्न नृत्यको मुकसाक्षी भएर रहेको छ भन्ने उल्लेख  छ ।[2]

प्राचीन सिमरौनगढ जलवेष्टित, वनवेष्टित थियो, जसको अवशेष आज पनि देख्न सक्छौं । यो दक्षिण भारतको कर्नाटकवंशीय राजाको राधजानीका रूपमा सुप्रसिद्ध र सुपरिचित स्थान रहेको थियो । कर्नाटकवंशी राजा नान्यदेवले एघारौं शताब्दीमा यसलाई आफ्नो राज्यको राजधानी बनाएका थिए । नान्यदेवका अतिरिक्त गङ्गादेव, नरसिंहदेव, शक्तिसिंहदेव, भूपालसिंहदेव र हरिसिंहदेवले यहाँ शासन गरेका थिए । यिनीहरूले २२९ वर्षसम्म यहाँ शासन गरेको कुरा इतिहासमा उल्लेख भएको पाइन्छ ।[3]

सप्तरी, धनुषा, महोत्तरी र सर्लाहीको बाटो हुंदै नेपाल आउँदा मुगल सेनाले यी स्थानमा स्थापित हिन्दु मठ-मन्दिर तहस-नहस पार्दै सिमरौनगढलाई त ध्वस्त नै पारेका थिए । यहाँको सांस्कृतिक, धार्मिक र पुरातात्विक तथा ऐतिहासिक महत्वलाई तहसनहस पार्ने कार्यको अगुवाइ मुगल शासक गयासुद्दीन तुगलकले  गरेका थिए । गयासुद्दीनका उत्तराधिकारीले बचेखुचेको सांस्कृतिक सम्पदालाई पनि ध्वस्त नै पारेको विभिन्न अभिलेखहरूमा उल्लेख भएको पाइन्छ ।

2. डा. राम दयाल राकेश (२०७९), गौरवशाली  सिमरौनगढ, गोरखापत्र दैनिक ।
3. राकेश,  डा. राम दयाल ( २०७९), गौरवशाली  सिमरौनगढ, गोरखापत्र दैनिक ।

यसरी एउटा कालखण्डमा सम्पन्न रहेकाले राज्य फरक धार्मिक आस्था बोकेका शासकले ध्वस्त बनाएपछि यसको राजकीय अस्तित्व विलीन हुँदै गएको देखिन्छ तापनि त्यस कालखण्डका विभिन्न सम्पदाहरु अहिले पनि कायमै रहेकाले ती सम्पदालाई संरक्षण गरेर एउटा खुल्ला सङ्ग्रहालयको रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावना छ । यो अहिलेको आवश्यकता पनि हो ।

## सिमरौनगढको बहुआयामिक संभावना

मिथिला क्षेत्रमै पर्ने जनकपुर फेला पार्नुभन्दा पाँच-छ सय वर्षअघि नै राज्यको इतिहाससहित भेटिने तिरहुतको राजधानी सिमरौनगढ नै पौराणिक मिथिला राज्य हुन सक्ने इतिहासकारहरूको मत छ । यसै आधारमा सिमरौनगढ र जनकपुरको सम्बन्ध पहिल्याउन नयाँ शिराबाट खोजी र अनुसन्धान गर्नु पर्ने देखिन्छ । सिमरौनगढमा एघारौं-बाह्रौं शताब्दीतिरका दरबारका भग्नावशेष अझैं छन् । ती भग्नावशेष संरक्षणको पर्खाइमा छन् ।

सिमरौनगढलाई मधेशको उल्लेखनीय पर्यटकीय स्थानको रुपमा विकसित गर्न सकिन्छ जसबाट आन्तरिक पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्नसक्छ । यसलाई पर्यटन स्थलका रूपमा विकसित गरेको खण्डमा मात्र यसको धार्मिक, ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक स्वरूपलाई सुरक्षित राख्न सकिन्छ । नत्र भने यसको प्राचीन गौरव-गरिमा नष्ट प्रायः हुने जोखिम बढेको छ । अहिले नै यसको प्राचीन सांस्कृतिक सम्पदामा ग्रहण लागिसकेको कुरा यस स्थलमा भ्रमण गर्ने जोसुकैलाई पनि अनुभूत हुन थालेको छ । यहाँ प्राप्त असङ्ख्य बहुमूल्य देवीदेवताका मूर्ति बेपत्ता पारिएका छन् । कतिपय मूर्ति आज पनि क्षत-विक्षत रूपमा यत्रतत्र फालिएका छन् । अधिकांश मूर्ति देश-विदेशका विभिन्न ठाउँमा पुगिसकेका छन् । यहाँका करिव १० वटा जति मूर्ति अहिले कलङ्की मन्दिर परिसरमा बन्द गरेर राखिएका छन्, जसको साँचो नेपाल सरकार, पुरातत्व विभागसँग छ ।

अहिले यहाँ आउने मानिस ती मूर्तिको अवलोकन गर्न पाउँदैनन् तर चियाएर हेर्नसम्म पाउँछन् । यी सम्पदालाई आम मानिसका लागि खुल्ला गर्न सकिएमा धेरै धार्मिक पर्यटकहरु तान्न सकिने संभावनाका साथ यहाँ इतिहास र पुरात्वलाई उजागर गर्ने गरी एउटा सङ्ग्हालय स्थापना गर्न आवश्यक देखिन्छ । यो स्थानलाई एक खुल्ला सङ्ग्रहालयको रुपमा विकास गरी आगन्तुकसित केही शुल्क लिएर यसलाई अवलोकनीय स्थल बनाउन सकिन्छ ।

## मधेशमा सङ्ग्रहालय

सङ्ग्रहालय इतिहासलाई प्रभावकारी र सजीव रुपमा प्रस्तुत गर्ने एउटा सशक्त माध्यम हो । यो एउटा यस्तो संस्थान हो जसले समाजको सेवा र विकासको लागि सर्वसाधारणलाई जोडेको हुन्छ । यसमा मानव र पर्यावरण पुस्ताको संरक्षणको लागि तिनको सङ्ग्रह, शोध, प्रचार र प्रदर्शन गर्ने गरिन्छ जसको उपयोग शिक्षा,अध्ययन र मनोरञ्जनको लागि गरिन्छ ।

सङ्ग्रहालयबाट हामीलाई आफ्नो दुर्लभ इतिहासबारे जानकारी र ज्ञान प्राप्त हुन्छ नै जुन भावी पुस्ताका जीवन शैलीका लागि पथ प्रदर्शक र महत्वपूर्ण हुन्छ । चीनमा पाँचहजार बर्ष देखिको लिखित इतिहास छ भनेर मानिन्छ । युरोप तथा मध्यपूर्वतिर दुई तीन हजार बर्ष अगाडि देखिको व्यवस्थित अभिलेख पाईन्छ र पछिल्ला सहस्राब्दी देखिका धेरै मसिना कुराहरु पनि सुरक्षित गरिएका छन् । राजनैतिक, आर्थिक, सामाजिक, र साँस्कृतिक विषयवस्तुहरूका भूतकालीन तथ्यतथ्याङ्कहरु उपर निरन्तर खोज अनुसन्धान एवं अध्ययन विश्लेषण हुने गर्छ ।

आफ्नो इतिहासप्रति गहिरो अभिरूचि राख्ने, गौरव र सम्मान गर्ने विकसित समाजको चरित्र रहेको देखिन्छ तर इतिहास, ऐतिहासिक महत्वका सामग्री र आँकडाहरूलाई अभिलिखित र संरक्षित गर्ने मामिलामा दक्षिण एसियाली क्षेत्रको अवस्था दयनीय छ । जसमा नेपालको अवस्था झन् कमजोर छ ।

नेपाललाई पनि प्रदेशअनुसार विश्लेषण गर्दा मधेश प्रदशेको स्थिति झनै कमजोर देखिन्छ । यस प्रदेशमा के कति सङ्ग्रहालय छन् भन्ने कुराको यकिन आँकडासमेत नभएतापनि उपलब्ध आँकडाअनुसार मधेशका आठ जिल्लामा १० भन्दा बढी सङ्ग्रहालयको नाम डिजिटल प्लेटफर्ममा भेटिन्छन् । तीमध्ये जानकी मन्दिर ऐतिहासिक सङ्ग्रहालय, रेल सङ्ग्रहालय, मिथिला सांस्कृतिक सङ्ग्रहालय जनकपुरमा रहेका छन् । त्यसैगरी सप्तरीमा राजविराज हस्तकला सङ्ग्रहालय, थारु सङ्ग्रहालय र कोसी टप्पु वन्यजन्तु संरक्षण सङ्ग्रहालय छन् । त्यसैगरी पर्सा जिल्लाको वीरगंजमा नारायाणी सङ्ग्रहालय छन् । त्यसबाहेक अन्य स्थानमा पनि सङ्ग्रहालय छन् तर तिनको एकिन लेखाजोखा हुन सकेको छैन । जुन तरिकाले सङ्ग्रहालय नाम दिएर स्थानीय तहमा समेत सङ्ग्रहालय खुलेका छन् त्यस आधारमा करिव ५० वटा भन्दा बढी सङ्ग्रहालय खुलेको अनुमान गर्न सकिन्छ तर ती सबैले सङ्ग्रहालयको मर्म र स्तरअनुसार आफूलाई विकास गर्ने र आगन्तकुहरूका लागि खुल्ला गर्ने गरेको पाइँदैन ।

## अब के गर्ने ?

मधेश प्रदेशभित्र विकास भएका मौलिक लोककला, हस्तकला, शिल्पकला, संस्कृति, जनजीवन लगायतका भौतिक तथा अभौतिक सम्पदाको संरक्षण, संवर्धन र विकासका निम्ति जरूरत पर्ने भएकाले एउटा प्रादेशिक सङ्ग्रहालयको तत्काल आवश्यकता छ । मैथिली संस्कृतिको अध्ययन, अनुसन्धान तथा ज्ञानको केन्द्रको रूपमा यो सङ्ग्रहालयलाई विकास गर्न सकिन्छ ।

मधेश प्रदेशमा मिथिला कला संस्कृति सङ्ग्रहालयको आवश्यकता प्रदेशका लागि मात्र होइन समग्र मुलुककै लागि छ । यहाँको कला र सभ्यता तथा गरिमा राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रियस्तरमा समेत फैलिएको छ । जापानमा रहेको मिथिला सङ्ग्रहालय यसको उदाहरण हो । जापानको टोकामाचि भन्ने स्थानमा मिथिला कलाको प्रदर्शनका लागि एक कला सङ्ग्रहालय खोलिएको छ, जहाँ २ हजारभन्दा बढी मिथिला कलाको स्थायी प्रदर्शन गरिएको छ । त्यसमध्ये ३ सय चित्रकला भारतबाट गएका कलाकारहरूले जापानमा नै बनाएका हुन् ।[4]

4. http://www.mithila-museum.com/aboutMM/Eindex.html

खास मिथिला सभ्यताको केन्द्र नेपाल हो । हामीले यसको महत्व बुझ्न र बुझाउँन नसक्दा छिमेकी देश भारतसँग मात्र मिथिला कला र सभ्यता जोडर जापानको सङ्ग्रहालयले काम गरिरेको देखिन्छ । हालसम्म यो सङ्ग्रहालयमा नेपाल भने जोडिएको छैन । विदेशका अन्य स्थानमा पनि मिथिला कला फैलिएको छ । तर यो सभ्यता नेपालको हो भन्ने कुरा बुझाउँन नसक्दा यसको सत्य, तथ्य अर्कै तरिकाले फैलिने सम्भावना बढेर गएको छ । यो सत्य र तथ्यलाई सबैका सामु चिनाउँनका लागि सबैभन्दा पहिले त नेपाली जनमानस र नयाँ पुस्तासम्म त्यो ज्ञान हस्तान्तरित गर्नु पर्दछ । यसका लागि इतिहास, संस्कृति तथा सभ्यताका विविध आयामहरूलाई सुव्यवस्थित रूपमा उजागर गर्ने एक सुविधायुक्त सङ्ग्रहालयको स्थापना गर्न आवश्यक छ । नेपालीहरु सबैलाई यो तथ्य बुझाएमा विदेशमा समेत यो तथ्यलाई विस्तार गर्न सकिन्छ । यसका लागि मिथिला सभ्यता सङ्ग्रहालय अति आवश्यक छ ।

मधेश प्रदेशको वैभवशाली सांस्कृतिक, ऐतिहासिक एवं राजनीतिक विरासतलाई युगौंयुगसम्म चिनाइराख्ने एवं यहाँ विकसित भौतिक तथा अभौतिक सम्पदालाई जोगाइराख्ने माध्यम सङ्ग्रहालय बन्न सक्छ । त्यसैले यस भूगोलमा विकास भएका कला र संस्कृतिको दिगो रूपमा पुस्तान्तरण गर्न र यसको मौलिक पक्षलाई संरक्षण, संवर्धन, र विकास गर्ने भूमिका विशिष्ट भएकाले मदेश भूगोलमा विकास भएको मौलिक सम्पदा नेपालको मात्रै नभई विश्वकै पुँजी हो । तसर्थः सङ्ग्रहालयको माध्यमबाट मिथिला क्षेत्रमा विकास भएका धार्मिक, सांस्कृतिक, सामाजिक तथा राजनीतिक पक्षलाई संरक्षण गर्न सकिन्छ ।

मैथिली विकास कोषका अध्यक्ष तथा सामाजिक अभियन्ता जीवनाथ चौधरीको भनाइअनुसार यही तथ्यलाई मध्यनजर गर्दै मैथिली विकास कोषले जनकपुरमा मिथिला सांस्कृतिक सङ्ग्रहालय बनाउँदै छ । प्रदेश सरकारको लगानीमा स्थापना गरिएको यो सङ्ग्रहालयले मिथिला संस्कृतिको मौलिकताको संवर्धन, प्रवर्धन, संरक्षण तथा विकास गर्ने, रोजगारी सिर्जना, स्थानीय जनताको आयआर्जनमा वृद्धि गर्ने, दिगो पर्यटनको विकास गर्ने उदेश्य राखेको छ ।[5]

यदि मिथिला सांस्कृतिक सङ्ग्रहालयलाई उचित ढंगले सञ्चालनमा ल्याउन सकिएमा यहाँको ऐतिहासिक, सांस्कृतिक क्षेत्र मिथिलाको मौलिक पहिचानलाई विश्वसामु परिचित तुल्याउन, ओझलमा परेको तथा हराउन थालेको यस क्षेत्रको राजनैतिक, सामाजिक तथा साँस्कृतिक सभ्यता र इतिहासका तथ्य प्रमाणहरूको खोज, सङ्कलन र संरक्षण गर्न समेत सहयोग पुग्ने छ ।

त्यसबाहेक वर्तमान तथा भावी पुस्ताले स्थानीय इतिहास र मौलिक सभ्यताको संरक्षण सम्बन्धमा सहज रूपमा तथ्य संगत अमूल्य ज्ञान प्राप्त गर्न तथा नयाँ स्थान र परिवेशमा हुर्किरहेका सन्ततिहरूले पनि आफ्ना इतिहास, संस्कृति र जीवन पद्धतिको जानकारी लिने अवसर पाउने थलोको रूपमा यो सङ्ग्रहालयले योगदान गर्ने छ ।

5. जीवनाथ चौधरी, अध्यक्ष, मिथिला विकास कोषको कुराकानी

त्यसैगरी सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पक्षको एक मुष्ट जानकारी प्राप्त हुन सक्ने स्मारक स्थल वा सङ्ग्रहालय सामाजिक अध्ययनको प्रभावकारी स्रोत हुन सक्ने हुँदा देशभरका शिक्षक, विद्यार्थी र अनुसन्धाताहरूको शैक्षिक भ्रमणको लागि यो आकर्षक गन्तव्य बन्न सक्ने छ । धार्मिक, ऐतिहासिक तथा प्राकृतिक आकर्षणको दुर्लभ संयोगको निर्माण हुने हुँदा आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गरी पर्यटन उद्योगको प्रबर्धनमा समेत योगदान पुऱ्याउने छ ।

सङ्ग्रहालयहरू प्राचीन कलाकृतिहरू, शिल्पकला, मूर्तिकला, चित्रकला, र अन्य सांस्कृतिक सम्पदाहरूलाई सुरक्षित राख्नेसँगै इतिहास र संस्कृतिको मूल्यवान अंशलाई भावी पुस्तासम्म पुऱ्याउन माध्यम भएकाले विद्यार्थी र अनुसन्धानकर्ताहरूलाई ऐतिहासिक एवं सांस्कृतिक अध्ययन केन्द्रको रूपमा काम गर्ने छ । यसैगरी यसले ज्ञानको विस्तार र नयाँ अनुसन्धानका अवसरहरू सिर्जना गर्छ। नेपालका विभिन्न सङ्ग्रहालयहरूले स्थानीय कला र संस्कृतिको अध्ययनमा महत्वपूर्ण योगदान  गर्ने छ ।

मिथिला क्षेत्र, हिमालयको काखदेखि गङ्गा नदीका किनारसम्म फैलिएको, अहिले नेपाल र उत्तर भारतमा छ । मिथिला कला र संस्कृतिको अद्वितीय विशेषताहरूले हजारौं वर्षदेखि चलिआएका परम्परामा आधारित मानिसहरूका जीवनका गाथाहरू, सामुदायिक सद्भाव, वातावरणीय सन्तुलन, न्याय र महिलाको सशक्तिकरणको कथाहरू समेट्छन् । मिथिला सभ्यता रामायण, उपनिषद् र पुराणजस्ता प्राचीन सामाजिक, दार्शनिक र धार्मिक ग्रन्थहरूमा उल्लेखित छ ।

## निष्कर्ष

मिथिला संस्कृति र सभ्यता  भौतिक र अभौतिक दुबै किसिमका सम्पदाहरूमा धनी छ । तर यो सामाजिक धनलाई  उजागर गर्न नसक्दा धेरै ठूलो सम्भावनाहरु गुमनाम भएका छन् । यसलाई उजागर गर्ने पहिलो माध्यम सङ्ग्रहालय नै हो । वर्तमान परिपेक्ष्यमा सातै प्रदेश, तथा शहरहरूमा एउटा न एउटा कुनै न कुनै सङ्ग्रहालय अवश्यक छ । जसले हाम्रो नवपुस्तालाई विद्यार्थी तथा अविभावकहरूले घुमाउने, देखाउने,अवलोकन र ज्ञान विस्तार गर्ने तथा जानकारी लिनेदिने सहज स्रोतको रूपमा स्थापित हुन सक्छ । प्रादेशिक दृष्टिले मधेश प्रदेशमा यस किसिमको सङ्ग्रहालयका हालसम्म नभएकाले यसको विकासका लागि शीघ्ररूपमा काम गर्नु पर्ने अबस्था छ ।  विकासका लागि सबैभन्दा पहिले संघीय सरकारले एउटा स्पष्ट कानुन तथा सङ्ग्रहालय सञ्चालन र व्यवस्थापन मापदण्ड बनाउन ढिला भइसकेको छ । त्यही मापदण्डका आधारमा प्रदेश र स्थानीय सरकारले काम गर्नु पर्छ । सङ्ग्रहालय र सम्पदा संवेदनशील विषय भएकाले यसलाई सहज विषयका रूपमा नलिई दक्षता भएका संस्थाहरूसँग समन्वय र सहकार्य गर्न जरूरी छ । मधेश प्रदेशको सङ्ग्रहालयको विकासका लागि आइकम नेपाल जस्ता सङ्ग्रहालयका क्षेत्रमा काम गरेका विज्ञ संस्थाहरूसँग सहकार्य गर्न

सकिन्छ भने नेपाल सरकारका कला र संस्कृतिको क्षेत्रमा काम गरेका संस्थासँग पनि काम गर्नुपर्छ । यसका लागि खासगरी अनुसन्धान तथा अभिलेखमा समेत राज्यले उल्लेख्य लगानी गर्न आवश्यक छ । यस किसिमको काम गर्दा स्थानीय, प्रदेश र संघीय सरकारवीच समेत समन्वय र सहकार्यको आवश्यकता छ ।

## सन्दर्भ सामग्री


नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (२०५५), *मिथिलाका कर्णाटवंशीय राजा रामसिंह देव,* सयपत्री (मैथिली विशेषाङ्क ,ने.रा.प्र.प्र.।

श्रेष्ठ, पुरूषोत्तम लोचन (वि.स.२०५५ माघ अंक ), *जरह चोकका कलाकृतिहरू,* भक्तपुर मासिक ।

'प्रेमनिधि' अवधकिशोरदास श्री वैष्णव (...), *श्री मिथिला–माहात्म्य* ।

राकेश,राम दयाल  (२०७९ साल चैत्र २५ गते), *गौरवशाली  सिमरौनगढ,* गोरखापत्र दैनिक, काठमाडौं ।

http://www.mithila-museum.com/aboutMM/Eindex.html

# सङ्ग्रहालयको विकास, चुनौति र अवसर

**डा. प्रेमसिंह बस्न्यात**
**सदस्य**
**आइकम नेपाल**



*सङ्ग्रहालयलाई द्वन्द्व व्यवस्थापन गर्ने र सामाजिक सद्भाव बढाउने थलोका रुपमा पनि विकास गर्न सकिन्छ । यो संभव छ । संसारभरका झण्डै ८० प्रतिशत द्वन्दहरु गरिव अर्थात् अति कम विकसित राष्ट्रहरुमा भैरहेका छन् ।*

**लेखसार**

*सङ्ग्रहालय शब्दलाई सबैले अर्थात् संसारले नै सम्मान गर्दछन् । संसारका कुनै पनि कुनामा रहेका कुनै पनि प्रकारका सङ्ग्रहालयलाई ज्ञानको भण्डारको रूपमा हेरिन्छ ।आजका शक्तिशाली देशहरूले त धेरै सङ्ग्रहालयको स्थापना गर्नु र तिनलाई विदेशीहरूको अवलोकन गराउन सक्नुलाई एउटा अनौपचारिक कुटनीतिको रूपमा प्रयोग गर्न थालेकाछन् । देशले आफ्ना गौरवशाली इतिहास, संस्कार र सस्कृति देखाउनुलाई राष्ट्रिय गौरवको रूपमा लिनु पर्दछ। आममानिसहरु पुराना सर-सामानहरु, उत्खननहरु, सभ्यताहरु लगायतका भौतिक सामग्री अवलोकन गर्न र सो बारे आवश्यक जानकारी वा विवरणहरु थाहा पाउन सङ्ग्रहालयको भ्रमण गर्दछन् तर अहिले आएर नयाँ सङ्ग्रहालयमा बिद्युतीय प्रविधिमा नयाँ कुरा देखाइन्छन् । पुराना पिंढीका मानिसहरूलाई यस्ता प्रदर्शनीले मन जित्न नसकेको पनि बुझिन्छ । सरल भाषामा भन्नुपर्दा एउटा सङ्ग्रहालय वालक, युवा, प्रौढ, बृद्ध सबैका लागि ऐना हो अर्थात् यो देशको प्रतिरूप नै हो । सङ्ग्रहालयले विगतको राजनैतिक,*

*सामाजिक, आर्थिक, साँस्कृतिक, ऐतिहासिक भौगोलिक स्थिति झल्काउँछ । यो विद्वान्हरूले लेखेका अप्ठेरा शब्दहरूले भरिएका पुस्तक होइनन् । वास्तवमा सङ्ग्रहालय सवै वर्गका मानिसहरु जस्तै निरक्षरदेखि, शिक्षित, विदेशी सवैले बुझ्न सक्ने "विश्व भाषा" जस्तै खुला विद्यालय हो ।*

## पृष्ठभूमि

अङ्ग्रेजी, फ्रेन्च, पोर्चुगिज लगायतका उपनिवेशहरूले गर्दा झण्डै ३ शताब्दी जति अमेरिका, अफ्रिका, एसिया लगायतका धेरै मुलुकहरूले आफ्नो परिचय गुमाउनुपर्‍यो । दोस्रो विश्वयुद्धपछि र विशेष गरी संयुक्तराष्ट्र संघको जन्मपछि  उपनिवेशको जालो बिस्तारै ढल्न थाल्यो ।  दोश्रो विश्वयुद्धपछि उपनिवेशबाट स्वतन्त्र भएका साना-ठूला मुलुकहरूले आ-आफ्ना संस्कार, संस्कृतिलाई खोजिरहेको अवस्थामा सङ्ग्रहालयको आवश्यकता अझै बढेको छ । लडाई, द्वन्द, उपनिवेश आदिका  कारण एउटै देश पनि विभिन्न टुक्रामा विभाजित भई विभिन्न मुलुकहरु बनेको अवस्थामा समेत सङ्ग्रहालयले ती बेमैत्री बनेका देशहरूबीच पनि उनीहरूको सभ्यता, संस्कार, संस्कृतिको समानता देखाएर मित्रतामा पुनः फर्काउने सम्भावना प्रष्टै रहेको छ । त्यसैगरी एउटै देशभित्र पनि सयौं भाषा, जात, संस्कार हुन सक्छन् । उदाहरणको लागि नेपालमा १ सय २४  भाषाहरु बोलिन्छन् । यहाँ हरेक जाति, भाषा र भाषीहरूका आ-आफ्ना भाषा, संस्कार, संस्कृति छन् जसका बारेमा जान्न र थाहा पाउन धेरै उत्सुक पनि छन् । कुनै जमानादेखिका शासक, भारदार, सेनापति, प्रधानमन्त्री, मन्त्री बनेर आएका व्यक्तिहरु र तिनकै वरिपरि मात्र देशको इतिहास, संस्कृति, संस्कार, सङ्ग्रहालय खडा गर्ने प्रवृत्ति राम्रो होइन । उनीहरु समावेशी चरित्रको जनताको इतिहास, संस्कार, संस्कृति र सङ्ग्रहालय मागिरहेका छन् ।  त्यसैले हरेक जातजाति-भाषाभाषीको संस्कार, संस्कृति प्रतिबिम्वित गराउनु राज्यको कर्तव्य पनि हो । यो आवश्यकता धनीभन्दा गरीव र द्वन्दग्रस्त मुलुकहरूमा नितान्त आवश्यक भैसकेको छ । यसको लागि थोरै लागतमा जनताको सहभागितामा सानासाना सङ्ग्रहालय खोलिनु उत्तम विकल्प हुन्छ । त्यसैगरी धनी र विकसित मुलुकमा समेत साना सङ्ग्रहालय खोलिंदा देशको राष्ट्रिय एकता र पहिचान कायम हुन्छ भने प्रतिनिधिमूलक बन्ने धेरै सम्भावना हुन्छ । तसर्थ, यो आलेखले भएका सङ्ग्रहालयको दीगो सञ्चालनसहितको साना सङ्ग्रहालयहरूको स्थापना  र आवश्यकतालाई जोड दिएको छ ।

## सङ्ग्रहालयका चुनौतीहरू

इतिहासलाई हेर्दा सङ्ग्रहालयको ठूलो चुनौती द्वन्दबाट बचाउनु  पनि हो । २१ औं शताब्दीका लडाँइहरूले पनि संसारका सङ्ग्रहालयहरूलाई बिनास गरिरहेका नजिर प्रसस्तै छन । युद्धहरूमा सवैभन्दा पहिले  ती देशका साँस्कृतिक, धार्मिक, ऐतिहासिक धरोहरहरूलगायत सङ्ग्रहालयसमेत नष्ट पारिन्छन्, सङ्ग्रहालय भत्काइन्छन्, अनि त्यहाँ रहेका अमूल्य र मूल्यवान् सामानहरु समेत लुट्ने गरिएको पाइन्छ । जस्तै हाल भइरहेको इराक, अफगानिस्तान, सिरीया, लिविया द्वन्दहरु नै ज्वलन्त उदाहरणहरु हुन् । पहिलो र दोश्रो विश्व युद्धमा धेरै सङ्ग्रहालयहरु ध्वस्त भए ।  तसर्थ त्यस्ता संस्कार र साँस्कृतिक धरोहरहरूलाई विभिन्न युद्धबाट जोगाउन संयुक्त राष्ट्रसंघ जस्ता संस्थाको भूमिका बढी हुन्छ । आजको पुस्ताले आफ्ना पुर्खाले बनाएका सङ्ग्रहालय,

मठ, मन्दिर, चर्च, स्मारक आदिलाई जोगाउन सकेनौं भने हामीले भोलि आफैं कला र संस्कृतिको अस्तित्व गुमाउने छौं । अनि हाम्रै सभ्यताको विकासक्रम मेटिने खतरा हुन्छ ।

एक्काइसौं शताब्दीमा हाम्रा सैनिक युद्धहरूले प्राचीनकालदेखिका हाम्रा सांस्कृतिक धरोहरलाई भत्काउछन, नष्ट पार्छन, लुट्छन् भने हामी पशु भन्दा माथिल्लो दर्जामा कसरी उभिन सक्छौं होला ? धन र शक्तिले हामी महान् देशका नागरिक हुने भए पनि अर्काको सभ्यता र संस्कृतिलाई नष्ट पार्न, भत्काउन र लुट्न खोज्छौं भने त्यहाँ संस्कृति र सम्पदाप्रतिको पूर्ण चेतना विकास भएको छैन भन्दा फरक नपर्ला । सङ्ग्रहालय अति नै संवेदनशील विषय हो, यो कलाप्रेमी, संस्कृतिविद्, इतिहासकार लगायतका विद्वान्हरूको विषय हो । शक्तिशाली देशका बन्दुक, बम, मिसायलबाट हाम्रा कलाकृति संस्कृति भत्कदै छन् भने त्यसलाई रोक्नका लागि “युद्धको नाममा अर्को देशको संस्कृति सम्पदा लुट गर्न पाइदैन” भन्ने कुरामा संसारको आवाज एक हुनुपर्छ ।

अर्को कुरा के हो भने सङ्ग्रहालयलाई द्वन्द ब्यवस्थापन गर्ने र सामाजिक सद्भाव बढाउने थलोका रूपमा पनि विकास गर्न सकिन्छ । यो संभव छ । संसारभरका झण्डै ८० प्रतिशत द्वन्दहरु गरिव अर्थात् अति कम विकसित राष्ट्रहरूमा भैरहेका छन् । द्वन्दका मुख्य कारणहरूमा धर्म, भाषा, जात, क्षेत्र, सभ्यता, गरिवी, स्रोतमा पहुँच आदि हुन् । गाँस, बास, कपासको लागि (Need-based) भन्दा पनि आफ्ना पहिचान देखाउनको (Identity-based) लागि संसारमा लडाँईहरु भइरहेका छन् ।

## साना सङ्ग्रहालयको आवश्यकता

आ-आफ्नो जात, धर्म, वंश, रगतको नाता, रंगभेद, संस्कृतिमा समानुपातिक स्वामित्वको खोजी पाइन्छ । यस्तो द्वन्द अति नै खतरनाक हुन्छन् र अन्ततः जातीय-धार्मिक नरसंहार (Ethnic Cleaning) भएका दृष्टान्त थुप्रै छन् । अर्को शब्दमा भन्नु पर्दा यो संघर्ष आफ्नो पहिचानको लागि हो भने त्यसको रोकथाम गर्न प्रयासमा आंशिक क्षतिपूर्ति, साना सङ्ग्रहालयको स्थापना र इतिहासको पुनः लेखनबाट पनि संभव छ । विभिन्न जातजाति समेटिएको सङ्ंग्रहालयहरूमा ती क्षेत्रका जनताको माया र लगानी हुनेछ भने त्यसमा उनीहरूले अपनत्व लिने छन् । त्यसमा सरकारको तर्फबाट सानोतिनो सहयोग माग भएमा पनि यस्ता साना सङ्ग्रहालयहरु दिगो रूपले संचालित हुने छन् ।

International Council of Museums (ICOM) पेरिसले पनि सङ्ग्रहालय विकासको लागि गर्ने सम्मेलनहरु र स्थलगत भ्रमणका लागि विकसित राष्ट्रभन्दा अतिकम विकसित राष्ट्रहरूमा गरेमा फलदायी हुनेछ भने ती देशहरूमा साना सङ्ग्रहालयको उपदायता बुझ्न सकिन्छ । धनी र शक्ति राष्ट्रहरूलाई साना सङ्ग्रहालयको आवश्यकता नहुन पनि सक्तछ । उनीहरूको क्षमता सुहाँउदा ठूला र आरामदायी एवं अत्याधुनिक सङ्ग्रहालयकै आवश्यकता परेको हुन्छ । संसारको बहुसंख्यक जनसङ्ख्याको लागि ICOM, पेरिसले कम्तीमा पनि २ दशकका लागि साना सङ्ग्रहालयहरु स्थापना गर्ने प्राथमिकता र पहल लिएमा समयानुकूल योगदान पुग्ने देखिन्छ ।

विपन्न देशमा हुने भौगोलिक कठिनता, छरिएका बस्ती र आवत-जावतमा अप्ठेरा लगायत छन् । उदाहरणको लागि नेपाल अग्ला हिमाल, अग्ला पहाड, मझौला पहाड, समथर इलाका, ठाडा र बाढी आउने ठूला नदीहरु पहिरो आउने जमिन, ठाडा भीर भएका प्राकृतिक विविधताले धनी देश हो तर विकास नभएपछि ती प्राकृतिक सुन्दरता पनि मानिसका लागि अबरोधका रूपमा रहेछन् । नेपालको सवै ठाउँमा मोटर बाटो नपुगेको, खोलामा पुल नभएको, सवै ठाँउमा विजुली बत्ति नपुगेको, केही भूभागमा मात्र सुविधा भएको, छरिएररहेका पातला बस्ती, रोजी रोटीको लागि खेति किसानी गर्नेहरूले घर छाडेर टाढा जान नसक्ने जस्ता परिस्थितिमा उनीहरूकै वरिपरि २/४ गाउँलाई पायक पर्ने गरी राष्ट्रिय महत्वलगायतका उनीहरूकै भाषा, संस्कृति, संस्कार, भेषभूषा झल्कने साना सङ्ग्रहालय स्थापना गर्ने हो भने अवश्य पनि उनीहरूको लागि बरदान सावित हुनेछ । ती समूह तथा समुदायले खुसीसाथ त्यस्ता सङ्ग्रहालय बनाउन, दिगो सञ्चालन गर्न र त्यसको संरक्षण गर्न हातमाहात मिलाउने छन् । ती सङ्ग्रहालयले उनीहरूको सम्मान बढाउनेछ भने पहिचानमा आधारित द्वन्दलाई घटाउन ठूलो मद्दत् गर्नेछ ।

सङ्ग्रहालयहरु खुला विद्यालय तथा शान्ति केन्द्र पनि हुन् । हाल नेपालका दर्जनौं जातिहरु आ-आफ्नो पहिचान र समानुपातिक अधिकारको लागि आवाज उठाई नै रहेकाछन् । यो अवस्थामा नेपालका कुनाकाप्चा, अप्ठेरा बस्तीहरूमासमेत साना सङ्ग्रहालय स्थापना गर्ने हो भने उनीहरूको असन्तुष्टिहरूलाई सम्बोधन गर्न केही सहयोग अबश्य पुग्ने देखिन्छ ।

विकसित देशका ठूला सङ्ग्रहालयहरु देशका शान र मान हुन् । धेरै विकसित राष्ट्रहरूले आफ्ना इज्जत र प्रतिष्ठाका लागि धेरै ठाउँहरूमा सङ्ग्रहालय बनाएका छन् । यसो हुनुमा ती मुलुकहरूको सरकारी नीति नै छ । तर विपन्नता भएका मुलुकमा पहिलो प्राथमिकतामा गाँस, बाँस र कपास नै भएकाले ठूला सङ्ग्रहालय बनाउन सक्तैनन् र भएमा पनि राजधानी केन्द्रित वा ठूला सहर केन्द्रित हुन्छन् । त्यसबाट आम देशवासीको सङ्ग्रहालयसँगको पहुँच सुनिश्चित गर्न कठिन हुन्छ । यस्तो अवस्थामा संस्कृति, कला, इतिहास झल्कने सङ्ग्रहालयको स्थापनाले किफायती र सबैलाई जोड्ने काम आवश्यक हुन्छ । यसको सुरूवात साना सङ्ग्रहालयहरूका विकास र विस्तारबाट गर्नु प्रभावकारी र सबैका लागि हितकारी हुन्छ ।

## निष्कर्ष

अन्तमा, विद्या-ज्ञान-सिप जति धेरै बाड्यो उति नै परोपकारी बनिन्छ । यही तथ्यलाई आधार मानी विकसित राष्ट्रहरूका ठूला सङ्ग्रहालयहरूले पनि संसारको विभिन्न क्षेत्रमा कम विकसित देशहरूमा सहयोग स्वरूप वा आफ्नो शाखा बिस्तार गरेर भए पनि साना सङ्ग्रहालय खोल्ने थालनी किन नगर्ने ? त्यसरी खोलिने सङ्ग्रहालयहरु कसरी चलाउने, त्यहाँ के के प्रदर्शनी गर्ने भन्ने कुरा दुई पक्षीय (Bi-lateral Agreement ) बाट गर्न सकिन्छ । "Museum for Museum" भन्ने अन्तर्राष्ट्रिय अभियानको घोषणा किन नगर्ने ? एउटा देशको बैंकले अर्को देशमा, एउटा देशको उद्योगले अर्को देशमा, एउटा देशका आइएनजीओले अर्को देशमा शाखा

खोल्ने दृष्टान्तलाई मनन गर्ने हो भने धनी देशका सम्पन्न सङ्ग्रहालयहरूले आफ्नै शाखा विस्तार गरेर भएपनि विपन्न देशहरूमा साना सङ्ग्रहालयहरु खोल्न र धनी देशभित्रका शहरहरूमा, ठूला र धनी सङ्ग्रहालयहरूले आफ्नै देशका कुनाकाप्चामा साना सङ्ग्रहालय स्थापना गर्ने वा शाखा सङ्ग्रहालय विस्तार गरी त्यसको दीगो विकासमा काम गर्नसक्ने विकल्प प्रचुर मात्रामा देखिन्छ । यो कल्पनालाई साकार पार्नका लागि "एक धेरैको लागि र धेरै एकको लागि" अर्थात् "One for all and all for one" को हातेमालो हुनु जरूरी छ ।

नेपाली सङ्ग्रहालयको विकासका लागि ३ वटा काम गर्नु जरूरी छ । पहिलो हो : नेपाल सरकारले अब सङ्ग्रहालयलाई पुरातत्व बिभाग अर्न्तगत नराखी यसलाई सिधै मन्त्रालयमार्फत् राखी कार्य सम्पादन गर्नु पर्छ । पुरातत्व र सङ्ग्रहालय (Archaeology and Museology) छुट्टै विधा हुन् । पुरातत्व बिभाग उत्खन गर्ने र सम्पदा संरक्षण गर्ने काममा केन्द्रित हुँदा सङ्ग्रहालयको विकास र बिस्तारमा काम गर्न सकेको छैन । अर्को कुरा सङ्ग्रहालयसम्बन्धी तालिम विस्तार हुन सकेको छैन । दोस्रो कुरा- साना सङ्ग्रहालयको बिकास र ब्यवस्थापन एवं यसको महत्वका बारेमा अब नेपाल सरकारले स्कूलदेखि महाविद्यालयसम्म सामाजिक शिक्षा विषयको पाठ्यक्रममा नै समाबेश गरी अध्ययन अध्यापन गर्ने परिपाटी बसाल्नु पर्दछ ।

तेस्रो हो : सङ्ग्रहालय प्रेमी, पत्रकार, ब्यक्ति, संस्था, ICOM, UNESCO जस्ता संस्थाहरु समेत मिलेर संयुक्तरूपले "एक गाउँपालिका वा नगरपालिका - एक सङ्गहालय" को नारा सहित हरेक गाउँपालिका र नगरपालिकाले कम्तिमा एउटा सङ्ग्रहालय स्थापना गर्ने गरी नेपाल सरकारको वार्षिक वजेटमा समेटी अभियान चलाऊनै पर्छ । वास्तवमा देशका योजनाकार, नीतिनिर्माताहरूले पनि सङ्ग्रहालयको इतिहास, सम्पदा र संस्कृतिको महत्व बुझेर सोही क्षेत्रका लागि महत्वपूर्ण योगदान दिनुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


https://www.youtube.com/watch?v=AwBpheok0#:~:text=Words%2C%20Worlds:%20The%20Museum%20of,future%20for%20mankind%20is%20like.

https://myrepublica.nagariknetwork.com/news/why-we-should-care-about-museums

https://ekantipur.com/bibidha/2019/10/26/15720600853176986.html

Kenneth D. Bush and E. Fuat Keyman, "Identity-Based Conflict: Rethinking Security in a Post–Cold War World " Journal Article , Global Governance, Vol. 3, No. 3 (Sept.–Dec. 1997), pp. 311-328 .

# कोशी प्रदेशमा सङ्ग्रहालयः संभावनाको लाभ लिन सहकार्य अनिवार्य




**ख्याम प्रसाद शिवाकोटी**
**सल्लाहकार**
**कोच राजवंशी सङ्ग्रहालय**


*यस सङ्ग्रहालयमा शेर्पा, राई, लिम्बु, लेप्चा, थारु, बान्तर, राजवंशी, मेचे, धिमाल, झाँगड, माझी, ताजपुरिया, मुसहरलगायतका आदिवासी जनजाति समुदायका सबै पोशाक, गहना, उपकरण र अन्य जातीय सम्पदाहरू राखिएको छ भने इष्ट इन्डिया कम्पनीको सन् १८३५ देखि सन् १८९१ सम्मका २ सय ४१ वटा पुराना सिक्काहरू राखिएको छ । यी सिक्काहरू ७ श्रावण वि.सं. २०६० मा झापाको टाकन डुब्बाबाट प्राप्त भएका थिए ।*

## परिचय

हिमाल, पहाड र तराईसम्म फैलिएको कोशी प्रदेशमा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर गरी जम्मा १४ वटा जिल्लाहरु पर्दछन् । यस प्रदेशको पूर्वतर्फ भारतको पश्चिम बङ्गाल राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछ । यसैगरी उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ मधेश प्रदेश र बागमती प्रदेश पर्दछन् । कुल क्षेत्रफल २५९०५ वर्ग कि.मि. रहेको प्रदेशको जनसङ्ख्या ४५ लाख ३४ हजार ९ सय ४३ रहेको छ । जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रुपमा ब्राम्हण, क्षेत्री, राई, लिम्बू, थारू, लेप्चा, मुस्लिम, तामाङ, गुरूङ, मेचे, कोचे, यादव, राजवंशीलगायतका जातिहरूको बसोबास रहेको छ भने नेपाली, मैथिली, किराँती, तामाङ, लिम्बू, गुरूङ, लेप्चा, मुस्लिम, मगर र थारू भाषा मुख्य रुपमा बोलिन्छन् । विश्वकै सर्वोच्च शिखर सगरमाथालगायत कञ्चनजङ्घा, मकालु, चोयु, ल्होत्से, जन्नु आदि हिमालहरू यो प्रदेशमा रहेका छन् ।

अनेकौ मठ, मन्दिर, पाटी, पौवा, गुम्बा, मस्जिदले भरिपूर्ण नेपालको पूर्वमा रहेको यस प्रदेशमा विभिन्न प्रसिद्ध धार्मिक तीर्थस्थलहरू जस्तैः ताप्लेजुङको पाथिभरा देवीको मन्दिर, इलामको माइपोखरी, झापाको अर्जुनधारा र सताक्षी धाम, सुनसरीको बराह क्षेत्र, बूढा सुब्बा, पिण्डेश्वरी, दन्तकाली र रामधुनी, खोटाङको हलेसी महादेवलगायत बराह पोखरी, साल्पा पोखरी, दूधकुण्ड, कालिका देवी, छिन्ताङ देवी, कन्काई आदि प्रख्यात धार्मिक स्थलहरू रहेका छन् । यी स्थलहरूमा स्वदेशी तथा विदेशी तीर्थालुहरूको प्रगाढ आस्था रही आएको छ । वर्षेनी हजारौं भक्तजन तथा तीर्थयात्रीहरूको आगमनले धार्मिक पर्यटनमा टेवा पुगेको पाइन्छ । जलस्रोतमा सम्पन्न यस प्रदेशमा अरुण, तमोर, दूधकोशी, मेची, कन्काई र त्रियुगालगायतका नदीहरू रहेका छन् । किराँत, मैथली, लिम्बु लगायतका ऐतिहासिक विरासत बोकेको यो प्रदेश संस्कृति, सभ्यता, भाषा आदिका दृष्टिले धनी छ । यी सांस्कृतिक वैभवलाई सङ्ग्रहालयको माध्यमबाट संरक्षण तथा विकास गरी समुदायका लागि सदुपयोग गर्नुपर्ने आवश्यकता सरकारी तथा समुदायस्तरबाट समेत महसुस भएको देखिन्छ ।

## कोसी प्रदेशमा सङ्ग्रहालय

कोसी प्रदेशको सबैभन्दा पुरानो सङ्ग्रहालय धनकुटामा रहेको प्रदेश सङ्ग्रहालय हो । वि.सं. २०३९ सालमा क्षेत्रीय सङ्ग्रहालयको रुपमा खुलेको उक्त सङ्ग्रहालय वि.सं. २०५२ सालदेखि आगन्तुकहरुका लागि खुला गरिएको हो । तत्कालीन अवस्थामा १६ जिल्ला रहेको पूर्वाञ्चल विकास क्षेत्रका १६ जातजातिका भेषभूषा झल्किने वस्तुहरु राखिएको उक्त सङ्ग्रहालय नेपालको संविधान, २०७२ अनुसार मुलुक संघीय संरचनामा गएपछि कोसी प्रदेश सरकारलाई हन्तान्तरण गरियो र हाल कोसी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय अन्तर्गत सञ्चालित छ । वि.स.२०७५ सालमा प्रदेश सरकारले ४० लाख बजेट विनियोजन गरी सङ्ग्रहालयमा थप वस्तुहरु थप्ने कार्य भयो । हाल यो सङ्ग्रहालयमा करिव २ हजार ५ सय जति विभिन्न वस्तुहरु प्रदर्शनमा राखिएको छ । यस सङ्ग्रहालयमा शेर्पा, राई, लिम्बु, लेप्चा, थारु बान्तर, राजवंशी, मेचे, धिमाल, झाँगड, माझी, ताजपुरिया, मुसहरलगायतका आदिवासी जनजाति समुदायका सबै पोसाक, गहना, उपकरण र अन्य जातीय सम्पदाहरू राखिएको छ भने इष्ट इन्डिया कम्पनीको सन् १८३५ देखि सन् १८९१ सम्मका २ सय ४१ वटा पुराना सिक्काहरू राखिएको छ ।  यी सिक्काहरू ७ श्रावण वि.सं. २०६० मा झापाको टाकन डुब्बाबाट प्राप्त भएका थिए ।

इतिहास तथा संस्कृतिसँग जोडिएका महत्वपूर्ण वस्तुहरु रहेको यो सङ्ग्रहालयलाई हाल प्रदेश सरकारले भवन थप गरी विस्तार गर्ने कार्य अघि बढाएको छ । चार दशक भन्दा लामो इतिहास बोकेको यो सङ्ग्रहालयमा आगन्तुकको सङ्ख्या भने वार्षिक ५ हजारको हाराहारीमा छ । सङ्ग्रहालयले प्रचार-प्रसार लगायतका विभिन्न कार्यक्रम गरे पनि आगन्तुक सङ्ख्या बढ्न नसकेको सङ्ग्रहालय प्रमुख चन्द्र अधिकारीको भनाइ छ । कोसी प्रदेशमा यो चार दशकको अवधिमा सङ्ग्रहालयको सङ्ख्या विस्तार हुँदै गएको छ । विशेषगरी स्थानीय सरकार र समुदायको सङ्ग्रहालय स्थापनाका लागि सक्रियता बढेको देखिन्छ । कोसी प्रदेशले तयार गरेको पछिल्लो आँकडाअनुसार हालसम्म प्रदेशभर ५१ वटा सङ्ग्रहालय स्थापना र सञ्चालन भएका छन् । यी मध्ये ३५ वटा सामुदायिक तथा गैरसरकारी‌को स्वामित्वका सङ्ग्रहालय छन् भने २ वटा निजी स्वामित्वका

सङ्ग्रहालय छन् । बाँकी सरकारी स्वामित्वका सङ्ग्रहालय रहेका छन् । सरकारी सङ्ग्रहालयमध्ये पनि स्थानीय सरकारको स्वामित्वमा १० वटा सङ्ग्रहालय छन् भने प्रदेश सरकार स्वामित्वमा एउटा सङ्ग्रहालय रहेको छ । वि.स.२०३९ सालमा धनकुटामा स्थापना भएको तत्कालीन क्षेत्रीय सङ्ग्रहालय नै हालको प्रदेश सङ्ग्रहालय हो । त्यसैगरी  झापा जिल्लाको शनिश्चरे मा. वि. सांस्कृतिक सङ्ग्रहालय र इलाम जिल्लाको जितपुर मा.वि. सङ्ग्रहालय गरी दुईवटा सङ्ग्रहालय विद्यालयले सञ्चालन गरेका छन् ।

त्यसैगरी संघीय सरकार अन्तर्गत रहेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग मातहतको  सगरमाथा राष्ट्रिय निकुन्जले सञ्चालन गरेको एउटा सङ्ग्रहालय सञ्चालनमा छ । यसरी ५१ वटा सङ्ग्रहालय प्रदेशमा रहेको अभिलेख छ । तर कोसी प्रदेशमा यो सङ्ख्याभन्दा धेरै नै सङ्ग्रहालय स्थापना र सञ्चालन भएको देखिन्छ । जस्तो कि कोशी टप्पु वन्यजन्तु आरक्षले पनि सङ्ग्रहालय सञ्चालन गरेको छ । उक्त सङ्ग्रहालय प्रदेशको अभिलेखमा देखिँदैन । त्यसैगरी कतिपय स्थानमा थारु समुदाय तथा अन्य समुदायले समेत सङ्ग्रहालय स्थापना गरेको देखिन्छ । तर ती सङ्ग्रहालय पनि अभिलेखमा आएका छैनन् । यसरी स्वामित्व, सङ्कलन र स्थान सबै दृष्टिले कोसी प्रदेशमा सङ्ग्रहालयको विविधतामा विस्तार हुँदै गएको देखिन्छ ।

## प्रदेश सरकारको पहल

कोसी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयलाई प्रदेशका सङ्ग्रहालय सम्बन्धी क्षेत्राधिकार तोकिएको छ । मन्त्रालयको  प्रशासन तथा योजना महाशाखा अन्तर्गत रहेको पुरातत्व तथा सङ्ग्रहालय शाखाले प्रदेशस्तरका सङ्ग्रहालय हेर्ने गर्दछ । मन्त्रालयले उल्लेख गरेका १५ वटा उद्देश्यहरूमा संस्कृतिसम्वन्धी व्यवस्था पनि छ । यस अन्तर्गत भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र सम्वर्द्धन गर्ने नीति, कानुन मापदण्ड तथा योजनाको तर्जुमा गरी राष्ट्रिय र प्रादेशिक निकाय तथा संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य गर्नेतर्फ जोड दिने उल्लेख छ । यसैगरी पुरातात्विक महत्वका स्थल, स्मारक, सङ्ग्रहालय, अभिलेखालयहरूको संरक्षण, संभार अध्ययन, अनुसन्धान, उत्खनन तथा पुननिर्माण गर्ने कार्यलाई जोड दिने उल्लेख छ । त्यसैगरी जाति, धर्म, भाषा, संस्कृति, कला, ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका स्थल, प्राचीन स्मारक, सङ्ग्रहालय व्यवस्थापनको कुरा समेत उल्लेख गरिएको छ ।  पुरातत्व तथा सङ्ग्रहालय शाखाले मन्त्रालयका यिनै कार्य क्षेत्र र उद्देश्यलाई आधार बनाएर सङ्ग्रहालयसम्बन्धी काम गर्ने प्रयास गरे तापनि सङ्ग्रहालयसम्बन्धी उल्लेखनीय काम भने हुन सकेको छैन ।  अहिले प्रदेशमा रहेका सङ्ग्रहालयको विवरण सङ्कलन कार्यको थालनी भएको छ ।

यो प्रदेश प्राकृतिक तथा सांस्कृतिक सम्पदामा धनी भएकाले यहाँ पर्यटकहरूको आगमन पनि हरेक वर्ष वढिरहेको छ । यस प्रदेशमा इलामको अन्तुडाँडा, कन्याम, धनकुटाको भेडेटार, सोलुखुम्बुको नाम्चे बजार, सगरमाथा आधार शिविर तथा सुनसरीको तालतलैया लगायतका पर्यटकीय स्थलहरू रहेका छन् । प्राकृतिक सम्पदा, वन्यजन्तु तथा पशुपंछीको संरक्षण गर्ने हेतुले स्थापना गरिएका सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरुण राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष, कञ्चनजङ्घा संरक्षण क्षेत्रलगायत नेपालकै अग्लो ह्यातुङ

झरना तथा टोड्के र पोकली जस्ता ठूला एवं लामा झरनाहरू पनि यसै प्रदेशमा रहेका छन् । सुन्दर पहाड र हिमवत् खण्ड, उच्च हिमश्रृङ्खलालगायत प्राकृतिक सम्पदाले सुशोभित दक्षिणपूर्वी एसियामा अवस्थित नेपाल धार्मिक तथा सांस्कृतिक दृष्टिलेसमेत सम्वृद्ध छ । यी वैभवहरूलाई सङ्ग्रहालयको माध्यमबाट संरक्षण तथा प्रबर्द्धन गरी उच्च लाभ लिन सकिने प्रशस्त संभावना छ । यही सम्भावनालाई सदुपयोग गर्ने प्रयास अन्तर्गत कोसी प्रदेश सामाजिक विकास मन्त्रालयले प्रदेशभित्र रहेका जति पनि स्थानीय तह जिल्ला तथा सम्बन्धित आधिकारिक संस्थामा दर्ता भई वा नभईकन सञ्चालनमा आएका सङ्ग्रहालयहरूको खोजी गरी लिपिबद्ध गर्दै आइरहेको छ ।

## सहकार्यको अपरिहार्यता

कोशी प्रदेशमा हालसम्म ५१ वटा सङ्ग्रहालयहरु अभिलेखमा आए पनि धेरै नै सङ्ख्यामा सङ्ग्रहालय रहेकाले प्रदेशले अहिले सबै सङ्ग्रहालयहरूको अभिलेखीकरण गर्ने कार्य गरिरहेको छ । प्रदेशमा सबै किसिमका गरी २ सय भन्दा बढी सङ्ग्रहालय रहेको अनुमान गर्न सकिन्छ तर यसको यकिन तथ्याङ्कका लागि व्यवस्थित अध्ययनको आवश्यकता छ, जुन अध्ययन अहिलेसम्म हुन सकेको छैन । अभिलेखमा आएका सङ्ग्रहालयको अवस्था र विविधतालाई मूल्यांकन गर्दा स्थानीय ज्ञान तथा प्रविधिको आधारमा जातजाति सांस्कृतिक नाट्य तथा अन्य विधाहरूमा सङ्ग्रहालय स्थापना भई सञ्चालनमा आएको देखिन्छ । यसले गर्दा धर्म, संस्कृति तथा अन्य विधाहरूको संरक्षण र सम्बर्धनमा टेवा पुऱ्याएको छ । स्थानीय जनताको अपनत्वको कारणले प्रायजसो सबै सङ्ग्रहालयहरूको रेखदेख, सञ्चालन तथा सञ्चालन खर्च, सङ्कलन खर्च आदि सङ्ग्रहालयहरूले नै ब्यहोर्दै आएका छन् । सांस्कृतिक प्रवर्द्धन तथा संरक्षणमा स्थानीय सरकारले सांस्कृतिक सङ्ग्रहालयको स्थापनालाई जोड दिएको पाइन्छ । सङ्ग्रहालयले शिक्षासँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकाले यसलाई पनि सिकाइ थलोको रूपमा विकास गर्नुपर्छ भन्ने भावना विकसित हुँदै गएको छ । यो बुझाइलाई अझ व्यापक बनाउन आवश्यक देखिन्छ ।

सङ्ग्रहालय स्थापना र विकासको प्रारम्भ चरणमा भएकाले यसका आधारभूत मान्यता र मापदण्डको बारेमा तालिम तथा सचेतजनका कार्यक्रम हुन नसक्दा सङ्ग्रहालय आफ्नै तरिकाले अघि बढेका छन् । स्थापना भएका सङ्ग्रहालयलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने निकायसमेत नभएकाले कतिपय सङ्ग्रहालय अलमल अवस्थामा पनि देखिन्छन् । यदि यी सङ्ग्रहालयलाई आवश्यक सहयोग गरेर उचित तरिकाले विकास गर्न सकिएमा सङ्ग्रहालयबाट आर्थिक तथा सामाजिक लाभको मात्रा र गुणस्तरसमेत बढाउन सकिने संभावना धेरै छ । यसका लागि सरकार, सङ्ग्रहालय तथा यस क्षेत्रका सरोकारवालाहरूबीच सहकार्यको आवश्यकता छ । सङ्ग्रहालयलाई कोसी प्रदेशमा शिक्षा तथा पर्यटनको रूपमा विकास गरेमा यहाँको प्रकृति, भूगोल, सांस्कृतिक विविधताबाट पर्यटकीय विकास गरी आर्थिक लाभसमेत लिन सकिने देखिन्छ । यो संभावनालाई उजागर गर्नका लागि स्थानीय सङ्ग्रहालयसम्बन्धी तालिम अति आवश्यक देखिन्छ । यसमा आइकम जस्ता संस्थाहरूको पनि महत्वपूर्ण भूमिका हुनसक्छ ।

प्रदेशको सामाजिक विकास मन्त्रालयले पनि धेरै काम गर्नुपर्ने देखिन्छ । खासगरी प्रदेशमा रहेका सबै सङ्ग्रहालयको विस्तृत खाका तयार गर्ने, यसको पूर्ण अभिलेख राख्ने, विस्तृत अध्ययन अनुसन्धान गरी सङ्ग्रहालय विकासको आगामी बाटो तय गर्ने काम प्रदेशले गर्न सक्छ । यसका लागि विज्ञ तथा प्राविधिक सहयोगका लागि आइकम नेपाल जस्ता संस्थासँग सहकार्य गर्नसक्छ  भने संघीय सरकारको पनि सहयोग लिन सक्छ ।  त्यसैगरी सङ्ग्रहालयसम्बन्धी विशिष्ट कानुन नभएकाले गर्दा स्थापना भएका सङ्ग्रहालयको विकासका लागि पनि स्पष्ट आधार छैन । यसका लागि पनि प्रदेशले काम गर्न आवश्यक देखिन्छ ।

समग्रमा कोसी प्रदेश भित्रका सम्पूर्ण सङ्ग्रहालयको सूचीसहित सबैलाई एकीकृत गरी प्रवर्द्धन तथा सर्म्वधन गर्नु अहिलेको आवश्यकता हो । सङ्ग्रहालसम्वन्धी स्पष्ट कानुन र कार्यविधि एवं निर्देशिका तयार गरी सम्बर्धनका लागि बेलैमा बजेट विनियोजन गर्नुपर्ने देखिन्छ । सङ्ग्रहालयलाई प्रवर्द्धन गरेर पर्यटन तथा शिक्षामा योगदान बढाइ  यसबाट मनग्यआम्दानी समेत गर्न सकिने सम्भावना छ । यदि हामीले पनि कोसी प्रदेशमा सङ्ग्रहालय विकासका लागि कानुनी आधार स्पष्ट गर्ने, लगानी बढाउने, अध्ययन अनुसन्धान गर्ने, तालिम तथा क्षमता विकास गर्ने जस्ता काम गरेमा यसबाट एकातर्फ हाम्रा पुरातात्विक सांस्कृतिक सम्पदा, भाषा, संस्कृतिको संरक्षण गर्न सकिन्छ । अर्कोतर्फ यिनै सम्पदाको माध्यमबाट पर्यटन विकास गर्दै ठूलो मात्रामा आर्थिक लाभ लिने र शिक्षा प्रदान गर्ने कार्यमा समेत सङ्ग्रहालयको भूमिकालाई विस्तार गर्न सकिन्छ । यसका लागि सरकार एक्लैले गरेको प्रयासपर्याप्त हुँदैन, समुदाय तथा सरोकारवाला सबैको भूमिका आवश्यक हुन्छ । सम्पदा, संस्कृति, सङ्ग्रहालय अन्तत्वगत्वा सार्वजनिक सम्पत्ति भएकाले सरकारको अग्रसरता र अगुवाइमा समुदाय, विज्ञ, प्राज्ञिक क्षेत्र लगायतको सहभागितासहितको सहकार्यबाट यो प्रदेशमा सङ्ग्रहालयको विकासलाई तीब्रता दिन सकिने प्रसस्त सम्भावना देखिन्छ ।

## सन्दर्भ सामग्री


चन्द्र अधिकारी, प्रदेशसङ्ग्रहालय प्रमुख, धनकुटा, कोसी प्रदेश । कुराकानी  २०८१ साल चैत्र ५ गते, वेवसाइट ।

https://mosd.koshi.gov.np/

https://nepaltourismplus.com/en/news/2022/06/02/57.html

https://www.icomnepal.org.np/

https://abhiyandaily.com/article/sngrhaalyle-taann-sken-pryttk

# गण्डकी प्रदेशमा सङ्ग्रहालयको अवस्था र विकासको प्रयास



**करूणा राई**

**सङ्ग्रहालय प्रमुख, प्रदेश सङ्ग्रहालय**

**गण्डकी प्रदेश, पोखरा**

*सङ्ग्रहालयको इतिहास हेर्दा, विश्वकै पहिलो सङ्ग्रहालय इसापूर्व दोस्रो शताब्दीमा इजिप्टको अलेक्जान्ड्रिया विश्वविद्यालयमा खुलेको मानिन्छ । आधुनिक सङ्ग्रहालयहरूको सुरुवात भने सन् १६८२ मा बेलायतको अक्सफोर्डमा स्थापना भएको अस्मोलियन सङ्ग्रहालयबाट भएको हो । सन् १७५३ मा स्थापित ब्रिटिश सङ्ग्रहालय विश्वकै विशाल ऐतिहासिक, पुरातात्त्विक तथा कलात्मक सामग्रीहरू राख्ने सङ्ग्रहालयका रूपमा प्रसिद्ध छ ।*

## परिचय

प्रदेशमा हिमाल, पहाड, र तराईका तीनै धरातलीय स्वरूपसहितको गण्डकी प्रदेश ११ जिल्लाहरूको भूगोलमा समेटिएको छ, जहाँ अनगिन्ती प्राकृतिक तथा सांस्कृतिक सम्पदाको खानी छ । प्रदेशको सबैभन्दा अग्लो भू-भाग धौलागिरी हिमाल हो, जुन नेपालको गौरवशाली हिमाली परिदृश्यको प्रतीक हो भने नवलपुर जिल्लाको त्रिवेणीसुस्ता प्रदेशको सबैभन्दा होचो भू-भाग हो । गण्डकी प्रदेशले २१,७३३ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ, जुन नेपालको कुल क्षेत्रफलको १४.६६% हो । प्रदेशमा १ महानगरपालिका, २६ नगरपालिका, र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तहहरू रहेका छन् ।

नेपालको कुल जनसङ्ख्याको ९.१ प्रतिशत मानिसहरू यस प्रदेशमा बस्छन् । भौगोलिक आधारमा, हिमाली क्षेत्रमा प्रदेशको ०.८ प्रतिशत, पहाडी क्षेत्रमा ८६.५ प्रतिशत, र तराई क्षेत्रमा १२.७ प्रतिशत जनसङ्ख्या

बसोबास गर्छन् । जनसङ्ख्याको आधारमा, सबैभन्दा बढी जनसङ्ख्या कास्की जिल्लामा छ भने सबैभन्दा कम जनसङ्ख्या मनाङ जिल्लामा बसोबास गर्दछन् । जातीय, भाषिक, धार्मिक र सांस्कृतिक विविधता रहेको यस प्रदेशमा विभिन्न ८८ जातजातिका मानिसहरू बसोबास गर्छन् ।

## सङ्ग्रहालयको संक्षिप्त इतिहास

सङ्ग्रहालयको इतिहास हेर्दा, विश्वकै पहिलो सङ्ग्रहालय इसापूर्व दोस्रो शताब्दीमा इजिप्टको अलेक्जान्ड्रिया विश्वविद्यालयमा खुलेको मानिन्छ । आधुनिक सङ्ग्रहालयहरूको सुरुवात भने सन् १६८२ मा बेलायतको अक्सफोर्डमा स्थापना भएको अस्मोलियन सङ्ग्रहालयबाट भएको हो । सन् १७५३ मा स्थापित ब्रिटिश सङ्ग्रहालय विश्वकै विशाल ऐतिहासिक, पुरातात्त्विक तथा कलात्मक सामग्रीहरू राख्ने सङ्ग्रहालयका रूपमा प्रसिद्ध छ ।

नेपालमा सङ्ग्रहालयको अवधारणा लिच्छवी र मध्यकालदेखि मठ-मन्दिर, दरबार तथा व्यक्तिगत सङ्कलनको रूपमा रहेको पाइन्छ । काठमाडौँ उपत्यकाका मल्लकालीन तथा शाहकालीन दरबार र कलाकृतिहरूले यसलाई खुला सङ्ग्रहालयका रूपमा परिचित गराएका छन् । नेपालमा पहिलो औपचारिक सङ्ग्रहालयको सुरुवात वि.सं. १९९५ मा जुद्ध शमशेरले स्थापना गरेको “नेपाल म्युजियम” बाट भएको हो, जसलाई पछि वि.सं. २०२४ मा “राष्ट्रिय सङ्ग्रहालय” नाम दिइयो ।

वि.सं. २०४६ पछि नेपालमा निजी, संस्थागत, जातीय र सामुदायिक सङ्ग्रहालय खोल्ने लहर चल्यो । वि.सं. २०६० मा पोखरामा अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय स्थापना भयो भने, वि.सं. २०६५ मा गोरखा दरबार र नारायणहिटी दरबारलाई सङ्ग्रहालयमा रूपान्तरण गरियो । हाल नेपालमा जातीय, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गर्दै विभिन्न सङ्ग्रहालयहरू स्थापना गर्ने प्रयास जारी छ, जसले नेपाली समाजको इतिहास, संस्कृति तथा परम्परालाई जगेर्ना गर्न महत्वपूर्ण योगदान पुर्‍याइरहेका छन् ।

## गण्डकी प्रदेशमा सङ्ग्रहालयको विकासक्रम

गण्डकी प्रदेशमा औपचारिक रूपमा खोलिएको पहिलो सङ्ग्रहालय क्षेत्रीय सङ्ग्रहालय (हाल प्रदेश सङ्ग्रहालय) हो, जुन वि.सं. २०४१ मा पुरातत्व विभागको मातहतमा स्थापना भएको हो । यसले पश्चिमाञ्चल क्षेत्रका विभिन्न जातजातिको संस्कृति, परम्परा, र ऐतिहासिक सामग्रीहरू प्रदर्शन गर्दछ । यहाँ वार्षिक २० हजारभन्दा बढि आगन्तुक आउँने गरेका छन्  । वि.सं. २०६० मा पोखरामा स्थापित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय, वि.सं. २०६५ मा सञ्चालनमा आएको गोरखा दरबार सङ्ग्रहालय, अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाले स्थापना गरेका कास्की, पोखरा, र मुस्ताङ्गमा जैविक विविधता, वन्यजन्तु, र मानव संस्कृतिसम्बन्धी सङ्ग्रहालय, गोर्खा मेमोरियल सङ्ग्रहालयलगायतका  सङ्ग्रहालय प्रदेशमा चर्चामा आएका सङ्ग्रहालय  हुन् ।

गण्डकी प्रदेशमा पुरातात्विक महत्वका गुफा, गुम्बा, मन्दिर, कोट, र गढीहरु पनि छन् । मुस्ताङ्का गुफाहरूमा भित्तेचित्र, मानवले प्रयोग गरेका सामग्री, र पुरातात्विक अवशेषहरु फेला परेका छन्। यी सामग्रीहरु पुरातत्व विभाग कपिलबस्तु सङ्ग्रहालय र प्रदेश सङ्ग्रहालयमा संरक्षित छन् । यसबाहेक, हिमाली क्षेत्रका गुम्बाहरूमा दुर्लभ बौद्ध ग्रन्थ, मूर्ति, र पुरातात्विक सामग्रीहरु पनि छन् ।

यी सङ्ग्रहालयहरूले राष्ट्रिय, प्रदेशीय, र स्थानीय पहिचानलाई मजबुत बनाउन महत्वपूर्ण भूमिका खेलेका छन् । प्राकृतिक रूपमा प्रसिद्ध स्थान, राष्ट्रिय निकुञ्ज, आदिवासी बस्ती, र ऐतिहासिक व्यक्तिहरूका जन्मस्थलहरूमा सङ्ग्रहालय स्थापना गर्न सकिन्छ ।

## गण्डकी प्रदेशमा सङ्ग्रहालयको अवस्था

गण्डकी प्रदेशमा सङ्ग्रहालयहरूले प्रदेशको समृद्ध ऐतिहासिक र सांस्कृतिक विरासतलाई संरक्षण गरेका छन् । यस क्षेत्रमा औपचारिक रूपमा खोलिएको पहिलो सङ्ग्रहालय क्षेत्रीय सङ्ग्रहालय हाल प्रदेश सङ्ग्रहालय हो, जुन वि.सं. २०४१ मा पुरातत्व विभागको मातहतमा स्थापना भएको थियो । यस सङ्ग्रहालयले पश्चिमाञ्चल क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिको मौलिक संस्कृति, परम्परा, र ऐतिहासिक सामग्रीहरु प्रदर्शन गर्दछ । यसले यस क्षेत्रको सांस्कृतिक विविधता र समृद्ध इतिहासलाई संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्दछ । यसलाई आधार मान्दा यो प्रदेशमा सङ्ग्रहालयको इतिहास ४० वर्ष भन्दा बढी भएको छ । यस अवधिमा प्रदेशमा धेरै सङ्ग्रहालय खुलिसकेका छन् ।

प्रदेश सङ्ग्रहालय पोखराले वि.सं. २०७८ सालमा गण्डकी प्रदेशमा रहेका सङ्ग्रहालयहरूको प्रारम्भिक अध्ययन गरी यस प्रदेशमा विद्यमान १ सय १८ सङ्ग्रहालयहरूको पहिचान गरेको छ । जिल्लाअनुसार सङ्ग्रहालयको अवस्थिति हेर्दा मनाङ्ग जिल्ला –६, मुस्ताङ्ग जिल्ला –२, म्याग्दी जिल्ला –४, बाग्लुङ्ग जिल्ला –१०, पर्वत जिल्ला – ४, कास्की जिल्ला –२२, स्याङ्जा जिल्ला–१२, तनहुँ जिल्ला –१६, नवलपुर जिल्ला–१६ र लम्जुङ्ग जिल्ला –१५ रहेका छन् ।

प्रदेशको आँकडाअनुसार यस प्रदेशमा हाल जम्मा १ सय १८ सङ्ग्रहालयहरूमध्ये ७२ वटा सङ्ग्रहालयहरु सञ्चालनमा छन् भने २२ वटा सङ्ग्रहालयहरु निर्माणाधीन र २५ वटा सङ्ग्रहालयहरु प्रस्तावित अवस्थामा छन् । कास्की जिल्ला सबैभन्दा बढी २२ वटा सङ्ग्रहालयहरूको साथ अग्रस्थानमा छ, जसमा १९ वटा सङ्ग्रहालयहरु सञ्चालनमा छन् भने २ वटा निर्माणाधीन छन् । एउटा सङ्ग्रहालय प्रस्तावित छ ।

यी सङ्ग्रहालयहरूलाई विधाका आधारमा १४ प्रकारकामा विभाजन गरिएको छ, जसमा सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, र प्राकृतिक सम्पदासम्बन्धी लगायतका छन् । यस अध्ययनले प्रदेशमा रहेका सङ्ग्रहालयहरूको स्थिति, वितरण, र विकासको अवस्थालाई उजागर गरेको छ । यसले गण्डकी प्रदेशमा सङ्ग्रहालयहरूको संरक्षण र विकासका लागि आवश्यक कदमहरु समेत दिशा निर्देशन प्रदान गरेको छ ।

सामाजिक विकास मन्त्रालयले गण्डकी प्रदेशका ११ वटै जिल्लाहरूमा रहेका सङ्ग्रहालयहरूको निर्माण, विकास, र व्यवस्थापनका लागि बजेट बिनियोजन गर्दै आएको छ । यसले सङ्ग्रहालयहरूको भौतिक पूर्वाधार विकास, प्रदर्शनी व्यवस्थापन, र संरक्षणका लागि आवश्यक संसाधनहरु उपलब्ध गराउने काम गरेको छ । यसले गर्दा सङ्ग्रहालयहरूले आफ्नो कार्यक्षमता बढाएका छन् र स्थानीय सांस्कृतिक र ऐतिहासिक धरोहरलाई संरक्षण गर्ने काममा सक्रियता बढेको छ तर पर्याप्त भने छैन ।

गण्डकी प्रदेशका विभिन्न जिल्लाहरूमा भएको सङ्ग्रहालयहरूको स्थापना र विकासले यस क्षेत्रको समृद्ध सांस्कृतिक, ऐतिहासिक, र पुरातात्विक विरासतलाई संरक्षण गर्ने साथै यसलाई अगाडि बढाउने काम गरिरहेको छ । यी सङ्ग्रहालयहरूले स्थानीय जनतालाई आफ्नो विरासतबारे जागरूक बनाउने साथै पर्यटकहरूलाई आकर्षित गरी आर्थिक विकासमा पनि योगदान दिइरहेको छन् ।

पोखरामा वि.सं. २०६० मा स्थापित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय सबैभन्दा बढी आगन्तुकहरूले भ्रमण गर्ने सङ्ग्रहालय हो । यो सङ्ग्रहालयमा वार्षिक ३ लाखको हाराहारीमा आगन्तुकहरु आउने गरेका छन् । यसले हिमाली जीवनशैली, स्थानीय जातिहरूको संस्कृति, र पर्वतारोहणसम्बन्धी जानकारी प्रदान गर्ने भएकाले धेरै स्वदेशी तथा विदेशी पर्यटक र विद्यार्थीहरूको समेत आकर्षण बनेकाके छ । यो सङ्ग्रहालय नेपाल पर्वतारोहण संघको सहयोगमा सञ्चालित छ र पर्वतारोहणको इतिहास र विकासलाई प्रदर्शन गर्ने केन्द्रको रूपमा रहेको छ । यसले हिमाली क्षेत्रका जनजातिहरूको जीवनशैली, संस्कृति, र पर्वतारोहणका विभिन्न पहलूहरूबारे गहिरो जानकारी प्रदान गर्दछ ।

गोरखा दरबार सङ्ग्रहालय, जुन वि.सं. २०६५ मा सञ्चालनमा आएको थियो,  शाहकालीन इतिहास, राजाहरूको वंशावली, र गोरखा जिल्लाका विभिन्न जातजातिहरूको संस्कृति र परम्परालाई प्रदर्शन गर्दछ । यस सङ्ग्रहालयमा शाहकालीन हातहतियार, पोसाक, गरगहना र ऐतिहासिक सामग्रीहरु प्रदर्शित छन्, जसले गोरखाको गौरवशाली इतिहासलाई झल्काउँछ । यहाँ वार्षिक एक लाख भन्दा बढी आगन्तुक आउने गरेका छन् ।

अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाले सन् १९९५ मा कास्की, पोखरा, र मुस्ताङ जिल्लामा जैविक विविधता, वन्यजन्तु, पर्यावरण, र मानव संस्कृतिसम्बन्धी सङ्ग्रहालयहरु स्थापना गरेको छ । यी सङ्ग्रहालयहरूले यस क्षेत्रको प्राकृतिक र सांस्कृतिक विविधतालाई संरक्षण गर्ने साथै स्थानीय जनतालाई जागरूक बनाउने काम गर्दछन् ।

पोखरामा रहेको गोर्खा मेमोरियल सङ्ग्रहालय, जुन सन् २००४ मा स्थापना भएको थियो,यस सङ्ग्रहालयले गोर्खा सैनिकहरूको वीरता र योगदानलाई समर्पित छ । यस सङ्ग्रहालयमा गोर्खा सैनिकहरूले प्रयोग गरेका हातहतियार, पोसाक, प्राप्त गरेका पदकहरु, र ऐतिहासिक तस्वीरहरु प्रदर्शित छन्। यसले गोर्खा सैनिकहरूको इतिहास र उनीहरूको वीरताको कथा सुनाउँछ, जसले नेपालीहरूको राष्ट्रिय गौरवलाई बढाउँछ ।

गण्डकी प्रदेशका विभिन्न ठाउँहरूमा समुदाय, संस्थागत, र व्यक्तिगत पहलमा जातीय, सांस्कृतिक, र ऐतिहासिक सङ्ग्रहालयहरु निर्माण भई सञ्चालनमा रहेका छन् । यी सङ्ग्रहालयहरूले स्थानीय संस्कृति, इतिहास, र परम्परालाई संरक्षण गर्ने साथै युवा पुस्तालाई आफ्नो विरासतबारे जानकारी दिन महत्वपूर्ण भूमिका खेल्दछन् । यसबाहेक, केही सङ्ग्रहालयहरु निर्माणाधीन र प्रस्तावित अवस्थामा छन्, जसले गर्दा यस क्षेत्रको सांस्कृतिक र ऐतिहासिक धरोहरलाई अझ व्यापक रूपमा संरक्षण गर्ने अपेक्षा गरिएको छ ।

## चुनौतीहरू

यो प्रदेशमा सङ्ग्रहालयहरूको व्यवस्थित सञ्चालन र संरक्षणका लागि नीति, कानुन, तथा नियमहरूको अभावले गर्दा यिनीहरूको विकास र प्रभावकारीतालाई जति फराकिलो बनाउनु पर्ने हो, त्यो रूपमा विकास गर्न सकिएको छैन । यसका लागि सङ्ग्रहालयहरूलाई आवश्यक पर्ने प्रदेश स्तरको समेत कानुन बनाई व्यवस्थित रूपमा सञ्चालन गर्ने वातावरण सृजना गर्ने आवश्यक छ । सङ्ग्रहालयहरूको स्थापना, सञ्चालन, व्यवस्थापन, र नियमन गर्ने विशेष कानुनहरूको अभावले गर्दा सङ्ग्रहालयहरूको गुणस्तर बृद्धिमा समेत असर गर्दै आएको छ । कानुनी ढाँचाको अभावले गर्दा सङ्ग्रहालयहरूले आफ्नो उद्देश्य पूरा गर्ने क्रममा अनेकौं चुनौतीहरु सामना गर्न बाध्य छन् ।

यी चुनौतिको न्यूनीकरणका लागि सङ्ग्रहालयहरूको स्थापना, सञ्चालन, व्यवस्थापन, र नियमन गर्ने विशेष कानुनहरु तर्जुमा गर्नु जरूरी छ । जसको अभावमा सङ्ग्रहालयहरूले आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सक्दैनन् र सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षणमा चुनौतीहरु पनि बढ्दछन् ।

संरक्षणको अभावमा सांस्कृतिक, ऐतिहासिक, र प्राकृतिक सम्पदाहरूको विनाशको खतरा बढ्दै गएको छ । सङ्ग्रहालयहरूले यी सम्पदाहरूलाई संरक्षण गर्ने मुख्य भूमिका खेल्नुपर्ने भएपनि उचित संसाधन र कानुनी ढाँचाको अभावले गर्दा यो कार्य प्रभावकारी रूपमा हुन सकेको छैन । यसले गर्दा ऐतिहासिक र सांस्कृतिक धरोहरहरूको संरक्षण कार्यसमेत सिमित भएको छ ।

दक्ष जनशक्तिको अभावले पनि सङ्ग्रहालयहरूको विकास र सञ्चालनमा ठूलो असर पारेको छ । सङ्ग्रहालयहरूको व्यवस्थापन र संरक्षणका लागि विशेषज्ञहरूको आवश्यकता हुन्छ, तर यस्तो दक्ष जनशक्तिको अभावले गर्दा सङ्ग्रहालयहरूले आफ्नो कार्य प्रभावकारी रूपमा गर्न सकिरहेका छैनन् । यसले गर्दा सङ्ग्रहालयहरूको सञ्चालन र प्रदर्शनीहरूको गुणस्तरमा असर पर्दै आएको छ ।

संस्कृति संरक्षणमा राज्यको कम प्राथमिकता र न्यून बजेट विनियोजनले पनि सङ्ग्रहालयहरूको विकासमा ठूलो बाधा उत्पन्न गरेको छ । संस्कृति र ऐतिहासिक धरोहरहरूको संरक्षणलाई राज्यले प्राथमिकतामा राख्नुपर्छ । यसका लागि सङ्ग्रहालयहरूले आवश्यक स्रोतसाधन तथा सहयोग समेत सुनिश्चितता गर्नुपर्छ । यसो गर्न सकेमा सङ्ग्रहालयहरूको विकास र सञ्चालनमा ठूलो सुधार ल्याउन सकिन्छ ।

तीन तहका सरकारहरु (स्थानीय, प्रदेश, र केन्द्र) बीच सङ्ग्रहालय विकासमा समन्वयको अभावले पनि सङ्ग्रहालयहरूको विकास योजनाहरु प्रभावकारी ढङ्गले तर्जुमा गर्ने र कार्यान्वयन गर्ने प्रक्रियामा केही अलमलहरु भएको देखिन्छ । आगामी दिनमा सङ्ग्रहालयहरूको समग्र विकास र प्रबर्द्धनका लागि तीनै तहका सरकारहरु बीच समन्वय र सहकार्य आवश्यक छ ।

यसप्रकार, सङ्ग्रहालयहरूको व्यवस्थित सञ्चालन र संरक्षणका लागि कानुनी ढाँचा, दक्ष जनशक्ति, पर्याप्त बजेट, र तीन तहका सरकारहरु बीच समन्वय आवश्यक छ ।

## अवसरहरू

गण्डकी प्रदेश नेपालको एक समृद्ध सांस्कृतिक र ऐतिहासिक विविधताको केन्द्र हो । यस प्रदेशमा विभिन्न १०६ जातजाति, ७२ भाषाभाषी, र १० धर्मावलम्बीहरूले वसोबास गर्छन् । यसले गण्डकीलाई विविध संस्कृति, परम्परा, कला, साहित्य, पेसा, र भेषभूषाको मिलनस्थल बनाएको छ । यहाँका जातजातिहरूले आफ्नो अनौठा संस्कृति र परम्परालाई जोगाएर राखेका छन् जसले गण्डकीलाई सांस्कृतिक सम्पदाको धनी बनाएको छ । यस प्रदेशमा विभिन्न धर्म, संस्कृति, र भाषाहरूको सहअस्तित्वले यसलाई अझ विशेष बनाएको छ ।

गण्डकी प्रदेशमा विश्व प्रसिद्ध ऐतिहासिक, धार्मिक, पुरातात्विक, र सांस्कृतिक सम्पदाहरु विद्यमान छन् । यस प्रदेशका प्राचीन मन्दिरहरु, गुम्बाहरु, गुफाहरु र ऐतिहासिक स्थलहरूले यस क्षेत्रको गौरवशाली इतिहास र संस्कृतिलाई प्रतिबिम्बित गर्दछन् । मुस्ताङ्गका गुफाहरूमा भित्तेचित्रहरु, पुरातात्विक अवशेषहरु र प्राचीन बौद्ध ग्रन्थहरूले यस क्षेत्रको ऐतिहासिक महत्वलाई उजागर गर्दछन् । यसबाहेक, यहाँका धार्मिक स्थलहरूले विभिन्न धर्मावलम्बीहरूको आस्था र विश्वासलाई संरक्षण गरेका छन् ।

गण्डकी प्रदेशवासीहरु सङ्ग्रहालय स्थापनाका लागि जागरूक र सक्रिय छन् । यिनीहरूले आफ्नो संस्कृति, परम्परा, र इतिहासलाई संरक्षण गर्ने उद्देश्यले सङ्ग्रहालयहरु स्थापना गर्न ठूलो रुचि देखाएका छन् । स्थानीय समुदाय, गैरसरकारी संस्थाहरु र व्यक्तिहरूको पहलमा यस प्रदेशमा धेरै सङ्ग्रहालयहरु स्थापना भएका छन् भने केही निर्माणाधीन र प्रस्तावित अवस्थामा छन् ।

## निष्कर्ष

गण्डकी प्रदेशका सङ्ग्रहालयहरूले यस क्षेत्रको ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक सम्पदालाई संरक्षण गर्न महत्वपूर्ण भूमिका खेलेका छन् तथापि तिनको वर्तमान अवस्था सन्तोषजनक छैन । संसाधनको अभाव, उचित व्यवस्थापनको कमी र जनचेतनाको अभावले यी सङ्ग्रहालयहरूको विकास र संरक्षणमा बाधा उत्पन्न गरेको छ । समयमै यी समस्याहरूको समाधान नभए हाम्रो ऐतिहासिक र सांस्कृतिक विरासत विनास हुनुको साथै सङ्ग्रहालय विकासमा अवरोध हुनु सक्छ । त्यसैले सरकार, स्थानीय निकाय र नागरिक समाजले मिलेर यी सङ्ग्रहालयहरूको विकास र संरक्षणका लागि ठोस कदम चाल्नु जरुरी छ ।

यसै क्रममा, गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयले प्रदेशमा रहेका सबै सङ्ग्रहालयहरूको विकास र विस्तार गर्न “गण्डकी प्रदेश सङ्ग्रहालय नीति, २०८१” तर्जुमा गर्दैछ । यो नीतिले सङ्ग्रहालयहरूको व्यवस्थापन, संरक्षण, र विकासका लागि स्पष्ट दिशानिर्देशहरु प्रदान गर्नेछ । यसले सङ्ग्रहालयहरूको सञ्चालनलाई अझ व्यवस्थित बनाउने साथै तीन तहका सरकारबीच समन्वय बढाउने काम गर्नेछ । यस नीतिले सङ्ग्रहालयहरूको विकासलाई दीर्घकालीन रूपमा स्थायित्व प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## सन्दर्भ सामग्री


प्रदेश संग्रहालय ।(२०७८) । गण्डकी प्रदेशका संग्रहालयहरूको विवरण पुस्तिका । प्रदेश संग्रहालय पोखरा ।

गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय । (२०८१) । गण्डकी प्रदेश सङ्ग्रहालय नीति, २०८१ (मस्यौदा) । गण्डकी प्रदेश सरकार ।

गुरूङ, हर्क । (२०७६)। पश्चिम नेपालका सङ्ग्रहालयहरू र जातीय पहिचान ।काठमाडौं । त्रिभुवन विश्वविद्यालय ।

युनेस्को नेपाल। । (२०७७) । गण्डकीमा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण । युनेस्को काठमाडौं कार्यालय

अन्तर्राष्ट्रिय हिमालय सङ्ग्रहालयको वार्षिक प्रतिवेदन २०८०, पोखरा ।

अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना । (२०७९) ।मुस्ताङ र मनाङमा इको-सङ्ग्रहालयहरूः संरक्षण पहल । पोखरा : अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना ।

केंद्रीय तथ्यांक विभाग । (२०७८) । गण्डकी प्रदेशको जनसंख्या र सांस्कृतिक जनसांख्यिकीय विवरणा । काठमाडौं : नेपाल सरकार ।

गण्डकी प्रदेश योजना आयोग । (२०८०) । पर्यटन र सम्पदा संरक्षण प्रतिवेदन २०८० । पोखरा : गण्डकी प्रदेश सरकार ।

# सङ्ग्रहालयको महत्व

**राजन जोशी**
**सहायक म्यूजियम क्यूरेटर**
**अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय**



***सङ्ग्रहालयमा विशेष गरी पुराना, दुर्लभ, कलात्मक देखि सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, धार्मिक, शैक्षिक तथा वैज्ञानिक लगायत अन्य धेरै दृष्टिकोणबाट महत्वपूर्ण वस्तुहरू सङ्कलन गरी प्रदर्शन गरिएको हुन्छ । के-कस्ता वस्तु सङ्कलन/प्रदर्शन गर्ने भन्ने विषयमा सङ्ग्रहालयको स्वरुप/विषय/प्रकृतिको आधारमा निर्क्योल हुने गर्दछ ।***

## परिचय

प्रारम्भमा सङ्ग्रहालय शब्दको परिभाषा विभिन्न वस्तुहरू थुपार्ने घर वा आमोद-प्रमोद गर्ने स्थलको रुपमा गरिन्थ्यो । पुराना कुनै पनि वस्तुहरू सङ्कलन गरेर मानिसहरूलाई मनोरञ्जनका लागि देखाउन राखिएको ठाउँ वा घरलाई हामीले साधारणतया सङ्ग्रहालय भनेर बुझ्ने गरेका छौं र यस्तै किसिमका अभ्यासबाट सङ्ग्रहालयको सुरुवात भएको पाइन्छ । परिवर्तित समय र समाज विकासको निरन्तरता एवं क्रमिकता सँगसँगै सङ्ग्रहालयको प्रकृति र कार्यक्षेत्रको दायरा फराकिलो भएको पाइन्छ । यही विचार र दर्शन आधार मानेर परिभाषित गर्दा मानिसहरूलाई ज्ञान, शिक्षा तथा मनोरञ्जन दिनका लागि सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, कलात्मक, धार्मिक, शैक्षिक, वैज्ञानिक महत्त्वका मूर्त एवं अमूर्त वस्तुहरूको सङ्कलन, संरक्षण, दस्ताबेजीकरण, प्रदर्शन, ब्याख्या-विश्लेषण, प्रचार-प्रसार,अध्ययन-अनुसन्धान तथा प्रकाशन गर्ने संस्थालाई सङ्ग्रहालय भनेर बुझ्ने गरिएको छ र यी कार्यहरु पेसेवर विषयगत जनशक्तिहरुबाट हुन आवश्यक छ ।

यसैगरी सङ्ग्रहालयसम्बन्धी अन्तर्राष्ट्रिय संस्था इन्टरनेसनल काउन्सिल अफ म्यूजियम (ICOM) को सन् २०२२ अगष्ट २४ मा बसेको महाअधिबेसनले सङ्ग्रहालयलाई यसरी परिभाषित गरेको छ :-

"A museum is a not-for-profit, permanent institution in the service of society that researches, collects, conserves, interprets and exhibits tangible and intangible heritage. Open to the public, accessible and inclusive, museums foster diversity and sustainability. They operate and communicate ethically, professionally and with the participation of communities, offering varied experiences for education, enjoyment, reflection and knowledge sharing."

सङ्ग्रहालय विकासको इतिहास चारहजार वर्षभन्दा पुरानो भएपनि आधुनिक सङ्ग्रहालय विकासको सन्दर्भमा कुरा गर्दा सन् १६८३ मा स्थापना भएको आसमोलियन सङ्ग्रहालय पहिलो आधुनिक सङ्ग्रहालय हो । नेपालको सन्दर्भमा सङ्ग्रहालयको विकासबारे अध्ययन गर्दा यसको इतिहास शाहकालबाट सुरु भएको पाइन्छ । सङ्ग्रहालयको विजारोपण सङ्कलनबाट हुने कुरालाई मध्यनजर गर्दा लिच्छवी तथा मल्लकालमा मन्दिर तथा विहारहरूमा हातहतियार, धार्मिक वस्तु तथा धार्मिक पुस्तकहरू सङ्कलन गरेको कुराले सङ्ग्रहालयको आभास गराउँछ । तथापि आधुनिक सङ्ग्रहालय विकासको कुरा गर्दा छाउनीस्थित जनरल भिमसेन थापाको निजी घरलाई गारदघरको रूपमा प्रयोग गरेकोमा त्यसलाई प्रसिद्ध इतिहासकार पर्सिपल लैनडनको पुस्तक 'नेपाल' को खण्ड १ मा 'दि आर्सेनल म्यूजिम' भनेर उल्लेख गरिएको छ । सो पुस्तक छापिएको वा मुद्रण वर्ष १९२८ ई. भनेर उल्लेख छ । यसै भवनलाई पछि वि.सं. १९९५ फाल्गुण १ गते सर्वसाधारणको लागि नेपाल म्यूजियम नामाकरण गरी खुला गरिएको थियो । यो नै नेपालको पहिलो सङ्ग्रहालय हो र हाल यो सङ्ग्रहालयको नाम 'राष्ट्रिय सङ्ग्रहालय' रहेको छ ।

## सङ्ग्रहालयको महत्व

सङ्ग्रहालयमा विशेष गरी पुराना, दुर्लभ, कलात्मक देखि सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, धार्मिक, शैक्षिक तथा वैज्ञानिक लगायत अन्य धेरै दृष्टिकोणबाट महत्वपूर्ण वस्तुहरु सङ्कलन गरी प्रदर्शन गरिएको हुन्छ । के-कस्ता वस्तु सङ्कलन/प्रदर्शन गर्ने भन्ने विषयमा सङ्ग्रहालयको स्वरूप/विषय/प्रकृतिको आधारमा निर्क्योल हुने गर्दछ । सङ्ग्रहालयको दयारा फराकिलो हुँदै गइरहेको अवस्थामा विश्वभर यसको महत्व दिन-प्रतिदिन बढ्दै गएको छ, जसको कारण विषयगत लगायत वस्तुको नामसँग सम्वन्धित सङ्ग्रहालयहरु पनि खुलेका छन् । जस्तै हवाइजहाज सङ्ग्रहालय, रेल सङ्ग्रहालय, ट्वाइलेट सङ्ग्रहालय आदि ।

शिक्षा, ज्ञान तथा मनोरञ्जन प्राप्त गर्न सकिने संस्था सङ्ग्रहालयको महत्वलाई बुँदागत रूपमा निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ ।

**१. ऐतिहासिक महत्व :** सङ्ग्रहालयले वस्तुहरूको माध्यमद्वारा वर्तमानलाई विगतसँग जोड्ने कार्य गर्दछ । सङ्ग्रहालयमा पुराना वस्तुहरूको सङ्ग्रहले हामीलाई इतिहासको जानकारी गराउने गर्दछ । हिजोका दिनमा हाम्रा पुर्खाहरूले प्रयोग गरेका वस्तुहरूको अवलोकन आज हामीले सङ्ग्रहालयमा गर्न पाउछौं जसले हामीलाई इतिहासको बारेमा जानकारी गराउँछ ।

**२. पुरातात्विक महत्व :** उत्खनन् गरी प्राप्त भएका वस्तुहरूलाई पुरातात्विक वस्तु भनिन्छ । सङ्ग्रहालयमा उत्खनन् गरी प्राप्त भएको बस्तुहरूको सङ्कलन पनि गरिएको हुन्छ । विशेष गरी पुरातात्विक वस्तुहरु साइट सङ्ग्रहालयमा सङ्कलन / प्रदर्शन गरिएको हुन्छ । जस्तैः कपिलवस्तुको साइट सङ्ग्रहालय, भारत मध्य प्रदेशको साँचीमा रहेको साइट सङ्ग्रहालय, जहाँ यस भेगमा उत्खनन् गरी प्राप्त भएका वस्तुहरु प्रदर्शन गरिएको छ ।

**३. साँस्कृतिक महत्व :** सँस्कृति भनेको मानिसले सामूहिकरूपमा धारण गर्ने कुरा हो, जुन कुरा जीवन जीउनेसँग सम्वन्धित हुन्छ । विश्वमा हजारौ सँस्कार-सँस्कृति मान्ने मानव समुदायहरु छन् । ती समुदायहरूले सृजना गरेका/प्रयोग गरेका सामग्रीहरु सङ्ग्रहालयमा सङ्कलन गरी प्रदर्शन गर्ने भएकोले हामीले सङ्ग्रहालय भ्रमण गर्दा यस्ता वस्तुहरूको अवलोकन गर्ने अवसर प्राप्त गर्दछौं । यसबाट हामीलाई सबैको संस्कार-सँस्कृतिहरूको समान महत्व हुँदो रहेछ भन्ने कुराको महसुस हुन गई सबैको सँस्कृतिप्रति समान व्यबहार गर्ने बानीको विकास हुने भएकोले समाजमा मेलमिलाप तथा भाइचाराको विकास हुने गर्दछ । त्यसैले सङ्ग्रहालयको साँस्कृतिक महत्व छ ।

**४. सामाजिक महत्व :** सङ्ग्रहालयको अस्तित्व समाज/मानिस हो । समाजले समाजमा समाजको लागि खोलेको संस्थाको रूपमा सङ्ग्रहालयलाई बुझ्दा फरक पर्दैन । यहाँ सङ्कलन गरी प्रदर्शनीमा राखिने वस्तुहरूको स्रोत समाज हो भने यी वस्तुहरू सङ्कलन गरी प्रदर्शनीमा राख्नुको उद्देश्य भनेको मानिसहरूले अवलोकन गरुन् भनेर हो । सङ्ग्रहालयमा आगन्तुकहरूलाई वस्तुहरूको माध्यमबाट ज्ञान, शिक्षा तथा मनोरञ्जन दिलाउन समाजमा रहेका विभिन्न किसिमका वस्तुहरूको सङ्कलन गरी संरक्षण तथा अभिलेख राख्ने कार्यहरू गर्ने गरिन्छ । सङ्ग्रहालयले वस्तुहरूको विस्तृत रूपमा अभिलेख राख्ने हुँदा यसको माध्यमबाट समाजले पहिचान पाउन सक्छ । हाल सङ्ग्रहालयलाई पहिचान दिने संस्थाको रूपमा पनि हेरिन थालेको छ । कुन समाजमा वस्ने मानिसहरूले यी वस्तुहरु प्रयोग गर्दछन् र बस्तु कहाँ बनेको हो ? थाहा पाउनु । यसैगरी ऐतिहासिक वस्तुहरूले त्यसबेलाको समाजको चित्रण गर्दछ भने अहिलेको वस्तुहरूले वर्तमान समाजको चित्रण गर्दछ । तसर्थ सङ्ग्रहालयलाई समाजको प्रतिविम्ब/ऐना पनि भन्ने गरिन्छ ।

**५. शैक्षिक महत्व :** सङ्ग्रहालय शब्दको व्युत्पत्ति ग्रीक शब्दः 'muses'' बाट भएको हो जसलाई ग्रीक भाषामा ज्ञान तथा विद्याकी देवीको रूपमा मानिन्छ । तसर्थ शब्द उत्पत्तिको दृष्टिकोणले नै सङ्ग्रहालयलाई ज्ञान तथा शिक्षा आर्जन गर्ने स्थल वा संस्थाको रूपमा चित्रण गरिन्छ ।  सङ्ग्रहालयले गर्ने कार्यको प्रकृतिलाई हेर्दा यसलाई शिक्षा तथा ज्ञान हासिल गर्ने स्थल/संस्थाको रूपमा लिन सकिन्छ । यहाँ प्रदर्शित वस्तुहरु विभिन्न विषय तथा दृष्टिकोणले महत्व राख्ने प्रकृतिको हुने भएकाले हरेक उमेर तथा तहका मानिसहरूले यी वस्तुहरूको अवलोकन गरी शिक्षा तथा व्यवहारिक ज्ञान हासिल गर्न सक्दछन् ।

**६. पर्यटकीय तथा मनोरञ्जनस्थलको रूपमा महत्व :** सङ्ग्रहालयमा विभिन्न विषय तथा प्रकृतिका वस्तुहरु एकै ठाउँमा हेर्न सकिने भएको हुनाले आन्तरिक तथा बाह्य पयर्टकहरूको आकर्षण स्थल बनेको छ । पर्यटकहरूले यहाँ प्रदर्शित वस्तुहरूको अवलोकन गरेर, वस्तुहरूको फोटो खिचेर मनोरञ्न लिनसक्ने भएकोले सङ्ग्रहालयको पर्यटकीय तथा मनोरञ्जनस्थल हो ।

**७. धार्मिक महत्वः** सङ्ग्रहालयमा संकलित/प्रदर्शित वस्तुहरु धाार्मिक प्रकृतिका पनि हुने भएकाले यसको धार्मिक महत्व पनि छ । सङ्ग्रहालयमा धेरैजसो वस्तुहरु ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक प्रकृतिका हुने भएकोले यिनीहरूको धार्मिक दृष्टिकोणले पनि महत्व रहने गरेको हुन्छ । जस्तैः शालिग्राम सङ्ग्रहालयलाई लिन सकिन्छ । शालिग्राम भनेको एक शिला (ढुङ्गा) हो । यसलाई विज्ञानले जीवाशेषको रूपमा लिन्छ भने हिन्दु धर्ममा भगवानको रूपमा पूजा गरिन्छ ।

**८. आर्थिक महत्व :** सङ्ग्रहालय आफैंमा नाफा कमाउने प्रकृतिको संस्था होइन तर सङ्ग्रहालयमा पर्यटकहरूको आगमनले विभिन्न किसिमका आय आर्जनगर्ने स्रोतको सृजना हुने भएकोले अप्रत्यक्ष रूपमा सङ्ग्रहालय भ्रमणगर्ने पर्यटकहरूबाट मानिसहरूले आर्थिक उपार्जन गर्ने अवसर पाउदछन् । जस्तैः होटल ब्यवसायी, यातायात ब्यवसायी, पथ प्रर्दशक, स्थानीय बासिन्दाहरु लगायत अन्य धेरैले आर्थिक आर्जन गर्दछन् । यसरी पर्यटकको कारणले रोजगारीको सृजना हुने भएकोले राज्यले पनि विभिन्न किसिमको करवापत आर्थिक उपार्जन गर्दछ भने राज्यलाई विदेशी पर्यटकहरूबाट विदेशी मुद्रा पनि आर्जन हुने गर्दछ ।

## सन्दर्भ सामग्रीहरू

कार्की, गोविन्द सिंह ( २०६४), *साँस्कृतिक पर्यटन,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स।

खतिवडा, कोमल प्रसाद र दाहाल, कमला ( २०७५), *नेपालको साँस्कृतिक पर्यटन,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स ।

विष्ट, डोरबहादुर (सन् १९९७), *सवैजातको फूलवारी,* काठमाडौँ : साझा प्रकाशन ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद ( २०६०), *नेपालका कला र वास्तुकला,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स ।

भट्टराई, लेखनाथ (२००७), *पर्यटन व्यवस्थापन,* काठमाडौँ : जानुका प्रकाशन ।

पुरी, उद्धव ( २०७५), *पर्यटन, विकास र नेपाल,* काठमाडौँः तलेजु प्रकाशन ।

द्विवेदी, पशुपतिकुमार (२०३२), *सङ्ग्रहालय र समाज,* काठमाडौँ : राष्ट्रिय सङ्ग्रहालय, छाउनी ।

Bhargaviamma, Venugopal (2002). Museum Visitor Studies, New Delhi: National Museum Institute, Janpath.

Ambrose, Timothy and Paine, Crispin (2005). *Museum Basic,* 2nd edition, London and New York : Taylor and Francis Group.

Edson, Gary and Dean.D ( 1996). *The Hand Book for Museum,* London : Routledge

Bedekar, V.H. (1995). *New Museology For India,* New Delhi: national Museum Institute of History of Art, Conservation and Museology, National Museum

Dean, D. (1996). *Museum Exhibition: Theory and Practice,* London: Routledge

# आकर्षण र अवसरको केन्द्र बन्दै पाल्पा दरबार सङ्ग्रहालय



**सपना श्रेष्ठ**
सङ्ग्रहालय गाइड
पाल्पा दरबार सङ्ग्रहालय

*अहिले संग्रहालयको महत्वमा व्यापक वृद्धि भएकोले यसको सजावट देखि लिएर प्रदर्शनीका विविध पक्षबारे पनि विभिन्न तालिम तथा औपचारिक रुपमा ज्ञान लिने पद्धतिको विकास हुन थालेको छ । यसैका विज्ञहरुसँग सहकार्य गरी व्यवस्थित सङ्ग्रहालयको विकास हुँदै गइरहेको छ । जसबाट समाज तथा राष्ट्रहरुकै मान, सम्मान तथा आयमा वृद्धि भइरहेको छ ।*

## परिचय

सङ्ग्रहालय संस्कृत भाषाको शब्द 'सङ्ग्रह' र 'आलय' मिलेर बनेको छ । जसको अर्थ समाग्री सङ्कलन गरी राख्ने भन्ने अर्थ बुझाउँदछ । Museum शब्द युननी भाषाको Muse शब्दबाट बनेको हो, जसको अर्थ 'ज्ञान' वा 'विद्याकी देवी' हो । त्यहाँको देवीको मन्दिरमा अन्य देवीहरूको मूर्तिका साथै प्राचीन ग्रन्थ पनि संरक्षण गरी राखिएको थियो । यसै संस्कृतिको विकसित स्वरूप सङ्ग्रहालय हुन पुग्यो । सङ्ग्रहालयको मुख्य काम भनेको सामाग्री सङ्कलन गर्ने तथा ती सङ्कलित सामाग्रीको प्रदर्शन गर्नु हो । सङ्ग्रहालयमा सामाग्री अवलोकन गर्ने, मनोरञ्जन तथा आनन्द लिने र फुर्सदको समयमा सङ्ग्रहालय भ्रमणमा आउने क्रम बिस्तारै विकसित हुँदै गएको छ ।

सङ्ग्रहालय देशको ऐना हो । सङ्ग्रहालयले विगतको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, ऐतिहासिक स्थिति झल्काउँछ । सङ्ग्रहालय धेरै पढेलेखेका विद्वान्हरूले लेखेका अप्ठ्यारा शब्दहरूले भरिएका पुस्तक होइन । सङ्ग्रहालय भारी बोक्ने भरिया, निरक्षर, केटाकेटी, शिक्षित, विदेशी सबैले बुझ्न सक्ने विश्व भाषा जस्तै खुला विद्यालय हो । अहिले सङ्ग्रहालयको महत्वमा व्यापक वृद्धि भएकोले यसको सजावट देखि लिएर प्रदर्शनीका विविध पक्षबारे पनि विभिन्न तालिम तथा औपचारिक रूपमा ज्ञान लिने पद्धतिको विकास हुन थालेको छ । यसैका विज्ञहरूसँग सहकार्य गरी व्यवस्थित सङ्ग्रहालयको विकास हुँदै गइरहेको छ । जसबाट समाज तथा राष्ट्रहरूकै मान, सम्मान तथा आयमा वृद्धि भइरहेको छ ।

## पाल्पाको ऐतिहासिक पक्ष

हालको लुम्बिनी प्रदेश अन्तर्गत पर्ने पाल्पा जिल्ला इतिहासमा मुख्यतः सेनहरूको शासन केन्द्रको रूपमा पनि चिनिन्छ । भारतका चितौर र सिसौदियाका राजपुतहरूको सन्तान सेनवंशी राजाहरूले पाल्पामा राज्य सञ्चालन गर्दा उत्कृष्ट पराक्रम राजनीति र कूटनीतिको परिचय दिएको थिए । प्राचीनकालमा मगर मुखियाहरूका स-साना भुरेटाकुरे थुम राज्य भएको पाल्पाक्षेत्र बाह्रौं शताब्दीदेखि पन्ध्रौं शताब्दीसम्म खस राज्यको प्रभावमा थियो । खस राज्यको विघटनपछि पाल्पा क्षेत्र पुनः भुरेटाकुरे राज्यमा विभाजित भयो । जसलाई आफ्नो अधीनमा पारेर सेन वंशका शासकहरूले इसाको पन्ध्रौं शताब्दीको उत्तरार्द्धदेखि उन्नाइसौं शताब्दीको प्रारम्भ अर्थात वि.सं.१४७७ देखि वि.सं. १८६१ सम्म पाल्पा राज्यमा रिब्दीकोट,भैरवस्थान र श्रीनगरमा समेत गरी ३१२ वर्षसम्म राज्य सञ्चालन गरेका थिए ।

सेनवंशका ११ औं पुस्ताका राजा अर्थात् अन्तिम राजा पृथ्वीपाल सेन हुन् । जसलाई रणबहादुर शाहको वि.सं.१८६३ मा हत्या भएपछि भोलिपल्ट ललितपुरको राज भवनमा थुनिएका पृथ्वीपाल सेनलाई भण्डारखालको बगैंचामा मारेर पाल्पामा सेनवंशको राज्य नेपाल राज्यमा विलय गराइएको थियो । सेन राज्यकालमा मुकुन्द सेन नाम गरेका दुई राजा भएका हुँदा एकलाई मुकुन्द सेन प्रथम र अर्कोलाई मुकुन्द सेन द्वितीय भनिन्थ्यो । पाल्पा राज्यका संस्थापक रूद्रसेनका छोरा मणिमुकुन्द सेन प्रथम हुन् भने तानसेनको श्रीनगरमा शहर बसाल्ने राजा महादत्त सेनका बाबु राजा मुकुन्द सेन द्वितीय हुन् । पाल्पा गौंडाको तैनाथवालामध्ये आफ्नो छोरा केदारनरसिंहको रेखदेख गर्न चार वर्ष र आफू तैनाथवाला भएर १६ वर्ष वि.सं. १९११ देखि वि.सं. १९३० सम्म पाल्पामा रहँदा बद्रीनरसिंहको पालामा पनि दरबार निर्माण भएको थियो । अहिले त्यो दरबार छैन तर, सोही दरबारको ठाउँमा पछि प्रताप शमशेर राणाले दरबार निर्माण गरे । जुन वि.स.२०६२ साल माघ १८ गते तत्कालीन विद्रोही नेकपा माओवादीको आक्रमणबाट क्षतिग्रस्त भएको थियो । उक्त दरबार वि.स.२०७० सालमा पुननिर्माण भएपछि वि.स.२०७२ सालमा सङ्ग्रहालयको रूपमा सञ्चालन गर्ने निर्णय गरियो । उक्त निर्णयबाट वि.स.२०७३ साल मंसिर १५ गते ऐतिहासिक एवम् सांस्कृतिक पाल्पा दरबार सङ्ग्रहालयको रूपमा सञ्चालन

भयो । दरबारको सङ्ग्रहालय लुम्बिनी प्रदेशकै पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ । पाल्पा दरबार क्षतिग्रस्त हुनुभन्दा अघि यहाँ जिल्ला प्रशासन कार्यालय, मालपोत, सरकारी वकिलको कार्यालय र प्रमुख जिल्ला अधिकारीको निवास लगायतका संरचना रहेका थिए ।

## पाल्पा दरबार सङ्ग्रहालय

लुम्बिनी प्रदेश अन्तर्गतको पाल्पाको तानसेन दरबार सङ्ग्रहालय पाल्पा जिल्लामा अवस्थित ऐतिहासिक तथा पर्यटकीय महत्वको दरबार हो । पाल्पा तानसेनको दरबार पाल्पामा तत्कालीन पश्चिम कमाण्डर जनरल प्रतापशमशेरले प्रशासकीय कार्य सञ्चालन गर्ने र निजी प्रयोजनका लागि आज भन्दा १०९ वर्ष अगाडि यो दरबार निर्माण गरेका थिए । जर्नेल प्रताप शमशेर वि.सं. १९८० मा काठमाडौंबाट धपाइएपछि पाल्पाको प्रशासक भए, जसको अग्रसरतामा बेलायती शैलीमा बेलायती इन्जिनियरहरूले नै डिजाइन गरेर वि.सं. १९८२ सालदेखि वि.सं. १९८९ सम्म सात वर्ष लगाएर यो दबरबार निर्माण गरिएको थियो ।

यो दरबार परिसरमा करिव ५० रोपनी क्षेत्रफल जमिन भए पनि दरबारको ७-१०-०-०१ क्षेत्रफल रहेको छ । अत्यन्त सुन्दर आधुनिक शैलीमा निर्माण भएको दरबारमा २ बुर्जासमेत ३ तलामा ४४ वटा कोठा रहेको छ । यो काठै काठ र ईट्टाबाट बनेको दरबारमा चुना, सुर्की र गिट्टी मिसाएर निर्माण भएको थियो र पछि पुनः निर्माण गर्ने क्रममा पनि सोही विधिअनुरूप नै यस दरबारको निर्माण गरिएको छ ।

प्रतापशमशेर राणाको मृत्युपछि दरबार प्रयोगविहीन अवस्थामा रहेको थियो । राजा महेन्द्रले विसं २०१५ मा पाल्पा आउँदा यस दरबारलाई प्रशासनिक कार्यालयहरु सञ्चालन गर्ने आदेश दिएका थिए । सोही आदेश-अनुरूप यहाँ जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, मालपोत कार्यालय, जिल्ला पञ्चायत कार्यालय, बैंक, टेलिफोन कार्यालय, आकाशवाणी सेटेलाइट स्टेशन कार्यालय, हुलाक लगायत १९ वटा कार्यालयहरु यस दरबारमा रहेका थिए । पछि द्वन्द्वकालमा विं.सं. २०६२ साल माघ १८ गते तत्कालीन माओवादीको आक्रमणमा परी यो दरबार पुर्णरूपमा ध्वस्त भएको थियो । तत्पश्चात यहाँका सरकारी कार्यालयहरु अन्यत्र सारियो । त्यसपछि वि.सं. २०६४ साल असार २१ बाट शान्ति तथा पुनःनिर्माण मन्त्रालयको अग्रसरतामा शहरी विकास तथा भवन निर्माण विभाग पाल्पाबाट पुनर्निमाण कार्य सुरु गरी वि.सं. २०७० साल जेठ २० मा कार्य सम्पन्न भएको थियो । पछि स्थानीयहरूबाट दरबारलाई सङ्ग्रहालयको रूपमा स्थापना गर्नुपर्छ भनी आवाजहरु आइसकेपछि नेपाल सरकारले वि.सं. २०७२ साल मङसिर ३ गतेदेखि तानसेन दरबारलाई पाल्पा दरबार सङ्ग्रहालयको रूपमा स्थापना गरेको थियो । यो दरबार उद्घाटन वि.सं. २०७३ साल फागुन १५ गते भएको थियो ।

लुम्बिनी प्रदेश सरकार अन्तर्गत रहेको यो सङ्ग्रहालय प्रदेश मन्त्रिपरिषद्को मिति वि.सं. २०७९ साल भदौ १६ को निर्णयानुसार “प्रादेशिक सांस्कृतिक पाल्पा दरबार सङ्ग्रहालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७९” प्रकाशित भयो । जसमा समितिको अध्यक्ष मन्त्री हुने व्यवस्था रहेको छ ।

हाल पाल्पा दरबार सङ्ग्रहालय लुम्बिनी प्रदेश उद्योग, पर्यटन तथा यातायात मन्त्रालय मातहत रहेकोले उक्त मन्त्रालयका मन्त्रीको अध्यक्षतामा सङ्ग्रहालय सञ्चालित छ । दरबार सङ्ग्रहालय विकास समिति गठन कार्यविधि सञ्चालनमा आएको ३ वर्ष बितिसक्दा पनि सङ्ग्रहालयमा कर्मचारीको व्यवस्थापन हुन नसक्दा सङ्ग्रहालय पूर्ण संभावनासहित सञ्चालित हुन सकेको छैन ।

## प्रदर्शनी

पाल्पा दरबार पाल्पाको मात्र पहिचान नभई नेपालको मुख्य सम्पदाका रूपमा रहेको छ । दरबारमा रहेका ऐतिहासिक वस्तु पछिल्लो पुस्ताका लागि ज्ञानको सङ्ग्रह गर्ने थलो बनेको छ । सङ्ग्रहालयमा ऐतिहासिक वस्तुहरूको पहिचानका लागि देशका विभिन्न क्षेत्रबाट शिक्षक तथा विद्यार्थीहरू शैक्षिक भ्रमणमा पाल्पामा जाने गर्दछन् । दरबारलाई सङ्ग्रहालयका रूपमा विकास गरेपछि पर्यटन आगमनले तानसेनबासी तथा यहाँका व्यापार व्यवसायलाई पनि थप उत्साह थपेको छ ।

यस सङ्ग्रहालयमा कुल कक्ष ७ रहेका छन् । जसमा बाजागाजा, नेवार, मगर, कुमाल, थारु, खसआर्य र सैनिक कक्ष रहेका छन् । यी कक्षमा कुल सङ्ग्रहित सामाग्रीहरु ४ सयभन्दा  बढी छन् ।

सङ्ग्रहालयको पहिलो तल्लामा सेनवंशीहरूको इतिहास, जनजाति नेवार, मगर, कुमाल जातिको पहिचान झल्कने भेषभूषा, गरगहना तथा दैनिक जीवनमा उपयोगमा आउने भाँडाकुँडा तथा औजारहरूको प्रदर्शनी गरिएको छ । साथै काठबाट निर्मित विभिन्न प्रकारका सामाग्रीहरु पनि प्रदर्शनीमा राखिएको छ ।

दोस्रो तल्लामा भने थारु जातिको पहिचान झल्कने भेषभूषा, गरगहना तथा प्रचलनमा ल्याउने विविध सामाग्रीहरूको प्रदर्शनी गरिएको छ । साथै सैनिक कक्षमा नेपाल अंग्रेज युद्धमा प्रयोग भएका तोप, हातहतियार, गढीको नमुना, डकुमेन्ट्री तथा नेपाली सैनिकका पोसाकहरु राखिएका छन् । यसका साथै वि.सं. १८०० देखिका प्रधान सेनापतिहरु देखि हालसम्मको सेनापतिको बारेमा विस्तृत रूपमा जानकारी पाउन सकिन्छ ।

पाल्पा दरबार जनरल प्रताप शमशेर राणाद्वारा निर्माण भएको हुँदा दरबारको भित्री चोकमा जनरल प्रताप शमशेर राणाको अर्धकदको शालिक राखिएको छ । अंग्रेज र गोर्खा सैनिकबीच बुटबलको जितगढीमा भएको युद्धमा नेपाली सेनाका लागि घिउ तताउन प्रयोग गरिने ठूलो कराही, परम्परागत हलो, भोटेताल्चा, खुर्पेटो, मुङ्ग्रो लगायतका सामग्री राखिएको छ । यहाँ लुम्बिनी प्रदेशका प्रमुख धार्मिक स्थानहरूको फोटो र जानकारी, नेपाल- अंग्रेज जितगढी युद्धका सामग्रीहरु, पाल्पा जिल्लाबाट सङ्कलन गरिएका पुराना सामग्रीहरु राखिएको छन् ।

## आगन्तुक र अपेक्षा

अहिले यो सङ्ग्रहालय पाल्पा जिल्लामा पर्यटनको मुख्य गन्तव्यको रूपमा विकास भएको छ । यो सङ्ग्रहालय इतिहास, संस्कृति र पहिचानसँग जोडिएका पुरातात्विक सामग्रीले पाल्पाको इतिहास खोज्ने पर्यटकहरूलाई अध्यनस्थल भएको छ । जसकारण वर्षेनी घुम्न आउने पर्यटकहरूको सङ्ख्या दिनानुदिन बढ्दो छ । आ.व. २०८०/०८१ मा पाल्पा दरबार सङ्ग्रहालयमा ५६ हजार ९ सय ८६ पर्यटकहरूले भ्रमण गरेका थिए । जसमा विदेशीहरूको सङ्ख्या १ हजार ९ थियो । बाँकी नेपालीहरु थिए । उक्त आर्थिक वर्षमा यस सङ्ग्रहालयले २९ लाख ४९ हजार ४ सय ४५ रूपैयाँ राजश्व सङ्कलन गरेको थियो ।

चालु आ.व. २०८१/०८२ को चैत मसान्त सम्मको आँकडा अनुसार ९ महिनामा सङ्ग्रहालय भ्रमण गर्नेको सङ्ख्या ४४ हजार ३ सय ५३ रहेको छ । जसमा विदेशीहरूको सङ्ख्या ८ सय ६३ रहेको छ । उक्त अवधिमा २१ लाख ६९ हजार ३ सय २० रूपैयाँ राजश्व सङ्कलन भएको छ । त्यसैगरी आ.व. २०७९/०८० मा ५४ हजार ७ सय आगन्तुकले सङ्ग्रहालय भ्रमण गरेका थिए । यसमध्ये विदेशी पर्यटक ८ सय ४१ थिए भने बाँकी नेपालीहरु थिए । उक्त आर्थिक वर्षमा २९ लाख ४४ हजार ३ सय राजश्व सङ्कलन भएको थियो ।

यसरी भ्रमण गर्न आउनेहरूमा विद्यार्थी देखि विभिन्न पेसाकर्मी लगायतका व्यक्तिहरु रहेका छन् । पाल्पामा सेन राजाहरूद्वारा अमर बनेका इतिहास, धार्मिक, पुरातात्विक महत्वका अनेकौं सम्पदाहरूले पर्यटकहरूलाई खोज अनुसन्धानमा सहयोग पुऱ्याउँने भएकाले अनुसन्धानकर्ताहरु पनि यहाँ आउँने गरेका छन् ।

पर्यटकहरूले पाल्पाको सुन्दरता देखेर कसैले नेपालको दार्जिलिङ भन्छन् भने कसैले काठमाडौंको भाई अथवा पहाडकी रानीसमेत भनेर पाल्पालाई तुलना गर्दछन् । पाल्पाको यही चर्चा सुनेर भ्रमण गर्न आउँनेहरूका लागि पनि यो सङ्ग्रहालय आकर्षणको केन्द्र हुन थालेको छ ।

तानसेनको श्रीनगर, अंग्रेजसँगको लडाइँमा विजयको उत्सवमा उजीर सिंहले निर्माण गर्न लगाएका भगवतीको मन्दिर र त्यही विजयउत्सवस्वरूप हुने भगवती जात्रा, शितलपाटी, एसियाकै ठूलो मानिने शितलपाटीको मुलढोका, अमरनारायणको मन्दिर, तानसेन दरबार जस्ता ऐतिहासिक स्थल पर्यटकहरूका लागि अध्ययन अनुसन्धान र दृष्यावलोकनका मुख्य आकर्षण हुन् । इतिहासमा रूचि राख्ने पर्यटकहरूले पाल्पा पुगेपछि सेनवंशको राजाहरूको बारेमा जानकारी पाउन सक्छन् । पाल्पा दरबारको सङ्ग्रहालयमा पुरातात्विक इतिहास झल्कने सामग्रीहरु व्यवस्थित तवरले राखिएको छ ।

सङ्ग्रहालय भ्रमण गर्न आउँने आगन्तुकहरूले सङ्ग्रहालयको बारेमा बताइदिने गाइड नभएको, अवलोकनको समय पर्याप्त नभएको गुनासोसमेत गर्ने गरेका छन् । यद्यपि सङ्ग्रहालयले आगन्तुकहरूको सुविधालाई ध्यानमा राखेर खुल्ने समय विहान ७ बजेदेखि साँझ ६ बजेसम्म कायम राखेको छ । सङ्ग्रहालय खुल्ला हुने समय पर्याप्त भएपनि यो समयमा यहाँबाट आगन्तुकलाई दिइने सेवामा थप सुधार गर्न सकेमा आगन्तुकहरूको अपेक्षा र गुनासोलाई सम्बोधन गर्न सकिन्छ ।

## चुनौतिभित्रका अवसर

पाल्पा दरबार तानसेनको मुख्य पर्यटकीय गन्तव्यको रूपमा भए तापनि यसको आफ्नै समस्याहरु छन् । लुम्बिनी प्रदेश मन्त्रिपरिषद् बैठकले राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत प्रमुख रहने गरी ७ जना कर्मचारीको दरबन्दी स्वीकृत गरे पनि अझै दरबन्दी भने पूर्ण हुन सकेको छैन । स्वीकृत दरबन्दीअनुसार कार्यकारी निर्देशक/अधिकृत, पथप्रदर्शक, ग्यालरी सहायक, सहलेखापाल, खरिदार र दुई कार्यालय सहयोगी रहने व्यवस्था छ तर, हाल भने प्रदेश सरकारबाट नियुक्त एक कर्मचारीले मात्र सङ्ग्रहालय हेर्नुपर्ने बाध्यता छ । यस कार्यालयको थप जिम्मेवारी घरेलु तथा साना उद्योग कार्यालयका प्रमुखलाई दिइएको छ ।

३ तला ४४ वटा कोठा भएको यस दरबारमा हाल कार्यरत स्थायी कर्मचारी १ र २ करारका कार्यालय सहयोगी र बाँकी ५ (२ सुरक्षा गार्ड र ३ सरसफाइ कर्मचारी) दैनिक ज्यालादारीका कर्मचारीहरु रहेका छन् । ती दैनिक ज्यालादारीका कर्मचारीलाई पनि आ.व. २०८०/०८१ मा तलब दिन नसकिँदा काममा लगाउन सकिएन । हरेक वर्ष ४० हजार भन्दा बढी पर्यटकले भ्रमण गर्ने यस दरबारमा हाल सरसफाइ गर्ने कर्मचारीको समेत व्यवस्थापन गर्न सकिएको छैन । बिहान ७ बजे देखि खुल्ने सङ्ग्रहालय साँझ बन्द गर्ने समय भने ६ बजे रहेको छ । दैनिक सय भन्दा बढी पर्यटकले भ्रमण गर्ने यस सङ्ग्रहालयमा कर्मचारीको अभाव हुँदा सङ्ग्रहालयका सेवालाई प्रभावकारी बनाउँन सकिएको छैन । मानिसहरूको आगमन बढी हुँदा विभिन्न ग्यालरीमा गएर गार्ड बस्न सक्ने अवस्था नभएकाले प्रदर्शनमा राखिएका सामानको सुरक्षाको चिन्ता बढेको छ । त्यसैगरी सङ्ग्रहालय भ्रमणमा ठूलो सङ्ख्यामा विद्यार्थीहरु आउँदा उनीहरूलाई थप जानकारी दिने एक जना मात्र सङ्ग्रहालय गाइड भएका कारण उनिहरूले खोजेको जानकारी दिन सकिएको छैन । दरबन्दीअनुसार कर्मचारीको व्यवस्थापन हुन नसकेका कारण सङ्ग्रहालय सञ्चालनमा यस किसिमका धेरै चुनौतिहरु छन् ।

त्यसैगरी सङ्ग्रहित सामाग्रिहरूको संरक्षणको लागि पर्याप्त बजेट नभएका कारण ती सामाग्रीहरु किरा लाग्ने तथा बिग्रने समस्या बढिरहेको छ । प्रदर्शित सबै सामाग्रीहरूको व्यवस्थित लेवलिङ्ग गर्न नसकिएका कारण भ्रमण गर्न आउने पर्यटकले अवलोकनबाट पर्याप्त जानकारी प्राप्त गर्न नसकिएको गुनासो गर्ने गरेका छन् । भएका वस्तुहरूको लेवलिङ्ग पनि नेपाली भाषामा मात्र भएको हुँदा विदेशी पर्यटकहरूले भाषिक समस्या भोगिरहेका छन् ।

सङ्ग्रहालयमा पुस्तकालय र भण्डारण कक्ष दुबै रहेका छन् तर, पुस्तकालय कर्मचारीको अभावका कारण खुल्ला गर्न सकिएको छैन । भण्डारण कक्षमा भने उस्तैउस्तै सामाग्री बढी भएका वस्तुहरु र स्थानीय व्यक्ति लगायतबाट प्राप्त वस्तुहरूलाई सङ्ग्रह गरेर राखिएको छ ।

सङ्ग्रहालयको भुइँतला हालसम्म भने खालि नै रहेको छ । कार्यक्रमहरू नभएका पनि होइनन् तर कार्यालयकै लेखा र प्रमुख नभएसम्म ती कार्यक्रमहरू गर्न सकिने अवस्थामा छैनन् । कार्यालयमै बस्ने कार्यालय प्रमुख भएपछि मात्र यहाँको कार्यक्रम गरी सङ्ग्रहालयलाई अझै व्यवस्थित गर्न सकिन्छ ।

यदि दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन मात्र गर्न सकियो भने पाल्पा दरबार सङ्ग्रहालयलाई लुम्बिनी प्रदेशकै मुख्य पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सकिन्छ । एकै दिनमा ८ सय भन्दा बढी पर्यटकले सङ्ग्रहालय भ्रमण गरेको रेकर्ड छ । वार्षिक ५० हजार भन्दा बढी पर्यटकहरू तानिरहेको यस सङ्ग्रहालयले स्थानीय व्यापार व्यवसायमा प्रबर्द्धनमा समेत सहयोग पुगेको छ । यस सङ्ग्रहालयलाई अझै व्यवस्थित गर्न सकिएमा सङ्ग्रहालयका आगन्तुकको सङ्ख्या बढाउँन सकिन्छ । यसबाट सङ्ग्रहालयको राजश्वमा समेत बृद्धि हुन्छ । तर, त्यसको लागि सबैभन्दा पहिले यस कार्यालयको स्वीकृत दरबन्दीअनुरूप कर्मचारीको व्यवस्था गर्नुपर्ने आवश्यकता छ । विकास समिति भए अनुसार त्यसलाई पुनर्गठन गरी सङ्ग्रहालयमा आवश्यक कर्मचारी थप गर्नुका साथै व्यवस्थापन पनि गर्न सकिन्छ ।

## निष्कर्ष

पाल्पा दरबार आफैंमा ऐतिहासिक, पुरातात्विक सम्पदा भएकाले यहाँ आउँने पर्यटकका लागि महत्वपूर्ण आकर्षण हो । यस दरबारमाभित्र रहेको सङ्ग्रहालयका वस्तु अवलोकन अर्को आकर्षण हो । सेन राज्य, खस राज्य, राणा शासन तथा शाह वंशीय शासनसँगको राजकाज इतिहास बोकेको पाल्पा दरबार सङ्ग्रहालय लुम्बिनी प्रदेश मात्र नभएर सबैका लागि तत्कालीन समयको इतिहास अवलोकन गर्ने थलो हो । यस सङ्ग्रहालयलाई आवश्यक जनशक्तिको व्यवस्थापन मात्र गर्न सकिएमा तत्कालका लागि आगन्तुकलाई दिने सेवामा विस्तार गर्न सकिन्छ भने थप विकासका कार्यक्रमहरू पनि विस्तार गर्न सकिन्छ । खासगरी विद्यार्थीका लागि शैक्षिक कार्यक्रम समेत बनाउन आवश्यक छ । यदि आधारभूत कुराहरूलाई सुनिश्चित गर्न सकिएको खण्डमा यहाँ सङ्ग्रहालय भ्रमण गर्न आउँने आगन्तुकको सङ्ख्या पनि बढाउँन सकिन्छ । आगन्तुकको सङ्ख्या बढ्दा सङ्ग्रहालयको आम्दानी पनि बढ्छ तर त्यो भन्दा पनि महत्वपूर्ण कुरा यहाँको पुरानो इतिहास, पुरातत्व लगायतको ज्ञान धेरै भन्दा धेरै व्यक्तिहरू समक्ष फैलाउँन सकिन्छ । त्यसैले अबका दिनमा यो संभावनालाई अवसरको रूपमा सदुपयोग गर्दै काम गर्नु आवश्यक छ ।

## सन्दर्भ सामग्री


यो हो पाल्पा (श्री ५ महाराजाधिराज सरकारको ४९ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा प्रकाशित पुस्तक)

प्रदेश राजपत्र, लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित खण्ड ६) मुकामः बुटवल, भदौ १६ गते, २०७९ साल (अतिरिक्ताङ्क १४)

https://nayayougbodh.com/saugat/2022/02/26/923548

https://ekantipur.com/lumbini-pradesh/2024/09/06/neglected-palpa-palace-museum-10-59.html

https://shilapatra.com/detail/6246

https://palpadurbar.lumbini.gov.np/en/

# सङ्ग्रहालयसम्बन्धी छाता कानुनको आवश्यकता



**रीता थपलिया**
**सदस्य**
**आइकम नेपाल**

*त्यसैगरी राज्यका विभिन्न निकायहरू नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल प्रज्ञा प्रतिष्ठान, सर्वोच्च अदालत, राष्ट्रिय समाचार समिति, रेडियो नेपाल तथा विश्वविद्यालय लगायतका निकायहरूले पनि आफ्नो निकायसम्बन्धी कानुनमा टेकेर सङ्ग्रहालय स्थापना गरेका छन् । त्यसैगरी प्राचीन स्मारक ऐन पनि कुनै न कुनै रूपमा सङ्ग्रहालयको पाटोमा जोडिएको देखिन्छ ।*

## पृष्ठभूमि

नेपालमा पछिल्लो समयमा  सङ्ग्रहालयको सङ्ख्या तथा अवलोकनकर्ता वा आगन्तुकको सङ्ख्या समेत बढेर गएको छ । सङ्ग्रहालयको सङ्ख्या बढ्दै गएपछि यसप्रतिको चासो बढ्नु स्वभाविकै एवं सकारात्मक हो । आइकमको परिभाषाअनुसार सङ्ग्रहालय समाजको सेवामा समर्पित एउटा गैरनाफामूलक, स्थायीप्रकृतिको संस्था हो, जसले भौतिक तथा अभौतिक सम्पदाको अध्ययन-अनुसन्धान, सङ्कलन, संरक्षण, विवेचना र प्रदर्शन गर्दछ । सार्वजनिक रूपमा खुला, पहुँचयोग्य एवं समावेशी हुनुको साथै  सङ्ग्रहालयले विविधता र दीगोपनालाई बढावा दिने गर्दछ । यसले शिक्षा, मनोरञ्जन, अनुभूति तथा ज्ञानसम्बन्धी विविध अनुभवहरू बाँड्दै नैतिक एवं पेसागत आचरणमा रही समुदायको सहभागिता सहित सञ्चालन र सञ्चारण गर्दछ ।[1]

1. ICOM Nepal 2024

यस परिभाषाले सङ्ग्रहालयको व्यापकतालाई उजागर गरेको छ । यो व्यापकतालाई व्यवहारमा उतार्नका लागि नेपालमा सङ्ग्रहालय कानुनको जरूरत बढेर गएको महसुस भएको छ ।

हामी कहाँ सङ्ग्रहालयसम्बन्धी अलगै कानुन नभए तापनि यससँग जोडिएको इतिहास भने झण्डै ७ दशकको छ । वि.सं २०१३ सालमा प्राचीन स्मारक ऐन आएपछि सम्पदा र पुरातत्वसँग जोडिएका वस्तुलाई कानुनी रूपमा सम्बोधन गर्ने पहिलो प्रयास भयो । यसैलाई हामी सम्पदासम्बन्धी पहिलो कानुन मान्न सक्छौं । तर त्यसभन्दा अगाडि प्रजातान्त्रिक सरकारले ल्याएको नेपाल सरकारको वैधानिक कानुन, वि.सं. २००७ ले सम्पदा र पुरातात्विक वस्तुको संरक्षणमा राज्यको दायित्वलाई उल्लेख गरेको छ । त्यही संवैधानिक आधारलाई टेकेर प्राचीन स्मारक ऐन, २०१३ जारी भएको देखिन्छ ।

## वर्तमान कानुनी व्यवस्था

सम्पदासम्बन्धी कानुनी व्यवस्थालाई कार्यान्वयन गर्ने वि.सं. २००९ सालमा पुरातत्व विभाग स्थापना भएपछि राज्य पक्षबाट यस क्षेत्रमा केही कामहरु अघि बढाउँने आधार तयार भएको देखिन्छ । त्यतिखेर सम्पदासम्बन्धी सरकारी निकाय बन्नु तथा सम्पदाको संरक्षणलाई महत्व दिएर ऐन आउनु आफैंमा सकारात्मक पहल थियो तर त्यसपछिको झण्डै सातदशकको समयमा पनि सङ्ग्रहालयसम्बन्धी अलग्गै कानुन आउन नसक्दा सम्पदा क्षेत्रकै वृहत्तर विकासको गतिशीलता रोकिएको देखिन्छ । नेपालको संविधान वि.सं. २०७२ को धारा ३२ मा भाषा तथा सांस्कृतिक हकको व्यवस्था छ । यसमा लेखिएको छ- प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने, प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने हक हुनेछ ।[2]

यसैगरी उक्त संविधानको धारा २६ मा धार्मिक स्वतन्त्रताको हक उल्लेख गरेको छ । धार्मिक तथा सांस्कृतिक कुराहरु मौलिकहकको रूपमा उल्लेख हुनु आफैंमा सकारात्मक छ तर त्यसलाई कार्यान्वयनमा ल्याउनको लागि संविधानले दिएको अधिकारलाई स्पष्ट व्याख्या र व्यवस्था गर्ने कानुन नभएसम्म यसले व्यवहारिक सार्थकता पाउन सक्दैन । त्यसैले सङ्ग्रहालयको विकासको लागि कानुनको आवश्यकता छ भन्ने आवाज बढेर गएको छ ।

2. नेपालको संविधान २०७२, पृष्ठ १५ ।

हुन त नेपालको अन्तरिम संविधान, २०६३ आएपछि नै सङ्ग्रहालयसम्बन्धी कानुन निर्माणको लागि मस्यौदा तयार गर्ने लगायतका पहलहरू त्यतिखेर नै भएका थिए तर त्यो पहल वीचैमा रोकियो । ऐन बन्न नसके पनि त्यतिखेर नेपाल सरकारले राष्ट्रिय संस्कृति नीति, २०६७ ल्यायो । उक्त संस्कृति नीतिले पनि  सङ्ग्रहालयसम्बन्धी विशिष्ट कानन बनाउने कुरा उल्लेख गऱ्यो तर राष्ट्रिय संस्कृति नीति  आएको डेढ दशकभन्दा बढी भइसक्दा पनि सङ्ग्रहालयसम्बन्धी विशिष्ट कानुन नबन्नु विडम्बना हो ।

यसो भन्दैमा  सङ्ग्रहालयसम्बन्धी कानुन नै छैन भन्न खोजिएको होइन । धेरै थरिका कानुनमा टेकेर संस्थाहरू स्थापना भएका र तिनै संस्थाले सङ्ग्रहालय स्थापना गरेका छन् । अहिले अधिकांश  सङ्ग्रहालय स्थापना गर्ने आधार दिएका ५ वटा कानुनहरू प्रचलनमा रहेका छन् । जसमध्ये विकास समिति ऐन २०१३, संस्था दर्ता ऐन, २०३४, कम्पनी दर्ता ऐन २०६३,स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र गुठी संस्थान ऐन, २०३३ । यसमध्ये विशेषःगरी विकास समिति ऐन अन्तर्गत सरकारी स्वायत्त  सङ्ग्रहालयको रूपमा ३ वटा सङ्ग्रहालयहरू स्थापना भएका छन् । यसअन्तर्गत पाटन  सङ्ग्रहालय, नारायणहिटी दरबार सङ्ग्रहालय र हनुमानढोका दरबार  सङ्ग्रहालय छन् । त्यसबाहेक सरकारको आफ्नै निर्णयका आधारमा स्थापना भएका सङ्ग्रहालय पनि छन् । जस्तो कि राष्ट्रिय  सङ्ग्रहालय, राष्ट्रिय मुद्रा  सङ्ग्रहालय, राष्ट्रिय कला  सङ्ग्रहालय, गोरखा दरबार सङ्ग्रहालय आदि ।[3]

त्यसैगरी राज्यका विभिन्न निकायहरू नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल प्रज्ञा प्रतिष्ठान, सर्बोच्च अदालत, राष्ट्रिय समाचार समिति, रेडियो नेपाल तथा विश्वविद्यालय लगायतका निकायहरूले पनि आफ्नो निकायसम्बन्धी कानुनमा टेकेर सङ्ग्रहालय स्थापना गरेका छन् । त्यसैगरी प्राचीन स्मारक ऐन पनि कुनै न कुनै रूपमा सङ्ग्रहालयको पाटोमा जोडिएको देखिन्छ । यी सबै थरिका कानुनमा टेकेर देशभरका  सङ्ग्रहालय स्थापना र सञ्चालन भएका छन् । यी सबै किसिमका सङ्ग्रहालयलाई विश्लेषण गर्दा १५ वटाभन्दा बढी कानुनमा टेकेर अहिलेका  सङ्ग्रहालयहरू स्थापना र सञ्चालन भएको देखिन्छ ।[4] यद्यपि यस बारेमा विस्तृत अध्ययन नभएकाले किटान गरेर तोक्न सकिने अवस्था छैन ।

## छाता कानुनको आश्यकता

स्वामित्वको ढाँचा जे जस्तो भए पनि  सङ्ग्रहालय एउटा सार्वजनिक संस्था हो । संस्था स्थापनाका लागि कुनै पनि कानुनी आधार लिन सकिन्छ तर सङ्ग्रहालय एउटा सार्वजनिक थलो भएकाले यहाँ भ्रमण गर्ने हरेक व्यक्तिलाई यसका आधारभूत साझा मापदण्डमा एकरूपता हुन्छ भन्ने कुराको अनुभूत गराउनका लागि पनि सबै  सङ्ग्रहालयको छाता कानुनको आवश्यकता देखिन्छ । यस्तो कानुनले  सङ्ग्रहालय सञ्चालनका आधारभूत मापदण्ड, यसको अनुगमन तथा  सङ्ग्रहालयको विकासका लागि सहजीकरण समेत गर्ने आधार तय गर्न आवश्यक देखिन्छ ।

3. Towards the development and Integration of a Museum Policy for (Regional) Museums: Study Case- (Regional) Museums in Nepal (2019). ICOM Nepal, ICOM and MICR. Kathmandu.p.35
4. Informal assessment of the writer

कतिपय सरकारी सङ्ग्रहालयहरु विकास समिति ऐन अन्तर्गत सञ्चालन भएका छन् । यस अर्थमा सङ्ग्रहालय स्थापनामा कानुनी बाधा छैन तर त्यसको स्तर कायम गरी सञ्चालनको मापदण्ड सुनिश्चित गर्ने कानुनी आधार छैन । स्पष्ट कानुन र मापदण्ड नबने पनि स्थानीय सरकार र समुदाय सङ्ग्रहालय बनाउने क्रम बढेको छ । सङ्ग्रहालयको सङ्ख्याका बारेमा आधिकारिक तथ्याङ्क नभए पनि करिव एक हजार हाराहारीमा सङ्ग्रहालय खुलिसकेको विभिन्न अनुमानहरु सार्वजनिक रुपमा आएका छन् तर यी सबै सङ्ग्रहालयले सङ्ग्रहालयका आधारभूत मान्यता, आचारसंहिता, मर्म र मापदण्डलाई के कति अनुसरण गरेका छन् । त्यसको मापन, अनुगमन र लेखाजोखा गर्ने कुनै निकाय नै छैन । त्यसैले यस्तो निकाय बनाउन पनि अलग कानुनको आवश्यकता छ ।

निर्माण भएका सङ्ग्रहालय भवन, वस्तुको अभिलेख, त्यसको प्रदर्शनी र व्यवस्थापनलाई हेर्दा कतिपय सङ्ग्रहालय न्यूनतम मापदण्डको पालना हुने गरी बन्न नसकेको देखिन्छ । सङ्ग्रहालयको न्यूनतम मापदण्ड पुरा नगरी सङ्ख्यात्मक रुपमा सङ्ग्रहालयको सङ्ख्या बढाउदै जाने तर त्यसको स्तर, गुणस्तर र त्यसको मापदण्डलाई ख्याल नगर्ने हो भने जुन उद्देश्यले सङ्ग्रहालय स्थापना गरिएको छ त्यो उद्देश्य पुरा हुन सक्दैन । यी सवालहरूलाई सम्बोधन गर्नका लागि सङ्ग्रहालयसम्बन्धी छाता कानुन आवश्यक छ ।

एकातिर सङ्ग्रहालयको सङ्ख्या बढेर जाने अर्को तर्फ यस अवस्थामा एउटा गम्भीर प्रश्न आउँछ कि सङ्ग्रहालयको उद्देश्य पुरा गर्न नसक्ने, समाजलाई फाइदा पनि नदिने संरचनामा गरिएको लगानीको उपादेयता र सार्थकता के हुन्छ ? त्यसकारण अहिलेदेखि नै सङ्ग्रहालयको सङ्ख्या विस्तार हुदै जाँदा त्यसको गुणस्तर, मापदण्ड, उदेश्य र मर्मलाई ख्याल गर्न आवश्यक छ । यस बारेमा आइकम नेपालजस्ता संस्थाले व्यापक बहस चलाउनु आवश्यक देखिएको छ । यो बहसले एकातिर नयाँ कानन निर्माणको पैरवी र दबाब सृजना गर्नुपर्ने देखिन्छ भने अर्कोतर्फ बन्दै गरेका सङ्ग्रहालयलाई पनि यसको महत्व र मर्मको बारेमा जानकारी र सहयोग गर्नु आवश्यक छ ।

## निष्कर्ष

हरेक पछिल्लो समयमा तीब्र रुपमा सङ्ग्रहालयको सङ्ख्या बढेर जानुले सङ्ग्रहालयको महत्व र आवश्यकताको बुझाइ बढेको स्पष्ट हुन्छ । विगतमा सीमित सङ्ग्रहालय भएको र स्पष्ट कानुन नभएकाले पनि छरिएका कानुनबाट नै सङ्ग्रहालय स्थापना र सञ्चालन भएका थिए तर अहिले सङ्ग्रहालयको सङ्ख्या बढेर गएको छ । धेरै किसिमका कानुनबाट स्थापना भै सञ्चालनसमेत भएका सङ्ग्रहालयलाई स्थापना, सञ्चालन, सहजीकरण तथा अनुगमन गर्ने आधारसहितको विशिष्ट कानुन नभएका कारण यी सङ्ग्रहालयहरुको अभिलेखसमेत राख्न कठिनाइ भएको छ ।

यी सबै सङ्ग्रहालयलाई एक ठाउँमा समेट्नका लागि सङ्ग्रहालयसम्बन्धी विशिष्ट कानुन अहिलेको आवश्यकता हो । यो आवश्यकतालाई सम्बोधन गर्ने कानुन ल्याउनका लागि आइकम नेपाल जस्ता संस्थाले

पनि अग्रसरता लिनुपर्छ । यो कानुन बनाउन ढिला गर्ने छुट हामीलाई छैन किनकि यसमा जति ढिला गर्छौं त्यति नै धेरै समस्याहरु थपिंदै जाने देखिन्छ । त्यसका लागि संघीय सरकारले एउटा स्पष्ट सङ्ग्रहालय कानुन बनाउनुपर्छ भने त्यही संघीय सरकारको कानुनसँग नबाझिने गरी प्रदेश सरकार र स्थानीय सरकारले पनि सङ्ग्रहालय कानुन निर्माण गरी जारी गर्नुपर्छ । सोही आधारमा सङ्ग्रहालय स्थापना, सञ्चालन र व्यवस्थापन गर्नुपर्छ ।

## सन्दर्भ सामग्री


Towards the development and Integration of a Museum Policy for (Regional) Museums: Study Case-(Regional) Museums in Nepal published by ICOM Nepal, ICOM and MICR. 2019. Kathmandu.

https://icom.museum/en/resources/standards-guidelines/museum-definition/

https://www.icomnepal.org.np/

नेपालको संविधान २०७२, पृष्ठ १५ ।

https://ghatanarabichar.com/299606

https://netizennepal.com/content/15573

# परिचयात्मक खण्ड

# सङ्ग्रहालय क्षेत्रका अवसर र आइकमको अग्रसरता



**रमेशप्रसाद दवाडी**
**अध्यक्ष, आइकम नेपाल**

***ICOM पेरिसको आवाज नै संसारभरका सङ्ग्रहालयकर्मीहरूको आवाज हो जसले विश्वसञ्जाल र सहयोगको माध्यमबाट अन्तर्राष्ट्रिय जगत्मा संस्कृतिसम्बन्धी जनचेतना अभिवृद्धि गर्दछ । यस संस्थाको अन्तर्राष्ट्रिय कार्यसञ्जाल विश्वको १ सय २९ राष्ट्र तथा क्षेत्रहरूमा फैलिएको छ । सो मध्ये १ सय २० वटा मुलुकहरूमा राष्ट्रिय समिति नै स्थापना भइसकेका छन् ।***

## पृष्ठभूमि

सङ्ग्रहालयको इतिहासलाई खोतल्दै जाने हो भने प्रागऐतिहासिक कालमा गुफा र ओडारहरूमा सङ्कलन गरी राखिएका कलाकृतिहरूबाट प्रारम्भ भएको मानव जातिको सङ्ग्रहकला पछिल्ला समयमा व्यक्तिगत र राजकीय सङ्ग्रह एवं मन्दिरमा देवीदेवतालाई अर्पण गरिएका आकर्षक सामाग्रीहरूको परिवर्तन र कलात्मक प्रस्तुतीकरणबाट विकास भएको देखिन्छ । मानव सभ्यताहरूको अभिरूचिपूर्वक अध्ययन गरियो भने त्यसको एउटा महत्वपूर्ण पक्षको रूपमा कला, कौशल, संस्कृति एवं त्यसको व्यवस्थापनमा मानव जातिले आफ्नो महत्वपूर्ण समय व्यतित् गरेको देखिन्छ । कला कौशल एवं आकर्षक संकलनबाट सजाइएका बैठक कोठाहरूको परिवर्तित रूपमा विकास भएको आधुनिक सङ्ग्रहालयको स्पष्ट स्वरूप एवं खाका आस्मोलियन म्युजियम, व्रिटिस म्युजियम, लुभ्रा म्युजियम हुँदै नेपालको सन्दर्भमा राष्ट्रिय सङ्ग्रहालय छाउनीसम्म जोडिदै जान्छ ।

युनेस्कोको सन् २०२१ को आँकडाअनुसार हाल संसारभर १ लाख ४ हजार बढी सङ्ग्रहालय रहेका छन् । यी सङ्ग्रहालयको अवस्थितिलाई भौगोलिक एवं क्षेत्रीय रूपमा विभाजन गरिएको छ । यही विभाजनको

आधारमा ती देशहरूको समग्र विकास एवं संमृद्धिको अवस्थालाई सङ्ग्रहालयको सूचाङ्कबाट पनि स्पष्ट देख्न सकिन्छ । सबैभन्दा बढी ३३०८२ सङ्ग्रहालय संयुक्त राज्य अमेरिकामा छ भने त्यसपछि ३०६२८ पश्चिम युरोप देखि क्यानडासम्मको भुभागमा रहेको छ । पूर्वी युरोपमा ११३६६ सङ्ग्रहालय रहेको र एसिया प्रसान्त क्षेत्रमा १८१८० सङ्ग्रहालयको सङ्ख्या रहेको उक्त आँकडाले देखाएको छ । अफ्रिका महादेशमा ८६८, खाडी मुलुकहरूमा ७५७ र इजरायलमा २२६ सङ्ग्रहालय छन् ।

नेपालको सन्दर्भमा सङ्ग्रहालयको प्रारम्भ र विकासलाई सरसर्ती नियाल्ने हो भने प्रधानमन्त्री भिमसेन थापाले हातहतियार सङ्ग्रह गर्नको लागि वि.सं. १८८१ मा बनाएको शिलखानालाई वि.सं. १९८३ मा शिलखाना सङ्ग्रहालयको नाम दिइयो । वि.सं. १९९५ मा यसको नाम परिवर्तन गरी नेपाल सङ्ग्रहालय नामाकरण गरियो । उक्त सङ्ग्रहालय परिसरमा वि.सं. १९९९ मा जुद्ध समसेरले एउटा कलाशाला निर्माण गरे । वि.सं. २०२४ सालमा नेपाल सङ्ग्रहालय र जुद्ध जातीय कलाशालालाई जोडी राष्ट्रिय सङ्ग्रहालय नामाकरण गरियो । वि.सं. २०१७ सालमा राष्ट्रिय कला सङ्ग्रहालय, २०१९ सालमा पाटन धातुकला सङ्ग्रहालय र कपिलवस्तु सङ्ग्रहालयको स्थापना भयो । यस पछि क्रमशः नेपालमा सङ्ग्रहालयको विकास, विस्तारका साथै विषयवस्तु केन्द्रित विशिष्ट सङ्ग्रहालयहरु सञ्चालन हुने क्रम बढेको छ । वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात सरकारी स्तर, सामुदायिक स्तर, संस्थागत स्तर र व्यक्तिगत स्तरबाट समेत सङ्ग्रहालयको स्थापना र सञ्चालन भएको पाइन्छ । विश्वभरी नै सङ्ग्रहालयको सङ्ख्या बढ्दै जाँदा सङ्ग्रहालय आगन्तुकको सङ्ख्या पनि बढेको छ । सङ्ग्रहालयमा विभिन्न उमेर, स्तर र क्षमताका आम मानिसहरूको आगमनले यसको महत्व दिन प्रतिदिन वृद्धि हुँदै गइरहेको छ ।

## सङ्ग्रहालयलाई संगठित गर्ने शुरूवात

विश्वमा सङ्ग्रहालयको सङ्ख्या बढ्दै गएपछि सङ्ग्रहालय र सङ्ग्रहालयकर्मीलाई एउटै छातामुनि राख्नको लागि सबैको प्रतिनिधिको रूपमा एउटा सङ्गठनको आवस्यकता महसुस भयो । परिणामस्वरूप वि.सं. १९८७ मा लिग अफ नेसनको सक्रियतामा एउटा अन्तराष्ट्रिय सङ्ग्रहालय कार्यालय स्थापना भयो । दोस्रो विश्व युद्धको समाप्तिसँगै लिग अफ नेशनको विघटन भएपछि उक्त अन्तराष्ट्रिय सङ्ग्रहालय कार्यालय पनि निश्क्रिय बन्यो । वि. सं. २००२ को कार्तिक ८ गतेका दिन संयुक्त राष्ट्रसंघको स्थापना भयो । संयुक्त राष्ट्रसंघको स्थापनापछि समाज विकासको एउटा महत्वपूर्ण अंशको रूपमा रहेको अनौपचारिक ज्ञान केन्द्र अर्थात सङ्ग्रहालयलाई व्यवस्थित गर्न थालियो । यसका लागि सम्बन्धित देशको नीति, नियम एवं कानुन महत्वपूर्ण र अपरिहार्य रहन्छ ।

सङ्ग्रहालयको कुनै राष्ट्रियता वा भौगोलिक सिमाना नहुने भएकोले संसारभरका सङ्ग्रहालय र यसमा आवद्ध सङ्ग्रहालयकर्मीहरूलाई एक आपसमा एउटै मापदण्डमा राखी मापन गर्न, उनीहरूको ज्ञान, सिप, क्षमता र अनुभवलाई आदानप्रदान गर्न, सङ्ग्रहालयको क्षेत्रमा अध्ययन अनुसन्धान गर्न, सँस्कृति एवं सम्पदालाई बचाई भावी सन्ततिलाई हस्तान्तरण गर्न, संस्कृतिक सम्पदामाथिको गैरकानुनी ओसारपसारलाई रोक्न, सङ्ग्रहालय प्रतिको जनचेतना अभिवृद्धि आवश्यक ठानियो । यसका लागि दक्ष सङ्ग्रहालयकर्मी र उनीहरूको व्यवसायिक

आचार संहिताको विकास गर्न र युनेस्कोसँग पारस्पारिक र औपचारिक सम्बन्ध स्थापना गर्नको लागि संयुक्त राष्ट्रसंघको स्थापनाको एक वर्ष नपुग्दै अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद् (आइकम) को स्थापना हुन पुग्यो ।

## आइकमको अग्रसरता

झण्डै आठ दशकको इतिहास बोकेको आइकम सङ्ग्रहालय र सङ्ग्रहालयकर्मीको क्षेत्रमा काम गर्ने एउटा वृहत अन्तर्राष्ट्रिय गैर सरकारी संस्था हो, जसले युनेस्कोलाई संस्थागत परामर्शदाताको सेवासमेत प्रदान गर्ने काम गर्दै आइरहेको छ । आजको दिनसम्ममा संसारभरका १२० देशहरूमा आइकमको राष्ट्रिय समिति गठन भएको छ भने २१ वटा सङगठनहरु यसमा आवद्ध रहेका छन् । यसको ७ वटा क्षेत्रीय समिति र ३४ वटा अन्तर्राष्ट्रिय समितिहरु रहेका छन् ।

आइकम अन्तर्गत ४ वटा स्थायी समिति र ८ वटा कार्य समूहहरु रहेका छन् । यो संस्थामा ५३ हजार ५ सय ७६ व्यक्तिगत र ३ हजार ६ सय ३२ संस्थागत सदस्यहरु गोलवद्ध भएका छन् । यति ठूलो सञ्जाल मार्फत आइकमले आफ्नो कार्यक्रमहरु सबै सदस्य इकाइमा पुऱ्याइरहेको छ । सबै सरोकारवालाले आइकमको वेवसाइटमा रहेको सूचना, जानकारी एवं अभिलेख अध्ययन गर्न सकिने छ भने सवै सदस्यहरूलाई उक्त वेवसाइट मार्फत थप सदस्य क्षेत्रमा प्रवेश गर्ने पहुच रहेको छ । यी सुविधाले सङ्ग्रहालयको क्षेत्रमा स्वदेश तथा विदेशमा काम गर्न चाहनेका लागि ठूलो अवसरहरु सृजना समेत गरेको छ ।

प्रजातान्त्रिक परिपाटी र पारदर्शी हिसावबाट सञ्चालित यो संस्थाले सबै राष्ट्रिय समितिहरूलाई आ-आफ्नो देशको राष्ट्रिय कानुन बमोजिम सम्बन्धित सरकारी निकायमा दर्ता गरी सञ्चालन गर्न अनुमती दिएको परिणामस्वरूप आइकम नेपाल पनि नेपालको कानुन बमोजिम मुनाफा वितरण नगर्ने संस्थाको रूपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापित भएको छ । यसको कार्यक्षेत्र नेपाल राज्यभर रहेको छ । अन्य देशको तुलनामा औपचारिक रूपमा आइकम नेपालको जन्म धेरै पछि भएको हुँदा अहिले पनि संस्थागत उपस्थितिलाई देशभर विस्तार गर्ने  प्रयास भइरहेको छ ।

नीति, नियम र सङ्ग्रहालयसम्बन्धी विशिष्ठ कानुनको अभावलाई परिपूर्ति गर्नको लागि आइकम नेपालले सरोकारवाला निकायहरूसँग सहकार्य गरी ठोस नीति, नियम र कानुनको तर्जुमामा पहल कदमी गरिरहेको छ ।  हामीले हाम्रा नीति नियमलाई स्पष्ट र व्यवहारिक बनायौं भने मात्र हामी विश्व स्तरको सङ्ग्रहालय निर्माण गरी अगाडि बढ्न सक्छौं । नेपालको राज्य संरचना तीन तहको सरकार मार्फत सञ्चालन हुने र तीनै तहको कार्यक्षेत्रभित्र पर्ने सङ्ग्रहालयको स्थापना, सञ्चालन र नियमनको लागि कानुनको तर्जुमा गर्नु आजको टड्कारो आवश्यकता हो । राज्य हामी सबैको प्रतिनिधिमूलक बैधानिक संस्था भएकाले हामीहरूको सामूहिक प्रयासबाट सङ्ग्रहालयको विकास र त्यसको सञ्चालन एवं सङ्ग्रहालयकर्मीको क्षमता अभिवृद्धिको लागि आवश्यक कानुन, नीति, नियम, मार्गदर्शन निर्माणका लागि राज्यकै अग्रसरता आवश्यक हुन्छ । यसमा आइकम नेपाल सधै सहकार्य र साझेदारी गरिरहेको छ ।

सङ्ग्रहालय मानव सभ्यता, संस्कृति र सम्पदाको साझा सिकाइको थलो भएको हुनाले यसले प्रदान गर्ने औपचारिक एवं अनौपचारिक ज्ञानलाई व्यवस्थित र प्रभावकारी बनाउने कार्यमा आइकम नेपालको महत्वपूर्ण भूमिका हुन्छ । आइकम नेपालले देशभरका सङ्ग्रहालयमा काम गर्ने सङ्ग्रहालयकर्मीहरूको क्षमता अभिवृद्धिको लागि सङ्ग्रहालय क्षेत्रका विभिन्न विधाहरूमा  तालिम कार्यक्रम गर्नु आजको आवस्यकता रहेको छ । यसको लागि सबै सदस्य एवं सरोकारवालाहरूको ज्ञान, सीप र क्षमतालाई परिचानलन गर्नुपर्छ ।  यसैगरी सदस्यहरूको मात्र नभै समग्र सङ्ग्रहालय क्षेत्रको विकासको लागि दक्ष जनशक्ति आवश्यक हुने यथार्थतालाई मध्यनजर गरी विभिन्न विश्वविद्यालयहरूमा सङ्ग्रहालय विज्ञानलाई स्थान दिनु पर्ने आवश्यकता पनि हामीहरु माझ टड्कारो देखिएको छ । स्वदेशमा सञ्चालित सङ्ग्रहालय मात्र नभई विदेशमा स्थापना र सञ्चालनमा रहेका सङ्ग्रहालयहरूबीच ज्ञान, सीप, क्षमता र अनुभवको आदानप्रदानको वातावरण निर्माण गर्ने प्रमुख कार्य पनि आइकम नेपालको हो ।

राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा हुने सङ्ग्रहालयसम्बन्धी कार्यक्रमहरूमा वढीभन्दावढी सदस्यहरूको सहभागितालाई वढोत्तरी गर्ने कार्य र अन्य राष्ट्रिय समितिसँग सहकार्य गरी अगाडी बढ्ने दायित्व पनि आइकम नेपालको काँधमा रहेको छ । देशभित्र विभिन्न अवधारणामा खुलेका विशिष्ठ सङ्ग्रहालयहरूलाई सोही प्रकृतिका अन्य विदेशी सङ्ग्रहालयसँग भगिनी सम्बन्ध स्थापना गराइदिने जिम्मेवारी पनि आइकम नेपालको रहेको छ । यी र यस्ता कार्यहरूमा सबै सङ्ग्रहालय विद्हरूको सल्लाह, सुझाव र जानकारीमार्फत सुझबुझ र होसियारीपूर्वक गरिने कार्यबाट  हाम्रा सङ्ग्रहालयहरूलाई विश्व स्तरमा परिचित गराउन सकिन्छ ।

आर्थिक दृष्टिकोणबाट मात्र नभई शिक्षा, स्वास्थ्य, जीवनस्तर, सामाजिक सूरक्षा, स्वतन्त्रता लगायतका विभिन्न सूचकाङ्कहरूको आधारमा संयुक्त राष्ट्रसंघले सबै सदस्य मुलुकहरूलाई स्तरीकृत गरेको छ । यो  स्तरीकरणमा हामी चौथो स्तरमा रहेका छौं । आइकमको सदस्यता शुल्क सबै सदस्यहरूको लागि वरावर बनाउँदा चौथो र पाँचौं स्तरमा पर्ने देशका नागरिकहरूको लागि आइकमको सदस्यता शुल्क महङगो पर्ने हुनाले आइकमले चौंथो र पाँचौं श्रेणीको मुलुकका व्यक्तिगत सदस्यता शुल्क अन्य स्तरको भन्दा धेरै कम निर्धारण गरेको छ । आइकमको यो सुविधाले नेपाली सङ्ग्रहालयकर्मीहरूलाई पनि लाभ मिलेको छ ।

यसैगरी अन्तर्राष्ट्रिय स्तरमा हुने अन्तर्राष्ट्रिय सभा, समारोह, गोष्ठी एवं कार्यक्रमहरूमा चौथो र पाँचौ श्रेणीमा रहेका राष्ट्रहरूबाट प्रतिनिधित्व असम्भव प्रायः भएको हुनाले आइकमले आफ्ना सबै कार्यक्रमहरूमा स्रोत र साधनले भ्याएसम्म सदस्यहरूलाई सहभागिताको लागि अनुदान उपलब्ध गराउने प्रचलन रहेको छ । आइकमको यो र यस्ता प्रचलनहरूलाई अन्य धेरै अन्तर्राष्ट्रिय सङगठनहरूले समेत अनुकरण गरेको पाइन्छ । यसैगरी अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा सङ्ग्रहालय एवं सङ्ग्रहालयकर्मीहरूसँग लेख, रचना, पोष्टर, अनुभव एवं सोध कार्यका लागि समेत विभिन्न अवसरहरु खुला हुने गरेको छ । यस्तो रचनात्मक कार्यमार्फत अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता जनाउने अवसरहरु भए पनि नेपालबाट न्यून मात्रामा प्रतिनिधित्व हुने गरेको छ । यी र यस्तै कार्यलाई वढावा दिनको लागि आइकमको प्लेटफर्ममार्फत यसको राष्ट्रिय समिति आइकम नेपालले विभिन्न

प्रयास गरिरहेको छ । यसै क्रममा एउटा नयाँ प्रयासको थालनीको रूपमा आइकम नेपालले सङ्ग्रहालय  नामक जर्नल प्रकाशन कार्य प्रारम्भ गरेको छ ।

आइकमका सबै राष्ट्रिय समितिले आफू रहेको मुलुकको प्रावधानबमोजिम राष्ट्रिय समितिको एउटा मूल कानुन अर्थात विधान बनाउँदछ । हाम्रो सन्दर्भमा आइकम नेपालको प्रबन्धपत्र र नियमावली हामीहरूको मूल कानुन हो । यही कानुन अन्तर्गत रहेर संस्थागत सुशासनको निर्वाचन सम्बन्धी, आर्थिक प्रशासनसम्बन्धी र सदस्यता वितरणसम्बन्धी आन्तरिक नियम बनाएको छ । यसैगरी आइकमले विश्वभरका सदस्यका लागि सङ्ग्रहालयहरूको अभ्यास, सिद्धान्त र व्यवसायिक न्यूनतम् मापदण्डहरूमा आधारित  आचार संहिता (ICOM Code of Ethics of Museums) तयार पारेको छ । यही आचारसंहितामा आधारित रही विभिन्न मुलुकहरूले आ-आफ्नै परिस्थिति अनुरूपको कानुन, संहिता वा मापदण्डको निर्माण गरी देश भरका सङ्ग्रहालयहरूलाई परिपालना गराउनु पनि एउटा महत्वपूण कार्य हो । आइकम नेपालले पनि सङ्ग्रहालयहरूको लागि आइकमद्धारा स्वीकृत आचार संहिता नेपाली भाषामा प्रकाशन गरेको छ । यसैगरी आइकमको राष्ट्रिय समितिको अर्को महत्वपूर्ण काम भनेको आइकमको सभाले पारित गरेका विभिन्न निर्णयहरूलाई देशका सङ्ग्रहालय एवं सङ्ग्रहालयकर्मीसम्म पुऱ्याउने सेतुको काम गर्दछ । यसको साथसाथै आइकम राष्ट्रिय समितिले आइकमको रणनीतिक योजना तय गर्नु हो जुन हाम्रो सन्दर्भमा पनि केही काम भइरहेको छ ।

आइकमको एउटा परामर्श समिति (Advisary Council) छ । यो आइकमका सबै राष्ट्रिय समितिको साथसाथै सबै अन्तर्राष्ट्रिय समिति, क्षेत्रीय समिति र आवद्ध संस्थाहरूबाट गठन भएको हुन्छ । यो समिति आइकमको कार्य समिति र आइकमको चाहनाअनुसारका नीति, नियम, कार्यक्रम र आर्थिक पक्षमा साधारणसभालाई समेत सल्लाह दिने सक्ने निकाय हो । यसमा आइकम नेपाल पनि सदस्य रहेको छ । यो समिति आइकममा नेपालको धारणा राख्ने एउटा साझा मञ्च हो । हरेक ३ वर्षमा प्रजातान्त्रिक र पारदर्शी चुनावी परिपाटिबाट नेतृत्व चयन गर्ने नियम यो समितिमा रहेको छ ।

यसैगरी आइकमका सबै समितिहरूले हरेक ३ वर्षमा प्रजातान्त्रिक र पारदर्शी चुनावी परिपाटिबाट नेतृत्व चयन गर्ने प्रावधान रहेको छ । आइकमको एउटा विशिष्ट परम्पराको रूपमा नेतृत्वमा तानाशाहीकरण नहोस् भनेर हरेक निकायमा निरन्तर २ कार्यकाल भन्दा वढी अध्यक्ष हुन नपाउने र सबै पदाधिकारी एवं वोर्ड सदस्यले १२ वर्ष भन्दा वढी नेतृत्वमा बस्न नसक्ने वा नपाउने व्यवस्था रहेको छ । यसैगरी अन्य राष्ट्रिय एवं अन्तर्राष्ट्रिय समिति, क्षेत्रीय समिति र आवद्ध संस्थाहरूमा एकै व्यक्तिले एकै पटक एक भन्दा वढी समितिको नेतृत्व गर्न नपाउने व्यवस्थासमेत रहेको छ ।

## सहकार्य र साझेदारी

नेपालका सबै सङ्ग्रहालय एवं सङ्ग्रहालयकर्मीहरूले स्वदेशी वा विदेशी सङ्ग्रहालय वा सङ्ग्रहालयकर्मीबीच सूचना, जानकारी एवं सहयोग आदानप्रदान गर्नको लागि सहयोग गर्ने केन्द्रको रूपमा आइकम नेपाल रहेको छ । यसको पदेन सदस्यको रूपमा युनेस्को काठमाडौं कार्यालयसमेत रहेको छ । सबै सरकारी, गैरसरकारी

एवं नीजि सङ्ग्रहालयहरु तथा त्यसमा आवद्ध सङ्ग्रहालयकर्मीहरु आइकम नेपालको सदस्य हुन पाउनेछन् । आइकम मात्र त्यस्तो गैरसरकारी संस्था हो जसमा सरकारी सङ्ग्रहालयहरु र सङ्ग्रहालयमा आबद्ध सरकारी कर्मचारीसमेत सदस्य बन्न सक्छन् । संसारका कतिपय देशहरूमा त संस्कृति मन्त्रालयको सचिव आइकमको राष्ट्रिय समितिको अध्यक्ष बन्ने परम्परा छ । यसको उदाहरण रूपमा थाइल्याण्डलाई लिन सकिन्छ । सङ्ग्रहालय, सङ्ग्रहालय विधाका विज्ञ, सङ्ग्रहालयकर्मी, विश्व विद्यालयहरूको सङ्ग्रहालय सम्बन्धी विभागका सदस्य एवं सङ्ग्रहालयसम्बन्धी क्षेत्रमा काम गर्ने संघसंस्थाहरु मात्र यसको सदस्य बन्न पाउने विश्वव्यापी मान्यता रहेको छ ।

सदस्यहरूले सदस्यता बने बापत सुविधाको रूपमा आइकम र यस अन्तर्गतका समितिहरूका कार्यक्रमहरूमा सहभागी हुन पाउने, आइकमको वेवपेजमा विशेष पहुँच राख्न पाउने, आइकमको प्रकाशनहरु प्राप्त गर्ने, आफ्नो ज्ञान, क्षमता, अनुभव र सीपलाई आइकमका विभिन्न फोरमहरूमा विभिन्न तरिकाबाट आदानप्रदान गर्न पाउने, आइकम सदस्य रहेका सङ्ग्रहालयहरूमा विना प्रवेश शुल्क प्रवेश अनुमति प्राप्त गर्ने र आइकमले निर्धारण गरेका अन्य सुविधाहरु प्राप्त गर्न हरेक सदस्य योग्य हुनेछन् । आइकमको यो व्यापकताले सङ्ग्रहालय तथा सङ्ग्रहालयकर्मीको विकासका लागि सहकार्य गर्ने फराकिलो क्षेत्र स्थापित गरिदिएको छ ।

नेपालको हकमा तीनै तहका सरकारले आफ्नो कार्यक्षेत्र अन्तर्गत कुनै न कुनै रूपमा सङ्ग्रहालयसँग सम्बन्धित महाशाखा, विभाग, शाखा वा कार्यालय स्थापना गरेको देखिन्छ । त्यसको लागि सङ्ग्रहालयको ज्ञान भएका जनशक्तिको आवश्यकता पर्दछ । नेपालमा विश्वविद्यालय स्तरमा सङ्ग्रहालयसँग सम्बन्धित शैक्षिक गतिविधिहरु सीमित रूपमा मात्र भएको पाइन्छ । हाम्रा छिमेकी मुलुकका विश्वविद्यालयहरूमा सङ्ग्रहालय-सम्बन्धी अध्ययन अध्यापन मात्र होइन सङ्ग्रहालयसम्बन्धी विश्वविद्यालय समेत स्थापना भएको अवस्था छ तर हाम्रोमा लुम्बिनी बौद्ध विश्वविद्यालयले मानविकी सङ्काय अन्तर्गत स्नाकोत्तर तहमा सञ्चालन गरेको सङ्ग्रहालय विषयलाई निरन्तरता दिन सकेन । त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति र पुरातत्व केन्दीय विभागमा सङ्ग्रहालयको बारेमा पूर्णरूपमा नभई सीमित पाठ्यभारको पठनपाठन मात्र भइरहेको स्थिति छ । सङ्ग्रहालयसम्बन्धी तालिम दिने निकायसमेत छैन । यसले गर्दा सङ्ग्रहालयको व्यापकतालाई भरपूर रूपमा उपयोग गर्न सकिएको छैन । आइकम नेपाल अहिले यी संभावनाहरूलाई उजागर गर्नका लागि सबै सरोकारवालाहरूसँग सहकार्य र साझेदारी गर्ने प्रयासमा छ ।

## निष्कर्ष

आइकम नेपाल, नेपालभरका सबै सङ्ग्रहालय र सङ्ग्रहालयकर्मीको साझा सङगठन मात्र नभई अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद् (आइकम) को नेपाल स्थित एउटा राष्ट्रिय समिति पनि हो । यसले आइकमको लक्ष्य, योजना र उद्देश्यलाई सबै व्यक्तिगत वा संस्थागत सदस्य तहसम्म पुऱ्याउने र व्यक्ति वा संस्थाबाट दिइएको प्रतिक्रियालाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याई दिने माध्यमको रूपमा रहेको छ । आइकमले हरेक वर्ष मे १८ तारिखका दिन अन्तर्राष्ट्रिय सङ्ग्रहालय दिवस मनाउने गर्दछ । यो दिवस मनाउनका लागि पनि विभिन्न निकायहरूसँग साझेदारी गर्ने कार्यको थालनी भएको छ ।

हरेक वर्ष आइकमको वार्षिक सभा हुन्छ भने हरेक तीन वर्षमा नेतृत्व चयनको लागि आइकमको साधारणसभा आयोजना हुने गर्दछ । आइकमको कार्य समिति, सल्लाहकार समिति, निर्वाचन समिति, अन्तर्राष्ट्रिय समिति र क्षेत्रीय समितिहरूमा आइकमका सबै सदस्यहरु उमेद्वार हुन पाउने प्रावधान छ । आइकम नेपालका सदस्यहरु आफ्नो रुचि, चाहना, योग्यता र क्षमताअनुसार त्यस्ता समितिहरूको नेतृत्व तहमा जान चाहेको खण्डमा आइकम नेपालले सहजीकरण समेत गरिदिने गरेको छ । आइकम नेपाललाई आइकमको नेतृत्व चयनमा मतदान गर्न पाउने अधिकार छ । यसैगरी हरेक वर्ष आइकमले निश्चित एवं स्वीकृति परियोजनाहरूको लागि माताहतका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय समितिहरूलाई अनुदान प्रदान गर्ने प्रचलन छ । यस्तो अनुदान हामीहरूले कुनै अन्तर्राष्ट्रिय समितिसँग मिलेर नेपालमा गर्न सकियो भने आइकम नेपालका सबै सदस्यहरूले उक्त कार्यक्रममा सहभागी हुन पाउने अवस्था रहन्छ तर यी सबै कार्यहरूको लागि हामी एक आपसमा सक्रिय र सङ्गठित रूपमा एकवद्ध हुन जरूरी छ ।

सङ्ग्रहालयको भवन बनाउनु, निश्चित कलाकृतिको सङकलन र प्रदर्शन गर्नु मात्र सङ्ग्रहालयको विकास हो भन्ने मान्यतामा हाल धेरै परिवर्तन आइसकेको छ । आइकमले सङ्ग्रहालयप्रतिको धारणा आएको परिवर्तन मात्र नभई भविष्यमा सङ्ग्रहालय के, कस्तो र कुन गतिमा अगाडि बढ्ने छ भन्ने बैज्ञानिक पूर्वानुमानको आधारमा आफूमा आवद्ध सबै समितिलाई सोही बमोजिम तयारीको लागि पहलकदमी गरेको हुन्छ । आइकम नेपालले यी सबै परिवर्तित धारणा अनुरूप आफूलाई पनि परिमार्जन गर्दै लैजान विचार विमर्श गर्न जरूरी छ ।

सङ्ग्रहालय भनेकै घेरै विधाहरूलाई एक आपसमा मिलाएर एउटा संरचनामा काम गर्ने एउटा एकीकृत रूप वा अङ्ग हो । एउटा सङ्ग्रहालय हुनको लागि इन्जिनियरिङ विद्याको मेकानिकल, केमिकल, आर्किटेक्चरल, इलेक्ट्रिकल इन्जिनियरले गर्ने कामदेखि लेखा, प्रशासन एवं व्यवस्थापना विधाका जनशक्ति मात्र नभई प्रदर्शीत कलाका कलाकारसम्मलाई मिलाएर सङ्ग्रहालयको मूर्त रूप प्रदान गर्ने क्युरेटर वा सङ्ग्रहालय व्यवस्थापकसम्म धेरै जनशक्तिको एकीकृत वा सङ्गठित रूपनै सङ्ग्रहालय हो । अतः यी सबै पक्षलाई नेपालका सङ्ग्रहालय र सङ्ग्रहालयकर्मीको पक्षमा काम गरी थप उपलब्धि हाँसिल गर्न आइकम नेपाल प्रयासरत छ । यो प्रयासलाई सार्थक र थप नतिजामुखी बनाउन सङ्ग्रहालय तथा सङ्ग्रहालयकर्मी, सम्बन्धित् सरकारी निकाय, अभियन्ता, विज्ञ, सरोकारवालाहरु सबैको सहयोग र हातेमालो जरूरी छ । आइकम नेपालले यसका लागि सधैं आफ्नो सक्रियतालाई निरन्तरता दिनेछ ।

## सन्दर्भ सामग्री


https://icom.museum/en/news/museums-as-agents-of-change-the-importance-of-sharing-outstanding-practices/

https://icom.museum/en/resources/documents/

https://www.researchgate.net/publication/266240152_History_of_museums

https://risingnepaldaily.com/news/44096

International Council of Museums .(217) . ICOM Code of Ethics for Museums . France, Paris: ICOM

# आइकम नेपाल र आइकम (इन्टरनेसनल) को परिचय

**सहायक रथी (अ.प्रा.)**
**बिजय कुमार शाही**
**पूर्व अध्यक्ष**
**आइकम नेपाल**



*सङ्ग्रहालयको क्षेत्रमा कार्यरत रहने विश्वका संरक्षणकर्ता, प्रबन्धक, अनुसन्धानकर्ता र सङ्ग्रहालय पेशाकर्मीहरू व्यक्तिगत तथा संस्थागत हैसियतमा यो संस्थाको सदस्य रहेका छन् । यो संस्था सङ्ग्रहालयकर्मी तथा सङ्ग्रहालयहरूको विश्वकै एउटा ठूलो कार्यसञ्जाल भएको संस्था हो । यसको दैनिक कार्य सञ्चालन गर्ने सचिवालयको व्यवस्था गरिएको हुन्छ । साथै यसको आफ्नै कार्यकारिणी समिति हुन्छ, जसमा विभिन्न मुलुकहरूबाट प्रतिनिधित्व गरेका हुन्छन् ।*

## परिचय

अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद् (International Council of Museums- ICOM) अर्थात् आइकम एक गैर-सरकारी संस्था हो । सङ्ग्रहालय र सांस्कृतिक सम्पदाको क्षेत्रमा कार्य गर्ने यो संस्था विश्वकै सम्भवतः हालसम्मकै ठूलो संस्था हो । उक्त संस्थाको राष्ट्रिय शाखाको रूपमा आइकम नेपाल रहेको छ । सङ्ग्रहालयको अन्तर्राष्ट्रिय छाता संगठन अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद् (International Council of Museums-ICOM) बाट प्राप्त हुने निर्देशन र मार्गदर्शनको परिधिभित्र समेत रही आइकम नेपालले कार्य गर्दछ । आइकम नेपालका सदस्यहरूले एउटा निश्चित मापदण्ड पुरा गरी अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद् (ICOM) को पनि सदस्यता प्राप्त गर्न सक्ने व्यवस्था छ । यस संस्थाले आफ्नो ध्येय तथा उद्देश्य तय गरी सोही बमोजिम काम गर्दै आएको छ ।

सङ्ग्रहालय र सङ्ग्रहालयकर्मीहरु माझ हातेमालो गरी एक आपसमा सहयोग आदान-प्रदान गरेर कार्यगत एकता गर्ने उद्देश्यले आइकम नेपालको स्थापना भएको हो । यो संस्थाले सङ्ग्रहालयसम्बन्धी विविध पक्षमा राय, सल्लाह र सुझाव प्रदान गर्दै आएको छ । यो संस्थामा सङ्ग्रहालयसम्बन्धी विविध विषयमा विज्ञता हासिल गरेका व्यक्तित्वहरू सदस्य रहेका छन् । सङ्ग्रहालयले प्राकृतिक तथा मानवनिर्मित भौतिक तथा अभौतिक वस्तुहरूको संकलन, संरक्षण, अनुसन्धान गरी सो वस्तुहरूको प्रदर्शनीमार्फत् सर्वसाधारण जनतालाई शिक्षा तथा मनोरञ्जन प्रदान गरेको हुन्छ । यस्तो सङ्ग्रहालयहरूको दीगो विकास र सञ्चालनमा आइकम नेपालले एक अभिभावक, पहरेदार एवं सल्लाहकारको भूमिका निर्वाह गर्न सक्दछ ।

आइकम नेपालमा नेपालका विभिन्न सरकारी तथा गैर-सरकारी सङ्ग्रहालयहरूले पनि संस्थागत सदस्यता लिएका छन् । आइकम नेपालको दैनिककार्य सञ्चालन तथा व्यवस्थापकीय कार्य सञ्चालन गर्न एक सञ्चालक समितिको व्यवस्था गरिएको छ । यो संस्था नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालयमा मुनाफा वितरण नगर्ने कम्पनीको रूपमा मिति वि.सं. २०७३ भाद्र ८ गते दर्ता भएको हो । साथै यस संस्थाले आन्तरिक राजस्व विभागबाट मिति २०७३ भदौ २६ गते प्यान (PAN) प्राप्त गरेको छ भने मिति २०७३ मंसिर २४ गते सामाजिक सेवा परिषद्सँग आबद्ध भएको छ । एक विशुद्ध गैर-नाफामुलक सामाजिक सेवामूलक संस्थाका रूपमा रहेको यसले आफ्नै प्रबन्धपत्र र नियमावलीका आधारमा कार्य सञ्चालन गर्दछ ।

## आइकम नेपालको ध्येय (Mission) र उद्देश्यहरू (Objectives)

भौतिक तथा अभौतिक क्षेत्रमा रहेका सबै प्रकारका सङ्ग्रहालय तथा सङ्ग्रहालयकर्मीहरूको विकासमा सहयोग र समर्थन गर्नु आइकम नेपालको ध्येय हो । उक्त ध्येयमा आधारीत भएर आइकम नेपालले निम्न उद्देश्यहरू तय गरेको छ :

- ★ सङ्ग्रहालयहरु तथा सङ्ग्रहालयकर्मी र विज्ञहरूलाई सहयोग गर्न एक प्रतिनिधिमूलक संस्थाको रूपमा रहने ।
- ★ कला, संस्कृति, सम्पदा, मठ-मन्दिर, भेषभूषा आदिको अध्ययन, अनुसन्धान, संरक्षण, निर्माण एवं विकासमा सहयोग गर्ने ।
- ★ पुरातात्विक, ऐतिहासिक, एवं सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा सम्बर्द्धन गर्ने ।
- ★ लोपोन्मुख, पुरातात्विक एवं ऐतिहासिक कला संस्कृति र सोसँग सम्बन्धित मूर्त एवं अमूर्त कला, संस्कृति, ज्ञान एवं सीपको संरक्षण, सम्बर्द्धन, प्रदर्शन, प्रवर्धन र सोध एवं खोज गर्ने ।
- ★ सङ्ग्रहालयकर्मीहरूको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी, प्रदर्शन आदिको आयोजना गर्ने । विदेशमा समेत आयोजना हुने सङ्ग्रहालयसम्बन्धी कार्यक्रम, सभा, तालिम, समारोहमा सहभागी हुने र सहभागी गराउने ।
- ★ समाज कल्याणका अन्य विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने ।

## सदस्यता प्राप्ति र नविकरण

(क) आइकम नेपालको सदस्यता प्राप्त गर्नको लागि प्रबन्धपत्रको दफा ९ को उपदफा (२) बमोजिमको योग्यता पुगेका व्यक्तिले मात्र नयाँ सदस्यताको लागि अनुसूची - १ बमोजिमको ढाँचामा तोकिएको कागजात, फोटो र रकम सङ्लग्न राखी निवेदन दिनु पर्नेछ ।

(ख) कुनै पनि संस्थाले आइकम नेपालको नयाँ सदस्यता प्राप्त गर्नको लागि उक्त संस्था सङ्ग्रहालय वा आर्ट ग्यालरी वा कला, सङ्ग्रहालय, संस्कृतिको अध्ययन अध्यापन गराउने शैक्षिक संस्था हुनुपर्नेछ । संस्थाले तोकिएको बमोजिमको ढाँचामा कागजात र रकम सङ्लग्न राखी निवेदन दिनु पर्नेछ ।

(ग) हरेक वर्ष आश्विन १ देखि कार्तिक मसान्त सम्म २ महिनाको लागि नयाँ सदस्यता खुल्ने छ । उक्त समयभन्दा अगाडि वा पछाडि प्राप्त आवेदनलाई तोकिएको समयभित्र मात्र प्रक्रियामा लगिने छ ।

(घ) सञ्चालक समितिले सदस्यता प्रदान गर्न निर्णय गरेको दिनबाट मात्र सदस्यको सदस्यता अवधि गणना हुनेछ ।

(ङ) व्यक्तिगत र संस्थागत दुवै तर्फका प्रत्येक पुराना सदस्यहरूको नवीकरण अवधि आश्विन १ देखि मंसिर मसान्तसम्म अर्थात् ३ महिनासम्म रहने छ । उक्त समयभित्र तोकिएको कागजात र दस्तुरसहित तोकिए बमोजिमको ढाँचामा आवेदन गरिसक्नुपर्नेछ ।

(च) सदस्यहरूलाई आइकम नेपालले सदस्यताको परिचयपत्र प्रदान गर्नेछ ।

## सदस्यता शुल्क

(क) नयाँ सदस्यले आइकम नेपालको सदस्यता लिन रु.१०००/- (एक हजार) सदस्यता शुल्क बुझाउनु पर्नेछ ।

(ख) सदस्यता नवीकरण गर्ने पुराना सदस्यले आइकम नेपालको सदस्यताको लागि मात्र वार्षिक रु.५०० (पाँच सय) बुझाउनु पर्नेछ । आइकम नेपाल तथा आइकम पेरिस दुवै सदस्यता नवीकरणको लागि रु.३५००/- (तीन हजार पाँच सय) आइकम नेपालको नाममा रहेको बैंक खातामा दाखिला गरेको भौचर पेश गर्नुपर्नेछ।

(ग) नवीकरण फेल भएका सदस्यहरूले पुनः सदस्यता लिन नयाँ सदस्य सरह शुरूकै तरिका अवलम्बन गरी सदस्यता लिनु पर्ने व्यवस्था छ ।

(घ) संस्थागत सदस्यको हकमा आइकम नेपालको नयाँ सदस्यता लिनको लागि रु.२०००/- (दुई हजार) र वार्षिक नवीकरणको लागि रु.१०००/- (एक हजार) बुझाउनुपर्ने छ । आइकम पेरिसको सदस्यताको लागि आइकम पेरिसले तोके बमोजिमको रकम बुझाउनुपर्ने व्यवस्था छ ।

## आजीवन सदस्य

(क) कुनै व्यक्ति वा संस्था आइकम नेपालको आजीवन सदस्य हुन चाहेमा व्यक्तिको हकमा रु.१०,०००/- (दश हजार) र संस्थाको हकमा रु.५०,०००/- (पचास हजार) भुक्तानी गरेको बैंक भौचर सहित अनुसूची - ४ बमोजिमको ढाँचामा निवेदन दिएमा आइकम नेपालको आजीवन सदस्य हुने व्यवस्था छ ।

(ख) कुनै आजिवन सदस्यले आइकम नेपालको साथसाथै आइकम पेरिसको सदस्य पनि हुन चाहेमा वार्षिकरूपमा आइकम पेरिसले तोके बमोजिमको रकम तोकिएको समय सीमाभित्र आइकम नेपालको खातामा जम्मा गरी सोको भौचर कम्पनीमा पेस गर्नुपर्ने छ ।

(ग) आजीवन सदस्यता प्राप्त गर्न एक पटक आइकम नेपालको सदस्य भै सकेको व्यक्ति वा संस्था हुनुपर्नेछ ।

## सदस्यको योग्यता

(क) कम्पनीको प्रबन्धपत्रको दफा ९ (२) बमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

(ख) सङ्ग्रहालय विषयसँग सम्बन्धित स्कूल, कलेज वा विश्वविद्यालयमा अध्ययन-अध्यापन गर्ने व्यक्ति ।

(ग) साँस्कृतिक सम्पदा वा पुरातात्विक विषयमा विशेषज्ञता हासिल गरेको व्यक्ति ।

(घ) सङ्ग्रहालयको मूल भूमिकाबाट अवकास प्राप्त ब्यक्ति पनि सङ्ग्रहालय क्षेत्रलाई आफ्नो कर्मको रूपमा योगदान गरिरहेमा सदस्य बन्न सक्ने ।

(ङ) सग्रहालयसम्बन्धी विषयमा उच्च शिक्षा अध्ययनरत व्यक्ति विद्यार्थी सदस्यको रूपमा आबद्ध हुन सक्नेछ।

## आइकम (इन्टरनेसनल) को परिचय

विश्वका सङ्ग्रहालयकर्मीहरू आपसमा मिलेर कार्य गर्न, ज्ञानको आदान-प्रदान गर्न तथा समाजमा सङ्ग्रहालयको भूमिकाको सम्बन्धमा पैरवी गर्न सन् १९४६ मा खडा भएको एउटा विश्व मञ्च नै आइकम हो । यो संस्थाको मुख्यालय फ्रान्सको राजधानी पेरिसमा रहेको छ । यो संस्था युनेस्को (UNESCO) को मातहतमा रही कार्य गर्दछ । सङ्ग्रहालयको क्षेत्रमा कार्यरत रहने विश्वका संरक्षणकर्ता, प्रबन्धक, अनुसन्धानकर्ता र सङ्ग्रहालय पेशाकर्मीहरू व्यक्तिगत तथा संस्थागत हैसियतमा यो संस्थाको सदस्य रहेका छन् । यो संस्था सङ्ग्रहालयकर्मी तथा सङ्ग्रहालयहरूको विश्वकै एउटा ठूलो कार्यसञ्जाल भएको संस्था हो । यसको दैनिक कार्य सञ्चालन

गर्न सचिवालयको व्यवस्था गरिएको हुन्छ । साथै यसको आफ्नै कार्यकारिणी समिति हुन्छ, जसमा विभिन्न मुलुकहरूबाट प्रतिनिधित्व गरेका हुन्छन् । आइकमले गर्ने कार्यहरूलाई विश्वभरबाट सहयोग आदान-प्रदान गर्न यसको एजेन्सीहरूको रूपमा निम्न अनुसारको अन्य समिति र संगठनहरू रहेका हुन्छन् :-

(क) राष्ट्रिय समितिहरू (National Committees) : विश्वका १२० भन्दा बढी मुलुकहरूमा आइकमका राष्ट्रिय समितिहरू सञ्चालित छन् । ती समितिहरूले आ-आफ्नो राष्ट्रको तर्फबाट आइकम पेरिससँग विभिन्न क्रियाकलापमा सहकार्य गर्दछन् । आइकम नेपाल पनि आइकम पेरिसको लागि नेपालको राष्ट्रिय समिति हो ।

(ख) अन्तर्राष्ट्रिय समितिहरू (International Committees): यी समितिहरू सङ्ग्रहालयसम्बन्धी विविध विषयहरूमा सङ्लग्न विशेषज्ञहरूको समिति हो । यी समितिहरू सोभै आइकम पेरिसको निर्देशन र मार्गदर्शन अन्तर्गत रही कार्य गर्दछन् । सबै समितिहरूको आ-आफ्नै सञ्चालक समिति छ । आइकममा ३४ वटा अन्तर्राष्ट्रिय समितिहरू रहेका छन् । यी समितिहरूले आइकम पेरिसको Think Tanks को रूपमा कार्य गर्दछन् ।

(ग) क्षेत्रीय संगठन (Regional Alliances): विश्वमा भएका महादेशहरूलाई आधार मानेर आइकम अन्तर्गत ७ वटा क्षेत्रीय संगठनहरू संचालित छन् । यी क्षेत्रीय संगठनहरूले आ-आफ्नो क्षेत्रमा रहेका राष्ट्रिय समितिहरूसँग सम्बन्ध र समन्वय गरी सङ्ग्रहालयसम्बन्धी विभिन्न पक्षमा खबर आदानप्रदान र प्रवर्धनका कार्यहरू गर्दछन् । ७ वटा क्षेत्रीय संगठनमध्ये आइकम नेपाल, राष्ट्रिय समिति एसिया प्यासिफिक (ASPAC) क्षेत्रीय संगठन अन्तर्गत पर्दछ ।

(घ) सम्बद्ध संगठनहरू (AffiliatedOrganizations): विभिन्न देशहरूमा सङ्ग्रहालय र सङ्ग्रहालयकर्मीहरू कार्य गर्ने अन्तर्राष्ट्रिय संघ-संस्था वा परिषद्हरू हुन्छन् । तिनीहरू पनि सोभै आइकम पेरिससँग आबद्ध भएर सहकार्य गरिरहन्छन् । हाल आइकममा आबद्ध २१ वटा अन्तर्राष्ट्रिय संघ-संस्थाहरू छन् ।

(ङ) स्थायी समिति तथा कार्य समूह (Standing Committees and Working Groups): विश्व सङ्ग्रहालय समुदायमा आवश्यक पर्ने विशेष र महत्वपूर्ण विषयहरूमा सल्लाह दिन वा विशेषज्ञ उपलब्ध गराई कार्य गर्न निश्चित कार्यादेश (Mandate) सहित आइकमको अध्यक्ष र कार्यकारिणी समितिले स्थायी समिति तथा कार्यसमूह खडा गरेको हुन्छ । यसमध्ये पनि स्थायी समिति स्थायी प्रकृतिको हुन्छ भने कार्य समूहको अवधि सीमित हुन्छ । दुवै समिति र समूहमा विषय विशेषज्ञहरू रहेका हुन्छन् । आइकमले सङ्ग्रहालयको परिभाषा तयार गर्दा पनि यस्तै समिति र कार्यसमूह गठन गरेको थियो ।

## आइकमका ध्येयहरू (Missions)

१. मानक तथा श्रेष्ठता स्थापना गर्ने ।

२. कूटनीतिक मञ्चको नेतृत्व गर्ने ।

३. पेसागत सञ्जाल विकास गर्ने ।

४. विश्वको Think Tank भएर नेतृत्व गर्ने ।

५. अन्तर्राष्ट्रिय विशेष कार्यहरु गर्ने अग्रसर रहने ।

आइकमले प्रत्येक ३-३ वर्षमा महासभाको आयोजना गरी आफ्नो कार्यकारिणी समितिमा फेरबदल र नवीकरणको प्रक्रिया सम्पन्न गर्दछ । सन् २०२२ मा आइकमको २६औं महासभा चेक गणतन्त्रको राजधानी प्रागमा भएको थियो भने आगामी २७ औं महाधिवेशन यसै वर्षको नोभेम्बरमा दुबईमा हुने निश्चित भएको छ । हाल आईकमको अध्यक्षमा Ms. Emma Nardi हुनुहुन्छ । सन् २०२२ मा प्रागमा आयोजित महाधिवेशनमा उहाँ अध्यक्षमा निर्वाचित भएकी हुन् । उहाँ इटालीका बासिन्दा हुनुहुन्छ । आइकमकै नेतृत्व र अग्रसरतामा प्रत्येक वर्ष १८ मेको दिन विश्व सङ्ग्रहालय समुदायको माझ रहेर संसारभर अन्तर्राष्ट्रिय सङ्ग्रहालय दिवसको आयोजना गर्ने गरिएको छ । सङ्ग्रहालयसम्बन्धी कार्यको अतिरिक्त चोरिएको, हराएका र नासिएका साँस्कृतिक सम्पदाहरूको सम्बन्धमा Red List प्रकाशित गर्ने, आपत्कालीन अवस्थाको लागि तयारी तथा प्रतिकार योजना, अमूर्त सम्पदाको सुरक्षा, Global Warming बलम Climate Change आदि विषयहरूमा समेत आइकमले सक्रियतापूर्वक कार्य गर्दै आइरहेकोछ ।

## आइकम (इन्टरनेशनल) को सदस्यता

आइकम (इन्टरनेशनल) को नयाँ सदस्यता प्राप्ति तथा नवीकरण सम्बन्धमा उक्त संस्थाले तय गरेको व्यवस्था बमोजिम हुन्छ । यी व्यवस्थाहरुमा आवश्यकता अनुसार फेरबदल पनि हुन सक्छ । हाललाई सदस्यता प्राप्ति तथा नवीकरणसम्बन्धी निम्न व्यवस्था रहेको छ ।

(क) आइकम नेपालको सदस्यता प्राप्त गरेको व्यक्ति तथा संस्थाले एक वर्षको अवधि पुरा गरेपछि मात्र आइकम इन्टरनेशनल, पेरिसको नयाँ सदस्यता प्राप्त गर्न योग्य हुने ।

(ख) खण्ड (क) बमोजिम सदस्यता प्राप्त गर्न वा नवीकरण गर्न आईकम नेपाल र आईकम (इन्टरनेशनल) पेरिसले तोकेको कागजात पुरा गर्नुपर्ने ।

(ग) आइकमको सदस्यता हरेक वर्ष सेप्टेम्वर १ देखि नोभेम्वर अन्त्यसम्म वितरणको प्रक्रिया गरिनेछ ।

(घ) सदस्यता वितरण अवधि परिवर्तन गर्नुपर्ने कुनै उपयुक्त कारण भएमा संचालक समितिले समय परिवर्तन गर्न सक्ने ।

(ङ) सदस्यहरूलाई आइकम पेरिसले सदस्यताको परिचयपत्र प्रदान गर्नेछ । सदस्यता हरेक वर्ष नवीकरण गर्नुपर्ने ।

(च) आइकम पेरिसको व्यक्तिगत तथा संस्थागत सदस्य बन्नका लागि आइकम नेपालको राष्ट्रिय समितिमा प्रक्रिया पुरा गरी निवेदन दिनुपर्ने ।

(ज) आइकमको संस्थागत सदस्य बन्ने हो भने सबैभन्दा पहिले आइकमको परिभाषित् गरेको र यसको भावनाअनुसार सङ्ग्रहालयको काम गरेको हुनुपर्छ ।

## आइकम आस्पाक (ICOM ASPAC) र आइकम नेपाल

आइकमको समिति र सङगठनहरूको सम्बन्धमा माथि नै उल्लेख गरिएको छ । यसैमध्येको एक क्षेत्रीय सङगठन ICOM ASPAC पनि हो । महादेशहरूको आधारमा आइकमले सामान्यतः ७ वटा क्षेत्रीय संगठन Regional Alliances मा विभाजन गरेको छ । हाम्रो सम्बन्ध भने ICOM Regional Alliance of Asia-Pacific Countries (ICOM - ASPAC) सँग रहेको छ । यो संस्थामा नेपालसहित २२ वटा मुलुकहरु सदस्य रहेका छन् । यो संस्थाले सदस्य राष्ट्रहरूको राष्ट्रिय समितिमा रहेका सङ्ग्रहालयकर्मीहरूको बीचमा खबरहरूको आदानप्रदान गर्ने र सहयोग एवं आपसी समझदारी बढाउने कार्य गर्दछ । यस ASPAC को आफ्नै कार्यकारिणी समिति छ । यस समितिमा पहिलो पटक आइकम नेपालबाट सन् २०१६ मा डा. प्रेमसिंह बस्न्यात सदस्य निर्वाचित हुनु भई तीन वर्षको कार्यकाल सम्पन्न गर्नुभएको थियो । सन् २०२२ देखि हालसम्म विजय कुमार शाही ASPAC को कार्यकारिणी समितिमा सदस्यमा कार्यरत हुनुहुन्छ । हाल ASPAC को अध्यक्षमा चीनको Mr. Laishun AN हुनुहुन्छ ।

## पुनर्जीवनको नयाँ यात्रा

आइकम नेपालको सङ्क्षिप्त इतिहासलाई बि.सं. २०७३ सालभन्दा पहिले पनि नेपालमा आइकम नेपाल भन्ने संस्था अस्तित्वमा रहेको पाइन्छ । त्यसबेला यो संस्था नेपालको कुनै पनि आधिकारिक सरकारी निकायमा दर्ता भएको पाईदैन । केहि व्यक्तिहरू मार्फत संचालित भएका कारण यसको साधारणसभा, चुनाव जस्ता संस्थागत प्राण मानिने गतिविधिहरु हुन सकेका थिएनन् । संस्थाको प्रबन्ध-पत्र तथा नियमावली जस्ता कुनै पनि वैधानिक दस्तावेजहरू नभएका कारण संस्थाको विधि र नियम कायम गर्ने स्पष्ट आधार थिएन । यी र यस्तै विविध कारणले तत्कालीन आइकम नेपाललाई अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद्ले पूर्णतः अमान्य घोषित गरेको थियो ।

यस्तो अवस्थामा आइकमलाई सबल, सक्षम र निरन्तर उत्तराधिकारवाला संस्थाको रूपमा अघि बढाउनका लागि नयाँ प्रयासको थालनी भयो । यसै सन्दर्भमा युनेस्को काठमाडौं कार्यालयसँग समन्वय गर्ने, सरोकारवालासँग छलफल गर्ने लगायतका काम गर्दै मिति २०७३ जेठ १४ गते पाटन सङ्ग्रहालयमा एक विशेष बैठकबाट वर्तमान आइकम नेपालको गठन गरिएको हो । यस बैठकमा UNESCO नेपालका तत्कालीन प्रमुख र अन्तर ाष्ट्रिय सङ्ग्रहालय परिषद्को प्रतिनिधिसमेतको उपस्थिति थियो । यसै विशेष बैठकले ८ सदस्यीय तदर्थ

सञ्चालक समितिको गठन गरी विजय कुमार शाहीलाई अध्यक्षमा मनोनयन गरेको थियो । यसरी मौजुदा आइकम नेपालले पुनर्जीवन पाएको थियो ।

आजको आइकम नेपाल एक वैधानिक र अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद्बाट मान्यता प्राप्त संस्था हो । पुनर्स्थापनाको करिब ९ वर्षको छोटो समयावधिमा नै यस संस्थाका केही सदस्यहरूले ICOM पेरिस अन्तर्गतको International Training Center (ITC) बाट सङ्ग्रहालयसम्बन्धी तालिम प्राप्त गरेका छन् साथै केही सदस्यहरूले सङ्ग्रहालयसम्बन्धी अन्तर्राष्ट्रिय सभा, सम्मेलन आदिमा सहभागी हुने मौकासमेत पाएका छन् । नेपालमा पनि यो संस्थाले सङ्ग्रहालयसम्बन्धी छलफल, तालिम, प्रकाशन, पैरवी लगायतका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै सामाजिक सेवा क्षेत्रमा कार्यरत रहेको छ ।

ICOM पेरिसको आवाज नै संसारभरका सङ्ग्रहालयकर्मीहरूको आवाज हो जसले विश्वसञ्जाल र सहयोगको माध्यमबाट अन्तर्राष्ट्रिय जगत्मा संस्कृतिसम्बन्धी जनचेतना अभिवृद्धि गर्दछ । यस संस्थाको अन्तर्राष्ट्रिय कार्यसञ्जाल विश्वको १ सय २९ राष्ट्र तथा क्षेत्रहरूमा फैलिएको छ । सोमध्ये १ सय २० वटा मुलुकहरूमा राष्ट्रिय समिति नै स्थापना भइसकेका छन् । हाल संसारभरमा आइकमको ५७ हजार २ सय  भन्दा बढी सङ्ग्रहालय पेसाकर्मीहरू सदस्य छन् ।

## सन्दर्भ सामग्री

https://icom.museum/en/news/museums-as-agents-of-change-the-importance-of-sharing-outstanding-practices/

https://icom.museum/en/resources/documents/

https://www.researchgate.net/publication/266240152_History_of_museums

https://risingnepaldaily.com/news/44096

International Council of Museums .(217) . ICOM Code of Ethics for Museums . France, Paris: ICOM

https://icom.museum/en/

https://www.unesco.org/en/museums af6

https://atom.archives.unesco.org/records-of-international-museums-office-oim

https://icom.museum/en/

द्विवेदी, पशुपति कुमार। (२०३२) । संग्रहालय र समाज । काठमाडौं :  कमनर एलाएन्स प्रेस प्रा. लि. ।

आइकम नेपालको प्रबन्धपत्र र नियमावली २०७३

# सङ्ग्रहालयसंग सम्पदा जोड्ने राइनास नगरपालिकाको प्रयास

**खड्क बहादुर गुरूङ, प्रमुख**
**राइनास नगरपालिका, लमजुङ**



***सांस्कृतिक दृष्टिकोणले पनि राइनासकोट नगरपालिका महत्वपूर्ण छ । यहाँका परम्परागत घाटु, चुड्का जस्ता लो ककलाका रूपहरू अझै जीवित छन् । जसले यी क्षेत्रको मौलिकता र सांस्कृतिक धरोहरलाई जोगाउन मद्दत पुऱ्याएको छ ।***

गण्डकी प्रदेश अन्तर्गत पर्ने लमजुङ जिल्लामा अवस्थित राइनास नगरपालिका भौगोलिक सांस्कृतिक ऐतिहासिक र पुरातात्विक दृष्टिले समेत एक प्रशस्त सम्भावना बोकेको क्षेत्र हो । यहाँका भाषा, धर्म, संस्कृति, जातजातिलगायतका सांस्कृतिक सम्पदाले पुरानो इतिहासलाई  जीवित राखेका छन् ।  हाम्रा पुर्खाहरूका विरासतका रूपमा रहेका यी सम्पदाहरु भावी पुस्ताका लागि पनि अति महत्वपूर्ण सांस्कृतिक सम्पदा पनि हुन् । यस्ता सम्पदाहरूको संरक्षण र विकासबाट एकातर्फ राष्ट्रिय स्तरमा हाम्रा वैभवहरूको अभिलेखमा सहयोग पुग्छ भने अर्कोतर्फ यसले पर्यटन प्रवर्द्धन मार्फत नगरपालिकाको आर्थिक विकासमा समेत योगदान गर्दछ तर यी सम्भाव्य लाभ लिनका लागि स्थानीय सरकारले यसको अभिलेख अनुसन्धान गरी विकासमा समेत लगानी बढाउनुपर्छ भन्ने कुराको अनुभूति बढेर गएको छ ।

राइनास नगरपालिकामा राइनासकोट जस्तो इतिहास र पुरातात्विक महत्व बोकेको विशिष्ट सम्पदा धेरैको ध्यान तानेको सम्पदा हो । त्यसबाहेक  मठ मन्दिर,  विभिन्न जातजातिका परम्परागत जात्रा, नाच, पर्व जस्ता अभौतिक सम्पदाहरु पनि त्यत्तिकै मात्रामा रहेका छन् । यी सम्पदा को संरक्षणका लागि सङ्ग्रहालय  एक महत्वपूर्ण स्थल हुन सक्छ  भन्ने कुरा नगरपालिकाले  महसुस गरी केही प्रयासको थालनी पनि गरेको छ ।

## राइनासकोटको ऐतिहासिक महत्व

लमजुङ जिल्लाको राइनासकोट नगरपालिका ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक अध्ययन स्थल हो । नेपाल एकीकरणको गौरवमय इतिहाससँग यो नगरपालिकाको गहिरो सम्बन्ध जोडिएकोले यसको ऐतिहासिक महत्व छ । द्रव्य शाह र पृथ्वीनारायण शाहले यहाँ अवस्थित राइनासकोटमा बसी नेपाल एकीकरणमा आफ्नो रणनीतिक योजनाहरु बनाएकाले ऐतिहासिक दृष्टिले यसलाई महत्वपूर्ण स्थानको रूपमा लिने गरिन्छ । राइनासकोटको ऐतिहासिक र सांस्कृतिक महत्वसँगै यहाँको प्राकृतिक सौन्दर्यका कारण  राइनासकोट नगरपालिका, पर्यटकहरूको लागि प्रमुख गन्तव्यसमेत बनेको छ ।

इतिहासअनुसार शाह वंशीय पहिलो राजा कुलमण्डनका कान्छा छोरा यशोब्रह्मा शाहद्वारा स्थापित लमजुङ-राइनासकोट राज्य पछि उनका छोराहरू नरहरि शाहले थप सुदृढीकरण गरे भने द्रव्य शाहले चेपेघाट-लिगलिगको दौडमा विजय हासिल गर्दै वि.स.१६१६ सालमा गोरखाका राजा भएका थिए ।

दाजु नरहरि शाहले पश्चिम लमजुङको राजकाज पाएपछि द्रव्य शाह (विसं १६१६-१६२७) पूर्वी किल्लाको राजा बनेका थिए । राइनास कोटमा बस्ने द्रव्य शाहले लिगलिगकोट दौडबाट लिगलिग कोटको राजा भएपछि नेपालको एकीकरणको सुरूआत भएको मानिन्छ । लिगलिगको दौडमा विजयी हुने रणनीति द्रव्य शाहले राइनासकोटमा नै बसेर गरेका कारण पनि यसलाई रणनीतिक कोटका रूपमा समेत लिने गरिन्छ ।

पृथ्वीनारायण शाहले आफ्नो नेपाल एकीकरणको अभियानलाई सफल पार्नका लागि राइनासकोटमा नै बसेर योजना बनाएको पनि इतिहासमा उल्लेख छ । गुरु गोरखनाथको निर्देशनअनुसार पृथ्वीनारायण शाह बेलाबेलामा राइनासकोट पुगी विभिन्न रणनीति तय गर्ने गरेको जनश्रुति छ ।

शाहवंशीय राजाको उद्गमस्थलका रूपमा यो स्थलमा रहेका ऐतिहासिक एवम् धार्मिक महत्वका थानी माई, शिव मन्दिर, कालिका मन्दिर महत्वपूर्ण धार्मिक पर्यटकीय आकर्षण हुन् । परम्परागत मौलिकतामा आधारित घाटु, चुड्का जस्ता संस्कृतिलाई बचाइएका कारण यो स्थलको सांस्कृतिक रूपमा पनि उत्तिकै महत्वपूर्ण रहेको देखिन्छ । यो इतिहास, परम्परा र पुरातत्वलाई जोडेर नगरपालिकाले यस स्थानमा एउटा सङ्ग्रहालय  बनाउँने तयारी गरेको छ ।

राइनासकोटको रमणीय दृश्य यहाँका पर्यटकीय आकर्षणको एउटा प्रमुख हिस्सा हो । यस स्थानबाट अन्नपूर्ण, माछापुच्छ्रे, गणेश हिमाल, मनास्लु र लमजुङ लगायत १८ वटा हिमशृङ्खलाका दृश्य एकै पटक देख्न सकिन्छ, जुन अभूतपूर्व छ । १ हजार ७ सय २७ मिटरको उचाइमा अवस्थित राइनासकोटबाट यी सबै हिमालयको दृश्य सँगै सूर्योदय र सूर्यास्तको दृश्य हेर्नका लागि पनि धेरै पर्यटकहरु आउँने गर्छन् । उनिहरूका लागि पनि सङ्ग्रहालय थप ज्ञान र मनोरञ्जन आर्जन गर्ने स्थलको रूपमा विकास गर्नुपर्ने आवश्यकता देखिएको छ । त्यही आवश्यकतालाई मध्यनजर गर्दै नगरपालिकाले सङ्ग्रहालय स्थापनाको तयारी गरेको हो ।

## सम्पदा, पर्यटन र स्थानीय अर्थतन्त्र

राइनासकोट नगरपालिका केवल प्राकृतिक सौन्दर्यको लागि मात्र नभई ऐतिहासिक र धार्मिक दृष्टिले पनि महत्वपूर्ण स्थल हो । यहाँ विभिन्न मन्दिर र धार्मिक स्थलहरू छन् जुन स्थानहरूले यहाँको धार्मिक र सांस्कृतिक महत्वलाई बढाएका छन् । सिद्धबाबाको मन्दिर र कोटेश्वर महादेव मन्दिर राइनासकोटका प्रमुख धार्मिक स्थलहरू हुन् । यी मन्दिरहरूमा मानिसहरू श्रद्धा र भक्ति साथ पूजा, अर्चना गर्न आउँछन्, र यसले राइनासकोटको सांस्कृतिक सम्पदालाई बढाउदै लगेको छ ।

सांस्कृतिक दृष्टिकोणले पनि राइनासकोट नगरपालिका महत्वपूर्ण छ । यहाँका परम्परागत घाटु, चुड्का जस्ता लोककलाका रूपहरू अझै जीवित छन् । जसले यी क्षेत्रको मौलिकता र सांस्कृतिक धरोहरलाई जोगाउन मद्दत पुऱ्याएको छ । सङग्रहालयलाई यस किसिमका अभौतिक सम्पदाहरूको ज्ञान आर्जन गर्ने स्थलको रूपमा विकास गर्न सकिन्छ । राइनासकोटको परम्परागत जीवनशैलीलाई संरक्षण गर्दै नयाँ पुस्तामा महत्व उजागर गर्न पालिकाले नीति बनाएर कार्यक्रम कार्यान्वयनमा ल्याउने तयारी गरेको छ ।

राइनासकोटको पर्यटनले स्थानीय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ । पर्यटन प्रवर्द्धनका लागि पालिकाले होमस्टे विशेष कार्यक्रमका साथ अघि बढाएको छ । होमस्टे सञ्चालनले पर्यटकको आउने क्रम बढेको छ । होमस्टेप्रतिको यही आकर्षणले गर्दा अहिले राइनासकोटमा दुई दर्जन बढी घरमा होमस्टे सञ्चालनमा छन्, जसले स्थानीयस्तरमा रोजगारी समेत सृजना गरेका छन् । होमस्टेका कारण स्थानीयहरूले स्थानीय कृषि उत्पादन प्रवर्द्धनमा जोडिन थालेका छन् । कोदो, गुन्द्रुकजस्ता स्थानीय उत्पादनहरूलाई बढावा दिइरहेका स्थानीयहरूको हौसला बढाउन पालिकाले पनि कृषि लक्षित कार्यक्रमहरूलाई प्राथमिकतामा राखेको छ ।

राइनासकोटको ऐतिहासिक र सांस्कृतिक धरोहरलाई संरक्षण गर्दै यसलाई पर्यटकीय गन्तव्यको रूपमा प्रबर्धन गर्ने योजनाहरू तयार गरेको छ । यो योजनाअनुसार राइनासकोटको आसपासका पर्यटकीय सम्भावनायुक्त स्थलहरूको विकास गर्ने र त्यसका माध्यमबाट राइनासकोटलाई विदेशमा समेत प्रवर्द्धन गरी यसबाट नगरपालिकाको प्रचारप्रसारसमेत गरी यहाँको क्षेत्रको आर्थिक विकासमा समेत काम गरिने छ ।

## आगामी बाटो

संयुक्त राष्ट्र सङ्घको शिक्षा, संस्कृति, सम्पदा, विज्ञान प्रविधि तथा सञ्चार सम्बन्धी हेर्ने विशिष्ट निकाय युनेस्कोले सन् २००३ को अक्टोबर १७ तारिखमा पेरिसमा भएको साधारण सभाबाट अभौतिक सांस्कृतिक सम्पदा सम्बन्धीको महासन्धि पारित गरेको छ जुन सन् २००६ को अक्टोबर २० देखि कार्यान्वयनमा आयो । नेपालले पनि सन् २०१० को जुनमा यस महासन्धिलाई अनुमोदन गरी पक्षराष्ट्रको रूपमा रहँदै आएको छ । त्यसैले गर्दा नेपालले अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम पनि अभौतिक सांस्कृतिक सम्पदाहरूको संरक्षणका लागि धेरै काम गर्नुपर्ने आवश्यकता छ । यस किसिमका अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धनका लागि स्थानीय सरकारको अति महत्वपूर्ण भूमिका हुने गर्दछ ।

खासगरी अभौतिक सांस्कृतिक सम्पदा अन्तर्गत प्रचलन अभिव्यक्ति, ज्ञान, सीप, कलावस्तु र त्यससँग जोडिएका सांस्कृतिक स्थल समुदाय आदि पर्दछन् । यो नगरपालिका यस किसिमका सांस्कृतिक सम्पदामा धनी भएकाले यी अभौतिक सांस्कृतिक सम्पदाको संरक्षणका लागि नगरपालिकाले धेरै काम गर्नुपर्ने आवश्यकता देखिएको छ ।

हाम्रो संविधानले पनि स्थानीय सरकारलाई संस्कृति सम्पदा र पुरातत्व सम्बन्धी जोडिएका र सङ्ग्रहालयसँग समेत सम्बन्धित विभिन्न अधिकारहरु प्रदान गरेको छ । ती अधिकारहरु पूरा गर्नु पनि स्थानीय सरकारको कर्तव्य हो । त्यसकारण आगामी दिनमा स्थानीय सरकारले नेपालले अन्तर्राष्ट्रिय रूपमा जनाएका प्रतिबद्धता, संविधानले गरेका व्यवस्था र उक्त संविधानले स्थानीय सरकारलाई दिएका अधिकारलाई समेत ख्याल गर्दै भौतिक र अभौतिक दुवै किसिमका सम्पदाको विकासका लागि नीतिगत कार्यक्रमगत, अध्ययन, अनुसन्धान लगायतका क्षेत्रमा काम गर्नुपर्ने आवश्यकता छ । यसै तथ्यलाई मध्यनजर गर्दै यस नगरपालिका क्षेत्रभित्र रहेका सम्पदाको यथार्थ अवस्थासम्बन्धीको अध्ययन अनुसन्धान गरी उक्त अध्ययन अनुसन्धानका आधारमा नीति निर्माण गर्ने र सोही नीतिका आधारमा दीर्घकालीन दृष्टिकोण राखेर विभिन्न काम गर्नु आवश्यक छ । यसैमध्ये सङ्ग्रहालयको स्थापना पनि एक महत्वपूर्ण कार्य हो । त्यसैले गर्दा नगरपालिकाले आगामी दिनमा यिनै आयामलाई मध्यनजर गर्दै सम्पदा र संस्कृतिको संरक्षणका लागि सङ्ग्रहालयलाई जोड्ने गरी काम अगाडि बढाउनुपर्नेछ । यसका लागि राजनीतिक दल, स्थानीय समुदाय, यस क्षेत्रमा काम गरिरहेका विभिन्न संस्थाहरु, विज्ञ तथा सरोकारवालाहरूको भूमिका अति महत्वपूर्ण हुन्छ । यही तथ्यलाई मध्यनजर गर्दै सबैको साझेदारीमा यो कामलाई नगरपालिकाले अगाडि बढाउने छ ।

# नारायणहिटी दरबार सङ्ग्रहालयः एक परिचय

**डा. सुरेश सुरस श्रेष्ठ**
कार्यकारी निर्देशक
नारायणहिटी दरबार सङ्ग्रहालय

***हाल मौजुदा नारायणहिटी दरवार विदेशी वास्तुकलाविद् बेञ्जामिन पोल्कको डिजाइनमा वि.सं. २०२० मा निर्माण कार्य शुरु गरी वि.सं. २०२६ मा सम्पन्न भएको हो ।***

नेपाल शासकीय रूपमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएपछि नारायणहिटी दरवार सङ्ग्रहालयको स्थापना भएको हो । वि.सं. २०६५ साल असार १ गतेका दिन तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाबाट विधिवत् रूपमा यस सङ्ग्रहालयको समुद्घाटन भएको थियो भने वि.सं. २०६५ साल फागुन १५ गतेका दिन तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबाट सर्वसाधारणको लागि यस सङ्ग्रहालयको प्रदर्शनी शुभारम्भ गरिएको थियो ।

नारायणहिटी दरवारको नामाकरण दरवार परिसरको पूर्वी भागमा अवस्थित शिखर शैलीको नारायण मन्दिर र त्यससँगै रहेको ढुङ्गेधाराको नामबाट रहन गएको मानिन्छ । नेपाल भाषामा धारालाई हिटी भनिने भएकाले नारायण र हिटी दुई शव्दको संयोजनबाट यस दरवारको नाम नारायणहिटी रहन गएको हो ।

विं.सं. १८५० मा राजा रणबहादुर शाहबाट बकस पाएको वर्तमान दरवार परिसरको जग्गामा धोकल सिंहले कीर्तिमन्दिर नामक भव्य र सुन्दर दरवार निर्माण गरेको कुरा शाहकालीन अभिलेखमा उल्लेख गरिएको पाइन्छ । वि.सं. १९०३ को कोतपर्वभन्दा अघिसम्म पनि यहाँ काजी धोकल सिंह बस्नेतको आवास रहेको थियो । वि.सं. १९४२ मा रणोद्धीप सिंहको हत्यापछि वीर शमशेरले उक्त परिसरमा आफ्नो अधिकार कायम गरेको उक्त स्थलमा वि.सं. १९४३ मा वीर शमशेरले त्यहाँ रहेको पुरानो संरचना पुरै भत्काएर नेपाली इन्जिनियर जोगवीर स्थापित भाजुमानको डिजाइनमा नयाँ दरवारको निर्माण गराएका थिए ।

शाह राजाहरु स्थानान्तरण भएपछि उक्त दरवारको नाम नारायणहिटी रहन गएको देखिन्छ । वीर शमशेरद्धारा निर्मित दरवारका केही भाग वि.सं. १९९० को महाभूकम्पमा भत्किँदा राजा त्रिभुवन वीर बिक्रम शाहका दुई जना छोरीहरुको निधन भएको थियो । त्यसपछि नेपाली वास्तुकलाविद् ईन्जिनियर सूर्यजंग थापाको डिजाइनमा त्रिभुवन सदनको निर्माण गरिएको थियो । वि.सं. २०५८ को विभत्स दरवार हत्याकाण्ड यही त्रिभुवन सदनमा भएको थियो ।

हाल मौजुदा नारायणहिटी दरवार विदेशी वास्तुकलाविद् बेञ्जामिन पोल्कको डिजाइनमा वि.सं. २०२० मा निर्माण कार्य शुरु गरी वि.सं. २०२६ मा सम्पन्न भएको हो ।

दरवारले चर्चेको जग्गाको कुल क्षेत्रफल ७५४-८-१-३ रोपनी रहेको छ । दरवारको संरचनाले ४०,८२० वर्गफीट क्षेत्र ओगटेको छ । दरवारमा रहेका जम्मा ५२ वटा कक्षहरु देशका विभिन्न जिल्लाहरुको नामबाट नामाकरण गरिएका छन् । दरवारका मुख्य प्रवेशद्धारहरु पनि देशका विभिन्न हिमालहरुको नामबाट नामाकरण गरिएका छन् । यस दरवारभित्र विभिन्न बैठक कोठाहरु, राजारानीका शयन कक्षहरु, राजकीय पाहुनाले प्रयोग गर्ने शयन कक्षहरु, भान्छाकोठा, भोजन कक्ष आदि रहेका छन् । तीमध्ये हाल ३२ वटा कक्षहरु हाल प्रदर्शनीमा रहेका छन् । तिनका अतिरिक्त श्रीसदन, तत्कालीन रानी ऐश्वर्यको नीजि बगैंचा, तत्कालीन राजा तथा राजपरिवारले प्रयोग गरेका हवाइजहाज, हेलिकप्टर, स्वर्ण बग्गी, मोटरकारहरु समेत सर्वसाधारणको अवलोकनका लागि प्रदर्शनीमा राखिएका छन् ।

## सङ्ग्रहालयका आकर्षण

नेपाली शैलीको विशिष्ट वास्तुकला तथा आन्तरिक संरचना नै यस दरवार संग्रहालयका प्रमुख आकर्षण हुन्, जसमा आवसीय तथा शासकीय प्रयोजनका लागि निर्माण गरिएको नारायणहिटी दरवारको वास्तुकला अत्यन्तै महत्वपूर्ण एवं अवलोकन गर्न लायकको रहेको छ । बैठक तथा सदन नाम दिइएका यहाँका विभिन्न कक्षहरुको अवलोकन गर्दा तत्कालीन राजा तथा राजपरिवारको व्यक्तिगत जीवन शैली, दिनचर्या, रुचि, स्वभाव तथा शासकीय गतिविधिहरु प्रतिविम्वित हुन्छ ।

तत्कालीन समयमा दरवार एवं शासकीय हिस्साको रुपमा रहेका विभिन्न कक्ष एवं स्थलहरुलाई सोही रुपमा नै सङ्ग्रहालयको प्रदर्शनी कक्षको रुपमा नामाकरण गरिएको यस दरवार सङ्ग्रहालयमा खासगरी गौरीशंकर द्वार, काश्की बैठक, म्याग्दी, पर्वत, रुकुम, रोल्पा, भऱ्याङ्ग तथा वीच वीचमा रहेका भित्ता र खाली स्थानहरुमा रहेका तत्कालीन शासकीय प्रक्रियाका सन्दर्भमा खिचिएका विभिन्न महत्वपूर्ण फोटोहरु, दैलेख, बैतडी, अछाम, बाजुरा, जुम्ला, डोल्पा, तनहुँ, गोरखा, मुगु, लम्जुङ्ग, गुल्मी, धादिङ्ग, धनकुटा, सिन्धुली, झापा, ईलाम, सुनसरी, सप्तरी, सिराहा, धनुषा, पर्सा, कपिलवस्तु, चितवन, रुपन्देही, सुर्खेत, त्रिभुवन सदन जस्ता सवै कक्षहरुलाई प्रदर्शनीमा ल्याइएको छ । यसका अतिरिक्त राजाको शासनको प्रमुख आकर्षण एवं महत्वपूर्ण मानिने श्रीपेच, तत्कालीन राजा विरेन्द्रको नीजि आवास श्री सदन, बेलायती महारानी एलिजावेथ द्धितीयले तत्कालीन राजा महेन्द्र शाहलाई उपहार स्वरुप दिएको स्वर्ण बग्गी, परिसरभित्र रहेका विभिन्न सुन्दर बगैंचाहरु र गणतन्त्र स्मारक क्षेत्र यस सङ्ग्रहालयका प्रमुख आकर्षणका केन्द्रका रुपमा रहेका छन् ।

विद्यमान सङ्ग्रहालय प्रवेश शुल्क तथा सङ्ग्रहालय खुल्ने समय देहाय बमोजिम रहेको छ । तर, हरेक बुधवार तथा नेपाल सरकारका अन्य सवै किसिमका सार्वजनिक विदाका दिन अन्य सरकारी कार्यालयहरु झैं यस सङ्ग्रहालय पनि बन्द रहन्छ ।

| | | |
|---|---|---|
| प्रवेश शुल्क | नेपाली नागरिक | रु. २०० |
| | नेपाली विद्यार्थी | रु. ५० |
| | चिनियाँ नागरिक र सार्क | रु. ५०० |
| | अन्य मुलुक | रु. १००० |

| | | |
|---|---|---|
| शीतकालीन समय | कार्तिक १६ देखि माघ १५ सम्म | बिहान १०:०० बजेदेखि ४:०० बजेसम्म |
| | टिकट बिक्री | बिहान १०:३० बजेदेखि २:३० बजेसम्म |

| | | |
|---|---|---|
| गृष्मकालीन समय | माघ १६ देखि कार्तिक १५ सम्म | बिहान १०:०० बजेदेखि ५:०० बजेसम्म |
| | टिकट बिक्री | बिहान १०:३० बजेदेखि ३:३० बजेसम्म |
| हरेक दिन | मंगलबार | बिहान १०:३० बजेदेखि १:३० बजेसम्म |

श्रोत : नारायणहिटी दरवार सङ्ग्रहालय



# आइकम नेपालका गतिविधि सम्बन्धी प्रतिनिधि तस्वीरहरू




आइकम नेपालको प्रथम वार्षिक साधारण सभाको दृश्य ।




आइकम नेपालले आइकम पेरिसको सहयोगमा सन् २०१९ मा आयोजना गरेको सङ्ग्रहालयको नीति सम्बन्धी कार्यक्रममा उपस्थित स्वदेशी तथा विदेशी प्रतिनिधिहरू ।





आइकम नेपाल र नारायणहिटी दरबार सङ्ग्रहालयले २०८१ साल पुष २० गते नारायणहिटी दरबार सङ्ग्रहालयमा आयोजना गरेको सङ्ग्रहालय सञ्चालन एवं व्यवस्थापन र प्रचलित कानुन विषयक छलफल कार्यक्रमका सहजकर्ता तथा सहभागिहरू ।





आइकम नेपालले अन्तर्राष्ट्रिय सङ्ग्रहालय दिवस २०२४ को अवसरमा काठमाडौंस्थित रसियन हाउसमा २० मे २०२४ मा आयोजना गरेको कार्यक्रमका सहभागिहरू कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधि सभाका उपसभामुख इन्दिरा राना मगर तथा अतिथि, आइकम नेपालका सदस्यहरू र सहभागिहरू ।



वि.पि. सङ्ग्रहालय, काठमाडौं,तारा गाउँ नेक्स्ट काठमाडौं तथा थारू सङ्ग्रहालय चखौरा दाङलाई आइकम नेपालको संस्थागत सदस्यता वितरण गरिदै ।




नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र आइकम नेपालले २०८१ साल माघ २१ गते काठमाडौमा आयेजना गरेको ललितकलाको सार्वजनिक महत्व र सङ्ग्रहालय विषयक अन्तरक्रिया कार्यक्रमका झलकहरू ।



नारायणहिटी दरबार सङ्ग्रहालय र एनसेल फाउण्डेसन संगको सहकार्यमा आइकम नेपालले २०८१ साल फागुन ३ गते नारायणहिटी दरबार सङ्ग्रहालयमा आयोजना गरिएको सङ्ग्रहालयका आधारभूत मान्यता र अभ्यास विषयक अभिमुखिकरण कार्यक्रमका सहभागिहरू ।




कास्की जिल्लाको ग्रामिण पर्यटकीय स्थल घान्द्रुकमा सन् १९९२ मा स्थापना भएको स्थानीय सङ्ग्रहालय ।



रूपन्देही जिल्लाको बुटवलमा आइकम नेपालले लुम्बिनी प्रदेशका संग्रहालकर्मीका लागि आयोजना गरेको सङ्ग्रहालयका आधारभूत मान्यता र अभ्यास सम्बन्धीको अभिमुखिकरण तथा अन्तरक्रियाका सहभागिहरू ।




आइकम नेपालको सातौ वार्षिक साधारण सभाका दृश्यहरू ।

## एनसेल फाउन्डेसन

एनसेल फाउन्डेसन एनसेलद्वारा आफ्ना सामाजिक परियोजनाहरू कार्यान्वयन गर्न स्थापना गरिएको एक संयन्त्र हो। यसको उद्देश्य व्यावसायिक सामाजिक जिम्मेवारी (सीएसआर) पहलहरूमार्फत समाजको विकासमा योगदान पुऱ्याउनु रहेको छ। फाउन्डेसन समुदायस्तरसम्म पुगेर अर्थपूर्ण सामाजिक कार्यहरू सञ्चालन गर्दै दिगो प्रभाव पार्ने मूल मन्त्रमा आधारित छ, र सशक्त तथा समावेशी परिवर्तनका लागि रचनात्मक योगदान पुऱ्याउन प्रतिबद्ध रहेको छ।

हिमाल, पहाड र तराईका सुगम क्षेत्रदेखि दुर्गमका गाउँहरूसम्म फाउन्डेसनले डिजिटल खाडल घटाउने, स्वास्थ्य तथा शिक्षामा पहुँच विस्तार गर्ने, र समावेशीतालाई प्रवर्द्धन गर्ने जस्ता कार्यमार्फत विकास र परिवर्तनका लागि उत्प्रेरकको भूमिकामा सक्रिय रहँदै आएको छ। एनसेल आफ्ना सेवामार्फत् आम जनमानसलाई जोड्दै, सामाजिक हितका उद्देश्य, संस्कृति संरक्षण र विकासका कामहरूमा फाउन्डेसनमार्फत् जोडिन सधैं प्रतिबद्ध छ।

शिक्षा, स्वास्थ्य, वातावरण लगायतका विभिन्न क्षेत्रमा हालसम्म २ अर्ब रूपैयाँभन्दा बढीको सामाजिक परियोजना कार्यान्वयन गर्दै एनसेलले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा १ करोड ३० लाखभन्दा बढी मानिसको जीवनमा सकारात्मक प्रभाव पार्न सफल भएको छ।

## आइकम नेपालको बारेमा

आइकम नेपाल (ICOM Nepal) अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद् (International Council of Museum-ICOM) अन्तर्गत नेपालको राष्ट्रिय समिति हो। आइकम नेपाल आइकमको एसिया प्रशान्त क्षेत्रको सदस्य रहेको छ। विश्व सङ्ग्रहालय परिषद्को मान्यता प्राप्त आइकम नेपाल वि.सं २०७३ भदौदेखि नेपालमा गैरनाफामूलक संस्थाको रूपमा विधिवत् दर्ता भई सङ्ग्रहालय तथा सम्पदाको विकासका लागि अनुसन्धान, पैरवी, छलफल, तालिम सञ्चालन गर्दै आएको छ।

यसले आइकमको अन्तर्राष्ट्रियस्तरको सदस्यता लिन चाहने पेशाकर्मी वा विषयविज्ञहरूका लागि आवश्यक पहल एवं समन्वयको कार्य पनि गर्दछ। आइकम नेपालमा तोकिएको मापदण्ड र प्रक्रिया पुर्ण गरेका सरकारी, गैरसरकारी तथा निजी स्वामित्व भएका सङ्ग्रहालय तथा त्यसमा आबद्ध सङ्ग्रहालयकर्मी सदस्य रहने व्यवस्था छ।

यस संस्थाले सरकार र सरोकारवालाहरूलाई आइकमको परिभाषा अनुसार भौतिक र अभौतिक सांस्कृतिक सम्पदाको अनुसन्धान, संरक्षण र सञ्चारको पाटोलाई बलियो बनाउन सहयोगी संस्थाका रूपमा सघाउ पुऱ्याउँछ। आइकम नेपाल सङ्ग्रहालय विज्ञहरूको मञ्च पनि भएकाले यसले सांस्कृतिक सम्पदाहरूसँग सम्बन्धित विषयहरूमा जनचेतना, वकालत र क्षमता अभिवृद्धिका लागि समेत काम गर्छ। सरोकारवालाहरूसँगको संवाद, छलफल, ज्ञान उत्पादन, क्षमता अभिवृद्धि गर्दै नीतिगत पैरवीको काम पनि यसले गर्दछ। आइकम नेपालले अन्तर्राष्ट्रिय स्तरमा भएका विभिन्न छलफल, अन्तरक्रिया, तालिम तथा सम्मेलनहरूमा सहभागिता जनाई नेपालको सङ्ग्रहालय र सम्पदालाई विश्वमा चिनाउने तथा यसको संरक्षणका लागि विश्वको ध्यान आकर्षित गर्ने काम गरिरहेको छ।

An initiative of
Ncell Foundation
समाजको माझ सधैं सँगै

ICOM international council of museums Nepal (नेपाल)

**आइकम नेपाल**
**क्षेत्रपाटी, काठमाडौं, नेपाल**
icomnepal@gmail.com
www.icomnepal.org.np

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**नारायणहिटी दरबार सङ्ग्रहालय**
दरबार मार्ग, काठमाडौं, नेपाल

**राइनास नगरपालिका**
गण्डकी प्रदेश
लमजुङ, नेपाल